क्व्होलासोथार गाउँपालिकाको
त्रिवर्षिय आवधिक योजना

(२०७८/०७९ देखि २०८१/०८२)

(Three-Years Periodic Plan of Kwholasothar Rural Municipality)

पेश गरिएको

क्व्होलासोथार गाउँपालिकाको कार्यालय
लमजुङ

परामर्शदाताः

सिम्ले ईन्फोटेक प्रा.लि.
काठमाडौँ, नेपाल

विषय सुचि

अध्याय १ 1

आवधिक योजनाको परिचय र विधि 1

१.१ पृष्ठभूमी (BACKGROUND) 1

१.२ आवधिक योजनाको अवधारणा (CONCEPT OF PERIODIC PLAN) 1

१.३ आवधिक योजनाका आधारहरु (BASIS OF PERIODIC PLAN) 2

१.४ नेपाल सरकार तथा गण्डकी प्रदेश आबधिक योजनासंगको अन्तरसम्बन्ध (RELATIONSHIP WITH NEPAL GOVERNMENT AND GANDAKI PROVINCE PERIODIC PLAN) 3

१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरु (OBJECTIVES OF PERIODIC PLAN FORMULATION) 3

१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरु (SCOPE AND LIMITATION OF PERIODIC PLAN) 4

१.७ आबधिक योजना निर्माण विधि र प्रकृया (METHODOLOGY AND PROCESS) 5

१.८ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल (PRELIMINARY REPORT WRITING, PRESENTATION AND DISCUSSION) 10

१.९ प्रतिवेदनको संगठन (ORGANISATION OF THE REPORT) 10

१.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति (PRESENTATION OF FINAL PERIODIC PLAN REPORT) 10

अध्याय–२ 11

योजनाको समष्टिगत खाका 11

२.१ पृष्ठभुमि 11

२.२ सबल र दुर्लब पक्षहरु, अबसर र चुनौतीहरु (SWOT) 11

२.३ क्व्होलासोथार गाउँपालिकाका समृद्धिका मुख्य सम्बाहकहरू 12

२.४ गाउँपालिकाको आबधिक योजनाको दीर्घकालिन खाका 13

अध्याय-३ 24

क्व्होलासोथार गाउँपालिकाको वित्तीय अवस्था र लगानी तथा खर्चको प्रक्षेपण 24

अध्याय ४ 40

क्वोहोलासोथार गाउँपालिकाको आर्थिक क्षेत्र 40

४.१ कृषि, पशुपंक्षी तथा मत्स्य विकास 40

४.२. खाद्य सुरक्षा 49

४.३ प्राकृतिक श्रोत व्यवस्थापन 55

४.४ पर्यटन 61

४.५ सहकारी क्षेत्र 70

४.६ उद्योग, वाणिज्य तथा आपुर्ति 76

४.७ वन, भूसंरक्षण र जैविक विविधता 85

अध्याय ५ 93

सामाजिक क्षेत्र 93

५.१ जनसंख्या व्यवस्थापन 93

५.२ शिक्षा क्षेत्र 100

५.३ स्वास्थ्य तथा पोषण 113

५.४ खानेपानी तथा सरसफाई 123
५.५ लक्षित समुह (बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक) विकास र संरक्षण 131
५.६ श्रम तथा रोजगार 139
५.७ युवा तथा खेलकुद 143
५.८ भाषा, साहित्य, संस्कृति र सम्पदा 147
अध्याय ६ 150
भौतिक क्षेत्र 150
६.१ ऊर्जा (जलविद्युत् र नविकरणीय ऊर्जा) 150
६.२ सिंचाई 157
६.३ यातायत पूर्वाधार विकास: 164
६.४ सुचना तथा प्रविधि विकास: 173
६.५ ग्रामिण विकास र पूर्वाधार निर्माण 185
अध्याय ७ 193
संस्थागत विकास र सुशासन 193
७.१ प्रशासनिक सुशासन र सेवा प्रवाह 193
७.२ वित्तीय सुशासन 197
७.३ भ्रष्टाचार निवारण 200
७.४ गाउँपालिकाको सन्तुलित विकास 203
अध्याय ८ 207
अन्तरसम्बन्धित विषय 207
८.१ गरिबी निवारण 207
८.२ मानव अधिकार र सामाजिक न्याय 213
८.३ जनशक्ति विकास, उद्यमशिलता र रोजगारी 217
८.५ लैंङ्गिक समानता र समावेशिता 220
८.६ विपद् ब्यवस्थापन 226
८.७ जलवायु परिवर्तन र वातावरण संरक्षण 231
अध्याय ९ 235
योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन 235
9.1 परिचय 235
अध्याय १० 237
रुपान्तरणकारी आयोजना 237
अनुसुची १: गाउँपालिकाको गौरवका योजनाहरु 242
सन्दर्भ सामाग्री: 243

Location Map

Kwholasothar **Rural Municipality, Lamjung**









अध्याय १

आवधिक योजनाको परिचय र विधि

१.१ पृष्ठभूमी (Background)

लमजुङ जिल्लाका विभिन्न गाउँपालिकाहरुमध्ये क्व्होलासोथार गाउँपालिका पश्चिमी सीमानामा अवस्थित गाउँपालिका हो । क्व्होलासोथार गाउँपालिका गण्डकी प्रदेश अन्तरगत लमजुङ जिल्लाको पश्चिमि खण्डमा २८.२९२२ देखि २८.२३५ उत्तरी अक्षांश र ८४.२७९८ देखि ८४.२३५७ पूर्वी देशान्तरमा अवस्थित छ । यस क्व्होलासोथार गाउँपालिका उत्तर-पूर्वमा मर्स्याङ्दी गाउँपालिका,पश्चिममा कास्कीको सिमाना,दक्षिण-पूर्वमा बेसीसहर नगरपालिका र दक्षिण-पश्चिममा मध्यनेपाल गाउँपालिकाको बीचमा अवस्थित रहेको छ । हाल नौ वटा वार्डमा विभाजित यस गाउँपालिकाको केन्द्र मालिङ रहेको छ । नेपालको संविधान २०७२ र स्थानीय शासन ऐन २०७४ ले निर्देशित गरेको अधिकारको परिधिभित्र रहेर आफ्नो गाँउठाँउको विकास र समृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका र योजना अनुसार समयबद्ध कार्यान्वयन गर्न, क्व्होलासोथारवासी जनताको दीगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको हो । नेपालका अन्य ग्रामीण क्षेत्रहरु जस्तै क्व्होलासोथार गाउँपालिका क्षेत्रमा विकासका भौतिक पूर्वाधारहरुको कमी, परम्परागत उत्पादन पद्धती, कृषि तथा गैर कृषि आर्थिक क्रियाकलापहरुमा पछौटेपना, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई) को उचित व्यवस्थापन नभएका कारण आर्थिक, सामाजिक तथा मानवीय विकासका क्षेत्रहरुमा पछौटेपनालाई अन्त्य गर्न आवश्यक छ । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्धेश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरुको समृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दीगो विकासका लक्ष्य, संघीय र प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरु तथा नीजि क्षेत्रको क्रियाकलाप समेतलाई साझेदार कृयाकलापका रुपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal Point) का रुपमा सुदृढ गर्ने अवधारणा राखेको छ ।

१.२ आवधिक योजनाको अवधारणा (Concept of Periodic Plan)

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्ग दर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त वाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय तहको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom-up) ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको

वाँडफाँड महत्वपूर्ण हुन्छ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top Down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया अन्तराष्ट्रिय तथा राष्ट्रिय/प्रादेशिक योजना र विकासका अनुभवहरुले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दीगो विकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ। यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भई योजनावद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ। यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दीगो समेत हुने विश्वास गरिन्छ।

१.३ आवधिक योजनाका आधारहरु (Basis of Periodic Plan)

आवधिक योजना तयारीका बैधानिक आधारमा यस प्रकार रहेका छन् :

१. स्थानीय तहको संवैधानिक हैसियत (संबिधानको अनुसूचि ८) मा उल्लेखित अधिकारलाई प्रयोग गर्न।

२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन गर्न।

३. गाउँ कार्यपालिकाको आबधिक योजना कार्यक्षेत्रगत शर्त(TOR) को निर्णय अनुसार कार्य गर्न।

४. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा सिम्ले ईन्फोटेक प्रा.लि., काठमाडौँलाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी सुम्पेको।

५. स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरी गाउँपालिकाको निर्देशक समिति (Steering Committee)बाट अनुमोदन र गाउँपालिकाबाट स्वीकृत तथा अनुमोदन।

यस आवधिक योजना तयार गर्दा देहायवमोजिमका नीतिहरुलाई अबलम्बन गरिएको छ :

१. गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशिका (Terms of Reference) मा आधारित।

२. गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्थामा आधारित।

३. जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित।

४. गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित।

५. स्थानीय स्रोत, सामाग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोँच।

६. गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरुमा आधारित।

७. दीगो विकासका लक्ष्यहरुसँगको तादाम्यता।

८. संघ र प्रदेशका योजना तथा कार्यक्रमहरुसँग तादाम्यता।

९. विकास योजनाहरुको क्षेत्रगत बाँडफाँड र सन्तुलन।

१०.समयवद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजना ।

११. योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणाली ।

१.४ नेपाल सरकार तथा गण्डकी प्रदेश आबधिक योजनासंगको अन्तरसम्बन्ध (Relationship with Nepal Government and Gandaki Province Periodic Plan)

राज्यको पुर्नसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा वनाउने हुँदा तिनीहरु विचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यस आवधिक योजनामा पनि ध्यान दिइएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना वनाउँदा विशेष हेक्का राखिएको छ । नेपाल सरकारको चालु आबधिक योजना र गण्डकी प्रदेश सरकारले तयारी गरेको आबधिक योजनाका लक्ष्य, प्राथमिकता र कार्यक्रमहरुसँग यस योजनाको तादम्यता राख्ने प्रयत्न गरिएको छ । संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व वाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पु¥याइएको छ । साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसंग यस आवधिक योजनालाई आवद्ध गरिएको छ ।

१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरु (Objectives of Periodic Plan Formulation)

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य क्व्होलासोथार गाउँपालिकाको विकासको दीर्घकालीन सोंच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरु तय गरी क्व्होलासोथारवासी जनताको समृद्धिलाई सुनिश्चित गर्नु हो । यसका विशिष्ट उद्देश्यहरु देहाय वमोजिम रहेका छन्:

१. क्व्होलासोथार गाउँपालिकाका विद्यमान पूर्वाधारहरुको अद्याबधिक गर्दै योजनावद्ध तवरले आर्थिक तथा सामाजिक पूर्वाधारको दीगो विकास योजना तर्जुमा गर्ने ।

२. पछौटे, विपन्न र सामाजिक हिसावले वञ्चितिमा परेका क्षेत्र, वर्ग र लिङ्गका स्थानीय जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्ने योजना तर्जुमा गर्ने ।

३. गाउँपालिका र यसका विभिन्न क्षेत्रभित्र कृषि, पशुपालन, पर्यटन, ऊर्जा, उद्योग, व्यापार र रोजगारी प्रर्वद्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्ने आर्थिक विकास योजना तर्जुमा गर्ने ।

४. आवधिक योजनाका विभिन्न कार्यक्रमहरुको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्ने ।

५. गाउँपालिकाको साँगठनिक स्वरुप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरु समेटिएको संस्थागत योजना प्रस्तुत गर्ने ।

६. क्व्होलासोथार गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।

७. गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरु (Scope and Limitation of Periodic Plan)

१.६.१ योजनाका क्षेत्रहरु (Scope of Periodic Plan)

गाउँपालिकाले निर्दिष्ट गरेको कार्य निर्देशन र परामर्शदातासँग भएको सम्झौताको परिधिभित्र रही यस आवधिक योजना तयार गरिएकोले तद्नुरुप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरु समेटिएका छन् :

१. क्व्होलासोथार गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुप

यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरु र विकासका प्राथमिकताहरु र गाउँपालिका क्षेत्रका सवलता, दुर्वलता, संभावना र चुनौतीहरु समेत प्रस्तुत गरिएको छ ।

२. भौतिक विकास योजना

स्थानीय यातायात पुर्वाधार, सिंचाई, नदी नियन्त्रण, जलविद्युत र वैकल्पिक ऊर्जा, खानेपानी, वसोवास तथा भवन निर्माण, सामाजिक पूर्वाधारहरु, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरु समेटिएको भौतिक विकास योजना प्रस्तुत गरिएको छ ।

३. आर्थिक विकास योजना

यस योजना अन्र्तगत कृषि, पशुपालन, वागवानी, वनमा आधारित आर्थिक क्रियाकलाप, खनिज सम्पदा, भूमि व्यवस्था, खाद्य सुरक्षा, उद्योग, बाणिज्य, आपुर्ति र पर्यटनमा आधारित आर्थिक कृयाकलाप, घरेलु तथा साना उद्योग विकासका कार्यक्रमहरु समेटिएका छन् ।

४. सामाजिक विकास योजना

यस योजना अन्तर्गत वसाँइसराई व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैंगिक, जातिगत, वालविकास, वृद्ध, असहाय, दलित र अपाङ्गहरुको सामाजिक हैसियत र सहभागिता सुनिश्चित गर्ने र सामाजिक सुरक्षाका कार्यक्रमहरु, युवा तथा खेलकुद विकासका कार्यक्रमहरु समेटिएका छन् ।

५. वातावरण तथा विपद् व्यवस्थापन योजना

यस अन्तर्गत सरसफाई, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक र साँस्कृतिक वातावरणको संरक्षण, नदी नियन्त्रण, भूक्षय नियन्त्रण, वन संरक्षण र उपयोग, उच्च हिमाली क्षेत्रको संरक्षण, विकास र प्रवद्र्धन लगायत पर्यावरणीय (जलवायु) अनुकुलन कार्यक्रमहरु समेटिएका छन् । भूकम्प, आगलागी, वाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता विपद्हरुको जोखिमयुक्त स्थानहरुको पहिचान गरी न्यूनीकरणका उपायहरु उल्लेख गरिएका छन् ।

६. वित्तीय व्यवस्थापन योजना

यस योजना अन्तर्गत गाउँपालिकाको आय–व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको वजेटको क्षेत्रगत वाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय वाँडफाँड र हस्तान्तरण, खर्चको वाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

७. सुशाशन र संस्थागत विकास योजना

यस अन्तर्गत गाउँपालिकामा शान्ति र सुरक्षा, न्याय प्रणाली, वित्तीय अनुशासन, सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवद्र्धन, लेखा र अभिलेखहरुको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरुसँगको साझेदारी र सञ्जाल ९ल्भतधयचपष्लन०, कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास जस्ता कार्यक्रमहरु समेटिएका छन् ।

८. अन्र्तसम्बन्धित विषयहरुको योजना

यस अन्तर्गत माथि उल्लेखित योजनाहरुसँग अन्र्तसम्बन्धित विषयहरु — तथ्यांक प्रणाली, गरीबि निवारण, श्रम तथा रोजगारी, जनशक्ति, उद्यमशीलता विकास, अनुसन्धान र विकास, समावेशीकरण, सामाजिक सुधार, सामाजिक सांस्कृतिक विविधता, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसँगको सहकार्य जस्ता विषयहरु समेटिएका छन् ।

९. योजना तथा कार्यक्रम कार्र्र्यान्वयन योजना

यस अन्तर्गत विभिन्न क्षेत्रगत योजनाहरुको वर्गीकरण गरी गाउँपालिका, वडा, प्रदेश र संघीय कार्यक्रमहरुसंग तादाम्यता र जिम्वेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुको अनुगमन र मूल्यांकनको योजना प्रस्तुत गरिएको छ ।

१.६.२ आवधिक योजनाका सीमा (Limitation of the Periodic Plan)

आवधिक योजना तयार गर्दा निम्नलिखित सीमाहरुलाई मध्यनजर राखिएको छ:

१. पुर्नगठित गाउँपालिका पूर्वका स्थानीय निकायको एकिकृत तथ्यांकको अभावमा लामो समयको प्रबृत्तिगत विश्लेषण गर्न नसकिएको ।

२. वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा योजनामा समावेश भएको ।

३. यस आवधिक योजना क्व्होलासोथार गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्धितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्यांकहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको ।

४.गाउँपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

१.७ आबधिक योजना निर्माण विधि र प्रकृया (Methodology and Process)

१.७.१ योजना निर्माण विधि (Plan Formulation Method)

१.७.१.१ पूर्व अध्ययनहरुको पुनरावलोकन (Literature Review)

पूर्व अध्ययनहरुको क्रममा आवधिक योजनासँग सम्वन्धित क्व्होलासोथार गाउँपालिकाको बस्तुगत विवरण २०७६, आ.ब. २०७४/०७५ र २०७५/०७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रम, कास्की जिल्ला वस्तुगत विवरण २०७५, गण्डकी प्रदेशको स्थितिपत्र २०७५, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको स्थानीय तहमा आबधिक विकास योजना तर्जुमा प्रक्रिया र स्थानीय तहका पदाधिकारीलाई प्रशिक्षण प्रयोजनको लागि तयार गरिएको संक्षिप्त निर्देशिका २०७५, सम्बन्धित अध्ययन प्रतिवेदन, तथ्यांक तथा नक्साहरुको समेत अध्ययन गरिएको छ । यसका अतिरिक्त क्व्होलासोथार गाउँपालिकामा हाल आवद्ध साविक गाँउ विकास समितिका सूचनाहरुलाई पनि आधार मानिएको छ । योजना निर्माणको क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेखहरु र सन्दर्भ पुस्तकहरुको समेत सिंहावलोकन गरिएको छ ।

१.७.१.२ तथ्याङ्ढ एवं सूचना संकलन (Data Collection)

प्रतिवेदन तयारीका क्रममा क्व्होलासोथार गाउँपालिकाको बस्तुगत विवरण तयारीका लागि गाउँपालिकाबाट २०७६ बैशाख र जेठ महिनामा मोबाइल एप्सबाट संकलन गरिएका सूचनाहरुलाई मूख्य आधार तथ्यांक (Baseline Data) को रुपमा लिइएको छ । यस अतिरिक्त अन्य द्धितीय श्रोतहरु जस्तै कास्की जिल्ला वस्तुगत विवरण २०७५ र अन्य गाउँपालिका तथा नगरपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ ।

यसका अलावा सडक, खानेपानी, विद्युत, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्वन्धित सूचनाहरुलाई गाउँपालिकाका विभिन्न स्थानहरुमा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको छ । साथै मुख्य सूचनादाता (Key Informants) वाट प्राप्त सूचनाहरु, अभिमत र सुझावहरुलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ ।

क) निर्देशक समिति तथा विषयगत समितिहरुसंग छलफल

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा गाउँपाि◌लकाका प्रमुखको संयोजकत्वमा गाउँपालिकाका कार्यकारी अधिकृत तथा पदाधिकारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाको विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरु, गैर–सरकारी तथा अन्य संघ–संस्थाका प्रतिनिधिहरु, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरु रहेको निर्देशक समितिसँग छलफल गरिएको छ । गाउँपालिकामा विद्यमान विभिन्न विषयगत समितिहरु जस्तै : आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समितिसँग गाउँपालिकामा गरिनु पर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको छ । प्रत्येक विषयगत समितिहरुसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ ।

ख) श्रोत व्यक्तिहरुसंगको छलफल

गाउँपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा यस गाउँपालिकासँग सम्वन्धित विभिन्न व्यक्तिहरुलाई श्रोत व्यक्तिहरुको रुपमा लिई सूचना संकलन गर्ने काम गरिएको छ । आवधिक योजना तर्जुमाको सिलसलामा यस गाउँपालिकाका विभिन्न पेशा, व्यवसाय र अध्यापन तथा प्रध्यापनमा संलग्न व्यक्तिहरुसँग छलफल गरिएको छ । यसको साथै नेपाल सरकारको उच्च तहदेखि जिल्ला तथा गाउँपालिका स्तरका कर्मचारीहरु र राजनीतिक व्यक्तित्वहरुसँग समेत छलफल गरी उनीहरुको राय समेत संकलन गरिएको छ । यसरी स्रोत व्यक्तिहरुबाट प्राप्त सुझाव, अभिमत र सोँचहरुले योजना निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

ग) वडास्तरीय बृहत भेला तथा अपेक्षा संकलन

गाउँपालिका आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा सदस्य सहितको वडा भेलामा छलफलका लागि परामर्शदाताबाट तयार पारिएका चेक लिष्ट उपलब्ध गराइ वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरु संकलन गरिएको छ ।

यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमा २०७६ जेठ महिनामा सबै वडाका क्षेत्रगत प्रतिनिधिहरुको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तक्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरी वडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरुबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका अपेक्षा तथा कार्यक्रमहरुको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरीयो । यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजीबि, राजनीतिक दलका प्रतिनिधि तथा विषय विज्ञहरुसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव संकलन गरिएको थियो ।

घ) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण

परामर्शदाताको स्थलगत अध्ययन टोलीले गाउँपालिकाको प्रत्येक वडा र टोल भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरेको छ । सबै वडाहरुमा वडा भेला गरी संकलित तथ्यांकहरु वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको छ । नापी विभाग र फिनिडाबाट तयार गरिएको स्थलरुप नक्सालाई आधार नक्साको रुपमा लिई स्क्यान (Scan) गरी GIS Software

बाट स्थलगत सर्वेक्षण तथा अवलोकन गरी स्रोत नक्साहरु तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु जस्तै : सडक, संचार, विद्युत, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्शामा समेत परिमार्जन गर्ने कार्य गरिएको छ ।

वडा भेला मार्पmत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्पmत प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

१.७.१.३ तथ्याङ्क विश्लेषण (Data Analysis)

गाउँपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरु छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौंटका लागि समष्टिगत विकासको चुनौती र सम्भावनाहरुको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरुलाई विस्तृत रुपमा विश्लेषण गरिएको छ । स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अन्तक्रिया र विज्ञ व्यक्तिको रायसुझावका साथै द्धितीय स्तरका तथ्यांकहरुको आधारमा तल उल्लेख गरिए बमोजिम तथ्यांक विश्लेषण गरिएको छ:

क) भौगोलिक अवस्थाको वर्णन र विश्लेषण

गाउँपालिकाको भौगोलिक अबस्थाको विश्लेषण गर्ने क्रममा यसको अबस्थिति, भू–स्वरुप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरुप उत्पन्न सम्भावना र चुनौतिहरुलाई पनि विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौती र वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिंदै विकास आयोजनाहरु सञ्चालन गरिनु पर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरु तथा रणनैतिक दीर्घकालीन आयोजनाहरुको छनौटमा समेत मद्दत पुगेको छ ।

ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

जनसंख्याको वनावट, जनसंख्या बृद्धि, भाषा, धर्म सँस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । यी तथ्यांकले भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिले विकास गराउने भन्ने कुराको मूल्याङ्कन र प्रक्षेपण गर्न मद्दत पुग्नेछ । त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाह पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको विश्लेषण गरिएको छ । यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रुपमा समावेशीकरणको सिद्धान्त अवलम्बन गर्नु पर्ने पक्षहरु, शिक्षा, स्वास्थ्य, सामाजिक पूर्वाधारमा गर्नु पर्ने लगानी जस्ता बिषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

ग) आर्थिक अवस्थाको विश्लेषण

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रबृत्तिलाई समेत विश्लेषण गर्नु पर्दछ । यस्तो विश्लेषणले भविष्यमा कस्तो र कुन रुपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने ? भन्ने सन्दर्भमा जानकारी लिन सकिन्छ । बस्तीलाई भविस्यमा कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ एकिकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्न सकिन्छ भन्ने कुरा जानकारीको लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरु, बसाँइसराइँको प्रभाव आदि कुराहरुमा समेत ध्यान दिइएको छ । यसका साथै गाउँपालिकाको विगत दुई वर्षको आय व्यय विवरणको आधारमा ५ वर्षको आम्दानी प्रक्षेपण समेत गरी सो आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरिने हुँदा गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत सहयोग पुगेको छ ।

घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषण

भौतिक विकासका पूर्वाधारमध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउने पानीको उपलब्धता, विद्युत आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ। गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको विकासमा जोड दिनु पर्दछ। यस क्रममा दीगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ। विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदूषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयहरु समावेश गरिएको छ।

१.७.२ योजना तर्जुमाको प्रकृया (Plan Formulation Process)

चित्र १.१ आबधिक योजना निर्माण प्रकृयाको प्रवाह (स्रोतः नीति तथा योजना आयोग, गण्डकी प्रदेश)

क) क्व्होलासोथारको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

योजनाहरु प्रत्येक गाउँ वा शहरका भविष्यमा हुने विकासका दृष्टिले आ–आफ्नै विशेष सम्भावनाहरु हुन्छन् र यिनै सम्भावनाहरुले बस्तीहरुको विकासको खाका कोर्ने गरेको हुन्छ। यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ र बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ। आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासको विश्लेषणमा अग्रणी क्षेत्रले ठूलो भूमिका खेल्दछ। क्व्होलासोथार गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरुमाः पर्यटन, कृषि, पूर्वाधार विकास रहेका छन्। तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा तयार पारिएको छ।

ख) अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरुलाई पहिचान गर्दै क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ। क्व्होलासोथार गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनद्धारा बस्तीहरुमा देखिएका मुख्य समस्याहरु अबलोकन तथा मूख्य सूचनादाताहरुको छलफलबाट जानकारी प्राप्त गरिएको छ। छलफल तथा अन्तक्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरु, विज्ञ समूहहरु लगायत अन्य निकायका प्रतिनिधिहरु तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरुसँग आबद्ध विद्धान, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका जनताहरुसँग बैठक आयोजना गरी मुख्य समस्याहरु पहिचान गरिएको छ। यस्तो सहभागितामुलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको छ। यसवाट वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेका छ। यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ। अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरु समेत पहिचान गरिएको छ। यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ।

ग) रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरुले गाउँपालिकाको दीर्घकालीन समस्या समाधान गर्न मद्दत पु¥याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ। तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरुको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउँदछ भने भू–उपयोग नीतिलाई कार्यान्वयन गरी भविस्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ। दीर्घकालीन रुपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ। त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरु प्रस्ताव गरिएको छ र सोही अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरु प्रस्ताव गरिएको छ। गाउँपालिकाको

दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजनाको रणनीति र कार्यनीति निर्धारण गरिएको छ । यी रणनीतिक योजनाहरुले विद्यमान समस्याहरुलाई सम्बोधन गर्नुका साथै भविस्यमा अग्रणी क्षेत्रहरुलाई ग्रहण गर्दै निरन्तर रुपमा विकास दीगो भै अघि बढाउन मद्दत गर्ने छ र गाउँपालिकाको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हाँसिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

घ) नक्सांकन तथा विश्लेषण

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ । गाउँपालिकाको भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, विद्युत, संचार लगायत पूर्वाधारहरु नक्साङ्कनद्धारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरुको पहिचानको नक्सांकन, वर्तमान भू–उपयोगको नक्सांकन सहितको विश्लेषण गरिएको छ । नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2015 का तस्बीरहरु, Google Earth का तस्बीरका तथ्यांकलाई GIS Software प्रयोग गरी निम्नानुसारका नक्सा तयार गरिएको छ :

१. अवस्थिति तथा राजनैतिक विभाजन

२. भौगोलिक स्वरुप

३. नदीप्रवाह तथा जलाधार

४. वनस्पति

५. हावापानी

६. माटो तथा खनिज

७. वर्तमान भू–उपयोग

८. पर्यटकीय क्षेत्र

ङ) विषयगत विकास योजनाहरुको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरुको समग्रता हो । यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरु समेटिएका हुन्छन् । गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरुलाई वस्तुगत रुपमा विश्लेषण गरी ५ वर्षका लागि विभिन्न लक्ष्यहरु राखी कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

च) योजना कार्यान्वयन तथा अनुगमन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ । प्रायः योजनाहरु बनाइन्छन् तर सही रुपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरुरी हुन्छ । गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई सजग गराउँदै सम्बद्ध निकायहरुलाई सक्रिय बनाउनु पर्दछ । यसका लागि सबै सरोकारवाला निकायसँग अन्तरकृया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ । यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाई बढी उत्तरदायी बनाउन मद्दत गर्दछ ।

१.८ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति र छलफल (Preliminary Report Writing, Presentation and Discussion)

गाउँपालिका कार्यालय लाहाचोकमा बसेको गाउँपालिकाको प्रथम आवधिक योजना सम्बन्धी छलफल र वडागत छलफल तथा अन्तक्रियाबाट आएका सुझावहरुलाइ संकलन गरी प्रतिवेदनमा समावेश गरिएको छ । उपर्युक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरुलाई समावेश गरी योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ।

१.९ प्रतिवेदनको संगठन (Organisation of the Report)

यस आवधिक योजनाको प्रतिवेदनलाई १० परिच्छेदमा विभाजन गरिएको छ । प्रथम परिच्छेदमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ। द्वितीय परिच्छेदमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो परिच्छेदमा योजनाको समष्टिगत खाका, चौथोमा समष्टिगत आर्थिक नीति, पाँचौं परिच्छेदमा आर्थिक क्षेत्र समावेश गरिएको छ । त्यसैगरी परिच्छेद छैठौंमा सामाजिक क्षेत्र, सातौंमा पूर्वाधार क्षेत्र, आठौंमा संस्थागत विकास र सुशासन, नवौंमा अन्तरसम्बन्धित विषय समावेश भएका छन् भने अन्तिम परिच्छेदमा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समावेश गरिएको छ । यसका साथै अनुसूचिहरुमा वडास्तरीय आयोजना तथा कार्यक्रम र श्रोत नक्सांकन समावेश गरिएका छन्।

१.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति (Presentation of Final Periodic Plan Report)

विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रमवाट प्राप्त सुझावहरुलाई पुनः आवधिक योजनामा समावेश गरी क्व्होलासोथार गाउँपालिकाको ३ वर्षे आवधिक विकास योजना (२०७७/०७८ देखि २०८०/०८१) को अन्तिम प्रतिवेदन २०७८/०२/२३ गते गाउँपालिकाको कार्यालयमा बुझाइएको छ।

अध्याय–२

योजनाको समष्टिगत खाका

२.१ पृष्ठभुमि

नेपालको संविधान २०७२ ले निर्धारण गरेको संघीय व्यवस्था अनुरूप तीन तहका सरकारमार्फत संघीय गणतन्त्र नेपालको नयाँ मार्गचित्र तथा कार्यभारलाई संस्थागत गर्ने पहिलो खुड्किलोको रूपमा २०७४ मा भएको स्थानीय निर्वाचनबाट प्राप्त जनादेशका आधारमा क्व्होलासोथार गाउँपालिकाको आगामी तीन वर्ष (२०७८/७९-२०८०/८१) को अवधिको लागि आफ्नो लक्ष्य तथा गन्तव्य तय गर्न यस आवधिक योजना तयार गरिएको हो। यस आवधिक योजना तयार पार्ने क्रममा क्व्होलासोथार गाउँपालिकाका विद्यमान समस्याहरू, वर्तमान आवश्यकताहरू तथा नेपालले २०८७ सम्म हासिल गर्ने गरि निर्धारित गरिएका दिगो विकासका लक्ष्यहरूलाई प्रमुख आधार बनाईएको छ। यसका साथै दिगो विकासका राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न ठोस मद्दत पुऱ्याउने गरी गण्डकी प्रदेश सरकारले तयार पारेको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) बाट समेत महत्वपूर्ण मार्गदर्शन प्राप्त भएको छ। गाउँपालिकाका आन्तरिक तथा बाह्य सोतहरूको परिचालन एवम् तीनै तहका सरकारको सहकार्यबाट समग्र क्व्होलासोथार गाउँपालिकाको समृद्धिका लक्ष्यहरू हासिल गरिने अपेक्षा लिईएको छ।

क्व्होलासोथार गाउँपालिकाको यो प्रथम आवधिक योजना हो। यसका लागि समग्र गाउँपालिकाको विकासको दीर्घकालिन सोँच, ध्येय, लक्ष्य र उद्देश्यहरु तय भएका छन्। उद्देश्यहरु पुरा गर्नका लागि अपनाउनुपर्ने रणनीति र कार्यनीतिहरुमा पनि स्पष्टता आउनु जरुरी छ। यसले आबधिक योजनाका लागि मार्ग प्रशस्त गर्दछ। दीर्घकालिन सोच गाउँपालिका क्षेत्रको समष्टिगत अवस्थालाई मध्यनजर राखी १० देखि २० वर्षमा विभिन्न विकासका क्षेत्रहरुमा रहेका सम्भाव्यता र गाउँपालिकाको नेतृत्वले राखेको सोच र प्रतिवद्धतामा आधारित छ। योजनाको दीर्घकालिन समष्टिगत खाकाका आधारमा क्षेत्रगत विकासका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरु निर्धारण गरिएका छन्। किनभने आबधिक योजना अन्तर्गत विषयगत क्षेत्रका योजनाहरुले दीर्घकालिन सोँच अनुरुपको लक्षित उपलब्धी हाँसिल गर्ने कार्यमा समयवद्ध योगदान पुर्याउछन्। यसमा गाउँपालिकाको विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य र उद्देश्यका अनुरुप गाउँपालिकाको समष्टिगत विस्लेषणका साथै आगामी तीनवर्ष भित्र गर्न सकिने विकासका कार्यक्रमहरु र आयोजनाहरु समेटिएका क्षेत्रगत योजनाहरु रहेका छन् जुन यस पछिका अध्यायहरुमा उल्लेख गरिएका छन्।

२.२ सबल र दुर्लब पक्षहरु, अबसर र चुनौतीहरु (SWOT)

सबल पक्षहरु	दुर्वल पक्षहरु
१. गण्डकी प्रदेश र प्रमुख व्यवसायिक केन्द्रसँग सडकको पहुँच पुग्नु ।	१. गाउँपालिका केन्द्र र वडा केन्द्रसँग पुग्ने सडकहरु कालोपत्रे नहुनु।
२. गाउँपालिका केन्द्रदेखि वडा केन्द्र र प्रायः बस्तीहरुमा कच्ची सडकको पहुँच हुनु।	२. वडासम्म बाह्रैमास यातायातको पहुँच स्तरीय र भरपर्दो नहुनु।
३. वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयका अधिकांश भवनहरु निर्माण हुनु।	३. उर्बर कृषि भूमिको कमि, अधिकांश भिरालो जमिन।
४. ग्रामीण पर्यटनका लागि सुपरिचित क्षेत्र समेटेको गाउँ पालिका।	४. प्राविधिक र व्यवसायिक शिक्षाको कमीले गर्दा प्राविधिक जनशक्तिको अभाव।
५. पर्याप्त मात्रामा प्राकृतिक श्रोत साधन उपलब्ध हुनु (बन, जंगल, जडिबुटी)।	५. भौगोलिक विविधता अनुरुप आर्थिक क्रियाकलाप सञ्चालन गर्न भू–उपयोग नीति
६. अधिकांश बस्तीमा बिद्युतसेवा, मोबाइल सेवा र तार रहित इन्टरनेट सुविधाको पहुँच हुनु।	निर्माण नहुनु।
७. घरबास, पर्यटन, पदयात्रा तथा साहसिक पर्यटनको सम्भावना बढी हुनु।	६. उत्पादनमुखी क्रियाकलापमा कमि, आयातमा आधारित उपभोग प्रवृत्ति।
८. साक्षर र सक्रिय जनसंख्याको हिस्सा बढी हुनु।	७. प्राविधिक जनशक्ति, पुँजी र आधुनिक प्रविधिको कमीले गर्दा उद्यमशिलता र
९. सन्तुलित हावापानीका साथमा वातावरणीय स्वच्छता कायम रहनु।	रोजगारका अवसरहरु बृद्धि हुन नसक्नु।
१०. विकासका लागि उर्जाशील जनशक्तिको उपलब्धता हुनु।	८. सामाजिक क्षेत्रका सस्थाहरु को कमजोर उपस्थिति (उच्च शिक्षा संस्थाको अभाव र
११. जननिर्वाचित सम्बैधानिक अधिकार प्राप्त सक्षम र क्रियाशिल गाउँपालिका सरकार।	अस्पताल नहुनु)।
१२. एकीकृत गाउँ बस्ति, सेवा प्रबाह गर्न सहज।	९. सेवा प्रवाहमा आधुनिक विद्युतीय सूचना प्रबिधिको प्रयोग नहुँदा सेवा प्रवाह छिटो,
१३. तुलनात्मक रुपमा कम निरपेक्ष गरिबी।	छरितो र पारदर्शी हुन नसक्नु।
१४.गुरुङ जतिको बाहुल्यता भएको एकरुपता भएको समाज।	१०. कृषि तथा पशु बीमा प्रभावकारी ढंगले सञ्चालन हुन नसक्नु।
	११. संचार प्रविधिमा पूर्वाधार बिकाश हुन नसक्नु।

अवसर	चुनौतीहरु
१. भौगोलिक, सामाजिक एवं सांस्कृतिक र जैविक विविधताको सदुपयोग गरी क्व्होलासोथार समृद्ध बनाउन । २. क्व्होलासोथारमा सक्रिय जनसंख्याको हिस्सा करिब ६५ प्रतिशत भएकाले विकास निर्माणका कार्य सञ्चालन गर्न सहज हुनु । ३. तरकारी, माछापालन, कुखुरापालन, पशुफर्म, चिया, कफी, किवी, एभोकाडो, च्याउ, दुग्ध उत्पादन एवं प्रशोधन र रैथाने बालिको संरक्षण गरी कृषि तथा पशुपंक्षी पालनमा आधुनिकीकरण र व्यवसायिकरण गर्न । ४. हिमालयको अवस्थिति, दृष्याबलोकन केन्द्र, होमस्टे, पदमार्ग, गुफा, तातोपानी र सांस्कृतिक विविधता, क्यानोनिङ, प्याराग्लाईडिङ, हाइकिङ, ट्रेकिङ जस्ता साहसिक पर्यटनको विकास गर्न । ५. सतुवा, पाँचऔले, यार्सागुम्बा, निरमसी, टुसा, कुरिलो आदि गैरकाष्ठ व्यवसायको प्रबर्धन गर्न । ६. नदी खोलाबाट जलविद्युत, सिंचाई, मत्स्यपालन, निर्माण सामाग्री आदिको उपलब्धता हुनु । ७. ढुङ्गाखानीबाट उपलब्ध खनिज साधनको उपयोग र निर्यात प्रवद्र्धन गर्न । ८. कृषि, गैरकाष्ठ र खनिज पैदावरमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन गरी उद्यमशीलता र रोजगार सिर्जना गर्न । ९. गाउँपालिका सरकार क्व्होलासोथारको समग्र विकासको लागि प्रतिवद्ध र क्रियाशील हुनु । १०. बैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सलाई स्थानीय स्तरका उद्योग, कृषि व्यवसाय, पर्यटन तथा विद्युत विकासमा लगानी गर्ने सम्भावनाको अधिकतम् उपयोग गर्ने । ११. गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई सहज, दुरत, चुस्त र प्रभावकारी बनाएर असल स्थानीय शासनको प्रत्याभूति दिने ।	१. भौगोलिक एवं सामाजिक—साँस्कृतिक विविधता अनुसार भू–उपयोग नीति निर्माण गरी कार्यान्वयन गर्न । २. बिध्यमान प्राकृतिक स्रोतसाधनहरुको समुचित सदुपयोग गरी क्व्होलासोथारलाई समृद्ध बनाउन । ३. प्राकृतिक प्रकोपलाई न्युनीकरण गरी नागरिकको जीउ र धनको सुरक्षा प्रदान गर्न । ४. उद्यमशिलता र रोजगारका अवसरहरु अभिबृद्धि गरी युवा शक्तिलाई गाउँबाट पलायन हुने प्रवाहलाई रोक्न । ५. परम्परागत सोचाई, सामाजिक विभेद र आर्थिक असमानता अन्त्य गरी शान्त, समृद्ध र आधुनिक समाजको निर्माण गर्न । ६. बाढी, पहिरो, भूक्षय नियन्त्रण र जोखिम बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी नागरिकलाई सुरक्षा प्रदान गर्न । ७. गुणस्तरीय शिक्षा, स्वास्थ्य र अन्य सेवा तथा सुबिधा उपलब्ध गराई गाउँबाट शहरमा हुने बसाईसराईलाई रोक्न । ८. वन्यजन्तुबाट मानव, पशुपंक्षी एवं कृषि बालिमा हुने अतिक्रमणलाई रोकी सुरक्षा प्रदान गर्न । ९. गाउँपालिकाको दिर्घकालिन वित्तीय स्रोतको प्रबर्धन गरि अनुदानमा भर पर्ने स्थितिको अन्त्य गर्न ।

२.३ क्व्होलासोथार गाउँपालिकाका समृद्धिका मुख्य सम्बाहकहरू

१. आधुनिक कृषि तथा पशुपंक्षी पालन: गाउँपालिकाका मौलिक रैथाने बालीहरू र उन्नत जातका पशुपंक्षी पालन लाई अभियानका रुपमा संचालन गर्ने, स्थानीय स्तरमा उच्च उत्पादन दिने जैविक (अर्गानिक) कृषि प्रणालीको प्रवर्द्धन, कृषिमा यान्त्रिकीकरण, उत्पादकत्व वृद्धि, उत्पादनको व्यावसायीकरण र बजारीकरणमार्फत् आर्थिक लाभ लिइनेछ ।

२. पर्यटनः गाउँपालिकामा ग्रामिण पर्यटन, साँस्कृतिक पर्यटन, खेल पर्यटन, कृषि पर्यटनसहित समग्र पर्यटनको प्रवर्द्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठसम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र बिस्तार गरी रोजगारी सिर्जना, गरिबी निवारण, र विकासको आधारशीला तयार गरिनेछ ।

३. मानव संसाधन विकासः गुणस्तरीय व्यवसायिक तथा प्राविधिक शिक्षा तथा सुदृढ स्वास्थ्य प्रणालीमार्फत उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास गरिनेछ । यसका साथसाथै नवप्रवर्तन तथा नयाँ प्रविधिको अन्वेषणलाई प्रमुखताकासाथ प्रोत्साहन गरी उच्च उत्पादन सुनिश्चित गराउँदै गाउँपालिकालाई उत्पादन केन्द्रको रूपमा रूपमा स्थापित गराइनेछ ।

४. पूर्वाधारः गाउँपालिकामा विद्यमान परनिर्भरता घटाउँदै उत्पादनमुखी अन्तरनिर्भर अर्थतन्त्र निर्माणमा सघाउनका लागि विकासको सिंढीको रूपमा गुणस्तरीय भौतिक पूर्वाधारको बिस्तार र सञ्जालीकरण गरी गाउँपालिकाको आर्थिक क्रियाकलापमा उत्पादन क्षेत्रको लागत घटाउने र प्रतिस्पर्धी क्षमता बढाई बजार अर्थतन्त्रको बिस्तार गरिनेछ ।

५. रोजगारी तथा उद्यम: उद्यमशीलताको विकास, विशिष्टीकृत साना, मझौला र ठूला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको बिस्तार गर्दै स्थानीय स्रोतमा आधारित उपभोग्य वस्तु, निर्माण सामाग्री, कृषि प्रशोधन र खनिजजन्य उद्योगहरूलाई संरक्षण, प्रवर्द्धन

तथा प्रोत्साहित गरिनेछ । यसमार्फत गाउँपालिकामा रोजगारीका अवसरहरूको बिस्तार, आयात प्रतिस्थापन, राजस्वको वृद्धि र समग्रमा गाउँपालिकाको अर्थतन्त्रको आकार र आयतन बढाइनेछ ।

६. सुशासनः गाउँपालिकाका सबै कार्यालयहरूमा विद्युतीय सुशासन तथा पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यासमार्फत गुणस्तरीय सेवाप्रवाह र कार्य क्षमता वृद्धि गरी भ्रष्ट्राचार निवारणमा सहयोग पुऱ्याइनेछ ।

२.४ गाउँपालिकाको आबधिक योजनाको दीर्घकालिन खाका

क्व्होलासोथार गाउँपालिकाको यो प्रथम आवधिक योजना हो । यसमा मूलतः गाउँपालिकाले आगामी ३ वर्षमा आफ्नो गाउँपालिकाभित्र गर्ने विकासका विभिन्न क्षेत्रमा अबलम्बन गर्नुपर्ने नीति, रणनीति र कार्यक्रमहरु समेटिएका छन् । तर यसका लागि दीर्घकालिन सोंचको आबश्यकता पर्ने हुन्छ । त्यसैले यस आबधिक योजनामा दीर्घकालीन सोंच, ध्येय, लक्ष्य र उद्देश्यका साथै पाँच वर्ष भित्र गर्न सकिने विकासका क्षेत्रगत कार्यक्रमहरु र आयोजनाहरु समाबेश गरिएका छन् । यस्ता क्षेत्रगत कार्यक्रमहरुको स्थानीय तह आफैले कार्यान्वयन गर्ने, प्रदेशसँगको सहकार्यमा कार्यान्वयन गर्ने र संघीय सरकारसँगको सहकार्यमा कार्यान्वयन गर्ने गरी बर्गीकरण गरिएको छ । साथै कार्यक्रम र आयोजनाहरुको कार्यन्वयनका लागि स्रोत साधनहरुको परिचालन र बाँडफाँड कसरी गर्ने भन्ने आधारहरु पनि यसमा समेटिएको छ ।

२.४.१ दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्य (Vision, Mission, Goal and Objectives)

आवधिक योजना तयार गर्दा दीर्घकालीन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु निर्धारण गर्न जरुरी हुन्छ । यस आवधिक योजनाको तयारीका क्रममा सम्बन्धित पक्षहरुको अन्तक्रियाका आधारमा विशेषज्ञहरुको समेत राय लिइ योजनाको दीर्घकालीन सोंच, ध्येय लक्ष्य र उद्देश्यहरु देहायबमोजिम निर्धारण गरिएको छ ।

दीर्घकालीन सोंच (Long-term Vision)

“ उन्नत कृषि, बहुआयामिक पर्यटन र शुद्रिढ पूर्वाधारः उद्यमशील,समुन्नत र सुखी क्व्होलासोथार”

दीर्घकालीन सोँच कथन पुष्ट्याईका आधारहरु :

१. उन्नत कृषि तथा पशुपंक्षी पालन : क्व्होलासोथार गाउँपालिकाका अधिकांश जनताहरुको जीविकाको आधार खेति र पशुपंक्षी पालन नै हो । यसको व्यवसायिकीकरण र आधुनिकीकरण गर्न विभिन्न क्षेत्रहरुलाई विभिन्न कृषि कार्यहरुको पकेट / व्लक क्षेत्र बनाई आवश्यक सेवा र सुविधाहरु प्रदान गरी उत्पादन र उत्पादकत्वमा उल्लेख्य बृद्धि मार्फत जनताको जीवनस्तरमा दीगो सुधार र निरपेक्ष गरीबि उन्मूलन गर्न सकिन्छ ।

२. बहुआयामिक पर्यटनः ग्रामीण पर्यटनको लागि दक्षिण एसियाकै सुपरिचित तथा नेपालकै पहिलो स्मार्ट भिलेज घलेगाउँ, गाउँपालिकाकै शानको रुपमा रहेको भुजुङ गाउँ, नयाँ होम स्टेको अवधारणामा रही संचालनमा रहेका बाग्लुङपानी, पसगाउँ, गिलुङ पनि गाउँपालिकाको आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यको रुपमा विकास भई रहेको छ जहाँबाट माछापुच्छ्रे, अन्नपुर्ण, गणेश, मनासलु जस्ता सुन्दर हिमशृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ । गुम्बा, मठ–मन्दिर र गुरुङ समुदायको भेष–भुषा, चाड–पर्व आदिको बिषयमा अध्ययन गर्नेको लागि समेत यस गाउँपालिका एक उत्कृस्ट गन्तव्य स्थलको रुपमा परिचित हुँदै गएको छ । गाउँपालिकाको भावी विकासको मूल आधार नै पर्यटन व्यवसाय हो । खासगरी प्राकृतिक र सांस्कृतिक मौलिकता पर्यटन विकासको दीर्घकालीन आधार हुन सक्छन् । दृश्यावलोकन स्थलहरुको विकास गरी क्व्होलासोथारलाई पर्यटकहरुको आकर्षक गन्तव्य स्थल बनाई क्व्होलासोथारवासी जनताको समन्यायिक समृद्धि सुनिश्चित गर्न सकिन्छ ।



चित्र २.१: दीर्घकालीन सोंच निर्धारणको प्रवाह चित्र

३. भौतिक पूर्वाधारः पूर्वाधार आर्थिक विकासको महत्वपूर्ण सिंढी हो। यसले आर्थिक तथा सामाजिक विकासको प्रयासहरुमा पहुँच र सहजता बृद्धि गर्दछ। सडक, पुलपुलेसा, सिंचाई, बाँध तथा नहर निर्माण, आवास तथा सामुदायिक भवनहरुको निर्माण मार्फत विकास कार्यलाई समृद्धितर्फ उन्मुख बनाउन सकिन्छ। क्व्होलासोथार गाउँपालिकाको आवधिक योजनामा समावेश गरिएका सन्तुलित, समावेशी र सहभागितामूलक भौतिक पूर्वाधार आयोजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनले समृद्धिको आधार तयार गर्न सक्दछ।

४. समृद्धिः सम्बृद्धि सधै न्यायपूर्ण नहुन सक्छ। समृद्धिले आधारभूत जनताको आर्थिक र सामाजिक हैसियतमा बृद्धि गर्नु आवश्यक छ। समृद्धिको न्यायपूर्ण वितरण र विकासको प्रतिफलको समतामूलक हिस्सेदारी नभई विकास दीगो हुन सक्दैन। यस योजनामा आर्थिक र सामाजिक समृद्धिको समन्यायिक वितरण र प्रतिफलको हिस्सेदारी आर्थिक रुपले विपन्न वर्ग र पिछडिएको क्षेत्रले प्राप्त गर्न सकोस् भन्ने कुरालाई विशेष रुपमा ख्याल गरिएको छ।

दीर्घकालीन ध्येय (Mission)

क्व्होलासोथारलाई आर्थिक रुपले सम्बृद्ध, भौतिकरुपले सुबिधा सम्पन्न, राजनैतिक रुपले समाबेसी र सहभगितामुलक, वाताबरणीय रुपले सफा र स्वच्छ तथा ब्यबस्थापकीय रुपले सुब्यबस्थित र न्यायपूर्ण नमुना गाउँपालिकाको रुपमा बिकसित गर्नु।

दीर्घकालीन लक्ष्य (Long-term Goal)

बहुआयामिक पर्यटन विकास, कृषि तथा पशुपंक्षी पालन क्षेत्रको आधुनिकीकरण तथा व्यवसायिकीकरण, वन तथा वातावरणको संरक्षण, दक्ष जनशक्तिको विकास र स्तरीय भौतिक पूर्वाधार र उद्यममा पुहुंच अभिबृद्धि गर्दै गाउँबासीहरुको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन दीगो, समन्यायिक, समावेशी र सुशासनयुक्त क्व्होलासोथारको समृद्धि सुनिश्चित गर्ने।

उद्देश्यहरु (Objectives)

उल्लिखित दीर्घकालीन सोँच, ध्येय र लक्ष्यलाई मध्यनजर राखी क्व्होलासोथार गाउँपालिकाको यस आवधिक योजनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

उद्देश्य १: पर्यटन र वातावरणमैत्री दीगो पूर्वाधारको निर्माण गरि दिगो विकाशको आधारशिला सिर्जना गर्ने।

उद्देश्य २: कृषि तथा पशुपंक्षीपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्दै गाउँपालिकाको समग्र उत्पादकत्व र उत्पादनमा बृद्धि गर्ने।

उद्देश्य ३: रोजगारीका अवसरहरु सिर्जना, उद्यमशीलताको विकाश र न्यायपूर्ण वितरणका माध्यमबाट समन्यायिक समृद्धि सुनिश्चित गर्ने।

उद्देश्य ४: गुणस्तरीय तथा व्यावसायिक शिक्षा र स्वास्थ्य सेवा र सुविधामा पहुँच बृद्धि गर्दै दक्ष, स्वस्थ र सुसंस्कृत जनशक्ति उत्पादन गर्ने।

उद्देश्य ५: गाउँपालिकाको संस्थागत क्षमता अभिबृद्धि र प्रविधिमैत्री सेवाप्रवाह मार्फत नागरिकमा सुशासनको अनुभुति गराउने।

२.४.२ रणनीति तथा कार्यनीतिहरु

उद्देश्य १: पर्यटन र वातावरणमैत्री दीगो पूर्वाधारको निर्माण गरि दिगो विकाशको आधारशिला सिर्जना गर्ने।	
रणनीतिहरु	कार्यनीतिहरु
१. पर्यटन विकास गुरुयोजना निर्माण गरी समग्र क्व्होलासोथार गाउँपालिकाको विद्यमान प्राकिर्तिक, जैविक, सामाजिक तथा सांस्कृतिक सम्पदाहरुको अधिकतम् उपयोग गर्ने। २. स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायहरुको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत टेवाको प्रबन्ध मिलाउने। ३. पर्यटन उद्योग र जलस्रोतको विकासमा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने। ४. गाउँपालिकाका भवन, प्रमुख सडकहरुको निर्माण, पुल र सामुदायिक भवन निर्माण गर्न केन्द्र र प्रदेश सरकारसँग साझेदारी गर्ने। ५. विद्युत र संचार प्रबिधि सेवाको सुनिश्चितताको लागि संघरप्रदेश सरकार र नीजि क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने। ६. भौतिक पूर्वाधारहरुको विकासको दीर्घकालीन रणनीति अबलम्बन गर्ने। ७. वडास्तरका सडक तथा अन्य पूर्वाधारहरु निर्माण र मर्मतका लागि स्थानीय स्रोत र संस्थागत संयन्त्रको परिचालन गर्ने।	१.गाउँपालिकाका प्रमुख सडकहरु कालेपत्रे गर्न, मोटरेबल पुल, सामुदायिक भवनहरु र गाउँपालिकाको भवन निर्माण गर्न संघीय र प्रदेश सरकारसंग पर्याप्त लगानि सुनिश्चित गर्न पहल गर्ने। २. भौतिक पूर्वाधारहरुको विकासको गुरुयोजना तयार गर्ने। ३. भू–उपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गर्ने र स्थानीय जनतासँग सहकार्य गर्ने। ४. वडास्तरका सडक तथा अन्य पूर्वाधारहरु निर्माण र मर्मत स्थानीय जनसहभागीताको आधारमा सम्पन्न गर्ने। ५. स्थानीय स्रोतको पहिचान र उपयोगको लागि विस्तृत स्रोत सर्भेक्षण र नक्सांकन गर्ने। ६. पर्यटन क्षेत्रको विकास दीर्घकालीन गुरुयोजनाका आधारमा निजी क्षेत्रको सहकार्यमा गर्ने। ७। ठुला पूर्वाधार निर्माणका लागि आयोजनाहरुको बिस्तृत परियोजना प्रतिबेदन बनाई सम्बन्धित निकायमा पहलकदमी गर्ने।
उद्देश्य २: कृषि तथा पशुपंक्षीपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्दै गाउँपालिकाको समग्र उत्पादकत्व र उत्पादनमा बृद्धि गर्ने।	
१. कृषक तथा कृषि भूमिको वर्गीकरण, माटो परिक्षण, एकीकृत सेवा र सहुलियत सहितको टेवा प्रदान गरि उत्पादनशीलतामा बृद्धि गरी विशिष्टीकृत उत्पादनको प्रबर्द्धन गर्ने। २. आधारभूत खाद्य, नगदेबाली, पशुपन्छीजन्य तथा मत्स्यजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने। ३।परम्परगत खर्कहरुको पुनरुत्थान गरि उच्च पहाडी मैदानहरुमा आधुनिक पशुपालन ब्यबसाय प्रबर्धन गर्नेर ४। गाउँ पालिकाको बिध्यमान अपार बन्क्षेत्रलाई कृषि बन क्रियाकलाप मार्फत आयमुलक श्रोतमा रुपान्तरण गर्नेर ५. कृषि क्षेत्रमा सहकारी, सरकारी तथा नीजि क्षेत्रको लगानी अभिबृद्धि स्थानीय खाध्य सुरक्षा सुनिस्चित गरि निर्यात प्रबर्द्धन गर्ने। ६. वातावरणमैत्री प्रविधि, वित्तीय सहयोग, सूचना प्रणाली, भण्डारण र अन्य पूर्वाधारको विकास गरी कृषि, पशुपंक्षी एवं मत्स्य उत्पादन र उत्पादकत्वमा बृद्धि र बजारीकरण गर्नु।	१. कृषि भूमिको उर्वराशक्ति, बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट / व्लक क्षेत्र) र नमूना फर्म (Model Farms) विकास गरी कृषि ज्ञान केन्द्रमार्फत विशिष्टिकृत सेवा पुर्याइने। २. पशुपन्छीको नश्ल सुधार, पौष्टिक दाना, आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एकीकृत रूपमा ज्ञान केन्द्र मार्फत प्रदान गरिने। ३. सम्भावित कृषि बस्तु, पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिने। ४. नीजि क्षेत्रले कृषि तथा पशुपालन फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत तथा व्यवसाय करमा सहुलियत उपलब्ध गराउने। ५. कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै वातावरणमैत्री कृषि प्रविधिको अबलम्बन गरिने। ६.पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विभिन्न निकायको सहयोग र सहकार्यमा उन्नत प्रविधिको प्रयोग तथा प्रसार गरिने।

उद्देश्य ३: रोजगारीका अवसरहरु सिर्जना, उद्यमशीलताको विकाश र न्यायपूर्ण वितरणका माध्यमबाट समन्यायिक समृद्धि सुनिश्चित गर्ने।	
१. रोजगारीका अवसरहरु र गरीबि निवारणलाई विकास निर्माण कार्यसंग एकिकृत गर्ने। २. कृषि तथा गैर कृषि क्षेत्रमा उत्पादनमुलक रोजगारीका अवसरहरु वृद्धि गर्ने। ३. स्थानीय स्तरमा उपलब्ध अवसरहरु र स्रोत साधनमा बिपन्न परिवारहरुको पहुँच सुनिस्चित गर्ने। ४. स्थानीय श्रोत साधन र सम्पदामा आधारित उत्पादनका क्षेत्रमा उद्यमशीलताको विकासकालागि गाउँ पालिकाले आबस्यक संस्थागत प्रबन्ध र सेवा(टेवा प्रदान गर्नेर ५. शिपमुलक तालिम, गरिबिनिवारण र आयमुलक रोजगारी प्रबर्धनमा कामगर्ने गैर सरकारी संस्था हरुका कार्यक्रमहरुलाई गाउँपालिकाका कार्यक्रम संग आबद्ध गर्ने।	१. गाउँपालिकाले प्रदेश सरकारसँगको सहकार्य एवम् समन्वयमा गरीबको बर्ग पहिचान गरी परिचयपत्र प्रदान गर्ने। २. परिचय पत्रको आधारमा उद्यमी बन्न चाहने गरीबहरुलाई सहुलियत दरमा ऋण उपलव्ध गराइने। ३ गाउँपालिका क्षेत्रमा पर्यटन विकास एवं विस्तार गर्न घरबास कार्यक्रम संचालनका लागि गरीबि परिचय पत्रको आधारमा प्राथमिकता दिई आत्मनिर्भर बन्न सहयोग पुर्याइनेछ। ४. स्थानीय जनसक्तिको दक्षता वृद्धि गरी उद्यमशीलता र स्वरोजगार तर्फ आकर्षित गर्ने। ५. प्रदेश सरकारको समन्वयमा एक औद्योगिक ग्रामको संचालन गरी कृषि तथा गैर कृषि उद्यमको विकास गर्ने। ६. युवाहरुलाई उद्यमशीलतामा संलग्न गराई आत्म निर्भर बनाउदै अर्थतन्त्रलाई सुदृढ गराउने।
उद्देश्य ४: गुणस्तरीय तथा व्यावसायिक शिक्षा र स्वास्थ्य सेवा र सुविधामा पहुँच बृद्धि गर्दै दक्ष, स्वस्थ र सुसंस्कृत जनशक्ति उत्पादन गर्ने।	
१. गाउँ पालिका क्षेत्र मै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अबसर र पहुँच बृद्धि गर्ने। २. उच्च तथा प्राविधिक शिक्षाको अवसरहरु बढाउने। ३. युवाहरुलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरब बृद्धिमा सरिक गराउने। ४. सामाजिक सुरक्षा र न्याय प्रवद्र्धन गर्ने। ५. सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अबलम्बन गर्ने। ६. स्थानीय मौलिक संस्कृतिको संरक्षण र प्रबर्धन गर्ने ।	१. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरुको भौतिक सुधार, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीहरुको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार गर्ने र गाउँपालिकाबाट निरन्तर अनुगमन गर्ने। २. प्रत्येक वडामा स्वास्थ्य संस्थाहरु स्थापना गर्ने, भैरहेका स्वास्थ्य संस्थाहरुको स्तर बृद्धि गर्ने। सेवा र सुविधालाई गुणस्तरीय बनाउन गाउँपालिकाबाट सहयोग गर्ने। ३. निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने। ४. शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा तथा स्वास्थ्य कर्मीहरुसँग सहकार्य गर्ने। ५. खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाउने। ६. गाउँपालिका भित्रका युवा क्लबहरु गठन गरी उनीहरुका खेलकुद क्रियाकलपहरुलाई भौतिक तथा वित्तीय सहयोग मार्फत सदृढ गर्ने। ७. गाउँपालिकाभित्र हुने कार्यक्रमहरुमा स्थानीय मौलिक संस्कृति र साधनहरुको उपयोग गर्ने।
उद्देश्य ५: गाउँपालिकाको संस्थागत क्षमता अभिबृद्धि र प्रविधिमैत्री सेवाप्रवाह मार्फत नागरिकमा सुशासनको अनुभुति गराउने।	
१. विकेन्द्रीकरणको अवधारणा अनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने। २. जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अबलम्बन गर्ने। ३. गाउँपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र समयवद्धतालाई अबलम्बन गर्ने। ४. सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितालाई अबलम्बन गर्ने। ५. जनताको जिउ धनको सुरक्षा सुनिस्चित गर्ने।	१. गाउँपालिकाको आन्तरिक वित्तीय स्रोतको बृद्धिका लागि विभिन्न विकल्पहरुको खोजी गरी क्रमशः लागू गर्ने। २. आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट गाउँपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारीता ल्याउने। ३. गाउँपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरुलाई क्रमशः वडा केन्द्रहरुमा विकेन्द्रीकरण गर्ने। ४. विकास निर्माण कार्यहरुको सार्वजनिक सुनुवाई र परिक्षण (Public Auditing) गर्ने। ५. गाउँपालिकाभित्र जनताको जीउ, धन र सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने।

२.४.३ परिमाणात्मक लक्ष्यहरु

क्र.सं.	लक्ष्यहरुको विवरण	परिमाणात्मक इकाई	योजनाप्रारम्भ हुंदाको अवस्थामा	प्रथम तीन वर्षे योजनाको अन्त्यमा अपेक्षितलक्ष्यहरु	जिम्मेवार निकाय
क.	**समष्टिगत आर्थिक सूचक**				
1	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत			
2	कुल ग्राहस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	रु. लाखमा			
3	प्रतिव्यक्ति आय	अमेरिकी डलर			
ख.	**अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान**				
1	कृषि	प्रतिशत			
2	गैरकृषि	प्रतिशत			
ग.	**अर्थतन्त्रमा क्षेत्रगत योगदान**				
1	प्राथमिक क्षेत्र (कृषि, वन र खानी तथा उत्खनन्)	प्रतिशत			
2	द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण)	प्रतिशत			
3	तृतीय क्षेत्र (सेवा)	प्रतिशत			
घ.	**सरकारी वित्त**				
1	कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट	प्रतिशत			
2	बजेटमा पुँजीगत र चालु विनियोजनको अनुपात	अनुपात			
3	वार्षिक विनियोजनमध्ये कुल खर्च	प्रतिशत			
4	वार्षिक विनियोजनमध्ये पुँजीगत खर्च	प्रतिशत			
5	वार्षिक विनियोजनमध्ये चालु खर्च	प्रतिशत			
1	**सडक पूर्वाधार**				
क.	मूल सडकहरु कालोपत्रे गर्ने	कि.मी.	०	१०	

ख.	सडकहरुको स्तर उन्नती गर्ने	कि.मी.	५२	८५	
ग.	नयाँ ट्र्याक खोल्ने	कि.मी.	०	२१	
घ.	पक्कि पुल निर्माण	संख्या	२	३	
ङ.	कल्भर्ट निर्माण	संख्या	०	२	
च.	झोलुङ्गे पुल	संख्या	२९	३२	
2	**विद्युत, सिंचाई तथा खानेपानी**				
क.	जलविद्युतउत्पादन	किलोवाट	२८ (मे.वा)	२८ (मे.वा)	
ख.	विद्युत उपलब्धता	घरधुरी संख्या प्रतिशत	८८%	१००%	
ग.	वायो तथा सौर्य उर्जा	सोलार संख्या	०	५००	
घ.	सिंचाई सुविधाविस्तार	हेक्टर	०	३	
ङ.	खानेपानी	घरधुरी	८९%	१००%	
च.	शौचालय	घरधुरी	१००%	१००%	
छ.	नदी नियन्त्रण	कि.मी.	X	x	
3	**भवन तथा पूर्वाधार निर्माण**				
क.	भवन (कार्यालय)	संख्या	२०	२१	
ख.	सामुदायिक भवन	संख्या	३६	३६	
ग.	जनता आवास (घर)	संख्या	०	०	
4	**आर्थिक विकास (कृषि र पशुपन्छी पालन)**				
क.	गरिबी (दर)	प्रतिशत	१८.७	१०%	
ख	खाद्यान्न उत्पादन	क्युण्टल	५८४	८००	

	विशेष बालिपकेट / व्लक क्षेत्र	संख्या	३	५	
	नगदेबाली	क्युण्टल		३००	
	बागबानी	क्षेत्रफल रोपनी	३२५ रोपनी	५००	
	आधुनिककृषिफर्महरु	संख्या	३३ वटा	५०	
	व्यावसायिक पशुपन्छी पालन फर्महरु	संख्या	८	२२	
	कृषि सेवातथा सामग्री केन्द्र	संख्या	१ वटा	१२	
ग.	रोजगारीको बृद्धि	संख्या	२१०	९००	
5	**पर्यटन विकास**				
क.	पर्यटन पदमार्ग	कि.मी.	८० km	१४०	
ख.	पर्यटन सूचना केन्द्र	संख्या	४	९	
ग.	होमस्टे विस्तार	गाउँ संख्या	८	९	
	कुल होमस्टे बेड संख्या	संख्या	५१०	१२००	
घ.	होटल बेड (Accomodation)	संख्या	८४	३००	
ङ.	पर्यटक बसाई अबधि	दिन	२	३	
च.	दृश्याबलोकन स्थल	संख्या	१०	२१	
छ.	मनोरञ्जन तथा साहसिक खेल स्थल	संख्या	१८ वटा	३२	
6	**शिक्षा र साक्षरता**				
क.	व्यवसायिक शिक्षा विस्तार	विद्यालय संख्या	२९ वटा	२९	
ख	व्यवसायिक शिक्षा प्राप्त जनशक्ति	संख्या	२	९	
ग.	साक्षरता	प्रतिशत	६७%	७८	
	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	९५%	१००	

	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	९५%	१००	
	युवा साक्षरता दर (१५ देखि २४ वर्ष)	प्रतिशत	९२%	१००	
घ.	उच्च शिक्षा प्रदान गर्ने संस्था	संख्या	०	१	
ङ.	छात्रबृत्ति	संख्या		२०	
च.	बालविकास केन्द्र	संख्या	२२	२२	
छ	आधारभूत तह (१–८) मा खुद भर्ना दर	प्रतिशत	९३%	१००	
ज	माध्यमिक तह (९–१२) मा खुद भर्ना दर	प्रतिशत	४६%	५०	
झ	विद्यालय शिक्षा (१–१२) को भर्नामा लैङ्गिक समता	छात्रा प्रति सय छात्र	९० जना	१००	
	उच्च शिक्षामा कुल भर्ना दर	प्रतिशत	१२%	२०	
	आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी	प्रतिशत	२%	०	
	उच्च शिक्षाको भर्नामा लैङ्गिक समता	छात्रा प्रति सय छात्र	११०	११०	
	बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर	प्रतिशत	८५%	९०	
	विद्यालय शिक्षा (१–१२) मा शिक्षक–विद्यार्थी अनुपात	प्रतिशत	१:२५	१:२०	
7	**स्वास्थ्य सेवा र सुबिधा**				
क.	अस्पताल निर्माण	बेड संख्या	१	१५	
ख.	प्राथमिक स्वास्थ्य केन्द्रहरु	सख्या	०	८	
ग.	सामुदायिक स्वास्थ्यइकाई	संख्या	३	८	

घ.	बर्थिङ सेन्टर	संख्या	८	९	
ङ.	औषतआयु	वर्ष	६९.७	७१	
	जनघनत्व	जना	१८०	२००	
	परिवारको आकार	जना	४.४४	४	
	५ वर्ष मुनिको बाल मृत्युदर	प्रतिहजार	३९	१०	
	शिशु मृत्युदर	प्रतिहजार	१	०	
	नवजात शिशु मृत्युदर	प्रतिहजार	२	०	
	पहिलो बच्चा जन्माउने औसत उमेर	वर्ष	२१ वर्ष	२३	
	कुल प्रजनन दर	प्रति महिला	३	२	
	किशोरी अवस्थाको प्रजनन	प्रतिशत	१०%	२	
	परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला	प्रतिशत	२७%	४०	
	प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका आधुनिक साधनको न्यूनता	प्रतिशत	७०%	७०	
	संस्थागत सुत्केरी सेवाको उपयोग	प्रतिशत	९०%	१००	
	दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला	प्रतिशत	९०%	१००	
8	**सामाजिक सुरक्षा र समावेशीकरण**				

क.	सामाजिक सुरक्षाभत्तापाउनेको संख्या	संख्या	१९२३	२२००	
ख.	जेष्ठ नागरिक सेवा सुबिधा स्थल	संख्या	१०	१३	
ग.	अपाङ्गता सेवा सुरक्षा	संख्या	११	११	
घ.	जनजाति सांस्कृतिक संग्राहलय र प्रबर्धन केन्द्र	संख्या	४ वटा	४	
ङ.	महिला हिंसा न्यूनिकरण	संख्या	९	९	
च.	महिला सशक्तिकरण र नेतृत्वविकास तालिम	संख्या		१३	
9	**वन तथा वातावरण संरक्षण**				
क.	सामुदायिक वन/बैज्ञानिक वन व्यवस्थापन	संख्या	९ वटा	९	
ख.	बृक्षारोपण		०	१०%	
ग.	वातावरण सचेतना	जनसंख्या	३५%	४०%	
घ.	फोहरमैला संकलनतथाव्यवस्थापन	टोल	१००%	१००%	
ङ.	सार्वजनिक शौचालय निर्माण र व्यवस्थापन	संख्या	५	९	
च.	शौचालय	प्रतिशत	१००%	१००%	
10	**विपद् व्यवस्थापन**				
क.	विपद् व्यवस्थापन कोष	रकम रु.	५ लाख	१४ लाख	
ख.	विपद् व्यवस्थापन सामग्री	वडागत	०	१	
ग.	जनचेतनाकार्यक्रम	संख्या	१८	२५	
घ.	जनशक्तिविकास	संख्या	९	१८	
11	**उद्योग तथा व्यवसाय विकास**				
क.	उद्योग ग्रामको स्थापना र विकास	संख्या	०	१	

ख.	सानातथा घरेलु उद्योग विस्तार	संख्या	०	१	
ग.	उद्यमशिलता तालीम	संख्या	३०	५०	
घ.	उद्योगकालागिबीउपुँजी	रकम रु.		३ लाख	
ङ	ब्यापारिक केन्द्र व्यवस्थापन	संख्या	०	१	
12	**सुशासनतथा सेवाप्रवाह**				
क.	जनशक्तिव्यवस्थापनः	संख्या			
ख.	कार्यालय व्यवस्थापनतालिम	जना	१०	२०	
ग.	विद्युतीय सफ्टवेयर तथा एप्स निर्माण र प्रयोग	संख्या	०	३	
	कुल खर्चमा बेरुजुको अनुपात	अनुपात		१:१००००	
घ.	तथ्यांक संकलन र व्यवस्थापन	इकाई	०	४	
	प्रहरी चौकी	संख्या	२	२	
	प्रहरी जनसंख्या अनुपात		१०:११७२५	१०:११७२५	
	शान्ति सुरक्षाका लागि विनियोजित प्रतिव्यक्ति बजेट	रू.			
	दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात	अनुपात	०	०	
	हराएका बालबालिकामा फेला पार्न नसिकएकाको जनसङ्ख्या	प्रतिशत	०	०	

अध्याय-३

क्व्होलासोथार गाउँपालिकाको वित्तीय अवस्था र लगानी तथा खर्चको प्रक्षेपण

३.१ पृष्ठभुमि

राज्यको पुर्नसंरचना पश्चात स्थानीय तह संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारका रुपमा स्थापित भएको सन्दभमा गाउँपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण आवश्यक हुन्छ । स्थानीय तहको सार्वजनिक वित्तको अवस्था, वार्षिक नीति तथा बजेट आवधिक योजनाको तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । नयाँ संरचनामा गाउँपालिका गठन हुनु पुर्व स्थानीय निकाय (गाउँपालिका)को आफ्नै छुट्टै वित्तीय स्वरुप नहुने र सवै स्थानीय निकायहरु केन्द्रिय सरकारको वित्तीय नीति र व्यवस्थाको स्वरुप र संरचना अन्तगत कार्यक्रम कार्यान्वयन गर्ने निकायका रुपमा रहेका थिए । तर अहिलेका स्थानीय तहहरु आफ्नो वित्तीय नीति (Fiscal Policy) आफै वनाउन सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी अधिकार सम्पन्न भएका छन् । यस सन्दर्भमा क्व्होलासोथार गाउँपालिकाको समष्टिगत आर्थिक तथा वित्तीय अवस्था र त्यसको सुदृढिकरण मार्फत आफ्नै वित्तीय नीति र कार्यक्रम तय गर्ने अभ्यास गर्नुपर्ने हुन्छ । यद्यपी प्रारम्भिक कालमा सवैजसो पालिकाहरु केन्द्रीय (संघिय) र प्रदेश सरकारको राजश्व वाँडफाँड र विभिन्न प्रकारका अनुदानहरुमा भर पर्नुपर्ने अवस्था रहेको देखिन्छ । आफ्नै आन्तरिक राजश्व ज्यादै न्युन र नगण्य रहेको र आन्तरिक ऋण प्राप्त गरी परिचालन गर्न सक्ने वैधानिक प्रावधान र अभ्यास नभएको वर्तमान अवस्थामा स्थानीय तहको समष्टीगत वित्तीय नीति र कार्यक्रमको व्यापकताको क्षेत्र साँघुरो रहेको छ ।

३.२ सार्वजनिक वित्तको अबस्था

वित्तीय संघियताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सन्दभमा स्थानीय तहहरुले वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार प्राप्त गरेका छन् । यस अन्तगत खर्चका विभिन्न क्षेत्रहरु रहेका छन् । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छन् भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरु यस अन्तर्गत पर्दछन् । समग्रमा स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउदछ । तर यस अन्तगत सार्वजनिक खर्च र राजश्वका साथै अन्तरसरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक र वैदेशिक सहायता–अनुदान) परिचालन, जनसहभागिता परिचालन, सार्वजनिक नीजि सहकारी साझेदारी जस्ता शीर्षकहरु पर्दछन् । निर्धारित सार्वजनिक खर्चलाई प्राप्त गर्ने श्रोतहरुमा आन्तरिक राजश्व र अन्तर सरकारी वित्त र वाँडफाँड तथा बैदेशिक अनुदान सहायतावाट नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था (deficit financing) गर्नुपर्ने र यसका लागि आन्तरिक ऋण तथा वैदेशिक ऋणको परिचालन गर्न सकिने संभावनालाई पनि समेट्न पर्ने हुन्छ ।

३.२.१. सार्वजनिक खर्च

क्व्होलासोथार गाउँपालिकाको सार्वजनिक खर्चको ढाँचालाई हेर्दा यसलाई मूलतः दुई भागमा विभाजन गरेको पाईन्छ — चालु खर्च र पूँजीगत खर्च । चालु खर्च अन्तगत गाउँपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा र सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारका ससर्त अनुदानमा आधारित सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपक्षिंपालन, उर्जा, खानेपानी लगायतका क्षेत्रका कार्यक्रमहरुको संचालनका खर्चहरु पर्दछन् । विकास खर्चका विभिन्न शीर्षकहरुमा विनियोजित खर्चलाई

पूँजीगत खर्च भनिन्छ । यस अन्तगत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, सेवा प्रवाह र सुशासन (संस्थागत विकास), वातावरणीय संरक्षण र विपद् व्यवस्थापनका क्षेत्रमा हुने पूँजीगत (पूँजी निर्माण र क्षमता विकासका० खर्चहरु पर्दछन् ।यस बाहेक गाउँपालिकाले वडागतरुपमा विकास निर्माणका लागि र गाउँपालिका बाट सिधै हुने खर्च भनेर पनि एकमुस्ट बजेट बिनियोजन गरेको पाइन्छ, जुन वित्तीय अनुशासनका हिसाबले उपयुक्त होइन । तेसैगरी जनसहभागितामा आधारित खर्च पनि पुजीगत खर्चका रुपमा उल्लेखगरेको पाइन्छ । वित्तीय व्यवस्थापन तर्फको खर्च (बैदेशिक तथा आन्तरिक ऋण) हालसम्म परिचालन नभएकोले यहाँ चर्चा गर्नु सान्दर्भिक भएन । गाउँपालिकाको सार्वजनिक खर्चको विस्तृत विवरण तालिका ३.१ मा उल्लेख गरिएको छ ।

तालिका ३.१: गाउँपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व. २०७४।७५—२०७७।७८) रु. हजारमा

क्र. सं.	शिर्षक	आ.व. २०७४/०७५	% हिस्सा	आ.व. २०७५/०७६	% हिस्सा	बृद्धि दर	आ.व. २०७६/०७७	% हिस्सा	बृद्धि दर	आ.व. २०७७/०७८	% हिस्सा	बृद्धि दर
	कूल ब्यय	**197,271**	**100.0**	**229,343**	100.0	16.3	**253,942**	100.0	**10.7**	**318559**	100.0	25.4
1	चालु खर्च	184558	**93.6**	170227	74.2	(7.8)	187581	73.9	10.2	234187	73.5	24.8
1.1	प्रशासनिक खर्च (शसर्त समेत)		-	133198	58.1		132530	52.2	(0.5)	90123	28.3	(32.0)
1.2	सामाजिक सुरक्षा खर्च		-	37029	16.1		55051	21.7	48.7	144064	45.2	161.7
2	पुंजीगत खर्च	**12713**	**6.4**	**59116**	**25.8**	**365.0**	**66361**	**26.1**	**12.3**	**84372**	**26.5**	**27.1**
2.1	आर्थिक विकास						12551	१८.९		16325	१९.३	30.1
2.2	सामाजिक विकास						8356	१२.६		6207	७.४	(25.7)
2.3	पूर्वाधार विकास						41881	६३.१		60688	७१.९	44.9
2.4	बातावरण संरक्षण तथा विपद् व्यवस्थापन											
2.5	संस्थागत विकास, सेवा प्रवाह र सुशासन						1862	२.८		1152	१.४	(38.1)

3	गाउँपालिका स्तरका योजनाहरु											
4	वडा स्तरका योजनाहरु											
5	जनसहभागिताका कार्यक्रमहरु											
6	भैपरीआउने						1711	२.६				
7	गैरसरकारी सहभागिताका कार्यक्रमहरु											

स्रोतः क्व्होलासोथार गाउँपालिकाको बिभिन्न बर्षका वार्षिक बजेट, नीति तथा कार्यक्रम र योजना पुस्तिकाहरुबाट।

क्व्होलासोथार गाउँपालिकाबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७४/२०७५ , २०७५/७६, २०७६ /७७ र २०७७/७८ मा कुल सार्वजनिक खर्च क्रमशः १९७२७१, २२९३४३, २५३९४२ र ३१८५५९ हजार विनियोजन भएको देखिन्छ । अघिल्लो आ.व.को तुलनामा आ.व। २०७५/७६ , २०७६ /७७ र २०७७/७८ को कुल व्यय अनुमान क्रमशः १६.३, १०.७ र २५.४ प्रतिशतले वृद्धि भएको पाइन्छ । कुल खर्च अन्तर्गत आ.व. २०७४/२०७५ , २०७५/७६, २०७६ /७७ र २०७७/७८ मा क्रमसः चालु खर्च १८४५५८ (९३.६५), १७०२२७ (७४.२%), १८७५८१ (७३.९५%) र २३४१८७ (७३.५५%) हजार रहेको थियो भने पूँजीगत खर्च तर्फ क्रमसः १२७१३ (६.४%), ५९११६(२५.८५), ६६३६१ (२६.१५%) र ८४३७२ (२६.५५%) हजार विनियोजन भएको देखिन्छ । यसरी खर्चको विनियोजनमा पुँजीगत खर्चको अनुपात एक चौथाई बाट माथि उठ्न सकेको देखिदैनर पुँजीगत खर्चको संरचनालाई हेर्दा सबै आर्थिक बर्षहरुमा पहिलो प्राथमिकतामा पूर्वाधार विकास परेको देखिन्छ, जसले पुजीगत बजेटको तीन चौथाई भन्दा बढी हिस्सा ओगटेको छ । आ.व. २०७६/०७७ मा विनियोजित कुल पुँजीगत खर्च मध्ये ४१८८१ हजार (६३.१%) पूर्वाधारमा विनियोजन भएको थियो भने आर्थिक विकासमा १२५५१ हजार (१८.९%), सामाजिक विकासमा ८६५६ हजार (१२.६%), संस्थागत विकासमा १८६२ हजार (२.८%) र बाँकी १७११ हजार (२.६%) वातावरण तथा विपद् व्यवस्थापनमा विनियोजन भएको थियो । त्यसैगरी चालु आ.व. २०७७/७८ पनि खर्चको संरचना करिब समान नै रहेको छ जसअनुसार पूर्वाधार विकासमा ६०६८८ (७१.९५) हजार, आर्थिक विकासमा १६३२५ हजार (१९.३%), सामाजिक विकासमा ६२०७ हजार (७.४% र संस्थागत विकास र सुशासनमा ११५२ हजार (१.४%) क्रमशः प्राथमिकता क्रममा खर्च विनियोजन भएको पाइन्छ । योजना पुस्तिकाहरुको अध्ययन बाट के कुरा प्रस्ट हुन्छ भने पालिकाको बजेट तथा योजना निर्माणमा निर्धारित प्रक्रिया या निर्देशिकाहरुको अबलम्बन हुन सकेको देखिदैन । क्षेत्रगत योजनाहरुमा विनियोजित रकममा चालु खर्च र पुँजीगत खर्चलाई एकमुस्ट राखिएको छ । यसले योजनाहरुको कार्यान्वयमा र खर्च फरफारकमा जटिलता पैदा गर्नुको साथै आर्थिक अनुसासनमा समेत बिचलन ल्याउने जोखिम हुन्छ । कुनैपनि आ.ब. मा बाताबरण तथा विपद ब्यबस्थापन शिर्षकमा बजेट विनियोजन भएको पाईएन भने जनसहभागिता परिचालन मार्फत हुने बिकाश निर्माण र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था हरुका कार्यक्रमहरु पनि पुँजीगत बजेट को अंग बनाएको तथ्याकले देखाएन । यसलाई पालिकाको कमजोर बजेट तथा योजना निर्माण क्षमताका रुपमा लिन सकिन्छ ।

३.२.२. आन्तरिक राजश्व र सावजनिक आय

क्व्होलासोथार गाउँपालिकाको राजश्व अन्र्तगत आन्तरिक राजस्व राजस्व बाँडफाँडबाट प्राप्त रकम र विगत आर्थिक वर्षको खर्च हुन नसकेको रकम नगद मौज्दातलाई सामेल गरेको देखिन्छ । पालिकाको आन्तरिक राजस्व अन्र्तगत आर्थिक वर्ष २०७४/०७५मा कुल राजस्व र नगद मौज्दात रु ६२७३ हजार (कुल आयको ३.१५) परिचालन भएको देखिन्छ जसमध्ये कर तथा गैरकर राजस्व २४७२ हजार (१.२५), अन्य आय शिर्षकमा गत बर्षको नगद मौज्दात रकम ३८०१ हजार (१.९५) परिचालन भएको देखिन्छ भने उक्त आर्थिक बर्षमा राजश्व बाँडफाँडबाट रकम प्राप्त भएको देखिदैन । आर्थिक वर्ष २०७५/०७६ मा गाउँपालिकाको आन्तरिक राजश्व उल्लेख्य बृद्धि (४९६.६५) भई जम्मा ३७४२३ हजार (कुल आयमा १६.२५) आन्तरिक राजश्व परिचालन भएको देखिन्छ । जसमा २५४६ हजार (१.१५) आन्तरिक राजश्व र राजस्व बाँडफाँड रकम ३४८८२ हजार (१५.१५) प्राप्त भएको देखिन्छ । आन्तरिक राजस्व तर्फ आ.व. २०७६/०७७ मा कूल ४१४० हजार राजस्व उठाउने अनुमान गरेको पाइन्छ जुन अघिल्लो आ. ब. को तुलनामा ६२.९५ ले बढी हो । जसमा गत वर्षको नगद मौज्दात समेत २००० हजार परिचालन हुने अनुमान गरेको पाइन्छ । यस आ.व.मा कूल ५०३३४ हजार (कुल आयको १९.८५) संघ र प्रदेश सरकारबाट राजश्व बाँडफाँड प्राप्त हुने अनुमान गरिएको छ । त्यसै गरि आ. ब. २०७७/७८ मा कुल राजस्व ६०४५६ हजार (कुल आयको १९.२५) परिचालन हुने अनुमान गरिको छ जस अन्तरिक राजस्व रु ५३९० हजार (१.७५), नगद मौज्दात २००० (०.६५) र संघ र प्रदेश सरकारबाट राजश्व बाँडफाँड प्राप्त हुने रकम रु ५५२०६ हजार (१७.५५) रहेको छ।

तालिका ३.२ : राजश्व तथा आयस्रोतको अबस्था (आ.व.२०७४।०७५ - २०७६।७७) रु. हजारमा

क्र.सं.	विवरण	आ.व. २०७४/०७५	% हिस्सा	आ.व. २०७५/०७६	% हिस्सा	बृद्धि दर	आ.व. २०७६/०७७	% हिस्सा	बृद्धि दर	आ.व. २०७७/०७८	% हिस्सा	बृद्धि दर
1	कूल आय	199,224	100.0	230,374	100.0	15.6	253,942	100.0	10.2	315,103	100.0	24.1
1.1	राजश्व र नगद मौज्दात	6,273	3.1	37,423	16.2	496.6	54,474	21.5	45.6	60,556	19.2	11.2
१.१.१	आन्तरिक राजश्व	2,472	1.2	2,541	1.1	2.8	4,140	1.6	62.9	5,390	1.7	30.2
	सम्पत्ति कर	503	0.3		-		500	0.2		500	0.2	
	घरबहाल कर		-		-		20	0.0		20	0.0	
	सवारी साधन कर	356	0.2		-			-			0.0	
	सेवा शुल्क (पूर्वाधार तथा सेवा उपयोगमा)	83	0.0		-		700	0.3		175	0.1	
	दस्तुर (सिफारिस लगायतमा)	700	0.4		-		450	0.2		700	0.2	
	पर्यटन शुल्क		-		-		50	0.0		10	0.0	
	व्यवसाय कर र रजिस्ट्रेसन शुल्क	92	0.0		-		180	0.1		325	0.1	
	भूमि कर र घरधुरी कर	477	0.2		-		200	0.1		900	0.3	

	मनोरन्जन कर	5	0.0		-		40	0.0		30	0.0	
	बहाल विटौरी कर	12	0.0		-			-		250	0.1	
	स्रोत बाँडफाँडबाट प्राप्त		-		-			-		480	0.2	
	विविध आय	22	0.0		-			-			0.0	
	अन्य आय	224	0.1		-			-			0.0	
	बेरुजु असुली		-		-			-			0.0	
	गत वर्षको नगद मौज्दात	3801	1.9		-		2000	0.8		2000	0.6	
१.१.२	राजश्व बांडफांड		-	34882	15.1		50334	19.8	44.3	55206	17.5	9.7
	नेपाल सरकारबाट प्राप्त		-		-		48700	19.2		५३३३८	16.9	
	प्रदेश सरकारबाट प्राप्त		-		-		1634	0.6		१८६७	0.6	
2	अन्तरसरकारी बित्तिय हस्तान्तरण	192951	96.9	192951	83.8	-	199468	78.5	3.4	254547	80.8	27.6
क	नेपाल सरकारबाट प्राप्त अनुदान	192951	96.9	181821	78.9	(5.8)	177400	69.9	(2.4)	227400	72.2	28.2
	समानिकरण अनुदान	117355	58.9	60000	26.0	(48.9)	70600	27.8	17.7	68700	21.8	(2.7)
	सशर्त अनुदान	75596	37.9	121821	52.9	61.1	106800	42.1	(12.3)	147900	46.9	38.5

	समपुरक अनुदान		-		-			-		4800	1.5	
	विशेष अनुदान		-		-			-		6000	1.9	
ख	प्रदेश सरकारबाट प्राप्त अनुदान		-	11130	4.8		22068	8.7	98.3	27147	8.6	23.0
	समानिकरण अनुदान		-	11130	4.8		12068	4.8	8.4	12147	3.9	0.7
	सशर्त अनुदान		-		-		10000	3.9			0.0	
	समपुरक अनुदान		-		-			-		10000	3.2	
	विशेष अनुदान		-		-			-		5000	1.6	
	स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड		-		-			-				
3	जनसहभागिता		-		-			-				
4	बैदेशिक सहायता (अनुदान)		-		-			-				
5	सार्वजनिक ऋण		-		-			-				
	आन्तरिक ऋण		-		-			-				
	बैदेशिक ऋण		-		-			-				

6	गैरसरकारी संस्थाको सहयोग परिचालन		-		-			-				
7	नीजि क्षेत्रको लगानी		-		-			-				

स्रोतः क्व्होलासोथार गाउँपालिकाको बिभिन्न बर्षका वार्षिक बजेट, नीति तथा कार्यक्रम र योजना पुस्तिकाहरुबाट।

यस गाउँपालिकाको समग्र आय को अवस्था सन्तोषजनक देखिदैन। पालिकाको कुल आयमा अन्तरिक राजस्वको हिस्सा २ प्रतिसत पनि पुग्न सकेको छैन भने नगद मौज्दात र राजस्व बाँडफाँड समेतको हिस्सा २० प्रतिसत पनि पुग्न नसकेको अवस्था शोचनीय रहेको छ। कुल आय विगत चार आर्थिक बर्षहरुमा सन्तोषजनक रहेता पनि आन्तरिक राजस्वको वृद्धिदर पछिल्ला बर्षमा बढ्दै जानु राम्रो रहेता पनि समग्रमा पालिकाको आयमा परनिर्भरता उच्च रहेको अवस्था सन्तोषजनक होइन। पालिकाको आय र राजस्वको विस्तृत विवरण तालिका ३.२ मा उल्लेख गरिएकोछ।

३.२.३ अन्तर सरकारी वित्त

अन्तर सरकारी वित्त स्थानीय तहको आयश्रोतको प्रमुख आधार रहेकोछ । यस अन्तर्गत नेपाल सरकारवाट प्राप्त समानिकरण, ससर्त, समपुरक र विशेष अनुदान, प्रदेश सरकारवाट प्राप्त यस्तै प्रकारका अनुदान रकमहरु समावेश हुन्छन् । क्व्होलासोथार गाउँपालिकाको कूल वार्षिक बजेटमा केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको योगदान आ.व. २०७४/०७५ मा ९६।९५ प्रतिशत रहेकोमा यो अंस आ.व. २०७७/०७८ मा ८०.८ प्रतिशत रहेको छ । आ. ब. २०७४/७५ मा त्यसमा प्रदेश सरकारको अनुदान प्राप्त भएको देखिएन भने सम्पूर्ण संघकै रहेको थियो भने आ.ब. २०७७/७८ मा संघ को योगदान पालिकाको कुल आयमा ७२.२५ र प्रदेशको योगदान ८.६५ रहेको देखिन्छ ।

क्व्होलासोथार गाउँपालिकाले आ.व. २०७४/७५ मा नेपाल सरकारवाट कूल १९२९५१ हजार वित्तीय अनुदान प्राप्त गरेको देखिन्छ जसमध्ये ११७३५५ हजार समानिकरण अनुदान र ७५५९६ हजार ससर्त अनुदान रहेको थियो । आ.व. २०७६/०७७ मा कूल अन्तरसरकारी वित्तीय हस्तातरणको रकम १९९४६८ हजार रहेकोमा नेपाल सरकारवाट १७७४०० हजार र प्रदेश सरकारले २२०६८ हजार अनुदान प्राप्त भएको देखिन्छ । यी दुवै तहवाट प्राप्त भएका अनुदान रकम मध्ये ७०६०० हजार नेपाल सरकारको समानिकरण अनुदान र १०६८०० हजार सशर्त अनुदान रहेको थियो भने प्रदेश सरकारको समानिकरण अनुदान १२०६८ हजार र १०००० हजार सशर्त अनुदान रहेको थियो । चालु आ.व.मा यस पालिकाले कुल २५४५४७ हजार वित्तीय अनुदान प्राप्त हुने अनुमान गरेको छ जसमा केन्द्र सरकारबाट २२७४७०० हजार र प्रदेश सरकारबाट २७१४७ हजार प्राप्त हुने अनुमान गरिएको छ । यस आ.व.मा पालिकाले समपुरक र बिशेष अनुदान पनि प्राप्त हुने अनुमान गरेको छ। यसमा केन्द्र सरकारबाट ४८०० र ६००० हजार क्रमसः समपुरक र बिसेष अनुदान रहेको छ भने प्रदेश सरकारबाट क्रमसः १०००० र ५००० समपुरक र बिशेष अनुदान प्राप्त हुने अपेक्षा गरिएको छ । गाउँपालिका मा विगत आ.व.को तुलनामा नेपाल सरकारबाट र प्रदेश सरकार बाट प्राप्त हुने अनुदान सामान्यतया बढ्दै गएको देखिन्छ । अन्तर सरकारी वित्तको बिस्तृत बिबरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

३.२.४ बैदेशिक सहायता परिचालन

स्थानीय तहले बैदेशिक ऋण अथवा सहायता प्रत्यक्ष रुपमा प्राप्त गर्न नसकेता पनि सम्भावित परियोजनामा द्विपक्षिय र बहुपक्षयि बैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नेपाल सरकारसग पहल गर्न सक्दछ । पर्यटन प्रबद्र्धन, उर्जा, शिक्षा, स्वास्थ्य, कृषि विकास, गरीवि निवारण, सांस्कृतिक सम्पदाको संरक्षण, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा वैदेशिक सरकारी तथा गैर सरकारी सहायता (वित्तीय, प्रविधिक) परिचालन गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विशेषज्ञहरुको सहयोग लिएर परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोग र सहमतिमा पहलकदमी गर्न सक्दछ । क्व्होलासोथार गाउँपालिकाले हाल सम्म प्रत्यक्ष रुपमा यस्तो सहायता परिचालन आफ्नै पहलमा गर्न सकेको छैन । अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय गैरसरकारी संस्थामार्फत गरिरहेको सहायता परिचालनलाई गाउँपालिकाको बैधानिक संरचना र अनुगमन प्रणालीमा आबद्ध गर्नु आवश्यक देखिन्छ ।

३.२.५ सार्वजनिक ऋण

स्थानीय तहको सरकारले सार्वजनिक ऋण उठाउन सक्दछ । यसका लागि पालिकाले आवश्यक कानुन वनाएर आफ्ने क्षेत्रका वित्तीय संस्थाहरुवाट र जनतावाट सार्वजनिक ऋण उठाउन सक्दछ । खासगरी विद्युत परियोजना, खानी संचालन, कृषि तथा पशुपालन व्यवसाय, उद्योग ग्रामको पूर्वाधार विकास र पर्यटन क्षेत्रमा विशेष परियोजना संचालन गर्न विकास बचत पत्र जारी गरेर जनतावाट दीर्घकालिन प्रकृतिको ऋण उठाउन सक्दछ । तर अहिले सम्म क्व्होलासोथार गाउँपालिकाले यस्ता कार्यक्रम वा परियोजना बनाउने र ऋण उठाउने पहल गर्न सकेको छैन ।

३.२.६ जनसहभागिता परिचालन

स्थानीय तहमा रहेको जनशक्ति जो अल्प रोजगार वा वेरोजगार रुपमा रहेको छ त्यस्तो मानव शक्तिलाई विकास निर्माणको कार्यमा परिचालन गरेर अभियानका रुपमा उपयोग गर्न सकिन्छ । यस्तो कार्य सार्वजनिक भवन निर्माण, वाटो, पुल र अन्य ग्रामीण पूर्वाधार निर्माणमा उपयोग सकिन्छ । खासगरी स्थानीय समुदायसग श्रम वा बस्तु वा नगद सहभागितामा यस्ता विकास निर्माणका कार्य गर्न सकिन्छ । क्व्होलासोथार गाउँपालिकाले जनसहभागिता परिचालन मार्फत कार्यक्रमहरु संचालन गरेको अभेलिखिकरण गरेको पायिएन । आफ्नो बजेट र कार्यक्रममा यस्तो विकल्पको उपयोग गर्ने पहल गर्नु वा यस्तो कामको अभिलेख राख्नु आबस्यक छ र यसले स्थानीय सरकारको जनपरिचालन गर्ने क्षमता प्रदर्सन गर्नुको साथै सरकारको लोकप्रियता

समेत प्रतिबिम्बित गर्ने हुनाले यस तर्फ आबस्यक पहल लिनु पर्ने देखिन्छ । यसका लागि आवस्यक कानून र कार्यविधि वनाइ स्थानीय नागरिकलाई विकास निर्माणमा परिचालन गर्नु वान्छनीय हुन्छ ।

३.२.७ सार्वजनिक, नीजि र सहकारी साझेदारी

विकास निर्माणका लागि सार्वजनिक (Public), नीजि (Private), सहकारी (Cooperative) को साझेदारी पछिल्लो समय अवलम्वन गरिएको एउटा उत्तम विकल्प हो । यसले वित्तीय अभाव, सरकारी क्षेत्रको कमजोरी हटाउने र नीजि क्षेत्रको विकासमा सहभागिता र साझेदारी बढाउने कार्यका लागि एउटा समाधान दिन सक्दछ । क्व्होलासोथार गाउँपालिकाले नीजि क्षेत्रका लगानिकर्ता, स्थानीय सहकारीहरु र आफ्नो समेत लगानिमा यस पालिका क्षेत्रको कुनै ड्रीम परियोजनामा यस्तो साझेदारीको उपयोग गर्न सक्दछ । खासगरी पर्यटन पूर्वाधार विकास गर्न, प्राकृतिक चिडियाखाना विकास गर्न, दृष्यावलोकन स्थलको पूर्वाधार विकास र सेवा प्रवाहमा यस ढाँचाको लगानी संरचना परिचालन गर्न सकिन्छ । जस्तै कतिपय गाउँपालिकाका सेवा प्रवाहका क्षेत्रमा— एफएम रेडियो संचालन, स्वास्थ्य उपचार केन्द्र स्थापना, पर्यटन सुचना केन्द्र सञ्चालन, सांस्कृतिक संग्रालय निर्माण र संचालन, सामुहिक आधुनिक कृषि तथा पशुपालन फर्म संचालन, जलविद्युत परियोजना निर्माण र प्रसारण, प्राकृतिक स्रोतहरुको उपयोग जस्ता क्षेत्रमा यस्ता साझेदारीका परियोजनाहरु संचालन गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विज्ञहरुको सुझाब र सेवा लिएर परियोजना निर्माण र विकास गर्नु र आवश्यक बैधानिक संरचना र कार्यविधिहरु निर्माण गर्नु आवश्यक हुन्छ ।

३.२.८ वैदेशिक लगानी

विद्यमान कानुनी प्रावधान वमोजिम स्थानीय तहले वैदेशिक लगानिका लागि प्रत्यक्ष तवरले कार्य गर्न सक्दैन तर सम्भाव्य क्षेत्र र परियोजनामा विदेशी लगानी आर्कषित हुने देखिएमा संघीय सरकारको स्वीकृति र समन्वयमा विदेशी लगानि आर्कषित गर्न सकिन्छ । हाल सम्म क्व्होलासोथार गाउँपालिकामा विदेशी लगानि आकर्षित हुन सकेको छैन । भविष्यमा यस्तो सम्भावनालाई नकार्न सकिदैन ।

३.३ समस्या र संभावनाहरु

गाउँपालिकाको समग्र वित्तीय अवस्थाको विस्लेषण का आधारमा यस क्षेत्रमा देहायका समस्याहरु र सम्भावनाहरु रहेको देखिन्छ ।

समस्याहरु	सम्भावनाहरु
1. आन्तरिक राजस्वको कमजोर आधार 2. वित्तीय हस्तान्तरणमा अत्यधिक निर्भरता 3. स्थानीय प्राकृतिक र मानबिय श्रोतको परिचालन हुन नसकेको 4. जनसहभागिता परिचालनमा आधारित बिकाश परियोजना तय हुन नसकेको 5. सार्बजनिक आयका श्रोतहरुको खोजीमा ठोस पहल हुन नसकेको 6. आम्दानीका श्रोतहरुको विविधिकरण नभएको 7. संबिधान प्रदत्त स्थानीय तहका राजस्वका क्षेत्रहरुको परिचालनमा ध्यान पुग्न नसकेको 8. पालिकाको कमजोर तथ्यांकीय ब्यबस्थापन 9. निर्धारित ढांचामा बजेट तथा योजनाहरुको निर्माण र कार्यन्वयन हुन नसकेको 10. राष्ट्रिय तथा गैर सरकारी संस्थाहरुका कार्यक्रमहरुलाई पालिकाका कार्यक्रम संग आबद्ध गर्न नसकेको	1. कर तथा गैर करका क्षेत्रहरुको पहिचान गरि राजस्वको आधार विस्तार गर्न सकिने 2. वित्तीय हस्तान्तरणको निर्भरतालाई क्रमश: कम गर्दै लान सकिने 3. जनतालाई लाभ पुग्नेखालका आयमुलक परियोजना बनाई सार्बजनिक ऋणको परिचालन गर्न संकिने 4. सार्बजनिक निजि र सहकारीको शाझेदरिमा परियोजना संचालन गर्न सकिने 5. आर्थिक बिकाशका क्षेत्रमा निजि लगानीको प्रबर्धन गर्ने उपयुक्त बैधानिक र लगानी मैत्री बाताबरण को सिर्जना गर्ने 6. उपयुक्त परियोजना बैक बनाई केन्द्र र प्रदेशबाट समपुरक र बिशेष बिकाश अनुदान लिने 7. भुमि बैकको स्थापना र सफल कार्यन्वयन 8. राष्ट्रिय तथा गैर सरकारी संस्थाहरुका कार्यक्रमहरुलाई पालिकाका सामाजिक तथा आर्थिक बिकाशका कार्यक्रम संग आबद्ध गर्ने

३.४ गाउँ पालिकाको वित्तीय श्रोत अभिबृधि र सार्बजनिक व्यय सम्बंन्धि कार्यक्रमहरु

वित्तीय श्रोत (राजश्व) अभिबृद्धिका कार्यक्रमहरु

बितीय संघियताले उपलब्ध गराएको अवसर र पालिकाको आफ्नै सवाल पक्षहरुको पहिचान र उपयोग मार्फत पालिकाले देहाय बमोजिमको पहलकदमी गरि आफ्नो बित्तिय श्रोतको प्रबर्धन गर्न सक्दछ ।

१.गाउँपालिकाको घरजग्गा कर (सम्पत्ति कर), ब्यबसाय कर र घरबहाल कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम (कार्यविधि) बनाई कार्यान्वयन गर्ने ।

२.गाउँपालिकामा संचालित होटल, रेष्टुरेष्ट, घरबास, मनोरञ्जन लगायतका अन्य उद्योग तथा ब्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याउने ।

३. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।

४.वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी बृद्धि गर्ने ।

५.गाउँपालिकाका १५०० मी. भन्दा माथिका भू–भागको पर्यटन प्रवद्र्धन गर्ने र पर्यटनमा हरित शुल्क (Green Fee) लगाई आय आर्जन गर्ने । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँग साझेदारी र सहकार्य गर्ने ।

६. गाउँपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालनबाट आय बृद्धि गर्ने ।

७. केन्द्र र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गर्ने ।

८.गाउँपालिकाले सम्भाव्य परियोजनाहरु विद्युत, पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग ब्यबसायहरुमा आदिमा लागत सहभागिता वा शेयर लगानी गरि, खासगरी सार्बजनिक नीजि तथा सहकारी संग साझेदारी परियोजनाहरु संचालन गरि दिगो रुपमा आयवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने नीति लागु गर्नु ।

९. गाउँपालिकामा रहेको जैविक विविधता र रैथाने अनुवांशिक प्रजातिका पशुपंक्षी तथा बोटविरुवाको संरक्षण तथा व्यवसायिक विकास र उत्पादनको ब्राण्डिङ र प्याटेन्ट रजिष्ट्रेशनको व्यवस्था गरी आयआर्जनको दायरा विस्तार गर्ने । यसका लागि गाउँपालिकाले आवश्यक योजना, कार्ययोजना र बैधानिक व्यवस्था मिलाउने ।

३.५ सार्वजनिक खर्चमा प्रभावकारिता र वित्तीय अनुशासन ल्याउने कार्यक्रमहरु

गाउँपालिकाको समग्र वित्तीय स्थिति र खर्चको ब्यबस्थापनको बिस्लेषण गर्दा के प्रस्ट हुन्छ भने पालिकाको सार्बजनिक खर्च गर्ने क्षमता ज्यादै कमजोर रहेको छ र खासगरी पुंजीगत खर्चगर्नका लागि चाहिने प्राबिधिक र प्रशासनिक क्षमता कमजोर रहेको अबस्था सबै स्थानीय तहमा समस्याका रुपमा रहेकोछर त्यसकालागि गाउँपालिकाले आफ्नो प्राबिधिक र प्रशासनिक क्षमता अभिवृद्धिमा तत्कालै ध्यान पुर्याउन आबस्यक छ । त्यसैगरी स्थानीय तहमा खर्च ब्यबस्थापनमा आर्थिक अनुशासनका समश्याहरु रहेका देखिन्छन र यस सन्दर्भमा देहायबमोजिम योजना कार्यन्वयन गर्दा वित्तीय अनुशासनका कार्यहरु गर्नु आबस्यक देखिन्छ ।

१. गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने तथा आवश्यक कार्यविधिहरु बनाउने र लागु गर्ने।

२. केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने।

३. सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने।

४. गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय नगर्ने।

५. आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने र यसको अनुगमनलाई प्रभावकारी बनाउने।

६. बार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिने।

७. गाउँपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने।

८. आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यांकन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने।

९. आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्रका परियोजनाहरुमा मात्र गर्ने।

१०.गाउँपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुत्तानी गर्ने पद्धती कडाईकासाथ लागु गर्ने।

११.गाउँपालिकाको श्रेस्ता व्यवस्थापन संस्थागत रुपमा गर्ने, व्यक्तिगत जिम्मेवारी तथा जवाफदेहिताको पद्धति विकास गर्ने र भ्रष्टाचारमा सून्य सहनशिलताको नीति अबलम्बन गर्ने।

१२.गाउँपालिकामा बेरुजुलाई निरुत्साहित गर्ने, बेरुजु फस्यौटलाई आ.व. भित्रै सम्पादन गर्ने।

१३.गाउँपालिकाबाट सञ्चालित विकास निर्माणका परियोजनाहरुको गुणस्तर मापन र नियमनको व्यवस्था प्रभावकारी बनाउने, पारदर्शिता र जवाफदेहिता बृद्धि गर्न सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण (Public Auditing) प्रणाली लागु गर्ने।

३.६ आर्थिक बृद्धिदर

आर्थिक बृद्धिदर गणना गर्न गाउँपालिका स्तरको उत्पादन र आयको लेखा आवश्यक पर्ने हुन्छ। अहिलेसम्म राष्ट्रिय आम्दानीको तथ्यांक गाउँपालिका स्तरसम्म गणना गर्ने नगरिएकाले यस गाउँपालिकाको सम्बन्धित तथ्यांक उपलब्ध हुन सकेन। त्यसैले बार्षिक तथा योजना अबधिको आर्थिक बृद्धिदर गणना गर्न सम्भव भएन। गाउँपालिकाले केन्द्रीय तथ्यांक विभागसँगको समन्वयमा आगामी दिनमा राष्ट्रिय आय गणना पद्धती अबलम्बन गरी गाउँपालिका स्तरको उत्पादन र आम्दानीको तथ्यांक संकलन गर्ने स्तरीय पद्धतीको विकास गर्नु आवश्यक छ। यसका लागि गाउँपालिका स्तरमा तथ्यांक संकलन तथा व्यवस्थापन इकाईको स्थापना र सम्बन्धित विषयका सीपयुक्त जनशक्तिको व्यवस्थापन गरी आय र उत्पादनको तथ्यांक अध्यावधिक गर्ने कार्यको प्रारम्भ गर्नु आवश्यक छ।

३.७ योजना अवधिका लागि समस्टिगत लगानीको आवश्यकता र स्रोतको आंकलन

क्व्होलासोथार गाउँपालिकाको आबधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठुलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ। लगानीको आवश्यकता निर्धारण गर्दा प्रचलित स्थापित विधि अबलम्बन गर्न तथ्यांकको अभावमा सम्भव भएन। त्यसैले यो प्रथम त्रिबर्षीय योजनाका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको प्रक्षेपणका लागि सामान्य

तथ्यांकीय बिधि अबलम्बन गरीएको छ। खासगरी गाउँपालिकाको विद्यमान आम्दानीको श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरणको अबस्था, थप राजश्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, नीजि क्षेत्रको लगानीको सम्भावनाका क्षेत्रहरुको आँकलन, बैदेशिक सहायता परिचालनको सम्भावना, गैरसरकारी संस्थाहरुको सहभागिताको सम्भावना र स्थानीय जनसहभागिता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण तालिका ३.४ र ३.५ मा उल्लेख गरिएको छ।

तालिका ३.४ मा उल्लेख भएअनुसार गाउँपालिकाको आबधिक योजना अबधिमा कूल १ अर्ब ३७ करोड ३३ लाख खर्च र लगानी हुने प्रक्षेपित अनुमान गरिएको छ। जसमा पुँजीगत लगानीतर्फ ४४ करोड ११ लाख ३ हजार (३२.०%) र चालु खर्चतर्फ ९३ करोड ५१ लाख ९७ हजार (६८.०%) खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ । योजना अबधिमा कूल चालु खर्चमध्ये शसर्त अनुदानसमेतको प्रशासनिक खर्चमा ३८.५ प्रतिशत (३५९८९५ हजार) र सामाजिक सुरक्षा खर्च ६१.५ प्रतिशत (५७५३०२ हजार) रहेको छ। योजना अबधिमा हुने कूल पुँजीगत खर्चमध्ये पूर्वाधार विकासमा ११०३९४ हजार (२५.० प्रतिशत), आर्थिक विकासमा ६५१९२ हजार (१४.८ प्रतिशत), सामाजिक विकासमा २४७८७ हजार (५.६ प्रतिशत), वातवरण संरक्षण र विपद् व्यवस्थापनमा ६९४५ हजार (१.६ प्रतिशत) र संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ ४६०० हजार (१.० प्रतिशत) रकम विनियोजन गरिएको छ । यस बाहेक योजना अबधिमा गाउँ पालिकाले खर्च गर्ने पालिका स्तरका योजनामा कुल पुँजीगत बजेट रु ६९४५० हजार (१५.७५%) र वडा स्तरीय योजनाहरुमा हुने खर्च रु ६२५०५ हजार (१४.२५%) प्रक्षेपण गरिएको छ। तेसै गरि योजना अबधिमा कुल ६९४५ हजार बराबरको जनसहभागिता परिचालन हुने अपेक्षा गरिएको छ। त्यसैगरी, योजना अबधिमा गैरसरकारी संस्थाहरुबाट कुल १७३६३ हजार (३.९५) र निजि क्षेत्रबाट कुल ६९४५० हजार (१५.७५) पुँजीगत लगानी हुने अनुमान गरिएको छ। निजि क्षेत्रको लगानी मुलत आर्थिक तथा पूर्वाधार बिकासमा र गैर सरकारी क्षेत्रबाट मुलत सामाजिक बिकासमा खर्च र लगानी हुने अपेक्षा गरिएको छ।

तालिका ३.३: योजना अबधिको लागि प्रक्षेपित खर्च तथा लगानीको विवरण (रकम रु. हजारमा)

क्र.सं.	शिर्षक	आ.व. २०७८।७९	आ.व. २०७९।८०	आ.व. २०८०।८१	योजना अबधिको जम्मा	प्रतिशत
	कूल ब्यय	**396,343**	**455,794**	**524,163**	**1,376,300**	**100**
	प्रतिशत	**28.8**	**33.1**	**38.1**	**100**	
1	चालु खर्च	**269,315**	**309,712**	**356,169**	**935,197**	**68.0**
1.1	प्रशासनिक खर्च (शसर्त समेत)	103,641	119,188	137,066	359,895	38.5
1.2	सामाजिक सुरक्षा खर्च	165,674	190,525	219,103	575,302	61.5
2	पुंजीगत खर्च	**127,028**	**146,082**	**167,994**	**441,103**	**32.0**
2.1	आर्थिक विकास	18,774	21,590	24,828	65,192	14.8
2.2	सामाजिक विकास	7,138	8,209	9,440	24,787	5.6
2.3	पूर्वाधार विकास	31,791	36,560	42,044	110,394	25.0

2.4	बातावरण संरक्षण तथा विपद् व्यवस्थापन	2,000	2,300	2,645	6,945	1.6
2.5	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	1,325	1,524	1,752	4,600	1.0
3	पालिका स्तरका योजनाहरु	**20,000**	**23,000**	**26,450**	**69,450**	**15.7**
4	वडा स्तरका योजनाहरु	18,000	20,700	23,805	62,505	14.2
5	जनसहभागिताका कार्यक्रमहरु	2,000	2,300	2,645	6,945	1.6
6	भैपरीआउने	1,000	1,150	1,323	3,473	0.8
7	गैरसरकारी सहभागिताका कार्यक्रमहरु	5,000	5,750	6,613	17,363	3.9
8	नीजिक्षेत्रको लगानीका कार्यक्रम	20,000	23,000	26,450	69,450	15.7

उपरोक्त लगानी र खर्च मध्ये योजनाको पहिलो वर्ष आ.व. २०७८/७९ मा कूल ३९६३४३ हजार (२८.८%) लगानी हुने प्रक्षेपण गरिएको छ भने दोस्रो वर्ष आ.व. ०७९।८० मा कूल ४५५७९४ हजार (३३.१%), तेस्रो वर्ष आ.व. २०८०/८१ मा कूल ५२४१६३ हजार (३८.१%) रकम खर्च र लगानी हुने प्रक्षेपण गरिएको छ । यो लगानीको आंकलन र बिनियोजन गर्दा बिगतका बार्षिक बजेटको वृद्धि दर, पालिकाको संस्थागत क्षमता र आयस्रोतको अभिबृद्धिलाई मुख्य आधार मानिएको छ ।

तालिका ३.४: खर्च र लगानीका स्रोतहरुको प्रक्षेपण (रकम रु. हजारमा)

क्र.सं.	**शिर्षक**	**आ.व. २०७८/७९**	**आ.व. २०७९/८०**	**आ.व. २०८०/८१**	**योजना अवधिको जम्मा**	**प्रतिशत**
	कूल आय	**396,343**	**455,794**	**524,163**	**1,376,301**	**100.0**
1	राजश्व र नगद मौज्दात	**69,639**	**80,085**	**92,098**	**241,823**	**17.6**
1.1	आन्तरिक राजश्व	**6,199**	**7,128**	**8,198**	**21,524**	**1.6**
	सम्पत्ति कर	575	661	760	1,997	**0.1**
	घरबहाल कर	23	26	30	80	**0.0**

	सवारी साधन कर	0	-	-	-	**0.0**
	सेवा शुल्क (पूर्वाधार तथा सेवा उपयोगमा)	201	231	266	699	**0.1**
	दस्तुर (सिफारिस लगायतमा)	805	926	1,065	2,795	**0.2**
	पर्यटन शुल्क	12	13	15	40	**0.0**
	विज्ञापन कर	0	0	0	0	**0.0**
	व्यवसाय कर र रजिस्ट्रेसन शुल्क	374	430	494	1,298	**0.1**
	भूमि कर (मालपोत) र घरधुरी कर	1,035	1,190	1,369	3,594	**0.3**
	मनोरन्जन कर	35	40	46	120	**0.0**
	बहाल विटौरी कर	288	331	380	998	**0.1**
	स्रोत बाँडफाँडबाट प्राप्त	552	635	730	1,917	**0.1**
	विविध आय	0	0	0	0	**0.0**
	अन्य आय	0	0	0	0	**0.0**
	बेरुजु असुली	0	0	0	0	**0.0**
	गत वर्षको नगद मौज्दात	2,300	2,645	3,042	7,987	**0.6**
1.2	राजश्व बांडफांड	**63,487**	**73,010**	**83,961**	**220,458**	**16.0**
	नेपाल सरकारबाट प्राप्त	61,339	70,540	81,120	212,999	**15.5**
	प्रदेश सरकारबाट प्राप्त	2,147	2,469	2,839	7,456	**0.5**
2	अन्तसरकारी बित्तिय हस्तान्तरण	**292,729**	**336,638**	**387,134**	**1,016,502**	**73.9**
२।१	नेपाल सरकारबाट प्राप्त अनुदान	**261,510**	**300,737**	**345,847**	**908,093**	**66.0**
	समानिकरण अनुदान	79,005	90,856	104,484	274,345	**19.9**
	सशर्त अनुदान	170,085	195,598	224,937	590,620	**42.9**
	समपुरक अनुदान	5,520	6,348	7,300	19,168	**1.4**

	विशेष अनुदान	6,900	7,935	9,125	23,960	1.7
२।२	प्रदेश सरकारबाट प्राप्त अनुदान	**31,219**	**35,902**	**41,287**	**108,408**	7.9
	समानिकरण अनुदान	13,969	16,064	18,474	48,508	3.5
	सशर्त अनुदान	0	**0**	**0**	**0**	0.0
	समपुरक अनुदान	11,500	**0**	**0**	**0**	2.9
	विशेष अनुदान	5,750	**0**	**0**	**0**	1.5
3	जनसहभागिता	**2,000**	**2,300**	**2,645**	**6,945**	0.5
4	बैदेशिक सहायता (अनुदान)	**0**	**0**	**0**	**0**	0.0
	(न्युन बजेट)	**6,974**	**8,021**	**9,224**	**24,219**	1.8
5	सार्वजनिक ऋण	**0**	**0**	**0**	**0**	0.0
	आन्तरिक ऋण	**0**	**0**	**0**	**0**	0.0
	बैदेशिक ऋण	**0**	**0**	**0**	**0**	०.०
6	गैरसरकारी संस्थाको सहयोग परिचालन	**5,000**	**5,750**	**6,613**	**17,363**	1.3
7	नीजि क्षेत्रको लगानी	**20,000**	**23,000**	**26,450**	**69,450**	5.0

तालिका ३.४ मा उल्लेख भएअनुसार योजना अबधिमा हुने कूल खर्च र लगानीमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको मूख्य भूमिका रहने प्रक्षेपण गरिएको छ। आवधिक योजना ले समेटेका कार्यक्रम हरुका लागि त्रिबर्शिय योजना अबधिमा आवश्यक पर्ने कूल लगानी र खर्च ९१ अर्ब ३७ करोड ६३ लाख० मध्ये संघ र प्रदेश बाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट खर्चहुने कार्यक्रमहरुमा कूल १ अर्ब ०१ करोड ६५ लाख ०२ हजार (७३.९%) व्यवस्थापन हुने देखिन्छ। खर्च र लगानिका स्रोतहरुमध्ये आन्तरिक श्रोत र राजश्व बाँडफाँड बाट प्राप्त आयबाट रु २४१,८२३ हजार (१७ .६%) प्राप्त हुने अनुमान गरिएको छ। त्यसैगरी योजना अबधिमा जनसहभागिता तफ ६,९४५ हजार (०.५%), गैरसरकारी संस्थाहरुको सहयोग परिचालनबाट ज्ञठ,घटघ हजार (१ .३%) बराबरको स्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ। त्यसैगरी योजना अबधिमा निजी क्षेत्रले विभिन्न व्यवसायहरुमा गर्ने लगानी ६९,४५० हजार (५ .०%) हुने प्रक्षेपित अनुमान गरिएको छ। सबै श्रोतबाट प्राप्त हुने कुलआय ले प्रक्षेपित खर्च र लगानीमा अपुग हुने रकम रु २४२१९ (अर्थात् १ .८५) घाटा बित्त व्यवस्था गर्नु पर्ने देखिन्छ जुन आन्तरिक ऋण वा संचित कोषको रकम परिचालन मार्फत ब्यबस्थापन गर्न सकिनेछ।

अध्याय ४

क्वोहोलासोथार गाउँपालिकाको आर्थिक क्षेत्र

४.१ कृषि, पशुपंक्षी तथा मत्स्य विकास

४.१.१ पृष्ठभूमि:

समग्र गण्डकी प्रदेशमा आर्थिक रुपले सकृय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छन् जसमध्ये कृषिमा आधारित कुल घर परिवार मध्ये ८६ प्रतिशत घर परिवारको आम्दानीको स्रोत कृषि रहेको छ। क्व्होलासोंथर गाउँपालिकाको बस्तुगत विवरण २०७६ अनुसार जम्मा १२.७६ प्रतिशत जनसंख्या कृषि तथा पशुपालन व्यवसायमा लागेको देखिएको छ। कूल क्षेत्रफल १७५६२ हेक्टर रहेको क्व्होलासोथर गाउँपालिकामा समथर कृषियोग्य भूमि जम्मा १८२ हेक्टर छ भने भिरालो कृषियोग्य भूमि ५५११ हेक्टर रहेको छ भने करिब ६० प्रतिशत जमिन दक्षिण मोहडा भएर वनेको छ। Sentinel satellite image, 2020 का अनुसार यस गाउँपालिकाको कूल भूभाग मध्ये ११.७३ प्रतिशत जमिनमा मात्र कृषि कार्य गरेको देखिन्छ। यस गाउँपालिकाको कृषिमा प्रयाजसो साना किसानहरुको बाहुल्यता रहेको छ । यहाँको कृषि प्रणाली निर्वाहमुखी रहेको र खाद्यान्नको उत्पादकत्व पनि न्यून रहेको हुनाले यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो रुपमा देखिएको छ। फलस्वरूप, कुल ग्राहस्थ्य उत्पादनमा पनि कृषिको योगदान क्रमशः घट्दै गैरहेको पाइन्छ।

कृषि र पशुपंक्षी विकासमा दिगो विकासका लक्ष्य, प्रदेश र संघीय सरकारको कृषि विकासको नीति र रणनीतिअनुसार आबद्ध गरी अघि बढाउनु पर्ने आवश्यकता छ। यस गाउँपालिकाको प्रोफाईल २०७६ अनुसार साना तथा मझौला गरी हाल ६० वटा व्यवसायिक कृषि फर्म सञ्चालनमा रहेका छन्। यहाँको कृषि र पशुपालन मूलतः प्राकृतिक श्रोत (मौसम, सतह सिंचाई, वन पैदावार) मा आधारित रहेकोले यिनीहरुको दीगो उपयोग मार्फत कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गर्नु आवश्यक छ।

कृषि र पशुपंक्षी विकासमा दिगो विकासका लक्ष्य, प्रदेश र संघीय सरकारको कृषि विकासको नीति र रणनीतिअनुसार आबद्ध गरी अघि बढाउनु पर्ने आवश्यकता छ। यस गाउँपालिकाको प्रोफाईल २०७६ अनुसार साना तथा मझौला गरी हाल ६० वटा व्यवसायिक कृषि फर्म सञ्चालनमा रहेका छन्। यहाँको कृषि र पशुपालन मूलतः प्राकृतिक श्रोत (मौसम, सतह सिंचाई, वन पैदावार) मा आधारित रहेकोले यिनीहरुको दीगो उपयोग मार्फत कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गर्नु आवश्यक छ।

४.१.२ प्रमुख समस्या

- जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुको साथै उत्पादनमा ह्रास हुदै गएको र जग्गाको खण्डिकरण भैरहेको ।
- युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन भएको।
- भौगोलिक तथा हावापानीको विविधताका कारण सोही अनुसार कृषि ज्ञान कम हुनु।
- कृषि उत्पादनमा किसानले उचित मूल्य नपाउनु।
- प्रविधि विकास तथा यान्त्रीकरण र व्यवसायीकरण हुन नसकेको।
- वालीहरुमा नयाँ रोग तथा किराहरु देखा पर्दै गएको।
- मल, गुणस्तरीय वीउ, सिंचाई, कृषि सामग्री आदिको मागअनुसार सही समय, मुल्य र स्थानमा सहज तरीकाले उपलब्ध हुन नसकेको ।
- शीत अन्न भण्डारको व्यवस्था हुन नसक्नु।

- कृषि पकेट क्षेत्र कार्यक्रम, कृषि प्रसार सेवा, कृषि सुचना, कृषि वीमा, कृषि ऋण जस्ता कार्यक्रमहरु कृषकहरूको पहुँचमा पुग्न नसकेको।
- कृषि उत्पादनलाई पर्यटन तथा अन्य उद्योगसंग जोड्न नसक्दा वजारीकरणमा समस्या देखिएको छ।
- खेतीयोग्य जमिनमा कृषि सडकको अभाव, कृषि बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु आदि।

४.१.३ चुनौती र अवसर

चुनौती

- जग्गा बाँझो राख्ने प्रवृत्ति र खण्डीकरण लाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउन।
- वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्न।
- कृषि वीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी बृद्धि गर्नु र कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्न।
- सिंचाई, प्रविधि विकास तथा यान्त्रीकरण मार्फत कृषिमा व्यवसायिकरण गर्न।
- गुणस्तरीय वीउ, मलखाद, कीटनाशक तथा कृषि सामाग्रीको समयानुकूल आपूर्ति बढाउन।
- गुणस्तरीय उत्पादन सामाग्री, दाना, घाँस, औषधि लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउन।
- कृषि तथा पशुपंक्षी पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्न।

अवसर

- क्व्होलासोथरमा भौगोलिक तथा जैविक विविधताले पशुपंक्षीपालन र कृषिका लागि उपयुक्त वातावरणीय रहुनु।
- कृषि विकासको मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति–२०७२ कार्यान्वयनमा अग्रसर रहुनु।
- दुग्ध व्यवसाय, मासु, अलैची, तरकारी, केरा, चिया, कफी उत्पादन कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने नीति लिनु।
- माछा, मासु तथा दुग्धजन्य वस्तुहरुको उपभोग बृद्धि हुँदै जानु।
- विदेशबाट फर्किएका युवाहरूमा सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु।
- गाउँपालिकामा यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा, नयाँ प्रविधिहरूको उपयोगमा समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुनु।
- यस क्षेत्रमा विकास हुँदै गरेको पर्यटन, पर्यापर्यटन तथा कृषि पर्यटनले पनि कृषि क्षेत्रमा अवसरहरुको श्रृजना गर्दै जानु।

४.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा आत्मनिर्भर भई समृद्ध गाउँपालिकाको निर्माण।

लक्ष्यः कृषिको व्यावसायिकरण र गुणस्तरीय खाद्यान्न र पशुपंक्षिजन्य उत्पादन बृद्धिका माध्यमबाट यस गाउँपालिकाका जनताको खाद्य सुरक्षा सुनिश्चित गरी आत्मनिर्भर र निर्यात उन्मुख बनाउने।

उद्देश्यः

१. कृषि, पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुनु।

२. कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु।

३. कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु।

४.१.५ रणनीति र कार्यनीति

उद्देश्य १: कृषि, पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुनु।	
रणनीति	कार्यनीति
१.१ कृषक वर्गीकरण सहितको सेवाद्वारा उत्पादनशीलतामा बृद्धि गर्ने।	१.१.१ कृषक पहिचान तथा वर्गीकरण गरी अनुदान तथा अन्य सेवालाई विशिष्टीकृत तथा लक्षित गरिने। १.१.२ कृषि भूमिको उर्वराशक्ति, बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट/ब्लक क्षेत्र) र नमूना फर्म (Modal Farm) विकास गर्ने। १.१.३ पशुपन्छीको नश्ल सुधार, पौष्टिक दाना, आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एकीकृत रूपमा ज्ञान केन्द्र मार्फत प्रदान गरिने।
१.२ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य, पशुपन्छीजन्य तथा मत्स्यजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।	१.२.१ कृषकमैत्री नीति ऐन र नियमहरू तर्जुमा गरिने छ। १.२.२ लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि प्राथमिकता दिइनेछ। १.२.३ उपयुक्त र दीगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ।
१.३ कृषि क्षेत्रमा सहकारी, सरकारी तथा निजी क्षेत्रको लगानी अभिबृद्धि गरी निर्यात प्रबद्र्धन गर्ने।	१.३.१ बैंक तथा सहकारी संस्थाहरुले कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने पहल गरिने छ । १.३.२ नीजि क्षेत्रले कृषि तथा पशुपालन फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत तथा व्यवसाय करमा सहुलियत उपलब्ध गराइने छ ।

उद्देश्य २: कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु।	
रणनीति	कार्यनीति
२.१ कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गराउने।	२.१.१ कृषि उत्पादनमा आधारित उद्योग वा कुनै क्षेत्रको कृषि उपजको करार गरेर खरिद सुनिश्चित गर्ने उद्योगलाई यसले गरेको उत्पादनको आधारमा सुलभ कर्जा वा अन्य सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। २.१.२ युवाहरूलाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ। २.१.३ कृषकलाई प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ।

उद्देश्य ३: कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु।	
रणनीति	कार्यनीति
३.१ कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक, स्थानीय सरकार र पर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने।	३.१.१ कृषक, पर्यटन व्यवसायी र स्थानीय तहको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गरिने। ३.१.२ कृषक र होटल तथा पर्यटन व्यवसायीबीच करार सम्झौता गरी उत्पादन तथा बजारीकरण र कृषि उद्योगको स्थापना गर्न सहयोगको व्यवस्था मिलाईने। ३.१.३ "मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ" को संख्या तथा क्षेत्र विस्तार गरी सघन रुपमा उत्पादन बृद्धि तथा रोजगारी श्रृजना गर्न सहयोग गरिनेछ।

४.१.६ कार्यक्रमका प्राथमिकता

१. मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाँउ कार्यक्रमको विस्तार तथा सुदृढीकरण गर्ने र कृषिलाई पर्यटनसँग जोड्ने।

२. अनुसन्धान र नयाँ प्रविधिको विकास र प्रयोग गरी कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने।

३. कृषि उत्पादन पकेट क्षेत्र र नमूना फार्म विकास सम्बन्धी भैसी, भेडाबाख्रा, कुखुरा, मौरी तथा अलैंचि, आलु, कफी, केरा, तरकारी खेतीको आधुनिकीकरण गरी आत्मनिर्भर हुने।

४.१.७ विस्तृत कार्यक्रमहरु

कृषि, पशुपंक्षी तथा मत्स्य विकास												
क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/ ०७९	२०७९/ ०८०	२०८०/ ०८१		
१	१	१.१	१.१.१		कृषि तथ्यांक अध्यावधिक गर्ने, कृषक पहिचान तथा वर्गीकरण गर्ने।	प्याकेज		१			१	
२					खेतियोग्य जग्गा बांझो राख्ने प्रवृतिलाई निरुत्साहित गरी व्यवसायिक खेती गर्ने।	रोपनी	समूह	४	१५	२०	५५	
३		१.२	१.२.१		जग्गा चक्लाबन्दि एवं सुधार गरी व्यवसायिक खेती गर्ने कृषकलाई लक्षित गरी अनुदान तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्ने।	प्याकेज		३	निरन्तर	निरन्तर	९	
४		१.३	१.३.१		कृषि उत्पादन पकेट क्षेत्र र नमूना फार्म विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।	संख्या		३				
५		३.१	३.१.१		कृषि बीमालाई प्रभावकारी बनाउनको लागि वीमा कम्पनीहरु र कृषकसंग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिने।	प्याकेज		१	१	१	३	
६					गुणस्तरीय उत्पादन सामग्रीहरू वीउ, मल, र कृषि सामाग्रीको सुलभ उपलब्धता बढाईने कार्यक्रमहरु सञ्चालन गर्ने।	संख्या		१	१	१	३	
७					पशुपन्छी जन्य उत्पादनको ब्रान्डीङ्ग तथा बजारीकरणमा सहयोग कार्यक्रम सञ्चालन गर्ने।	संख्या		१	१	१	३	
८					तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा बस्तुको पहिचान गरी सघन व्यवसायिक उत्पादन केन्द्रहरुको विकास गर्ने।	संख्या		३	३	३	९	
९					तोकिएको क्षेत्रमा स्थानीय रैथाने पशुपन्छी संरक्षणका कार्यक्रमहरू संचालन गर्ने।	संख्या		१	१	१	३	
१०					कृषि पकेट,ब्लक, जोन, सुपरजोन,ठूला मोडल फार्म र मुख्यमन्त्री जलवायु मैत्री कृषि गाउँलाई सडक पूर्वाधारले जोड्ने।	प्याकेज	भुजुङ	१	१	१	३	
११					कृषि पर्यटन कार्यक्रम प्रवद्र्धनका लागि प्रागांरिक कृषि,	संख्या		३	३	३	९	

					फर्माकल्चर सहितको होमस्टे सञ्चालनमा प्रोत्साहन गर्ने।							
१२	३	३.१	३.१.२		कृषक फार्म र होटल तथा पर्यटन व्यवसायी बीच करार गर्न सहयोग गर्ने।	प्याकेज		१	१	१	३	
१३	४	४.१			पशुपंछी व्यवसायलाई नश्ल सुधार गरी उत्पादनमा बृद्धि गर्ने।	प्याकेज		३	३	३		
१४		४.२			पशुपंक्षीका लागि आवश्यक पर्ने घांस तथा पौष्टिक दानाको उत्पादनमा सहयोग गर्ने	प्याकेज		१	१	१		
१५		४.३			पशुपन्छीको लागि स्वास्थ्य उपचार सेवा मार्फत उपचारको व्यवस्था गरिने।	संख्या		१	१	१		
१६		४.४			उत्पादिन पशुजन्य पदार्थको वजारीकरणको ग्यारेण्टी गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर		
१७		४.५			पशु विमा, सहयोग, तामिम समुह समिति, पकेट ब्लक, फर्म विस्तार जस्ता कार्यक्रम सञ्चालन मा सहयेग गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर		

४.१.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	कृषिमा आधुनिकीकरण भई उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने	कृषि जन्य वस्तुको आयातमा कमि हुने			कमि			कमि भएको हुने	गापा प्रोफाइल
		कृषिमा आधारित उधोगमा बृदि	संख्या					बृद्वि भएको हुने	गापा प्रोफाइल
		कृषिमा आधारित रोजगारीमा बृदि	संख्या					बृद्वि भएको हुने	गापा प्रोफाइल
असर १	कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि भएको हुने	मुख्य खाद्यान्न बालिको उत्पादकत्व (धान, मकै, कोदो)	प्रतिशत					बृद्वि भएको हुने	कृषि तथ्यांक
		कफी, अलैंची, केरा, सुन्तलाको उत्पादकत्व	मे. टन					बृद्वि भएको हुने	कृषि तथ्यांक
		भैंसी, गाइ, भेडाबाख्रा, खरायो, कुखुरा, माछा तथा मौरीपालनको उत्पादकत्व	प्रतिशत					बृद्वि भएको हुने	कृषि तथ्यांक
		तरकारी खेती						बृद्वि भएको हुने	कृषि तथ्यांक

प्रतिफल	कृषि भूमिको चक्लाबन्दी भएको हुने	चक्लाबन्दी भएको भूमि (भूमि बैंक) को क्षेत्रफल	हेक्टर					बृद्धि भएको हुने	गापा प्रोफाइल
		कुल कृषि भूमिमध्ये बाली लगाइएको भूमि						बृद्धि भएको हुने	कृषि तथ्यांक
प्रतिफल	कृषि उत्पादन किसान लक्षित भएको हुने	कृषक वर्गीकरण र परिचयपत्रको संख्या	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
		सुलभ कृषि कर्जाको व्यवस्थाबाट लाभान्वित कृषक परिवार	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
		हाटबजार वा सुपथ मूल्य पसल	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
प्रतिफल	विशिष्टिकृत् कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक, जोन र सुपरजोन) र नमुना फार्म (Model Farm) विकास भएको हुने।	स्थापना गरिएका नमुना फार्मको संख्या	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
		पकेट स्थापना (कफी, चिया, अलैंची, केरा, सुन्तला आदि) मा सहयोग कार्यक्रम	संख्या	३ पकेट क्षेत्र				बृद्धि भएको हुने	कृषि तथ्यांक
		पालिकामा एक शीत गृह (Cold store) को व्यवस्था भएको हुने	संख्या					१	कृषि तथ्यांक
		कृर्षि सडकले जोडिएका उत्पादन क्षेत्रहरू	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
प्रतिफल	अध्ययन अनुसन्धान क्षेत्रसँग सहकार्य र समन्वय गरी उन्नत बीउविजन र प्रविधि हाँसिल भएको हुने	कृषि तथा पशु भेटेनरी विद्यालयको स्थापना भएका।	संख्या		१	१	१	३	कृषि तथ्यांक
		कृषि प्रविधिमा भएका अनुसन्धानहरू	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
		किसान तथा विद्यार्थीसँग कृषि विज्ञ कार्यक्रम सञ्चालन भएका बस्तीहरू	संख्या						कृषि तथ्यांक
		रैथाने खाद्यान्न तथा नगदे बाली उत्पादन	प्रतिशत					बृद्धि भएको हुने	कृषि तथ्यांक
		घुम्ती पशु गोठशाला निर्माण	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
		सुलभ ब्याजदर ऋण प्रवाहबाट लाभान्वित ऋणीहरूको संख्या	संख्या					बृद्धि भएको हुने	कृषि तथ्यांक
प्रतिफल	सिंचाई विस्तार भएको हुने	खेतीयोग्य जमिनमध्ये सिंचित जमिन	हेक्टर					बृद्धि भएको हुने	कृषि तथ्यांक
		नयाँ प्रविधिमा आधारित थोपा सिंचाई वा साना सिंचाई	संख्या	३ वटा				बृद्धि भएको हुने	कृषि तथ्यांक

		कार्यक्रमले समेटेको क्षेत्रफल							
असर २	कृषि उद्यमी तथा उद्योगको विकास भई आय तथा रोजगारी वृद्धि भएको हुने	कृषि तथा पशुपालन र मत्यस्यपालन संबन्धी व्यावसायिक प्रतिष्ठान	संख्या					बृद्वि भएको हुने	कृषि तथ्यांक
		नयाँ रोजगारीको अवस्था	संख्या					बृद्वि भएको हुने	कृषि तथ्यांक
		"मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ" कार्यक्रम सञ्चालन भएका गाउँ	संख्या	४ नं भुजुङ				बृद्वि भएको हुने	प्रदेश सरकार
असर ३	कृषि र पर्यटनको सहकार्यले गरिबी न्यूनीकरणमा सहयोग पुगेको हुने	कृषक र होटल, होमस्टे तथा पर्यटन व्यवसायीबीच करार सम्झौता भएका कृषि फार्म	संख्या					बृद्वि भएको हुने	गापा प्रोफाइल
		कृषक र होटल, होमस्टे तथा पर्यटन व्यवसायीबीच करार सम्झौता भएका होमस्टे तथा होटल	संख्या					बृद्वि भएको हुने	गापा प्रोफाइल
		कृषक र होटल, होमस्टे तथा पर्यटन व्यवसायीबीच करार सम्झौता भएका अन्य व्यवसायीहरू	संख्या					बृद्वि भएको हुने	गापा प्रोफाइल
असर ४	पशुपन्छीजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुने।	व्यवसायिक रुपमा खेती गरिएका क्षेत्र र पालिएका पशुको संख्यामा बृद्धि	प्रतिशत		२०	३०	५०	बृद्वि भएको हुने	गापा प्रोफाइल
		पशुहरुको उत्पादकत्व (प्रती इकाई उत्पादन)	प्रतिशत		१०	२०	३५	बृद्वि भएको हुने	गापा प्रोफाइल
		पशु व्यवसायमा सम्लग्न र उत्पादन – स्वरोजगार व्यक्तिको संख्या	प्रतिशत		१०	१५	२५	बृद्वि भएको हुने	गापा प्रोफाइल
		बैदेशिक रोजगारबाट फर्किएका या सभाव्य व्यक्तिहरुको कृषिमा संलग्नता	प्रतिशत		८	१५	२५	बृद्वि भएको हुने	गापा प्रोफाइल
		बजार÷बजारिकरण सम्बन्धी नीति÷नियम तथा संयन्त्रहरूको निर्माण तथा कार्यान्वयन	प्याकेज	१	निरन्तर	निरन्तर		बृद्वि भएको हुने	गापा प्रोफाइल
		पशुपंक्षीका लागि आवश्यक पर्ने पौष्टिक घाँस उत्पादन क्षेत्र			३	३	३	बृद्वि भएको हुने	गापा प्रोफाइल
		पशुपन्छी स्वास्थ्य उपचार केन्द्रको विस्तार।			३	३	३	बृद्वि भएको हुने	गापा प्रोफाइल
		विमित पशु तथा पंक्षीको संख्या	प्रतिशत		३०	७०	१००	बृद्वि भएको हुने	गापा प्रोफाइल

		पशु पकेट क्षेत्र	प्रतिशत		३०	७०	१००		

४.२. खाद्य सुरक्षा

४.२.१ पृष्ठभूमि:

भौगोलिक विकटता, उत्पादनशील जमीनको कमी, सिंचाइको अभाव, गरिबी, प्राकृतिक प्रकोप आदी कारणले प्रभावित हुने मध्ये अधिकांश भूमिहीन, दलित तथा न्यून आय भएका गरिब परिवार रहेका छन् । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७२ अनुसार गण्डकी प्रदेशका ६ प्रतिशत घरधुरीले चरम खाद्य असुरक्षित अवस्थाको सामना गर्नु परेको छ । त्यसैगरी नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको २०७५को प्रतिवेदन अनुसार गण्डकी प्रदेशको १८ प्रतिशत जनसंख्याले मौसमी अल्पकालीन रुपमा खाद्य असुरक्षित अवस्थाको सामना गर्नुपर्दछ । गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७७ अनुसार गण्डकी प्रदेशमा लगभग ४४ प्रतिशत घर परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन । क्व्होलासोंथर गाउँपालिका पनि भौगोलिक विकटताका कारण अधिकांश घरपरिवार निर्वाहमुखी कृषि तथा पशुपंक्षीपालनमा निर्भर भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले खाद्य सामाग्री आयत गर्नुपर्ने अवस्था छ ।

४.२.२ प्रमुख समस्याहरु

१. गाउँपालिका भित्रको अधिकांश कृषि भूमि बाझो जमिनमा परिणत हुनु,

२. कृषि क्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको बजारको उचित व्यवस्था नहुनु

३. आन्तरिक खपत र पर्यटन ब्यवसायको लागि चाहिने खाद्य वस्तु गाउँपालिका भित्रै यथोचित मात्रामा उत्पादन नहुँदा अन्य क्षेत्रबाट आयात गर्नुपर्ने अवस्था रहनु,

४. गाउँपालिकाका बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु आदि ।

४.२.३ चुनौती र अवसर

चुनौती

१. नेपाल सरकारद्वारा सञ्चालित पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बहुक्षेत्रीय पोषण कार्यक्रमको गाउँपालिकामा प्रभावकारी कार्यान्वयन गर्नु,

२. खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालबालिकाको पहिचान गर्नु,

३. खाद्यान्नको सन्तुलित उपभोग (आहारविहार) प्रति सचेतना बढाउनु ।

अवसर

१. नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हक स्थापित गर्नु, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि नीति तथा कार्यक्रमगत मार्गदर्शन गर्नु,

२. दिगो विकास लक्ष्य २, भोकमरीको अन्त्य र खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हाँसिल गर्न गाउँपालिका प्रतिबद्ध रहनु,

३. कृषि विकास रणनीति (सन् २०१५–२०३५) ले खाद्य र पोषण सुरक्षालाई महत्वपूर्ण कार्यक्रमका रुपमा राखी कार्यान्वयन गर्नु, बहुक्षेत्रिय पोषण योजना दोस्रो (२०७५/७६–२०७९/८०) कार्यान्वयनको चरणमा रहनु,

४. कृषि उत्पादन सामग्रीहरूको उपलब्धता बृद्धि हुँदै जानु र विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु।

६. माछा, मासु तथा दुग्ध जन्य वस्तुहरुको उपभोग बृद्धि हुँदै जानु।

७. प्रांगारिक कृषि प्रति बढ्दो चासो साथै विकास हुँदै गरेको पर्यटन, पर्यापर्यटन तथा कृषि पर्यटनले पनि कृषि क्षेत्रमा अवसरहरुको श्रृजना गर्दै जानु।

४.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः गाउँपालिकाको खाद्य सुरक्षा सुनिश्चित गर्ने।

लक्ष्यः गाउँपालिकाका लागि आवश्यक सुरक्षित खाद्यान्न उपलब्ध गराउने ।

उद्देश्यः

१. खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्रहरु र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु।

२. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गरी सीमान्तकृत् समुदायको खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु।

४.२.५ रणनीति र कार्यनीति

उद्देश्य १: खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्रहरु र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु।	
रणनीति	**कार्यनीति**
१.१ खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी सम्बन्धि ऐनको कार्यान्वयन गरिनेछ।	१.१.१ खाद्य तथा पोषण सुरक्षाका लागि आवश्यक तथ्य तथा सूचना प्रणालीको विकास गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐनको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। १.१.२ खाद्यवस्तुको नियमन, गुणस्तर परीक्षण जस्ता प्रकृयाहरुलाई प्रभावकारी बनाइनेछ।
१.२ खाद्य तथा पोषण असुरक्षित समूहहरूको पहिचान गरी जनचेतना अभिबृद्धि गर्ने।	१.२.१ नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई वडा तथा बस्ती स्तरमा संस्थागत गरी खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन गरिनेछ।
उद्देश्य २: कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गरी सीमान्तकृत् समुदायको खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु।	
रणनीति	**कार्यनीति**

२.१ स्थानीय सम्भाव्यता भएका खाद्य वस्तुहरूको उत्पादन बृद्धि गर्ने।	२.१.१ कृषि तथ्यांक अध्यावधिक गर्ने, कृषक पहिचान तथा वर्गीकरण गर्ने एवं कृषक परिचयपत्र वितरण कार्यक्रम र बर्गीकरणको आधारमा कृषकलाई सेवा तथा सुविधाको स्तर एकिन गरिनेछ। २.१.२ अध्याबधिक आंकडाअनुसारका कुषोषण बढी भएका घर परिवार पहिचान गरी सहयोग प्रदान गरिनेछ।
२.२ सरोकारवाला निकायसँग समन्वय गरी जोखिम न्यूनीकरणको गर्ने।	२.२.१ संघीय, प्रदेश र स्थानीय तह बीच समन्वय संरचना मा सक्रिय सहभागिता जनाई संकटको बेला आइपर्ने खाद्य सुरक्षा तथा पोषण सम्बन्धी समस्या न्यूनीकरणका जोखिम ब्यवस्थापन योजना निर्माण र कार्यान्वयन गरीनेछ। २.२.२ प्रदेश खाद्य सुरक्षा समितिमार्फत संकटको वेला आवश्यकता अनुसार खाद्यान्न उपलब्ध हुनसक्ने गरी खाद्य सुरक्षाको व्यवस्था गरिनेछ।

४.२.६ प्रमुख कार्यक्रमहरु

१. खाद्य असुरक्षित घर परिवारको पहिचान गरी रोजगारी र उत्पादन वृद्धि गर्ने।

२. संकटको वेला आवश्यकता अनुसार खाद्यान्न उपलब्ध हुनसक्ने गरी खाद्य सुरक्षाको व्यवस्था गरिनेछ।

४.२.७ विस्तृत कार्यक्रमहरु

खाद्य सुरक्षा												
क्र.म.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/ ०७९	२०७९/ ०८०	२०८०/ ०८१		
१	१	१.१	१.१.१		खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान	संख्या					सबै	
२					पोषण तथा खाद्य सुरक्षाका लागि योजना निर्माण	संख्या		१			१	
३			१.१.२		गाउँपालिकामा खाद्य सुरक्षा समिति गठन गर्ने खाद्य सुरक्षा सम्बन्धि क्षमता अभिबृद्दी गर्ने	संख्या		१			१	
४		१.२	१.२.१		खाद्यान्नको सन्तुलित उपभोग गर्ने बानीको विकास गर्न जनचेतनाका कार्यक्रम सञ्चालन।	पटक		१	१	१	३	
५	२	२.१	२.१.१		खाद्य असुरक्षित क्षेत्रमा घरधुरीहरूको आय तथा उत्पादकत्व बृद्धिका लागि उत्प्रेरक तालिम सञ्चालन।	संख्या		१	१	१	३	
६					पोषणयुक्त स्थानीय (रैथाने) बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रवद्र्धन र उपभोगमा प्रोत्साहन गर्ने	संख्या		३	३	३	९	
७			२.१.२		खाद्य असुरक्षित क्षेत्रमा उत्पादकत्व बृद्धिका लागि पोषणयुक्त बाली उत्पादन प्रवद्र्धन कार्यक्रम सञ्चालन।	संख्या		१	१	१	३	
८		२.२	२.२.१		विपद्को समयमा आवश्यक खाद्यान्नको व्यवस्थापन गर्ने	पटक		१	१	१	३	
९					प्रदेश पोषण तथा खाद्य सुरक्षा समितिसँग विपद्को वेला खाद्य सुरक्षाका लागि समन्वय गर्ने	प्याकेज		१	१	१	३	

४.२.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	गाउँपालिकाका लागि आवश्यक सुरक्षित खाद्यान्न उपलब्ध भएके हुने	जनताको सुरक्षित खाना वा आहार विहारमा परिवर्तन भई खाद्यान्नबाट लाग्ने रोगहरू कम हुने।	प्रतिशत					कम भएको हुने	गापा प्रोफाइल	
		गाउँपालिकामा खाद्य असुरक्षित घरधुरीको संख्या घटेको हुने	प्रतिशत					घटने	गापा प्रोफाइल	
		गाउँपालिकाका जनताको प्रतिव्यक्ति खाद्यान्न उपलब्धता बढेको हुने	के.जि.					बृद्धि हुने	गापा प्रोफाइल	
		आवश्यक खाद्यान्न भन्डारण गरी राख्ने व्यवस्था भई खाद्यान्नको अभाव नहुने स्थिती रहने	मे.टन					बृद्धि हुने	गापा प्रोफाइल	
असर १	खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरि पोषण केन्द्रित कार्यक्रम सञ्चालन भएको हुने	खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान हुने	संख्या					प्रगति प्रतिवेदन	गापा प्रोफाइल	
		पोषण तथा खाद्य सुरक्षा कार्यक्रमको सञ्चालन हुने	संख्या		१	१	१	३	गापा प्रोफाइल	
प्रतिफल १.१	खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐनको निर्माण र प्रभावकारी रूपमा जनचेतना भएको हुने	पोषण तथा खाद्य सुरक्षा सम्बन्धी ऐन पालना	संख्या					भएको हुने	गापा प्रोफाइल	
		खाद्य सुरक्षा तथा पोषण सम्वन्धमा जनचेतना गोष्ठी सञ्चालन भएका हुने	संख्या		१	१	१	३	गापा प्रोफाइल	
प्रतिफल १.२	खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन भएको हुने	खाद्य सुरक्षा समिति गठन भएका टोलविकास संख्या	संख्या					अधिकतम हुने	गापा प्रोफाइल	
		खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन भएको हुने						प्रगति प्रतिवेदन	गापा प्रोफाइल	
असर २	कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि	खाद्यान्न उत्पादनमा बृद्धि भएको हुने	मे.टन					कृषि तथ्यांक	कृषि तथ्यांक	

	भई खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार भएको हुने	पशुजन्य उत्पादनमा बृद्धि भएको हुने	मे.टन					कृषि तथ्यांक	कृषि तथ्यांक	
		जनतामा सन्तुलित वा पोषणयुक्त आहार र उपभोग गर्ने बानीमा सुधार हुन	प्रतिशत					प्रगति प्रतिवेदन	गापा प्रोफाइल	
प्रतिफल २.१	स्थानीय (रैथाने) बालीको उत्पादन हुने	पोषणयुक्त स्थानीय (रैथाने) बाली वस्तुहरूको उत्पादनमा अनुदान प्रदान गरिएका बालीको संख्या	संख्या					प्रगति प्रतिवेदन	कृषि तथ्यांक	
प्रतिफल २.२	षोषण कमभएका घर परिवार पहिचान भई पोषण बृद्दि भएको हुने	पोषणयुक्त बाली उत्पादन प्रवर्धन कार्यक्रमको सञ्चालन भएका बस्ती तथा टोल	संख्या					सबै	कृषि तथ्यांक	
		खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्व तयारी भई संकटको बेला खाद्य पदार्थमा गरिब तथा सीमान्तकृत् समुदायको नियमित पहुँच पुगेको संख्या।	संख्या					प्रगति प्रतिवेदन	गापा प्रोफाइल	

४.३ प्राकृतिक श्रोत व्यवस्थापन

४.३.१ पृष्टभूमि

प्राकृतिक स्रोतसाधनहरुको उचित व्यवस्था नै आर्थिक विकासको मूल आधार हो। प्राकृतिक स्रोतसाधनहरु उपलब्ध भएर मात्र आर्थिक विकास हुँदैन। ती स्रोतसाधनहरुको सदुपयोग हुनु आवश्यक छ। क्व्होलासोंथर गाउँपालिकामा प्राकृतिक स्रोत साधनहरु पर्याप्त मात्रामा रहेका छन्। जल, जमिन, जंगल र खनिज यहाँका प्रमुख प्राकृतिक सम्पदा हुन। यस गाउँपालिकाको सबैभन्दा ठूलो मिदिम खोला हो जसले गाउँपालिका भित्र करिब २७ कि.मी. लम्बाइमा बहेको छ। अन्य खोलाखोल्साहरु गरी करिब ११२ कि.मी लम्बाइमा बहेका छन् जसमध्ये गाउपालिकासँग भित्र रहेका रुदी (११.७६ कि.मी.), टागो (५.७६ किमी), रक्सी, काम खोलाहरु पनि यहाँका महत्वपूर्ण श्रोतका रुपमा रहेका छन्। यस गाउँपालिकाको कूल क्षेत्रफल मध्ये, कृषि भूमि (२०.६२ वर्ग कि.मी.) रहेको छ। वनजंगल (१३०.८९ वर्ग कि.मी.), बुट्यान (१६.८ वर्ग कि.मी.), खाली जमिन (१.७४ वर्ग कि.मी.), पानीले र हिउले ढाकेको भाग क्रमशः ०.५९ र १.४३ वर्ग कि.मी. रहेको छ जहाँ प्रचुर मात्रामा जडीबुटी तथा गैरकाष्ठ वनपैदावारहरू रहेका छन्। नेपाल सरकारको "जडीबुटी नीति २०६१" अनुसार १२ वटा जडीबुटीलाई (पाँचआंैले, कुटकी, चिराइतो, जटामसी, सुगन्धवाल, लौठसल्ला, टिमुर, सर्पगन्धा, सतावटी, सुगन्धकोकिला र गुर्जो) खेती तथा अनुसन्धानका लागि प्राथमिकता साथ सूचीकृत गरेको छ। यी साधनहरुको उचित ढंगले सदुपयोग गर्नका लागि उपयुक्त नीति, नियम र योजना निर्माण गरी कार्यान्वयन गर्न सकेको खण्डमा गाउँपालिकाको आर्थिक सम्ृद्धि सम्भव हुनेछ।

४.३.२ प्रमुख समस्याहरु

१. जलश्रोतलाई सिचाई र जलविद्युत उत्पादनमा प्राविधिक ज्ञान, प्राविधिक परामर्श र पर्याप्त लगानीको अभावमा सदुपयोग हुन नसक्नु ।

२. उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएका

३. जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको खेती, संकलन, बेचबिखन र उपयोग लगायतका कार्यहरू परम्परागत ढंगबाटै हुँदा अपेक्षित लाभ लिन नसक्नु र उत्पादन भन्दा बढी संकलन गरिनु ।

४. भू–उपयोग योजना संवन्धी स्पष्ट नीतिको अभाव हुनु।

५. भूमिको खण्डीकरण र उत्पादनमा ह्रास हुनु।

६. भू–उपयोग संवन्धी बास्तविक तथ्याङ्क उपलब्ध नहुनु।

७. खनिज संवन्धी सर्वेक्षण, उत्खनन र उपयोग हुन नसक्नु।

४.३.३ चुनौती र अबसर

चुनौती

१. जल स्रोतको बहुआयामिक उपयोग गरी सिचाँई, जलविद्युत उत्पादन र मत्स्यपालन व्यवसाय संचालन गर्न।

२. भूमि सवंन्धी नीति निर्माण गरी कार्यान्वयन गर्न।

३. भूमिको चक्लाबन्दी नीति निर्माण गर्न, कार्यन्वयन गर्न र उत्पादनमा वृद्धि गर्न।

४. जडीबुटी संकलन तथा व्यवस्थापनका लागि आवश्यक मार्गदर्शन र निर्देशिकाको निर्माण गर्ने, वन जंगलको संरक्षण गरी काष्ठ र गैह्रकाष्ठ संवन्धी व्यवसायको प्रवर्धन गर्ने।

५. खनिज साधनको उत्खनन र उपयोग संवन्धी नीति निर्माण गरी कार्यन्वयन गर्ने।

अवसर

१. जलस्रोतको बहु प्रयोग गरी सिचाँइ, जल विद्युत्, मत्स्यपालन र पौडी पोखरी निर्माण गरी सदुपयोग गर्ने।

२. भूमिको वहुआयमिक प्रयोग मार्फत प्रविधिमा आधारित कृषि, पशुपालन, मत्स्यपालन लगायतका व्यवसायहरु संचालन गरी उत्पादनमा बृद्धि गर्ने।

३. जडीबुटी तथा गैरकाष्ठ वनपैदावारमा प्रचुरता रहनु, संरक्षण, उत्पादन र प्रशोधन यथोचित तरिकाबाट गर्ने।

४. खानी तथा खनिज संवन्धी सर्वेक्षण गर्ने।

४.३.४ दीर्घकालिन सोच, लक्ष र उदेश्य

सोचः प्राकृतिक श्रोतको व्यवस्थापन गरी आर्थिक समृध्दी हासिल गर्ने।

लक्ष्यः प्राकृतिक श्रोतको प्रयोग मार्फत जनताको जीवनस्तर माथि उठाउन।

उद्देश्यः १. प्राकृतिक श्रोतको उपयोग संवन्धी नीति निर्माण गरी संरक्षण र उपयोगमा जोड दिने।

२. प्राकृतिक श्रोतको संरक्षण र उपयोगमा जोड दिने।

४.३.५ रणनीति र कार्यनीति

उद्देश्य १: प्राकृतिक श्रोतको उपयोग संवन्धी नीति निर्माण गरी संरक्षण र उपयोगमा जोड दिने।	
रणनीति	कार्यनीति
१.१ प्राकृतिक श्रोतको उपयोग संवन्धी नीति निर्माण गर्ने।	१.१.१ संघ र प्रदेश सरकारको समन्वयमा भूमि, जलश्रोत, जडिबुटि तथा वन पैदावर र खनिज सम्पदा संवन्धी नीति तयार गर्ने। १.१.२ भूमिको चक्लाबन्दीको सभाव्यता अध्ययन गरी मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाँउ कार्यक्रमलाई कार्यान्वयन गर्ने। १.१.३ खानी तथा खनिज जन्य वस्तु अन्वेषण तथा उत्खनन सम्बन्धी कानून निर्माण गर्ने।

उद्देश्य २: प्राकृतिक श्रोतको संरक्षण र उपयोगमा जोड दिने।	
रणनीति	कार्यनीति
२.१ प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्धन	२.१.१ भूमिको बहुप्रयोग मार्फत आय आर्जन गर्ने।

गरी रोजगारी सिर्जना गर्ने।	२.१.२ काष्ठ र गैह्र काष्ठ वन पैदावरहरु र जडिबुटिको संरक्षण र उत्पादन गरी निर्माण र प्रशोधन केन्द्रहरु स्थापनामा जोड दिने २.१.३ ढुङ्गा, गिटी र वालुवा दीगो उपयोगको प्रवर्धन गरी आय आर्जन गर्ने २.१.४ प्राकृतिक संम्पदाको संरक्षण मार्फत पर्यटन व्यवसाय प्रवर्धन गर्ने। २.१.५ जलश्रोतको बहुप्रयोग गरी बहुउद्देश्यीय आयोजना संचालन गर्ने। २.१.६ सूचना तथा प्रविधि मार्फत प्राकृतिक सम्पदाको ेप्रचार प्रसार गर्ने।

४.३.६ कार्यक्रमको प्राथमिकता

१. प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण लाई जनताको आय आर्जनसँग आवद्ध गर्ने।

२. वन तथा वन्यजन्तु संरक्षमा दिगो व्यवस्थापन गर्ने।

४.३.७ विस्तृत कार्यक्रमहरु

प्राकृतिक श्रोत व्यवस्थापन												
क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधि को जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८ /०७९	२०७९ / ०८०	२०८० / ०८१		
१	१	१.१	१.१.१		भूमि, जलश्रोत, वन तथा खनिज संम्पदा संवन्धी नीति निर्माण	संख्या		१			१	
२			१.१.२		वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग गरी दिगो व्यवस्थापन आयोजना कार्यक्रम	संख्या		१		१	२	
३	२	२.१	२.१.१		भूमिको चक्लाबन्दी आयोजना	संख्या	१	२	२	३	८	
					चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र र कृषि फार्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गर्ने।	संख्या		३	२	३	८	
४			२.१.२		ढुङ्गा, गिटी र वालुवा उत्खननलाई दिगो व्यवस्थापन गर्ने।	संख्या						
५			२.१.३		काष्ठ र गैह्र काष्ठ वन पैदावरहरु र जडिबुटि निर्माण र प्रशोधन केन्द्रहरु स्थापनामा	संख्या		१	१	१	३	
६			२.१.४		प्राकृतिक संम्पदाको संरक्षण मार्फत पर्यटन व्यवसाय प्रवर्धन गर्ने।	संख्या		१			१	
७			२.१.५		निजी क्षेत्रको लगानी आकर्षण गरी जलविद्युत्को उत्पादन वृद्धि	संख्या	२		१	१	४	
			२.१.६		सूचना तथा प्रविधि मार्फत प्राकृतिक सम्पदाको प्रचार प्रसार	पटक		१			१	

४.३.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	प्राकृतिक श्रोत व्यवस्थापनको दिगो व्यवस्थापनले सामाजिक–आर्थिक विकासमा टेवा पुगेको हुने	प्राकृतिक स्रोत व्यवस्थापनबाट गाउँपालिकाको कुल ग्राहस्थ्य उत्पादनमा वृद्वि	प्रतिशत					बृद्वि भएको हुने	
असर १	प्राकृतिक सम्पदाका उपयोगका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण भएको हुने	भूमि, जलश्रोत, वन तथा खनिज संम्पदा सम्बन्धि नीति निर्माण	संख्या		१			१	
प्रतिफल १.१	भूमि, जलश्रोत, वन तथा खनिज संम्पदा संवन्धी नीति निर्माण भएको हुने	प्राकृतिक श्रा◌ेत उपयोगका लागि स्थापित उद्योगहरू	संख्या					बृद्वि भएको हुने	
प्रतिफल १.२	वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग कार्यक्रम गरी दिगो व्यवस्थापन आयोजना संचालन भएको हुने	वन क्षेत्रको जग्गा लिजमा संचालन भएका उद्योगहरू	संख्या					बृद्वि भएको हुने	
प्रतिफल १.३	भूमिको चक्लाबन्दी आयोजना	भूमिको चक्लाबन्दी आयोजना	संख्या					बृद्वि भएको हुने	
प्रतिफल १.४	चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र र कृषि फार्ममा आवश्यकताको आधारमा सिंचाई आयोजना निर्माण भएको हुने	चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र र कृषि फार्ममा सिंचाईको व्यवस्था	संख्या					बृद्वि भएको हुने	
प्रतिफल १.५	ढुङ्गा, गिटी र वालुवा उत्खनन भएको हुने	ढुङ्गा, गिटी र वालुवा उत्खनन उद्योगहरूको संख्या।	संख्या					बृद्वि भएको हुने	
असर २	प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्धन गरी रोजगारी	प्राकृतिक श्रा◌ेतमा आधारित रोजगारी को	संख्या					अधिकतम	

	सिर्जना भएको हुनेछ	अवस्था						बृद्वि	
प्रतिफल २.१	निजी क्षेत्रको लगानी आकर्षण गरी जलविद्युत्को उत्पादन वृद्धि भएको हुने	विद्युत उत्पादन	मे.वाट					अधिकतम बृद्वि	
प्रतिफल २.२	सूचना तथा प्रविधि मार्फत प्राकृतिक सम्पदाको प्रचार प्रसार गरिएको हुने	प्राकृतिक सम्पदाको प्रचार प्रसार	प्याकेज						

४.४ पर्यटन

४.४.१ पृष्ठभूमि

क्व्होलासोथार गाउपालिका गण्डकी प्रदेशको ग्रामिण पर्यटनको एक मुख्य गन्तब्य हो।पर्यटकीय हिसाबले यस पालिकामा ११ वटा प्राकृतिक गन्तब्य र १३ वटा मानव निर्मित गन्तब्य गरि कुल २४ वटा गन्तव्यहरु रहेका छन्। वडा नं १ वाग्लुंगपानीमा रहेको सुलेकुट भ्यु पोइन्ट हिमालहरुको मनोरम दृश्य अवलोकन गर्नको लागि चर्चित गन्तब्य हो। वडा नं ३ घलेगाउमा रहेको गुरुङ संग्रहालयमा जन्मेदेखि मृत्यु सम्म गुरुङ समुदायले प्रयोग गर्ने सामग्री तथा संस्कृतिक वस्तुहरु अवलोकन गर्न सकिन्छ। घलेगाउ चिया वगान तथा घलेगाउ गोर्खा पार्कवाट हिमालहरुको अवलोकन गर्न सकिन्छ। त्यस्तै, घलेगाउमा नै रहेको घले पार्कमा १६ शताब्दीका घले राजाको शालिक रहेको छ। वडा नं ४ भुजुङमा कम्यु, घिम्चे र खैडी गरि ३ वटा प्रमुख झरनाहरु र १ गुरुङ ठाटि गरि ४ वटा पर्यटकीय गन्तब्यहरु रहेका छन्। वडा नं ५ सिङ्गदीमा मानि भिर र तिजु भिर गरि दुइ गन्तब्य रहेका छन्। वडा नं ६ पसगाउमा गुरुङ जातिले पुजा गर्ने स्थल (घ्यादो यु) पनि स्थानिय पर्यटक माझ प्रख्यात गन्तब्य हो। वडा नं ७ भोजेमा रहेको मिल्दु कोडा र मोने देवी, र कुम्लुंगमा रहेको भायर थान पनि स्थानिय हिसाबले महत्वपुर्ण पर्यटकीय गन्तब्यहरु हुन्। वडा नं ८ घाम्रंगमा रहेको रोदिपोरी पार्क, तामुमा रहेका सिल्धो मन्दिर र पूर्ण गिरि मन्दिर पनि स्थानिय पर्यटकीय गन्तब्यहरु हुन्। त्यस्तै वडा नं ९ गिलुंगमा रहेको फ्रुको डाँडा, देवी मन्दिर, गुम्बा घर, थाल्जु मन्दिर, साल्मे भन्ज्याङ-टक्सारमा रहेको शिव मन्दिर आदि स्थानिय पर्यटकीय गन्तब्यहरु हुन्।

क्व्होलासोथार गाउपालिका नेपालकै पहिलो दर्तावाला होमस्टे-घलेगाउ होमस्टे रहेको पालिका हो जुन विश्व प्रख्यात छ। घलेगाउका होमस्टे संचालन गर्ने ३५ घरले कुल २०० व्यक्तिहरुलाई पर्यटकीय सेवा प्रवाह गरि रहेका छन्। वार्षिक रुपमा २० हजार भन्दा बढी पर्यटकहरु घलेगाउका होमस्टेहरुमा पुग्ने गरेका छन्। होमस्टे मार्फत १०० व्यक्ति स्वोरोजगार भएका छन् भने होमस्टेले वार्षिक २ करोड भन्दा बढीको कारोवार गर्ने गरेको छ। घलेगाउका होमस्टेवाट प्रभावित हुदै भुजुंगमा २५, सिङदीमा १३, घामुंगमा १२, गिलुंगमा ११, पसगाउमा ९ र रापसिङमा १ घरले होमस्टे संचालन गरेका छन् र होमस्टे संचालन प्रति स्थानिय थप आकर्षित हुदै गईरहेको देखिन्छ।

गाउपालिकाका विभिन्न गाउहरुमा तमु ल्होसार, बैशाख पुर्णिमा, पटुपटु, विजयादशमी, र दिपावली लगायतका संस्कृति तथा चाडपर्वसँग सम्वन्धित कार्यक्रमहरुमा अन्तरिक पर्यटकको विशेष घुइचो लाग्ने गर्दछ। पालिकामा ३ वटा मुख्य पदमार्गहरु पहिचान भई विकास हुने क्रममा छन्।जस्तै, गुरुङ सम्पदा पदमार्ग (बेसीशहर-बाग्लुङ्गपानी-घलेगाउँ-घनपोखरी-भूजुङु-पसगाउँ-कास्की वेगनासताल) को यात्रा अवधि ३ दिनको रहेको छ।ग्रामिण पर्यटन प्रकृति पदमार्ग (बेसीशहर-गाउशहर-बख्रेजगत-वागलुंङपानी-घलेगाउँ-घनपोखरी-घोप्टे-प्रो.वि-जिम्दु-हर्सिडाँडा-सिउरुङ्ग-कालाघिरिङ्ग-सिलढुंगा-छापा भिप्रा-स्यांगे झराना) को यात्रा अवधि ६ दिनको रहेको छ। त्यस्तैगरि, हिमाली पदमार्ग (बेसीशहर-घलेगाउँ-घनपोखरा-भजुङु-पसगाउँ-लसङदी-नानीधार-थुर्जुलेक-दुधपोखरी-सिक्लेस कास्की) को यात्रा अवधि ६ दिनको रहेको छ। यहाका पदमार्गहरुमा यात्रा गर्दा स्थानिय संस्कृतिहरुको वारेमा बुझ्न तथा सिक्न र प्राकृतिक दृश्य अवलोकन एकै साथ गर्न सकिने हुदा खस गरि आन्तरिक पर्यटकहरुको आगमनमा वृद्धि हुदै गएको पाइन्छ।

समग्रमा, ग्रामिण पर्यटन विकासको हिसाबले गण्डकी प्रदेशकै मुख्य गन्तब्यमा पर्ने यस पालिकाको पर्यटन क्षेत्रले आयआर्जन र रोजगार सिर्जना गर्न तथा समग्रमा पालिकाको आर्थिक विकासमा उल्लेखनीय भूमिका खेल्दै आइरहेको छ।स्थानिय पर्यटकीय गन्तब्य तथा होम स्टेहरुले पालिकालाई राष्ट्रिय तथा अन्तरास्ट्रिय वजारमा चिनाउनमा पनि महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।यद्यपी, मुलुक संघियतामा गई सकेपछिको प्रशाशनिक संरचनाको विशिष्टता र नागरिकको आवश्यकतालाई मध्यनजर गर्दै पर्यटन विकासका सम्भावनाहरु खोज गर्ने र योजनावद्ध तथा दिगो विकास गर्ने दिशामा अगाडी वढ्नुपर्ने आवश्यकता रहेको छ।

४.४.२. प्रमुख समस्या, चुनौती र अवसर

प्रमुख समस्या

पर्यटन क्षेत्रको विकासको लागि पालिकागत संरचना नहुनु; पर्यटकीय उपज र वस्तुहरुको खोज गरि पर्यटन प्याकेज विकास गर्ने, गन्तव्यहरू विच संजालिकरण गर्ने र गन्तव्यहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय वजारमा प्रवर्दन गर्ने कार्य व्यवस्थित हुन नसक्नु; पहिचान गरिएका पर्यटकीय गन्तव्यहरूको विकास तथा प्रवर्दनको मोडल तय गर्न नसक्नु; होम स्टेहरुमा स्थानिय उत्पादन भन्दा शहर बजारवाट आयातित सामान खुवाउने परिपाटी कायम रहनु; ग्रामिण भेकमा काम गर्न सक्ने युवा वर्ग कम हुदा होम स्टे संचालन र व्यवस्थापनमा

कठिनाई हुनु; सडक सञ्जालको विस्तारसँगै पदमार्गहरु विनास हुदै जानु तथा पदयात्रा अवधि छोटिनु; पर्यटकीय होम स्टे तथा होटलहरुको मापदण्ड विकास गरि कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्न नसक्नु आदि यस क्षेत्रका मुख्य समस्याहरु हुन्।

चुनौती

पालिकगत संस्थागत संरचना विकास गर्नु; स्थानिय पर्यटन गुरुयोजना निर्माण गरि यस योजनावद्ध विकास गर्ने दिशामा अगाडी बढ्नु; पालिका अन्तर्गतका संस्कृति, गाउ, लेक र नदि तथा झरनाहरुलाई मध्यनजर गरि पर्यटकीय प्याकेज निर्माण गर्नु र राष्ट्रिय तथा अन्तरास्ट्रिय रुपमा बजारीकरण गर्नु, पर्यटकका लागि आवश्यक पर्ने स्थानीय वस्तुको उत्पादन स्थानिय स्तरमा गर्नु; स्थानिय कृषक र होटल तथा होम स्टेहरुको संजालिकरण गरि स्थानिय उत्पादन खपत वृद्धि गर्नु; पालिका भ्रमण गर्ने पर्यटकहरुको अभिलेख राख्नु; मुख्य पर्यटकीय गन्तव्यहरुमा सूचना तथा सञ्चारको भरपर्दो व्यवस्था गर्नु; पर्यटक कृयाकलापमा विविधीकरण गरी पर्यटकको दैनिक खर्च बढाउनु; पर्यटकीय गन्तव्य तथा पदमार्गहरुमा सुरक्षाको ग्यारेन्टी गर्नु; पर्यटन पूर्वाधार विकासमा लगानी वढाउनु; पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिनु; पर्यटकीय वस्तु तथा उपजहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डडिंग गर्नु; स्थानिय संस्कृति तथा मौलिकतालाई प्रवर्द्धन गर्दै पर्यटन विकास गर्नु; पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, र समग्रमा, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्दै होम स्टे र पर्यटकीय गन्तव्य विकास गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउनु; पालिकामा स्थाई ठेगाना भई अस्थाई रुपमा पोखरा लगायतका मुख्य शहर र युके, अमेरिका र हंगकंङ लगायतका देशमा वसोवास गर्दै आइरहेका नागरिकहरु मुख्य चाड पर्व तथा होलिडेको लागि आउने चलन कायम हनु; देश तथा देश वाहिर प्रसिद्ध र स्थापित भइसकेका घलेगाउ जस्ता पर्यटकीय गन्तब्यहरु पालिका भित्र रहनु; पालिका भित्रका प्रकृति र संस्कृति देश विदेशका नागरिकको रोजाईमा पर्नु; पर्यटकीय गन्तव्य विकासमा स्थानिय जनसहभागिता तथा लगानीमा साझेदारी कायम रहनु; २०२१ को जुलाइसम्ममा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आइसके पछि पर्यटन आगमनमा उल्लेख वृद्धि हुने सम्भावना रहनु; प्रदेशको राजधानी तथा पर्यटनको केन्द्र पोखरा र स्थानिय तहको केन्द्र जोड्ने सडक तथा वेशीशहर देखि गाउपालिका केन्द्र जोड्ने सडकको कालो पत्रे गर्ने कार्य द्रुत गतिमा अगाडी बढ्नु; देश भ्रमण गर्ने, होलिडेमा जाने र उल्लेख्य रुपमा पैसा खर्च गर्ने नेपाली नागरिकको संख्या बढ्दै जानु; पर्यटन पूर्वाधार विकासमा तीनै तहका सरकारको जोड रहनु तथा प्रदेश सरकार र नेपाल सरकारले स्थानिय तहसँग साझेदारीमा संचालनमा गर्नु; निजी क्षेत्र र समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरु हुन्।

४.४.३.दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

आर्थिक वृद्धि र समृद्धि प्राप्तिको आधार, पर्यटन विकास

लक्ष्य

प्रकृति र संस्कृतिको समायोजन गरि पर्यटन क्षेत्रको दिगो विकास गर्ने।

उद्देश्य

१. स्थानिय पर्यटकीय गन्तब्य, वस्तु तथा उपजहरुको दिगो विकास र प्रवर्द्धन गर्नु।

२. पर्यटन क्षेत्रलाई अन्य क्षेत्रसँग आवद्ध गरि आय तथा रोजगार वृद्धि गर्नु।

४.४.४. रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति

उद्देश्य १. पर्यटकीय गन्तब्य, वस्तु तथा उपजहरुको दिगो विकास र प्रवर्द्धन गर्नु।	
१.१ पर्यटन विकासको लागि संस्थागत संरचना विकास गर्ने।	१.१.1 पर्यटन विकासको लागि आवश्यक पर्ने नीतिगत र कानुनि व्यवस्था गर्ने।
१.२ पर्यटन क्षेत्रको योजनावद्ध विकास र प्रवर्द्धन गर्ने।	१.२.१ पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण पर्यटकीय गन्तब्य, वस्तु तथा उपजहरुको पहिचान र प्राथमिकीकरण गर्ने। १.२.३ पर्यटकीय गन्तव्यहरूको जोनिङ र संजालिकरण गरि पर्यटकीय प्याकेजहरु विकास गर्ने। १.२.२ स्थानिय पहिचान तथा मौलिकता कायम हुने गरि पर्यटकीय गन्तब्य तथा होमस्टेहरुको विकास र प्रवर्द्धन गर्ने। १.२.४ गाउपालिकाका पर्यटकीय प्याकेजहरुको रास्ट्रिय तथा अन्तरास्ट्रिय रुपमा ब्रान्डिङ तथा बजारीकरण गर्ने। १.२.५ पर्यटन गतिविधिका कारण पर्यटकीय गन्तब्यहरुमा परेको नकारात्मक वातावरणीय प्रभाव व्यवस्थापन गर्ने। १.२.६ पर्यटन गतिविधिका लागि आवश्यक पर्ने सार्वजनिक महत्वका चेक-पोस्ट, विश्राम-स्थल, शौचालय आदिको निर्माण र व्यवस्थापन गर्ने । 1.2.7 स्थानिय पहिचान तथा धार्मिक महत्वका विभिन्न गन्तव्य, कला तथा संस्कृतिहरुको संरक्षण र प्रवर्धन गर्ने ।
उद्देश्य २. पर्यटन क्षेत्रलाई अन्य क्षेत्रसँग आवद्ध गरि आय तथा रोजगार वृद्धि गर्नु।	
2.1 आन्तरिक तथा अन्तरास्ट्रिय पर्यटकहरुको आगमन, वसाई तथा खर्च वृद्धि गर्ने उपायहरु खोज गरि अवलम्वन गर्ने।	2.1.1 पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति तयार गर्ने। 2.1.2 होमस्टेमा आवश्यक पर्ने खाद्यान्न तथा तरकारीहरुको उत्पादन गर्न होम स्टेहरुलाई प्रोत्साहन गर्ने। 2.1.3 स्थानिय कृषक र पर्यटकीय होटल तथा होमस्टेहरुको संजालिकरण गरि स्थानिय उत्पादनको खपद वृद्धि गर्ने। 2.1.4 होमस्टे संचालकहरुको क्षमता तथा दक्षता वृद्धि गर्ने। 2.1.5 होमस्टे संचालन र व्यवस्थापनको लागि आवश्यक तालिम प्रदान गर्न प्रादेशिक स्तरको होम स्टे तालिम केन्द्र स्थापना र संचालन गर्ने। 2.1.6 विद्यालय, विश्वविद्यालय तथा अन्य निकायसंग समझदारी गरि अध्ययन तथा अवलोकन भ्रमण प्रवर्द्धन गर्ने। 2.1.7 पालिकाको विशिष्टता झल्किने पर्यटकीय कोशेलीहरु उत्पादन गरि विक्रि गर्ने।

४.४.५. प्राथमिकता कार्यक्रम

१. पर्यटकीय गन्तव्यहरुमा पर्यटन पूर्वाधार विकास गर्ने।
२. सामुदायिक होमस्टेहरुलाई अर्गानिक कृषि पर्यटन गाउँको रुपमा विकास गर्ने।
३. पर्यटन प्याकेजहरुको रास्ट्रिय तथा अन्तरास्ट्रिय ब्रान्डिङ तथा बजारीकरण गर्न

४.४.६. विस्तृत कार्यक्रम

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/ ०८०	२०८०/ ०८१		
1	1	1.1	1.1.1	क	साइकल मार्ग (Cycle Trail) निर्माण (गिलुङ - घामराङ - पसगाउँ - भुजुङ - घलेगाउँ - बाग्लुङपानी - बेशिसहर)	कि.मी.	०		१०	१०	२०	
2	1	1.1	1.1.1	ख	बृहत पदमार्ग निर्माण (घामराङ- क्वैच्होकोट सम्म, झिमु - पूको डाँडा , कइचा-गुम्बा टेकिङ रुट, पसगाउँ-क्व्होलासोथार)	कि.मी.	४२		१०	२७	७९	
3	1	1.1	1.1.1	ग	पर्यटकीय पदमार्ग सम्भाव्यता अध्ययन (घामराङ, भुजुङ, पसगाउँ)	सम्झौता				१	१	
4	1	1.1	1.1.1	घ	होमस्टे पूर्वधार निर्माण योजना (सिङदी)	सम्झौता			१		१	
5	1	1.1	1.1.1	ङ	पर्यटक पदमार्ग निर्माण (सिङ्दी-कापुडाँडा, वन्हे तप्राङ क्व्होलासोथार)	कि.मी.			१०	१२	२२	
6	1	1.1	1.1.1	च	घलेगाउँ-बगुम - मिदिम खोला - घामराङ्ग -क्वथ्हो दरवार पदमार्ग - ५ को कुमलुङ वेँसी - पसगाउँ - सिङ्दी - तापराङ - क्वोहोलासोथार - भुजुङ - घलेगाउँ पदमार्ग	सम्झौता				१	१	
7	1	1.2	1.2.1	क	भ्यू टावर निर्माण (घामराङ, भुजुङ्ग, सलिकोट-बाग्लुङपानी, मालिङ, गिलुङ)	संख्या		२	१	२	५	
8	1	1.2	1.2.1	ख	प्याराग्लाइडिङ्ग सम्भाव्यता अध्ययन (घलेगाउँ, मालिङ)	सम्झौता			१		१	
9	1	1.2	1.2.1	ग	सार्वजनिक शौचालय निर्माण (बागलुङपानी)	सम्झौता				१	१	
10	1	1.2	1.2.1	घ	पालिका र वार्डस्तरीय महत्वपूर्ण पर्यटकिय गन्तव्य तथा पदमार्ग, चेकपोष्ट आदि झल्किने डिजिटल नक्सा प्रकाशन	प्याकेज				१	१	
11	1	1.2	1.2.1	ङ	पालिकामा रहेको सबै होमस्टे, पदमार्ग, सुरक्षा नीति तथा अन्य संस्कृति तथा कला सम्बन्धी जानकारी समावेश गरिएको अनलाइन पर्यटन पोर्टलको सञ्चालन	प्याकेज				१	१	
12	1	1.2	1.2.2	क	पुराना कलात्मक घरहरुको संरक्षण (घामराङ)	सम्झौता			१		१	

13	1	1.2	1.2.3	क	Honey Hunting Trail (सिङदी-पसगाउँ-भोजे-घामराङ-भुजुङ-घलेगाउँ)	कि.मी.	२	५	५	३	१५	
14	1	1.2	1.2.3	ख	पार्क निर्माण (वृहत घलेगाउँ, सुलिकोट, गिलुङ्गकोट)	सम्झौता			१		१	
15	1	1.2	1.2.6	क	विश्राम स्थल (चौतारी, बस-स्टप, पाटी) निर्माण	संख्या				१	१	
16	1	1.2	1.2.6	ख	होर्डिङ्ग/सुचना बोर्ड (मालिङ)	संख्या			१		१	
17	1	1.2	1.2.6	ग	चिडियाखाना (भुजुङ्ग, घलेगाउँ) सम्भाव्यता अध्ययन	प्याकेज			१		१	
18	1	1.2	1.2.6		होमस्टे सञ्चालनमा रहेको गाउँहरुमा सोलारमा आधारित सडक बत्ती	संख्या	२०		१०	१०	४०	
19	1	1.2	1.2.7	क	क्वेथ्हो-हिल्दु -दरबार संरक्षण (घामराङ)	सम्झौता			१		१	
20	2	2.1	2.1.1	क	सामुदायिक सुचना केन्द्रको स्थापना (भुजुङ, घलेगाउँ)	संख्या			१	१	२	
21	2	2.1	2.1.1	ख	पर्यटक सुचना केन्द्र(गिलुङ्ग, बाग्लुङ्गपानी)				१	१	२	
22	2	2.1	2.1.2	क	अर्गानिक स्थानीय उत्पादनको खानाको लागि घामराङ्गमा होमस्टे	सम्झौता		१			१	
23	2	2.1	2.1.2	ख	एक गाउँ एक अवधाराणा सहितको होमस्टे संचालन(गिलुङ्गमा छोडुवा भैँसी, घामराङ्गमा कृषि पर्यटन, घलेगाउँमा पर्यटक हब, भुजुङमा गुरुङ्ग सम्प्रदायको सास्कृतिक क्रियाकलाप, सिङ्दीमा हस्तकला, प्राकृतिक सौन्दर्यमा पसगाउँ, भोजेमा फुड फरेष्ट, बाग्लुङ्पानीमा पर्यटकीय गार्मेन्ट उद्योग, मालिङमा बाख्रा पर्यटन)	सम्झौता		१			१	
24	2	2.1	2.1.5	क	होमस्टे स्थापना, संचालन तथा व्यवस्थापन (भोजगाउँ, घलेगाउँ, टकसार-गिलुङ, सिङ्दी)	सम्झौता		१			१	
25	2	2.1	2.1.7	क	कृषि पर्यटनसम्बन्धी तालिम (घलेगाउँ)	सम्झौता		१			१	

४.४.७. नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि भई प्रदेशको सुदृढ अर्थतन्त्र निर्माणमा योगदान पुगेको हुने	आन्तरिक पर्यटक आगमन	संख्या						
		बाह्य पर्यटक आगमन	संख्या						
		होटेल तथा होमस्टे क्षेत्रको राष्ट्रिय कुल उत्पादनमा स्थानिय निकायको हिस्सा	प्रतिशत						
		स्थानिय निकायको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत						
		पर्यटन क्षेत्रले सिर्जना गरेको रोजगार	संख्या						
असर १	स्थानीय अर्थतन्त्रमा पर्यटनको सम्बन्ध सुदृढ भएको हुने	होटेल तथा होमस्टेमा खपत हुने खाद्यान्न तथा तरकारीमा स्थानियको उत्पादनको हिस्सा	प्रतिशत						
		कृषकसँग करार सम्झौता गरी खाद्यान्न तथा तरकारी आपूर्ति गर्ने होटल	संख्या						
प्रतिफल	पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सघन सहकार्य गर्न स्थानीय सरकारद्वारा सहजीकरण भएको हुने	स्थानीय उत्पादन सञ्जालीकरण एप्स"को निर्माण र सञ्चालन	संख्या						
असर २	पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन भएको हुने	पर्यटकीय गन्तव्य	संख्या						
		पदमार्गको लम्बाई	कि.मी.						
		होमस्टे	संख्या						
		होटल	संख्या						
		रेष्टुरेण्ट	संख्या						
		टुर्स तथा ट्राभल कम्पनी	संख्या						
प्रतिफल	प्रादेशिक पर्यटन नीतिसँग	स्थानीय पर्यटन नीति	संख्या						

	मामनजस्यता हुने गरि पर्यटन मैत्री नीति नियमको निर्माण र कार्यान्वयन प्रभावकारी भएको हुने								
		क्व्होलासोथार पर्यटन गुरुयोजना	संख्या						
प्रतिफल	पर्यटनको विकास र प्रवर्द्धनका लागि संस्थागत संरचनाको विकास भएको हुने	वडास्तरीय पर्यटन कार्यालयको स्थापना	संख्या						
	पर्यटन क्षेत्रका नयाँ लगानीकर्तालाई केही वर्ष स्थानीय रजिष्ट्रेशन र नविकरणमा छुट भएको हुने	नयाँ पर्यटन व्यवसायीहरुको रजिष्ट्रेशन संख्या	संख्या						
प्रतिफल	स्थापित स्थानीय गौरवका पर्यटकीय गन्तव्यहरुमा राष्ट्रिय स्तरका ठूला पर्यटन पूर्वाधारको विकास भएको हुने	घलेगाउँलाई ट्राभल हव बनाई अन्य वडा, जिल्ला र गन्तव्यस्थलहरुसम्म त्यहाँ आएका आन्तरिक र बाह्य पर्टकहरुलाई अवलोकन भ्रमणमा जानेको संख्या	संख्या						
प्रतिफल		बहुपक्षीय प्रादेशिक, स्थानीय तथा नीजि लगानीमा क्व्होलासोथार पदमार्ग, घलेगाउँ सिक्लेस पदमार्ग, घामराङ कृषि-जडिबुटी रिसर्च सेन्टर, पार्क, रिसोर्ट र मनोरञ्जनात्मक खेलकुद पार्कआदिको निर्माण	संख्या						
प्रतिफल	पूर्वाधारहरुको निर्माणमा स्थानीय संस्कृति र मौलिकताको प्रवर्द्धन भएको हुने	गुरुङ समुदाय पर्यटन पूर्वाधार निर्माण नीति	संख्या						
प्रतिफल	स्थानीय अर्थतन्त्रको महत्वका पर्यटन पदमार्गहरुमा सुचना, सुरक्षा र आपतकालिन उद्धारका	पर्यटन सूचना केन्द्र	संख्या						
प्रतिफल		पर्यटक तथ्याङ्क संकलन र व्यवस्थापन	संख्या						
प्रतिफल		पर्यटक आपतकालिन उद्धार केन्द्र	संख्या						

प्रतिफल	लागि आवश्यक पूर्वाधारहरुको निर्माण भएको हुने	पर्यटक प्रहरी चौकी	संख्या						
प्रतिफल	आकर्षक पर्यटक गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरु बाह्रै महिना सञ्चालनमा आएको हुने	स्थानीय मुख्य पर्यटन सडकको पहिचान र गुणस्तर वृद्धि	संख्या						
प्रतिफल	पर्यटकीय गन्तव्य तथा वस्तुहरुको विज्ञापनको लागि वेबसाइट, प्रचारप्रसार सामाग्री तथा सामाजिक सञ्जालको प्रयोग व्यापक रुपमा बढेको हुने	वेब पोर्टल, राष्ट्रिय तथा अन्तराष्ट्रिय टिभी च्यानल मार्फत प्रचार प्रसार	संख्या						
प्रतिफल	पर्यटकहरुलाई बेच्ने कोसेलीहरु उत्पादन गर्न निजी क्षेत्र प्रोत्साहित भएको हुने	पर्यटक कोसेली घरको स्थापना र अनलाईन/भौतिक अवस्थामा सञ्चालन	संख्या						
असर ३	पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि भएको हुने	घरबास/होमस्टे कार्यक्रमले सिर्जना गरेको रोजगारी	संख्या						
		स्थानीय होटलहरुले सिर्जनाग गरेको रोजगार	संख्या						
		ट्राभल एजेन्सीहरुले सिर्जना गरेको उपलब्ध रोजगार	संख्या						
		ट्राभल एजेन्सीहरुले सिर्जना गरेको उपलब्ध रोजगारी	दिन						
प्रतिफल	पर्यटकको बसाई लम्ब्याउने र आय बढाउने पर्यटन सञ्जालहरुको विकास र प्रवर्द्धन भएको हुने	कम्तिमा ४ दिनको भ्रमण प्याकेज सहितका पर्यटकीय गन्तव्य	संख्या						
प्रतिफल	ठूलो संख्यामा गुणस्तरीय पर्यटक आकर्षण गर्न प्रदेश सरकार, नेपाल सरकार तथा	प्रतिदिन ४५ डलर भन्दा बढी खर्च गर्ने पर्यटक	संख्या						

	विभिन्न देशका सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य भएको हुने								
प्रतिफल	पदयात्रामा जाने पर्यटकको सुरक्षाको लागि पर्यटक उद्धार टिम गठन भई क्रियाशील बनेको हुने	आपतकालीन पर्यटक उद्धार टीम	संख्या						
प्रतिफल	एक वडा एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार पर्यटन विकेन्द्रिकृत भएको हुने	पर्यटकीय प्याकेज विकास भएको स्थानीय वडा	संख्या						
प्रतिफल	विभिन्न धार्मिक गन्तव्यहरुको बृहत्तर धार्मिक पर्यटकीय सर्किटको निर्माण भई धार्मिक पर्यटनको प्रवर्द्धन भएको हुने	घलेगाउँबाट क्व्होलासोथार सम्म पुग्ने बौद्ध पदमार्ग / सर्किट पुग्ने पर्यटक संख्या	संख्या						
असर	पर्यटन क्षेत्र अन्तराष्ट्रिय क्षेत्रसँग आवद्ध भएको हुने	स्थानीयको भगिनी (sister organizations) सम्बन्ध कायम गरिएका अन्तराष्ट्रिय सहर	संख्या						
		क्व्होलासोथारबाट विदेश निर्यात गरिएको वस्तुको मुल्य	रु						
प्रतिफल	गाउँपालिकाभित्र उत्पादित कृषि उपजवस्तुहरु सिधै विदेश निर्यात गर्ने माहोल सिर्जना भएको हुने	विदेश निर्यात गरिएको खाद्यान्न	टन						
		विदेश निर्यात गरिएको कलात्मक वस्तु	हजारमा						

४.५ सहकारी क्षेत्र

४.५.१ पृष्टभूमि

सहकारी स्थानीय तहको अर्थतन्त्रको सरकारी र निजी सरहको एक महत्वपूर्ण आधारस्तम्भ हो । क्व्होलासोंथर गाउँपालिकाको वस्तुगत विवरण २०७६ का अनुसार उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमा जम्मा ७ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । सहकारी कानून, सहकारीको सिद्धान्त, मूल्य मान्यताको भावनाअनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम, सीप, पुँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादनमूलक रोजगारीको सिर्जना, सामाजिक एकीकरण तथा वातावरण संरक्षण, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै आयातलाई प्रतिस्थापन गर्न सहकारीको विकास आवश्यकता रहन्छ ।

४.५.२ प्रमुख समस्याहरु

१. आम नागरिकमा सहकारीको उपयोग र उपादेयता बारेमा पर्याप्त जानकारी नहुनु,
२. सहकारी संघसंस्थामा विधिको अज्ञानता वा पर्याप्त प्रशिक्षणको कमीले अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु,
३. सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु,
४. सूचना प्रणालीको संरचना स्थापना नहुनाले सहकारीको यथार्थ तथ्याङ्क तथा विवरण प्राप्त हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

४.५.३ चुनौती र अवसर

चुनौती

१. सहकारी संस्थालाई सहकारी नीति अनुरुप संचालन गरी व्यवस्थित गर्न ।
२. उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु,
३. सहकारी संस्थाहरूमा सीमान्तकृत्, वञ्चितीकरणमा परेका वर्ग, आय वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु,

अवसर

१. गाउँपालिकामा सहकारी संस्थाहरू रहनु र यसको संख्या वृद्धि हुदै जानु,
२. सहकारी क्षेत्रसँग रहेको पुँजी उत्पादनको क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहनु,
३. सहकारीहरू बीच सहकार्य एवम् सहयोगको भावनाको विकास हुदै जानु,
४. सहकारी क्षेत्रको पुँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न तीनै सरकार प्रतिबद्ध रहदै नीतिहरू बन्नु,
५. सहकारी संचालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु आदि ।

४.५.४ दीर्घकालीन सोच, लक्ष र उद्देश्य

सोच : सहकारीको प्रवर्धन गरी आर्थिक समृध्दी हासिल गर्न टेवा पु¥याउने ।

लक्ष्य: स्थानीय, श्रम, सीप, पुँजी, प्रविधिको अधिकतम परिचालन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीय बृद्धि गर्दै आयातमा न्यूनीकरण गर्दै क्ह्लासोथरलाई आत्म निर्भर बनाउने ।

उद्देश्य

१. सहकारी संस्थाहरुलाई व्यवस्थित गरी श्रोत पहिचानद्धारा उत्पादनमा अग्रसर गराउने ।
२. स्वरोजगार एवम् रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु ।

४.५.५ रणनीति र कार्यनीति

उद्देश्य १: सहकारी संस्थाहरुलाई व्यवस्थित गरी श्रोत पहिचानद्धारा उत्पादनमा अग्रसर गराउने।	
रणनीति	कार्यनीति
१.१ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने ।	१.१.१ सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी स्थानीय श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गरिनेछ।
१.२ सहकारी संस्थालाई उत्पादनमुखी बनाउने।	१.२.१ एक सहकारी एक उत्पादन नीति लागु गर्ने। १.२.२ उत्पादनमा संग्लन सहकारी संस्थालाई गाउँपालिकाले अनुदानको समेत ब्यवस्था गर्ने। १.२.३ सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग गर्ने।

उद्देश्य २: स्वरोजगार एवम् रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु।	
रणनीति	कार्यनीति
२.१ आर्थिक तथा सामाजिक रुपमा पछि परेको व्यक्ति वर्ग तथा समुदायको पहिचान गर्ने। २.२ लक्षित वर्ग र समुदायको सहकारीमा पहुँच बृद्धि गर्ने।	२.१.१ विपन्न तथा पिछडिएका, वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको पहिचान गरिनेछ। २.१.२ विपन्न महिला, सीमान्तकृत् गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच विस्तार गरिनेछ। २.१.३ युवा, महिला, गरिब, सीमान्तकृत्, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवन स्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ।

४.५.७ विस्तृत कार्यक्रमहरु

सहकारी क्षेत्र												
क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/ ०७९	२०७९/ ०८०	२०८०/ ०८१		
१.	१	१.१	१.१.१		सहकारी सचेतना, सहकारी शिक्षा, संस्था गठन, सञ्चालन, विकास सम्बन्धी सहकारी शिक्षा र तालिम	संख्या		१	१	१	३	
२.					लगानीको क्षेत्र पहिचानको लागि अध्ययन	संख्या		१	निरन्तर	निरन्तर	१	
३.		१.२	१.१.२		उत्पादनमूलक क्षेत्रमा सबैभन्दा धेरै लगानी गर्ने सहकारी संस्थालाई पुरस्कृत गर्ने	संख्या		१	१	१	३	
४.	२.	२.१	२.१.१		लक्षित वर्ग र क्षेत्रका व्यक्तिहरू पहिचानका लागि तथ्याङ्क संकलन गर्ने उत्पादनमूलक सहकारी संस्थालाई भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग।	संख्या					अधिकतम	
५			२.१.२		सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत् अनुगमन प्रणालीको विकास गर्ने।	संख्या					अधिकतम	
६.		२.२	२.१.३		सहकारीलाई माग र आवश्यकताका आधारमा सहयोग (सीपमूलक तालिम, सहुलियत ऋण, वस्तुगत सहयोग, बिउ पुँजी, प्राविधिक सहयोग र सहभागितामा आधारित पुँजीगत अनुदान आदि) उपलब्ध गराउने।	संख्या					अधिकतम	

४.५.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	स्थानीय श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको सहकारीमार्फत अधिकतम उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि भई आयातमा न्यूनीकरण भएको हुने	उत्पादन क्षेत्रमा सहकारीको लगानी वृद्धि हुने	प्रतिशत					उच्च बृद्विदर	गापा प्रोफाइल	
		खाद्यान्नको उत्पादकत्वमा गुणस्तरीय वृद्धि हुने	प्रतिशत					उच्च बृद्विदर	गापा प्रोफाइल	
		खाद्यान्नको आयातमा कमि हुने	क्वीन्टल					कमि भएको हुने	गापा प्रोफाइल	
असर	सहकारीको अनुगमन नियमन भएको हुने	एक सहकारी एक उत्पादन कार्यक्रम लागु भएका	संख्या					अधिकतम	गापा प्रोफाइल	
		सहकारीको अनुगमन र नियमन कार्यक्रम	प्याकेज		१	१	१	३	गापा प्रोफाइल	
प्रतिफल १	सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना भई कार्यान्वयन भएको हुने	सहकारी शिक्षा र तालिम भएको हुने	प्याकेज		१	१	१	३	जिल्ला सहकारी संस्था	
		सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम	प्याकेज		१	१	१	३	,,	
प्रतिफल २	सहकारीको स्रोत पहिचान भई उत्पादनको क्षेत्रमा लगानी भएको हुने	उत्पादनको क्षेत्रमा लगानी भएका सहकारी	प्रतिशत					बृद्वि भएको	गापा प्रोफाइल	

		कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुर्याउने सहकारीहरू	संख्या					बृद्धि दर उच्च	गापा प्रोफाइल	
		स्वरोजगार एवम् रोजगारमा सहयोग पर्याएका सहकारी	संख्या					क्रमागत न्यूनीकरण	गापा प्रोफाइल	
प्रतिफल ३	युवा, महिला, गरिब, सीमान्तकृत्, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवन स्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढेको हुने।	सहकारी क्षेत्रको कुल लगानी मध्ये ३० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने सहकारी	प्रतिशत		१०	१०	१०	३०	गापा प्रोफाइल	
		भौतिक पूर्वाधारमा वित्तीय सहयोग गर्ने सहकारी संस्था	संख्या					बृद्धि भएको	गापा प्रोफाइल	
		उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी	संख्या					अधिकतम	गापा प्रोफाइल	
		लक्षित वर्गअन्तर्गत महिला, सीमान्तकृत् गरिब, अपांगता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच भएका सहकारी संस्था	संख्या					अधिकतम	गापा प्रोफाइल	

४.६ उद्योग, वाणिज्य तथा आपुर्ति

४.६.१ पृष्टभूमि

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजना २०७७ अनुसार, गण्डकी प्रदेशमा साना पसलहरूदेखि ठूला उद्योगहरू सबै गरेर कुल १,००,६६८ प्रतिष्ठानहरू रहेका छन् । यी प्रतिष्ठानहरूबाट कुल ३,४१,८१८ जनाले रोजगारी पाएका छन् । क्होंलासोथर गाउँपालिकामा कूल जनसंख्या (११७२५) मध्ये १७६ (१.५२%) अति न्यून जनसंख्या मात्र उद्योग ब्यापार र व्यवसायमा संलग्न रहेको देखिन्छ । उद्योगको विकास र दिगो व्यवस्थापनमार्फत् उत्पादन वृद्धि गरी कुल ग्राहस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वृद्धि गर्न उद्योग क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । यहाँ संचालित विभिन्न सहकारी मार्फत तथा नीजि पुँजी लगानी गरी साना तथा घरेलु उद्योग संचालन गरी आय आर्जन गर्न सकिन्छ । उद्योगलाई समृद्धिको एक महत्वपूर्ण सम्वाहकको रुपमा लिइन्छ र उद्योगहरु संचालन गरेर आर्थिक गतिविधि मार्फत क्व्होलासोंथर गाँउपालीकामा समृध्दी हासिल गर्न सकिन्छ । कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु संचालन र प्रवर्धन गर्न स्ाकिन्छ । गाँउमा नै विभिन्न बस्तुको उत्पादन गरी आयात प्रतिस्थापन मार्फत गाँउलाई आत्म निर्भर बनाई उत्पादित बस्तुको निर्यात गरेर क्व्होलासोंथर को आर्थिक समृध्दी हासिल गर्न सकिन्छ ।

बजार क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्यत गर्दछ । गाउँपालिका भित्र उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत् आयात प्रतिस्थापन एवम् तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

४.६.२ प्रमुख समस्याहरु

१. क्व्होलासोंथर मा उद्योग स्थापनाको लागि चाहिने यातायात, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता,
२. साना तथा मझौला उद्योगका लागि चाहिने सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु,
३. गाँउमा उत्पादित वस्तुहरुको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन हुन नसक्नु ।
४. क्व्होलासोंथर मा आवश्यक पर्ने विभिन्न बस्तु र सामाग्रीको उत्पादन गरी आयात प्रतिस्थापन हुन नसक्नु
५. खानी तथा खनिज उद्योगहरूका बारेमा अनुसन्धानात्मक तथ्याङ्क नहुनु ।
६. व्यापार वाणिज्य सम्बन्धी क्षेत्रगत तथ्याङ्क तथा सूचना नहुनु,
७. आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी हुनु,

४.६.३ चुनौती र अवसर

चुनौती

१. सहकारी संस्थालाई सहकारी नीति अनुरुप संचालन गरी व्यवस्थित गर्न ।
२. पर्यटन पूर्वाधारको विकास गरी पर्यटन व्यवसाय संचालन र प्रवर्धन गर्न ।
३. गाँउमा उत्पादित कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु संचालन र प्रवर्धन गर्न ।
४. विभिन्न वस्तुको उत्पादनमा वृद्धि र आयात प्रतिस्थापनद्धारा क्व्होलासोंथर लाइ आत्म निर्भर बनाउन ।
५. जथाभावी नदीजन्य खानीको उत्खननले हुने वातावरणीय विनास रोक्न ।
६. औद्योगिक ग्रामको विकास गरी सञ्चालनमा ल्याउनु ।
७. आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादन नहुनु ।

अवसर

१. भौगर्भिक विविधता भएको गाउँपालिका हुँदा धेरै प्रकारका खनिजहरूको प्रचुर सम्भावना रहनु ।

२. उद्योग क्षेत्रलाई स्थानीय, प्रदेश र संघीय सरकारले दिगो आर्थिक विकासको मियोको रुपमा लिनु,
३. लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जाँदा गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा बढ्न प्रेरित गराउनु,
४. शिक्षित एवम् शिपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु,
५. जनताको आयमा भएको बृद्धि सँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु
६. कृषि, वन र खनिज पैदावारको प्रशोधन गरी उत्पादनमा वृद्धि गर्न।
७. राष्ट्रका ३ तहमा स्थिर सरकार हुनु, सहकारी संस्थालाइ व्यवस्थित साना तथा घरेलु उद्योगको प्रवर्धन गरी क्ह्रासोथरलाई आत्म निर्भर बनाउन।
८. नीजी लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन्।

४.६.४ दीर्घकालीन सोच, लक्ष र उद्देश्य

सोच : उद्योग तथा वाणिज्य क्षेत्रको विकास, दिगो आर्थिक विकासाको आधार।
लक्ष्य: उद्योग र ब्यापारको विकास र विस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने।
उद्देश्यः
१. उद्योग ग्रामको स्थापना गरी कृषि, र वन पैदावरमा आधारित उद्योगहरुको प्रवर्धन गर्ने।
२. उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्नु।
३. आयात प्रतिस्थापन मार्फत गाउँपालिकालाई आत्म निर्भर बनाउने।
४. खनिज उत्पादनको सम्भाव्यता अध्ययन गरी उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु।
५. ब्यापार सम्बद्ध संरचना, पूर्वाधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवद्र्धन गर्नु।

४.६.५ रणनीति र कार्यनीति

उद्देश्य १: उद्योग ग्रामको स्थापना गरी कृषि र वन र खनिज पैदावरमा आधारित उद्योगहरुको प्रवर्धन गर्ने।	
रणनीति	कार्यनीति
१.१ उद्योग ग्रामको स्थापना गरिनेछ। १.२ पुराना ऐतिहाँसिक महत्व बोकेका रूग्ण कुटिर उद्योगहरुको पहिचान गर्ने।	१.१.१ साना तथा घरेलु उद्योगहरुको संचालन र प्रवर्धन गर्ने। १.१.२ अल्लो प्रशोधन केन्द्रको स्थापनागरी धागो उत्पादन गर्ने व्यवस्था मिलाउने। १.१.३ जडिवुटि संकलन केन्द्र स्थापना गरी प्रशोधनको व्यवस्था मिलाउने। १.१.४ फर्निचर उद्योगको व्यवस्थापन गरी निगालो तथा काष्ठजन्य कच्चा पदार्थबाट उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गर्ने। १.१.५ साना तथा घरेलु उद्योग संचालनको लागि प्राविधिक परामर्श, तालिम र अनुदानको व्यवस्था गरी वजारीकरणमा समन्वय गर्ने। १.१.६ साना तथा घरेलु उद्योग संचालनको लागि आवश्यक मेसिन र औजारमा कर छुटको व्यस्था मिलाउने। १.२.१ पुराना ऐतिहाँसिक महत्व बोकेका रूग्ण कुटिर उद्योग (पानी घट्ट) लगाएत अन्यको पहिचान गरी पुनस्थापना र सञ्चालनको व्यवस्था गरिनेछ।

उद्देश्य २: उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्नु।	
रणनीति	कार्यनीति
२.१ संघ र प्रदेशसँगको समन्वयमा स्थानीय तथा विदेशी लगानीकर्तालाई उद्योग लगानीमा प्रोत्साहन गर्न नीतिगत तथा कार्यगत सहजीकरण गर्ने व्यवस्था गर्ने।	२.१.१ स्थानीय, स्वदेशी तथा वैदेशिक पुँजी तथा प्रविधिलाई आकर्षित गर्न कानूनी व्यवस्था गरिनेछ। २.१.२ उद्योग ग्राममा लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। २.१.३ रोजगारीका अवसरमा स्थानीयलाई प्राथमिकता राख्नेगरी स्थानीय तथा बाह्य लगानी बृद्धि हुने व्यवस्था गरिनेछ।

उद्देश्य ३: आयात प्रतिस्थापन मार्फत गाउँपालिकालाई आत्म निर्भर गराउने।	
रणनीति	कार्यनीति
३.१ आयात प्रतिस्थापनमा जोड दिने।	३.१.१ गाउँपालिका बाहिरवाट आयातित वस्तुहरुलाई निरुत्साहित गर्ने। ३.१.२ निमार्ण सामाग्री, खाद्य वस्तु, दुध माछा, मासु अण्डा लगायतका स्थानीय वस्तुहरुलाई महत्वका साथ प्राथमिकता दिने।

उद्देश्य ४: खनिज उत्पादनको सम्भाव्यता अध्ययन गरी उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु।	
रणनीति	कार्यनीति
४.१ खानीजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी व्यवस्थित गर्ने।	४.१.१ ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजहरूको उत्खननलाई नियमित, ब्यवस्थित र वातावरणमैत्री बनाईनेछ।

उद्देश्य ५: ब्यापार सम्बद्ध संरचना, पूर्वाधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवद्र्धन गर्नु।	
रणनीति	कार्यनीति
५.१ व्यापारिक केन्द्र सम्बद्ध संरचना, पूर्वाधार एवम् आधारहरूको निर्माण गर्ने क्षमता सुदृढीकरण गर्ने।	४.१.१ वडा तह, निजी क्षेत्र र सहकारी संस्थाको सहभागितामा स्थानीय वडाकेन्द्रमा व्यापार पूर्वाधार विकास गरी वडाहरुलाई विकास विन्दुको रुपमा विकास गर्दै जाने। ४.१.२ पालिका केन्द्रमा निजी क्षेत्र, बैंक तथा सहकारी संस्थाको सहभागितामा पालिकास्तरका उद्योग तथा व्यापार केन्द्रका लागि आवश्यक पूर्वाधार विकास गरी पालिकालाई विकास विन्दुको रुपमा अगाडि लैजाने।

४.६.६ कार्यक्रममा प्राथमिकता

१. गाउँपालिकामा औद्योगिक ग्राम स्थापना गर्ने।

२. कृषि प्रशोधन, वन पैदावर र खनिजजन्य उद्योगको स्थापना गर्न सहयोग गर्ने ।

४.६.७ विस्तृत कार्यक्रमहरु

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	१	१.१	१.१.१		उद्योग ग्रामको स्थापना गर्ने।	संख्या	१	१			१	प्रदेश सरकार
2					परम्परागत सीप तथा प्रविधिमा आधारित हस्तकला ग्राम स्थापना गर्न सहयोग गर्ने	संख्या		१	१	१	३	गाउँपालिका
3		१.२	१.१.२		गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन हुनेछ।	पटक	८ र ३ नं वडामा कार्यक्रम सञ्चान	१	निरन्तर	निरन्तर	३	गाउँपालिका
4			१.१.३		कृषि प्रशोधन, वन पैदावर र जडिबुटी उद्योगको स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्ने।	संख्या		१		१	२	गाउँपालिका
5	२	२.१	२.१.१		औद्योगिक विकासका लागि निजी क्षेत्रसँग सम्वाद र सहकार्य गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
6			२.२.२		वन पैदावरमा आधारित उद्योग स्थापनामा प्रोत्साहन सहयोग गर्ने।	संख्या	लगभग सबै वडामा	१	निरन्तर	निरन्तर	१	गाउँपालिका
7			२.२.३		जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रलाई सहयोग गर्ने	संख्या		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
8	३	३.१	३.१.१		निमार्ण सामाग्री, खाद्य वस्तु, तरकारी दुध माछा, मासु अण्डा लगायतका स्थानीय वस्तुहरु उत्पादनमा बृद्धि गरी आयातमा न्यूनीकरण गर्ने।	प्रतिशत					अधिकतम्	गाउँपालिका

9			३.१.२		पुराना ऐतिहाँसिक महत्व बोकेका रूग्ण कुटिर उद्योग (पानी घट्ट) लगाएत अन्यको पहिचान गरी पुन स्थापना र सञ्चालनको व्यवस्था गर्ने ।	संख्या	वडा नं. ३ मा १ ४ मा १				अधिकतम्	गाउँपालिका
10	४	४.१	४.१.१		ढुङ्गा, गिटी र वालुवा उत्खनन तथा प्रशोधन उद्योगलाई दिगो व्यवस्थापन गर्ने ।	संख्या	रूदी खेलामा बाटे निर्माण तथा संस्थागत निर्माण				अधिकतम्	जिल्ला समन्वय
11	५	५.१	४.१.१		वाणिज्य तथा व्यापार सम्बन्धी सूचना संकलन, वितरण र व्यापार प्रवर्दन	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
12					स्थानीय स्तरवाट निकासी गर्न सकिने उत्पादन तथा वस्तुहरूको प्रदर्शनी केन्द्र स्थापना र सञ्चालन	संख्या		१	१	१	३	गाउँपालिका
13					स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवद्र्धन गर्नु ।	प्रतिशत					अधिकतम्	गाउँपालिका

४.६.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइए को श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव १	उद्योग क्षेत्रको विकास र विस्तार भई आय तथा रोजगारी वृद्धि भएको हुने	पालिकामा कूल ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा	प्रतिशत					अधिकतम		
		पालिकामा रहेका कुल घरेलु व्यवसायहरू	संख्या	१५५	१०	१५	२०	२००	गापा प्रोफाइल	
		घरेलु व्यवसायले सिर्जना गरेको रोजगार	संख्या	१५८	२०	१५०	२००	५२८	गापा प्रोफाइल	
असर	उद्योगहरू स्थापना र सञ्चालन हुने परिस्थिती सिर्जना भएको हुने	दर्ता भएका उद्योग तथा व्यवसायको संख्या	संख्या	३०	१०	१५	२०	७५	गापा प्रोफाइल	
		उद्योगमा उपलब्ध रोजगार	संख्या	८	७	१५	२०	५०	गापा प्रोफाइल	
प्रतिफल	स्थानीय औद्योगिक विकास का लागि नीति निर्माण गर्ने।	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने।	प्याकेज		१	१	१	३		
प्रतिफल	आयोजना बैंक बनाउने।	लगानीयोग्य साना तथा घरेलु उद्योग सम्वन्धी आयोजनाहरूको आयोजना	संख्या		१	निरन्तर	निरन्तर	१	गापा प्रोफाइल	

		बैंकको स्थापना।								
प्रतिफल	उद्यमशिलता विकास कार्यक्रम	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन।	संख्या		१	२	२	५		
प्रतिफल	कृषि प्रशोधन, वन पैदावर र खनिजजन्य उद्योगको स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्ने।	कृषि प्रशोधन केन्द्रको स्थापना	संख्या		१			१		
		वन पैदावरमा आधारित उद्योग स्थापनामा प्रोत्साहन सहयोग।	संख्या	७	२	२	३	१४		
		जडीबुटी संकलन र प्रशोधन केन्द्र स्थापना	संख्या		१	१	१	३		
		ढुङ्गा, गिटी र वालुवा उत्खनन उद्योगको स्थापना	संख्या		१		१	३		
प्रतिफल	खाद्य वस्तु, तरकारी दुध माछा, मासु अण्डा लगायतका स्थानीय वस्तुहरु उत्पादनमा बृद्धि गरी आयातमा न्यूनीकरण गर्ने।	खाद्य वस्तु तथा तरकारी, दुध लगायतका स्थानीय वस्तुहरु उत्पादनमा बृद्धि	प्रतिशत					२५		
		खाद्य वस्तु तथा तरकारी, दुध लगायतका स्थानीय वस्तुहरु आयातमा न्यूनीकरण	प्रतिशत							
		माछा, मासु तथा अण्डा लगायतका स्थानीय वस्तुहरु उत्पादनमा बृद्धि	प्रतिशत					२५		
		माछा, मासु तथा अण्डा लगायतका स्थानीय वस्तुहरु आयातमा न्यूनीकरण	प्रतिशत							

प्रभाव २	वाणिज्य क्षेत्रको विकास तथा विस्तार भई आर्थिक समृद्धि हाँसिल गर्ने योगदान पुगेको हुने	पालिकामा कूल ग्राहस्थ्य उत्पादनमा बाणिज्य क्षेत्रको हिस्सा	प्रतिशत					१५		
		आयमा बाणिज्य क्षेत्रको हिस्सा	प्रतिशत							
असर १	स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको प्रवद्र्धन द्वारा वाणिज्य क्षेत्रको विकास भएको हुने	पालिका भित्रै तथा प्रदेश तथा केन्द्रमा निर्यात गरिएका कच्चा पदार्थ	प्रतिशत							
प्रतिफल	वस्तु तथा सेवा व्यापार प्रवद्र्धनको लागि आवश्यक संरचना निर्माण भएको हुने	व्यापार तथा वाणिज्य क्षेत्रवाट सिर्जना भएको रोजगार	प्रतिशत					२०		
		खपत गरिएका सामानको वार्षिक कुल मूल्य	रू. हजारमा							

४.७ वन, भूसंरक्षण र जैविक विविधता

४.७.१ पृष्टभूमि

गण्डकी प्रदेशको कुल क्षेत्रफलमध्ये ३७.८ प्रतिशत वनले ढाकेको छ भने क्व्होंसोथर गाउँपालिकाको कूल क्षेत्रफलमध्ये १३०.८९ वर्ग कि.मि. (७४.४८%) वनले ढाकेको छ र वन जंगलको विस्तार दक्षिणदेखि उत्तरसम्मका अधिकांश भू–भागमा घना रुपमा भएको छ। यस गाउँपालिकाको वडा नं. १, २ र ९ मा जम्मा ३१ वटा सामुदायिक वन उपभोक्ता समिति मार्फत वन संरक्षण र उपयोग भैरहेको छ भने वडा नं. ३, ४, ५, ६, ७, र ८ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) अन्तर्गत रहेका छन्। गाउँपालिकाको अधिकांश भू–भाग भिरालो र कमजोर भू–बनोट भएका हुनाले वर्षातको समयमा हुने भू–क्षय, बाढी र पहिरोका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पु¥याउनका लागि एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ। यस्तै जैविक विविधताको हिसाबले पनि यो गाउँपालिका गण्डकी प्रदेशकै धनी मानिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्र र वन उपभोक्ता समितिको माध्यमबाट विश्व प्रसिद्ध पाटेबाघ, हिँउचितुवा, कस्तुरी मृग, डांफे, मुनाल लगायतका वन्यजन्तु, साल, कटुस, चिलाउने, उत्तिस, खिराबोट, पिपला, चिरैतो, आदि जस्ता वनस्पति, निरमसी, टिमुर, कुरिलो, जिम्बु, हर्रो, हाडजोर, बोजो, दालचिनी, हार्चुर, सुनखरी, गुर्जो, चोटाजोर आदि जस्ता जडिबुटि यहाँका प्रमुख वनस्पति र जीवजन्तुहरुको संरक्षण र सम्बर्धन भइरहेको छ। जैविक विविधताको संरक्षण, सम्वद्र्धन, पर्यापर्यटन प्रवद्र्धन का कारण यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार हुँदै आएको छ। समग्रमा, वन, जलाधार तथा जैविक विविधता तथा जडिबुटि संरक्षणबाट गाउँपालिकाको सम्वृद्धिमा टेवा पु¥याउन यस क्षेत्रका समस्याहरूको सम्वोधन गर्ने गरी उपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना अपरिहार्य हुन्छ।

४.७.२ प्रमुख समस्याहरु

१. उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको,

२. बढ्दो वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका असरहरूको यथोचित समाधान हुन नसकेको,

३. वन व्यवस्थापन, विकास तथा उपयोगमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सम्बन्धित वडाहरु बीच समन्वयको अभाव रहेको,

४. प्राकृतिक रुपमा रहेका जडीबुटीहरू अनियन्त्रित रुपमा संकलन भैरहेको।

५. जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको खेती, संकलन, बेचबिखन र उपयोग लगायतका कार्यहरू परम्परागत ढंगबाटै हुँदा अपेक्षित लाभ लिन नसकिएको।

६. वढ्दो मानव र वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा कठिनाई भएको।

४.७.३ चुनौती र अवसर

चुनौती

१. वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्न,

२. हिमाली क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लो तटीय क्षेत्रमा परेको जोखिम न्यूनीकरण गर्न,

३. वन तथा जलाधार क्षेत्रको सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनका लागि नीति, कानून र कार्यक्रमहरू ल्याउन,

४. वन तथा जलाधारक्षेत्रका स्रोतहरूको जथाभावी क्षयीकरणलाई रोक्न,

५. जडीबुटी संकलन तथा व्यवस्थापनका लागि आवश्यक मार्गदर्शन र निर्देशिकाको निर्माण गर्नु।

अवसर

१. वन उपभोक्ता समिति र समुदायमा आधारित वन ब्यवस्थापन मार्फत् संरक्षित भएका वन र सक्षम समूहहरूको बलियो उपस्थिति रहेको अन्नपूर्ण संरक्षित क्षेत्रलाई संघ तथा प्रदेशसँगको समन्वयमा समुदायलाई हस्तान्तरण गरी गाउँपालिकाको भूमिका बढाउन सकिने,

२. गल्छी तथा पहिरो उपचार, संवेदनशील जलाधार, पानी मुहान तथा पोखरी संरक्षण कार्यबाट जलसंचिति बढाई जलवायु परिवर्तनका असर न्यूनीकरणमा टेवा पु¥याउनु सकिने,

३. जलाधार ब्यवस्थापन मार्फत ACAP, वन विभाग, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत् विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पु¥याउन सकिने,

४. हावापानी तथा जलवायुको विविधताका कारण जडीबुटी तथा गैरकाष्ठ वनपैदावारमा प्रचुरता रहनु, जडीबुटी एवम् गैरकाष्ठ वनपैदावारको उत्पादन, संकलन, उपयोग एवम् व्यवस्थापन कार्यको परम्परागत ज्ञान स्थानीय जनतासँग उपलब्ध रहनु,

४.७.४ दीर्घकालीन सोच, लक्ष र उद्देश्य

सोच : वन, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापन, क्व्होलासोथर गाउँपालिकाको सम्मृद्धिको अधार।

लक्ष्य: जैविक विविधताको संरक्षण, जडीबुटी एवम् गैरकाष्ठ वनपैदावार र वातावरणीय सन्तुलन कायम राख्दै वन तथा जलाधारीय स्रोतहरूको उत्पादकत्व वृद्धि गर्ने।

उद्देश्यः

१. वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु।

२. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्वमा वृद्धि गर्नु।

३. प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो ब्यवस्थापन गर्नु।

४.७.५ रणनीति र कार्यनीति

उद्देश्य १: वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, वैज्ञानिक व्यवस्थापन र व्यावसायीकरण गर्नु।	
रणनीति	कार्यनीति
१.१ वन पैदावरमा आत्मनिर्भरता हाँसिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।	१.१.१ मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई प्राविधिक सहयोग गरिनेछ। १.१.२ विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तुको उत्पादन र प्रशोधन गरी नयां रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ।

उद्देश्य २: माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्वमा वृद्धि गर्नु।	
रणनीति	कार्यनीति
२.१ जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवन स्तर उकास्ने। २.२ भूःक्षय नियन्त्रण गरी जल उत्पन्न विपत् प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनस्थापना गर्ने।	२.१.१ जल,जंगल र जमिनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ। २.१.२ जनताको सहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बनगरी भूमिको उत्पादकत्व वृद्धि गरिनेछ। २.२.१ विकासका पूर्वाधार निर्माणसँगै उपयुक्त भू संरक्षण प्रविधि सञ्चालन गरिनेछ। २.२.२ प्रकोप नक्सांकन तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो उपचार तथा खोला किनार संरक्षण गरिनेछ।

उद्देश्य ३: प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो ब्यवस्थापन गर्नु।	
रणनीति	कार्यनीति
३.१ जडीबुटी व्यवस्थापन गर्दा वर्तमान स्रोतको संरक्षण र स्रोतको वृद्धिलाई ध्यानमा राखी यसको उपयोग र उपभोग गर्ने। ३.२ तुलनात्मक लाभका जडीबुटीको अध्ययन, अनुसन्धान तथा उपयुक्त खेती प्रविधिको विकास गर्ने।	३.१.१ तुलनात्मक लाभका जडीबुटीको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ। ३.१.२ खेती प्रविधिको अनुसन्धान तथा विकास गरी हस्तान्तरण गरिनेछ। ३.२.१ प्राकृतिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान र प्रशोधनको सम्बन्धित विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। ३.२.२ पायक पर्ने क्षेत्रका बासिन्दालाई नीजि तथा सामुहिक जडीबुटी तथा गैरकाष्ठको खेती गर्न प्रोत्साहन गर्ने।

४.७.६ कार्यक्रमको प्राथमिकता

१. वनको उचित संरक्षण र व्यवस्थापन गर्ने।

२. वनको उपयोग जनताको आय आर्जनसँग आवद्ध गर्ने।

४.७.७ विस्तृत कार्यक्रमहरु

वन, भूसंरक्षण र जैविक विविधता												
क्र.सं.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/ ०८१		
1	१	१.१	१.१.१		वनको उचित संरक्षण र व्यवस्थापन योजना निर्माण गर्ने	संख्या		१			१	वन कार्यालय, एक्याप र गापा
2					मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई नीतिगत सहजता र प्राविधिक सहयोग गर्ने ।	क्युविक फिट		२०००	२०००	२०००	६०००	वन कार्यालय, एक्याप र गापा
			१.१.२		काठजन्य वस्तुको उत्पादन र प्रशोधन गरी नयां रोजगारी सिर्जना गर्ने	संख्या	७	२०	३५	५५	११७	गाउँपालिका
					संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्नका लागि संरक्षण आयोजना र स्थानीय जनताबीच समन्वय गर्ने।	संख्या					आवश्यकता अनुसार	गाउँपालिका
	२	२.१	२.१.१		वातावरणीय सन्तुलन कायम गर्न जल,जंगल र जमिनको संरक्षण गर्ने।	संख्या					अधिकतम्	वन विभाग
			२.१.२		वैज्ञानिक रूपमा दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गर्ने	संख्या					अधिकतम्	गाउँपालिका
		२.२	२.२.१		पूर्वाधार निर्माणसँगै उपयुक्त भू संरक्षण प्रविधि सञ्चालन गर्ने	संख्या					आवश्यकता अनुसार	गाउँपालिका

			२.२.२		प्रकोप नक्सांकन तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो तथा खोला किनार संरक्षण गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
					भूक्षय नियन्त्रण तथा माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत् जलाधार ब्यवस्थापन गर्नु।	प्याकेज						गाउँपालिका
		३.१	३.१.१		तुलनात्मक रूपमा बढी लाभदायक जडीबुटीको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने।	संख्या						गाउँपालिका
			३.१.२		खेती प्रविधिको अनुसन्धान तथा विकास गरी हस्तान्तरण गरिनेछ।	संख्या		१			१	कृषि विभाग
	३	३.२	३.२.१		प्राकृतिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान र प्रशोधनको सम्बन्धित विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।	प्याकेज		१			१	गाउँपालिका
			३.२.२		पायक पर्ने क्षेत्रका बासिन्दालाई नीजि तथा सामुहिक जडीबुटी तथा गैरकाष्ठको खेती गर्न प्रोत्साहन गर्ने।	प्याकेज		१			१	गाउँपालिका
					उच्च लाभ भएका जडीबुटीको खेती विस्तार, घरेलुकरण र व्यवसायिकरण गर्ने।	प्याकेज		१			१	गाउँपालिका

४.७.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मे वार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	वातावरणीय सन्तुलन कायम भई जैविक विविधताको संरक्षण, वन तथा जलाधारीय स्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुने	कूल भूक्षेत्रको आधारमा वन क्षेत्र	प्रतिशत	७४.४८				७५	गापा प्रोफाइल	
		कूल भूक्षेत्रको आधारमा संरक्षित क्षेत्र	प्रतिशत	७८.०३					गापा प्रोफाइल	
		संकटापन्न अवस्थामा रहेका जडिबुटि र वनस्पति	प्रतिशत					न्यन हुने		
		संकटापन्न अवस्थामा रहेका प्राणी	प्रतिशत					न्यन हुने		
असर १	संरक्षित वनबाट गाउँपालिका सहित जनता आर्थिक उत्पादनमा बृद्वि भएको हुने	संमुदायमा आधारित संरक्षित वन क्षेत्र	हेक्टर	९८.१२				१२०		
		सामुदायिक वन उपभोक्ता समिति	संख्या	३१				३५		
		समुदायको नेतृत्वमा परिचालित चोरीसिकारी नियन्त्रण एकाइ	संख्या					आवश्यकता अनुसार		
प्रतिफल १.१	वन पैदावरमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि भएको हुने।	वनको उचित संरक्षण र व्यवस्थापन योजना निर्माण गर्ने	संख्या		१			१		
		काठजन्य वस्तुको उत्पादन र प्रशोधन गरी नयां रोजगारी सिर्जना गर्ने	संख्या	१४	१०	१५	२६	६५		
प्रतिफल १.२	मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू	समुदायद्वारा मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट निकाल्ने	क्युविक फुट					आवश्यकता अनुसार		

	जङ्गलबाट हटाउन समुदायलाई सहयोग हुने	।								
प्रतिफल १.३	काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण भएको हुने।	वनमा आधारित फर्निचर उद्योगको स्थापना र संचालन	संख्या	७	२	२	३	१४		
		जडिबुटि नर्सरी स्थापना र सञ्चालन	संख्या					आवश्यकता अनुसार		
प्रतिफल १.४	वातावरणीय सन्तुलन कायम गर्न जल,जंगल र जमिनको संरक्षण गर्ने।	वन अतिक्रमण र नियन्त्रण	प्रतिशत					सत प्रतिशत		
		वन पैदावरको वर्गिकरण	प्याकेज		१			१		
		बाढी पहिरो नियन्त्रण	संख्या					अधिकतम्		
असर २	माटो र पानीको संरक्षण भएको हुने	भूक्षय दर मापन	टन/हेक्टर							
प्रतिफल २.१	पूर्वाधार निर्माणसँगै उपयुक्त भू संरक्षण प्रविधि सञ्चालन गर्ने ।	गल्छी, पहिरो उपचार तथा खोला किनारको संरक्षण भएको हुने,	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर	आवश्यकता अनुसार		
प्रतिफल २.२	वैज्ञानिक रूपमा दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गर्ने	माटोको गुणस्तरमा बृद्वि भई उत्पादकत्व मा बृद्वि गर्ने	प्रतिशत							
प्रतिफल २.३	प्रकोप नक्सांकन तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो तथा खोला किनार संरक्षण गर्ने ।	प्रकोप तथा जोखिम नक्सांकन भएको हुने,	संख्या		१			१		
प्रतिफल २.४	भूक्षय नियन्त्रण तथा माटो र	भूक्षय नियन्त्रण तथा माटो र पानीको	प्रतिशत		निरन्तर	निरन्तर	निरन्तर	आवश्यकता		

	पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत् जलाधार ब्यवस्थापन गर्नु।	संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि						अनुसार		
		सम्बेदनशिल जलाधार क्षेत्रको संरक्षणा	संख्या							
असर ३	तुलनात्मक रूपमा बढी लाभदायक दिनेखालका जडीबुटीको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने।	भू तथा जलाधार व्यवस्थापनका लागि समुदायको क्षमता अभिवृद्धि भएको हुने,	प्याकेज		१	१	१	३		
प्रतिफल ३.१	खेती प्रविधिको अनुसन्धान तथा विकास गरी हस्तान्तरण गर्ने।	नमूना खेती कार्यक्रम	संख्या		१	१	१	३		
		विरूवा उत्पादन र वितरण	संख्या					आवश्यकता अनुसार		
प्रतिफल ३.२	प्राकृतिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान र प्रशोधनको सम्बन्धित विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने	प्राकृतिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान र प्रशोधन केन्दको स्थापना	संख्या		१			१		
प्रतिफल ३.३	पायक पर्ने क्षेत्रका बासिन्दालाई नीजि तथा सामुहिक जडीबुटी तथा गैरकाष्ठको खेती गर्न प्रोत्साहन गर्ने	जडिबुटि संकलन तथा प्रशोधन केन्द्रको स्थापना	संख्या		१		१	२		
		जडीबुटी तथा गैरकाष्ठको खेती को उत्पादन	मे.टन					अधिकतम्		
प्रतिफल ३.४	उच्च लाभ भएका जडीबुटीको खेती विस्तार, घरेलुकरण र व्यवसायिकरण गर्ने।	सामुदायिक जडिबुटि खेती उत्पादक संस्था	संख्या					आवश्यकता अनुसार		
		व्यवसायिक जडिबुटि खेतीको उत्पादन	मे.टन							

अध्याय ५

सामाजिक क्षेत्र

५.१ जनसंख्या व्यवस्थापन

५.१.१ पृष्ठभूमि

नेपालको संविधानले जनसंख्या व्यवस्थापनको व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ भने जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असक्तहरूको व्यवस्थापन र वेरोजगारहरूको तथ्याङ्क संकलनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो।क्व्होलासोथार गाउँपालिकाको जनसंख्याको विवरण हेर्दा राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या २,४४५ तथा कुल जनसंख्या १०,०६७ रहेको थियो भने घरधुरी सर्वेक्षण २०७६ अनुसार परिवार संख्या २४२७ र जनसंख्या ११,७२५ रहेको छ। यसरी हेर्ने हो भने २०६८ सालको तुलनामा २०७५ सालमा १८ घरधुरी घटेको र १,६५८ जनसंख्या वृद्धि हुन पुगेको छ। २०६८को जनगणना अनुसार पुरुष र महिलाको संख्या क्रमश: ४,५४५ र ५,५२२ थियो भने २०७५ को सर्भेक्षण अनुसार पुरुष र महिलाको संख्या क्रमश: ६,०५१ र ५,६७४ रहन गई लैङ्गिक संरचनामा परिवर्तन आई १०० जना पुरुष बराबर ९४ जना महिला छन्।

यस पालिकामा कूल जनसंख्याको ५,८९७ जनालेले वैवाहिक जीवन व्यतित गरेको, ४६ जनाले वहुविवाह गरेको, ६७ जनाले पुन: विवाह गरेको, १४३ जना विधुर, ४६३ जना विधवा, १०३ जनाले संबन्ध विच्छेद गरेको र ३९ जना विवाह पछि छुट्टिएर अलग बसेको पाइन्छ। ३७.२४% घर परिवारमा महिला घरमूली हुनुहुन्छ, ६२.२६% घर परिवारमा पुरुष घरमूली हुनुहुन्छ भने ०.४९% घर परिवारमा घरमूलीका बारेमा उल्लेख नभएको पाइन्छ।१५ वर्ष मुनि, १५-५९ वर्ष उमेर समुहको संख्या कूल जनसंख्याको क्रमश: २१.२३% र ६४.६८ % रहेकोछ, त्यस्तै ६० बर्ष माथिको जेष्ठ नागरिकको संख्या १४.१५% रहेको छ भने ३.६३% जनसंख्या त ७५ वर्ष माथिका उमेर समुहका छन्, १११ महिला र १६२ पुरुष गरी २७३ जना अपाङ्गता भएका मध्ये ९ जना वहुआयामिक अपाङ्गता भएका व्यक्तिहरू छन् भने १,२९१ जनशक्ति रोजगारीका लागि विदेशिएका छन्।

५.१.२ प्रमुख समस्या

उत्पादनशील युवा जनशक्ति विदेशिनेक्रम जारी रहनु, ज्येष्ठ नागरिकको जनसंख्या क्रमश: बढ्दो जानु, भौगोलिक विकटता, अपाङ्ग मैत्री संरचना नहुनु, विकासको असन्तुलित वितरण, जलवायु परिवर्तन, शिक्षा, स्वास्थ्य र सुरक्षाका अवसरको अभाव र प्राकृतिक प्रकोप जस्ता कारणहरूले मानिसहरूले बसाइँसराइँ रोज्नु जस्ता यस क्षेत्रका प्रमुख समस्या हुन्।

५.१.३ चुनौती र अवसर

चुनौती

उत्पादनशील युवा जनशक्तिलाई स्वदेशमै रोजगारीका अवसर प्रदान गरी उद्यमशीलता तालिम प्रदान गरी गाँउ र समाज मै टिकाउनु, विदेशमा सिकिआएका ज्ञान र सिपलाई उपयोग गर्ने व्यवस्था गर्नु, बढ्दो ज्येष्ठ नागरिकको जनसंख्यालाई व्यवस्थापन गर्नु, अपाङ्गलाई सिपको तालिम दिनु, भौगोलिक विकटताका बावजुद विकासको सन्तुलित वितरण गर्नु, नागरिकमा शिक्षा, स्वास्थ्य र सुरक्षाको अवसरको प्रदान गर्ने गरी एकीकृत वस्तीको व्यवस्था गरी बसाइँसराइँलाई रोक्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

अवसर

संघ सरकारद्वारा जनसंख्या सम्बन्धी दीर्घकालीन योजना तयार पारिनु, १५-५९ वर्ष उमेर समुहको जनसंख्याको प्रतिशत उच्च रहेकाले सो जनशक्तिलाई गाँउ, समाज र देशको आर्थिक र सामाजिक विकासमा योगदान पुर्याउन सक्ने अवस्था रहनु, सानो परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सीपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण हुनु, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको व्यवस्थापन गर्नु, पूर्वाधार विकास, रोजगारीका अवसरहरूको सिर्जना, एकीकृत् बस्ती विकास लगायतका कार्यक्रमहरू मार्फत् बसाइँसराइँको व्यवस्थापन गर्न राज्यको

उच्च प्राथमिकता रहनु, जनसंख्या र बसाइँसराइँ व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायहरूको समेत चासो बढ्दै गएकाले संघ, प्रदेश र स्थानीय तहका सरकारबाट जनसंख्या र बसाइँसराइँ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहज बन्नु, प्रत्येक वडाकेन्द्रहरू विस्तारै प्रशासनिक तथा आर्थिक बिन्दुको रुपमा विकास हुँदै जानु, पालिका सदरमुकाम स्वत: विकास केन्द्रको रुपमा विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरु हुन्।

५.१.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

सानो परिवार, रोजगारीको अवसर एवं स्वस्थ तथा सन्तुलित बस्ती विकास ।

लक्ष्य

जनशक्तिको विन्यास तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन गर्ने।

उद्देश्य

१. जनसंख्याको वर्गिकरण गरी तथ्याङ्कलाई संस्थागत गर्नु।
२. सबै नागरिकलाई सवल र सक्रिय बनाई जीवन स्तर वृद्धि गर्नु र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु।
३. बसाइँसराइ समस्याको समाधान गर्नु।

५.१.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. जनसंख्याको वर्गिकरण गरी तथ्याङ्कलाई संस्थागत गर्नु।	
१.१ जनसंख्याको वर्गिकरण गरी तथ्याङ्क तयार पार्ने।	१.१.1 जन्म, मृत्यु, विवाह, बसाईँसराइको तथ्याङ्क तयार पारी अभिलेख दुतुस्त राख्ने। १.१.२ परम्परागत/रैथाने सिप, पेसा र अन्य सिपका आधारमा एवं गाँउ, विदेश र स्वदेशमा रहने पालिकाको जनताको जनसांख्यिक तथ्याङ्क तयार गर्ने। १.१.३ घरवार विहिन, बालबालिका, अल्पसंख्यक जात- जाति, जेष्ट नागरिक र अपाङ्गता भएका व्यक्ति तथ्याङ्क तयार पार्ने।
उद्देश्य २. सबै नागरिकलाई सवल र सक्रिय बनाई जीवन स्तर वृद्धि गर्नु र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु।	
2.1 जनशक्ति विकास एवं जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्ने ।	२.२.१ जनशक्ति विकासका लागि विस्तृत कार्य योजना बनाई लागु गरिनेछ। २.२.२ सानो र व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गरिनेछ। २.२.३ ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सिपलाई समाज र राष्ट्र विकासमा लगाउने वातावरण सिर्जना गरिनेछ एवं रैथाने ज्ञान र सिपलाई संरक्षण गरिनेछ। २.२.४ अपाङ्गहरूका लागि आत्मनिर्भर र महिलाका लागि आत्मरक्षा (स्वसुरक्षा) साथै आत्मनिर्भर तालिम प्रदान गरिनेछ। २.२.५ ज्येष्ठ नागरिक र अपाङ्गहरूको लागि सामाजिक सुरक्षा (स्वास्थ्य बीमा लगायत) तथा सामाजिक संरक्षणका कार्यक्रमहरू तयार गरी सम्वोधन गरिनेछ। २.२.५ अस्पताल एवम् स्वास्थ्य संस्थाहरूमा पनि ज्येष्ठ नागरिक र अपाङ्गहरूको सहज पहुँचको लागि सामाजिक संघसंस्थाहरूसँग

	समन्वय र सहकार्य गरी दिवा स्याहार तथा स्वास्थ्य प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ। २.२.६ अल्पसंख्यक जात-जातिको (ठकुरी, मुस्लिम आदि) संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। 2.२.७ पालिकाका सबै संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनाईनेछ।
उद्देश्य ३. बसाइँसराइ समस्याको न्युनीकरण गर्नु।	
३.1 छरिएका, पहिरोको जोखिम तथा दुर्गम क्षेत्रका वस्तीहरूलाई एकीकृत् बस्ती विकासको माध्यमबाट जोखिन न्यूनीकरण साथै आन्तरिक बसाइँसराइ न्यूनीकरण गर्ने।	३.1.1 जनसंख्या व्यवस्थापनका लागि प्रदेश सरकारको सहयोग र सरोकारवालाहरूसँगको साझेदारी र सहकार्यमा आधारभूत पूर्वाधारसहित यातायात तथा सूचनाका सञ्जालमा जोडिन प्रोत्साहन गरिनेछ। ३.1.2 छरिएका र पहिरोको जोखिममा रहेका वस्तीहरूका जनसंख्याको व्यवस्थापनका लागि प्रदेश सरकार र सरोकारवालाहरूसँग साझेदारी र सहकार्य गर्दै एकिकृत वस्ती विकासका लागि स्थान छनौट गरी आधारभूत पूर्वाधार निर्माण गरी जोखिम र आन्तरिक बसाइँसराइ न्यूनीकरण गरिनेछ।

५.१.६ कार्यक्रमका प्राथमिकता

१. जनसंख्याको वर्गिकृत तथ्याङ्क तयार पारी विकास आयोजनामा जनसंख्या कार्यक्रमलाई एकीकृत् गर्ने।

२. जनसांख्यिक लाभांश लिने।

३. आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्न

५.१.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	जन्म, मृत्यु, विवाह, बसाईँसराइको अभिलेख दुरुस्त राख्ने	संख्या		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
२			१.१.२ १.१.३	क	पालिकाको जनताको सबै प्रकारका जनसांख्यिक तथ्याङ्क तयार	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
३	२	२.१	२.१.१	क,ख	जनशक्ति विकासका लागि विस्तृत कार्य योजना बनाउने	संख्या		१			१	
४			२.१.२	क	सानो र व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहन	प्याकेज		१	१	१	३	
५			२.१.३	क,ख	ज्येष्ठ नागरिक र रैथाने अनुभव, ज्ञान, क्षमता र सिपलाई समाज संरक्षण र सम्वर्धन	संख्या/ प्याकेज		१	१	१	३	
६			२.१.४	क,ख,ग	अपाङ्गहरूका र महिलाका लागि आत्मरक्षा (स्वसुरक्षा) साथै आत्मनिर्भर तालिम प्रदान	संख्या		२	२	२	६	
७			२.१.५	क	ज्येष्ठ नागरिक र अपाङ्गहरूको घरघरमै स्वास्थ्य बीमा र सामाजिक भत्ता	प्याकेज						

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाइ	आधार वर्ष २०७५/७६	लक्ष्य			विषयगत क्षेत्र	मन्त्रालय/विभाग
					उपलब्ध							
८			२.१.६	क	अल्पसंख्यक जात-जातिको (ठकुरी, मुस्लिम) संरक्षण	प्याकेज		१	१	१	३	
९	३	३.१	३.१.१	क,ख,ग	आधारभूत पूर्वाधारसहित यातायात तथा सूचनाका सञ्जालमा जोडन	प्याकेज		१	निरन्तर	निरन्तर	१	
१०			३.१.२	क,ख	एकिकृत वस्ती विकासका लागि स्थान छनौट एवं आधारभूत पूर्वाधार निर्माण गरी जोखिम र आन्तरिक बसाइँसराइको न्यूनीकरण	प्याकेज		१			१	

५.१.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	नतिजा एकाई	आधार वर्ष (आ.व.2075/076)	नतिजा लक्ष्य			योजना अवधिका उपलब्धि	जिम्मेवार निकाय
					आ. व. २०७८/०७९	आ. व. २०७९/०८०	आ. व. २०८१/०८१		
प्रभाव	जनसंख्या तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन भएको हुने	जन्म मृत्यु, बिबाह, बसाइँसराइँको अभिलेख राखी बसाइँसराइँ घटाउने	संख्या						
असर 1	सबै नागरिक स्वस्थ, सवल र सक्रिय भई जीवन स्तरमा वृद्धि भएको हुने	प्रति परिवार औसत सदस्य	संख्या						

प्रतिफल १.१	स्वास्थ्य, विकास कार्यक्रम र जनसंख्याबीच सामञ्जस्यता कायम हुँदै जनसंख्या व्यवस्थापन समन्वयात्मक रूपमा सञ्चालनमा आएको हुने	जनसंख्या व्यवस्थापनका समन्वयात्मक कार्यक्रमको सञ्चालन							
प्रतिफल १.२	स्थानीय तह र प्रदेशमा जनसंख्या व्यवस्थापन गन संस्थागत संयन्त्र विकास भएको हुने	जनसंख्या व्यवस्थापन संयन्त्र निर्माण	संख्या						
प्रतिफल १.३	प्रदेश र स्थानीय तहमा जनसंख्या व्यवस्थापन गर्न संस्थागत संयन्त्र विकास भएको हुने	जनसंख्या व्यवस्थापन संयन्त्र निर्माण							
प्रतिफल १.४	जनसंख्या तथा दिगो विकासका कार्यक्रमहरूमा लक्षित वर्गको सुनिश्चित सहभागिता भएको हुने	लक्षित वर्गको सहभागिता कार्यक्रमको सञ्चालन							
प्रतिफल १.५	व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहान मिलेको हुने	परिवार व्यवस्थापन कार्यक्रमको सञ्चालन							
प्रतिफल १.६	ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीपलाई समाज र राष्ट्र विकासमा लगाउने वातावरणको सिर्जना भएको हुने	जेष्ट नागरिक सँग अन्तरक्रिया							
प्रतिफल १.७	सीमान्तकृत एवम् लोपोन्मुख जाति (आदि) को संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन र संस्थागत ब्यवस्था समेत भएको हुने	कार्यक्रमको प्याकेज	प्याकेज		१			१	
प्रतिफल १.८	बसाईँसराईँको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग भएको हुने	युवा अर्धबेरोजगार दर (१५ देखि २४ वर्ष) घटने	प्रतिशत						
प्रतिफल १.९	स्थानीय तहमा राखिने जनसंख्या सम्बन्धी तथ्याङ्क प्रादेशिक सञ्जालसँग आवद्ध भएको हुने	पालिकाको तथ्याङ्क प्रणाली प्रदेशसँग आबद्ध	प्याकेज						

प्रतिफल १.१०	आन्तरिक र बाह्य बसाइँसराइँ सम्बन्धी अभिलेख तथा तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने	प्रणालीको विकास	प्रतिशत							
लगानी	**वार्षिक कार्यक्रम र बजेट, परिवार नियोजन कार्यक्रम, युवा कार्यक्रम, श्रम तथा रोजगार कार्यक्रम, स्वास्थ्यक्षेत्र सुदृढीकरण कार्यक्रम, र जनसंख्या कायक्रम**									

५.२ शिक्षा क्षेत्र

५.२.१ पृष्ठभूमि

शिक्षा हरेक जनको स्वास्थ्य जीबन र सकारात्मक शोँच, व्यक्ति, समाज र देशको चौतर्फी विकास एवं हरेक क्षेत्रको विकासको श्रोत हो। शिक्षाविना कुनैपनि व्यक्ति, समाज र देशको विकास सम्भव छैन। शिक्षामा पहुँच हरेक बाल बालिका एवं नागरिकको नैसर्गिक अधिकार हो नेपालको संविधान २०७२ले **आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य एवं माध्यामिक तहको शिक्षा निशुल्क हुने व्यवस्था गर्नुका साथै माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मा स्थानीय तहलाई सुम्पिएको छ** तसर्थ सरकारले शिक्षामा जनपक्षीय नीति निर्माण गर्दै पर्याप्त मात्रामा लगानी गर्नु आबश्यक छ। यसका व्यवस्थापनको लागि आबश्यक ठाँउ र संख्यामा विद्यालयहरू (आधारभूत र माध्यमिक)को व्यवस्था, तिनीहरूका लागि आबश्यक न्युनतम भौतिकपूर्वाधार, आबश्यक संख्यामा शिक्षक र कर्मचारीको दरबन्दी सहितको व्यवस्था गर्नु जिम्मेवार तह एवं निकायको महत्वपूर्ण दायित्व हुन जान्छ।

यस गाउँपालिकाका वडानं. १को सामोङ, वडानं. ४को छलेजी र भुजुङ र वडानं.५को सिङदीमा गरी ४ वटा बालविकास केन्द्र, १९ वटा प्राथमिक (आधारभूत) विद्यालयहरू, ९ वटै वडामा एक-एक गरी ९ माध्यामिक बिद्यालायहरू र वडानं. १ अवस्थित बाग्लुङपानीमा जेटिए पढाउने एक प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन्। यी ९ माध्यामिक विद्यालयहरू मध्ये सारदा मा.वि. मालिङ, घलेउत्तरकन्या मा.वि. बगुम, त्रिभूवन विद्याश्रम मा.वि. भुजुङ, हिमालय मा.वि. सिङदी, वनस्थली मा.वि. चरागाँउ र सूर्योदय मा.वि. घाम्राङ गरी ७ वटा प्रस्तावित माध्यमिक विद्यालयहरू हुनभने सूर्योदय मा.वि. घाम्राङमा माध्यमिक तहमा कृषिको पठन-पाठन शुरु भएको छ। कूल जनसंख्या ११,७२५ मध्ये ६१९ जनाले बालविकास शिक्षा, ४,२१९ जनाले आधारभूत तह, २, ८६२ जनाले माध्यमिक तह, ७३ ले प्राविधिक एसएलसी, १२५ जनाले स्नातक तह २३ जनाले स्नाकोत्तर तह र ८ जनाले एमफिल तहको शिक्षा हासिल गरेकाछन्।त्यस्तै ३७३ जना अर्थात ३.२% ले शैक्षिक योग्यता खुलाएका छैनन् भने १,७९० जना अर्थात कूल जनसंख्याको १५.२६% निराक्षर रहेको क्व्होलासोथार गाउँपालिकाको पार्श्वचित्र-२०७६मा उल्लेख गरेको पाइन्छ।

विद्यालयहरूमा उपलब्ध हुनुपर्ने सुद्ध खानेपानी, कक्षाकोठामा डष्टविनको व्यवस्था, इन्टनेटको सुविधा, हातधुने ठाँउको व्यवस्था, प्रयोगशाला र एकिकृत पाठ्यक्रम जस्ता सूचकका आधारमा विवेचना गर्दा वडानं. २ का विद्यामन्दिर प्रा.वि. र रामोदय प्रा.वि., वडानं. ७को सूर्यज्योति प्रा.वि., वडानं. ८को सूर्योदय मा.वि., वडानं. ९का ज्वालादेबी प्रा.वि., ज्योतिबिन्दु प्रा.वि., थल्जुकन्या प्रा.वि. र बुद्धोदय मा.वि.मा शुद्ध कानेपानीको व्यवस्था छैन, त्यसैगरी वडानं. २ का रामोदय प्रा.वि., वडानं. ४को त्रिभूवन विद्याश्रम मा.वि., वडानं. ७का वनस्थली मा.वि., रत्नहिरक प्रा.वि., लालिगुराँस प्रा.वि. र जनकेशरी प्रा.वि. र वडानं. ८को सूर्योदय मा.वि.का कक्षाकोठाहरूमा डष्टविनको व्यवस्था छैन। वडानं. १को जनज्योती मा.वि., वडानं. २को सारदा मा.वि., वडानं. ३को घले उत्तरकन्या मा.वि., वडानं. ४का लालिगुराँस वालविकास पूर्व प्रा.वि., शिसु स्याहार केन्द्र र कमा प्रा.वि. र वडानं. ८को तामु प्रा.वि.मामात्र इन्टरनेट सेवा उपलब्ध छ।

५.२.२ प्रमुख समस्या

गाउँपालिकामा १५.२६% जनसंख्या निराक्षर रहनु र ३७३ जनाले शैक्षिक योग्यताका बारेमा मुख नखोल्नु पनि निराक्षरताको संकेतनै हो, हरेक वडामा एक एक मा.वि. भएपनि ७ वटा त प्रस्तावित मा.वि.का रुपमा सञ्चालनमा रहनु, आबश्यक शिक्षक दरवन्दीको अभाव, योग्यता पुगेका शिक्षकको अभाव एवं उनीहरूलाई विद्यालयमा टिकाउन मुस्किल र विद्यार्थी सख्याको कमी, विद्यार्थीमा विद्यालय छाड्ने दर उच्च, सबै जसो विद्यालयमा छात्रावासको अभाव, विद्यालयमा सञ्चालनमा रहेका कक्षाका आधारमा नभै विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरिनु, सबैजसो विद्यालयहरूमा न्युनतम पनि सूचना एवं प्रविधिको व्यवस्था हुन नसक्नु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

५.२.३ चुनौती र अवसर

चुनौती

पालिकास्तरको शिक्षा ऐन मातहत रही कार्यविधि निर्माण गर्नु, परिवर्तित व्यवस्थानुरुप शैक्षिक प्रसाशनिक संरचनाको विकास र सञ्चालन गर्नु, विद्यालय शिक्षक र कर्मचारीको दरबन्दिको गृहकार्य गरी आबश्यक दरवन्दीको व्यवस्था गर्नु, विद्यालयहरूको

भौतिकपूर्वाधार एवं न्यूनतम सुविधा (सुद्ध खानेपानी, कक्षाकोठामा डष्टविनको व्यवस्था, इन्टनेटको सुविधा, हातधुने ठाँउको व्यवस्था, प्रयोगशाला, खेल मैदान र एकिकृत पाठ्यक्रम आदि)को व्यवस्था गर्नु, छात्रावासको व्यवस्था गर्नु, निराक्षर जनताका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्नु, प्रस्तावित विद्यालयहरूको स्तर उन्नती गर्नु, गाउँका विद्यालयहरूमा शिक्षकहरूलाई टिकाइराख्नु, प्राविधिक शिक्षालयको प्रभावकारी सञ्चालन गर्नु, समय समयमा तालिम सञ्चालन गर्नु र विद्यालयहरूको निरिक्षण र नियमित अनुगमन गर्नु, सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्दै जनतामा यसप्रति विश्वास बढाउनु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क एवं मा.वि. तहको शिक्षालाई निशुल्क भनी संविधानले गरेको व्यवस्थालाई कार्यन्वयन गर्ने, तदनुरुप शैक्षिक प्रसाशनिक संरचनाको विकास गर्ने, विद्यालय शिक्षक र कर्मचारीको दरबन्दिको गृहकार्य गरी आबश्यक दरवन्दीको व्यवस्था र विद्यालयहरूका आवश्यक भौतिकपूर्वाधारका लागि संघ र प्रदेश सरकारसँग जानकारी, सहकार्य साथै व्यवस्थापनका लागि कार्य गर्ने, छरिएर रहेका विद्यालयगरूलाई गाभ्न आवश्यक छात्रावास एवं बसको व्यवस्था गर्ने, साक्षरता कक्षाहरू सञ्चालन गर्ने, प्रस्तावित विद्यालयहरूको स्तर उन्नती गर्ने, गाउँका विद्यालयहरूमा शिक्षकहरूलाई टिकाइराख्ने, प्राविधिक शिक्षालयको प्रभावकारी सञ्चालन गर्ने, समय समयमा शिक्षकका लागि तालिम सञ्चालन गर्ने र विद्यालयहरूको निरिक्षण र नियमित अनुगमन गर्ने, सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्दै जनतामा यसप्रति विश्वास बढाउने आदि यस क्षेत्रमा पाप्त अवसरहरु हुन्।

५.२.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

भौतिकपूर्वाधारयुक्त विद्यालय निर्माण र शिक्षामा समान पहुँच

लक्ष्य

प्रतिस्पर्धि र सिपयुक्त जनशक्ति तयार पार्नु।

उद्देश्य

१. विद्यालयहरूमा भौतिक तथा प्रविधिको स्तर वृद्धि गर्नु।
२. शिक्षक/प्रशिक्षकको क्षमता अभिवृद्धि गर्दै उनीहरूलाई उत्तरदायी र मर्यादित बनाउनु।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिनु।
४. साक्षारता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु।

५.२.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. विद्यालयहरूमा भौतिक तथा प्रविधिको स्तर वृद्धि गर्नु।	
१.१ विद्यालयहरूको सञ्चालन र अनुगमनका लागि संस्थागत क्षमता विकास गर्ने।	१.१.1 विद्यालयहरूको सञ्चालन र अनुगमनका लागि आवश्यक पर्ने शिक्षा नीति र कानुनी व्यवस्था गरीनुका साथै विद्यालयहरूको अभिलेख अद्यावधिक गरिनेछ। १.१.२ शिक्षाको विस्तृत रणनीतिक योजना निर्माण गरिनेछ। १.१.२ शिक्षाको गुणस्तर अभिवृद्धिका लागि लगानीमा वृद्धि गरिनेछ।
१.२ विद्यालयहरूको भौतिक पुर्वाधार र आवश्यक दरवन्दीको व्यवस्था गर्नु।	१.२.१ संघीय सरकार, प्रादेशीक सरकार, जिल्ला समन्वय समिति, सांसदहरू, दातृसंस्थाहरू, र चन्दादाताहरू समेतको समन्वय र सहयोगमा विद्यालयहरूको अपुग भौतिक पुर्वाधार (भवन, शौचालय, प्रयोगशाला, पुस्तकालय, खेलमैदान र खेलकुदका सामग्री आदि) को व्यवस्था गरिनेछ। १.२.२ संघीय सरकार, प्रादेशीक सरकार, शिक्षा समन्वय समिति समेतको समन्वय र सहयोगमा प्रस्तावित विद्यालयहरूलाई स्थायी

	स्वीकृतिका लागि पहल गरिनेछ। १.२.३ रणनितिगत योजना तयार पारी छरिएका वस्तिहरूमा रहेका विद्यालयहरूलाई आवश्यक सङ्ख्यामा एकिकृत आवासीय विद्यालय निर्माण गरी विस्थापन गर्न संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पहल गरिनेछ। १.२.४ संघीय सरकार, प्रादेशीक सरकार, शिक्षा समन्वय समिति समेतको समन्वय र सहयोगमा विद्यालयहरूमा काक्षाका आधारमा अपुग दरबन्दीको व्यवस्था गरिनेछ।
१.३ विद्यालयहरूको प्राविधिक पुर्वाधार निर्माण गर्नु।	१.३.१ विद्यालयहरूलाई न्यूनतम प्राविधि मैत्री बनाइनेछ।
उद्देश्य २. शिक्षक/प्रशिक्षकको क्षमता अभिवृद्धि गर्दै उनीहरूलाई उत्तरदायी र मर्यादित बनाउनु।	
2.1 तालिमको आयोजना गर्ने।	2.1.1 प्रथम पटक शिक्षण पेसामा प्रवेश गर्ने पालिकाभित्रका शिक्षकहरूलाई शिक्षण/अध्यापन विधिबारे अभिमुखीकरण तालिम प्रदान गरी शिक्षक/प्रशिक्षक कार्यमा लगाइनेछ। 2.1.2 पालिकामा कार्यरत शिक्षक/प्रशिक्षकको क्षमता अभिवृद्धि गर्न समय समयमा तालिम र कार्यशालाको आयोजना गरिनेछ।
2.२ शिक्षण उपलब्धि अभिलेख तयार पारी विद्यालय, प्र.अ. र शिक्षकलाई जनउत्तरदायी बनाउने।	२.२.१ हरेक बर्ष पालिका भित्रका विद्यालयहरूका कक्षा ५, ८, १० र १२को शिक्षण उपलब्धि अभिलेख तयार पारिनेछ। २.२.२ पालिकास्तरमा राम्रो शिक्षण उपलब्धि हासिल गर्ने विद्यालयलाई बर्षेनी पुरस्कृत गरिनेछ साथै राम्रो शैक्षिक वातावरण तयार पार्ने प्र.अ.लाई पुरस्कृत गरिनेछ। २.२.३ पालिकास्तरमा राम्रो नतिजा हासिल गर्ने अङ्ग्रेजी, नेपाली, गणित, र विज्ञानका शिक्षकहरूलाई बर्षेनी पुरस्कृत गरिनेछ। २.२.४ राष्ट्रिय र पालिकागत औषतभन्दा कमजोर नतिजा हासिल गर्ने विद्यालय, विद्यालयका प्र.अ. र बिषय शिक्षकहरूलाई सचेत गराइनेछ।
उद्देश्य ३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिनु।	
३.१ सबै विद्यार्थिलाई आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सिप प्रदान गर्ने पाठ्यक्रमा समावेस गर्न पहल गर्ने।	३.१.१ संघ र प्रदेश सरकारको समन्वय र सहयोगमा विद्यालय स्तरको पाठ्यक्रममा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सिप एवं जीवनोपयोगी शिक्षा प्रदान गर्ने पाठ्यक्रम तयार गर्न पहल गरिनेछ। ३.१.२ विद्यालयका शिक्षकहरूलाई आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सिप प्रदान गर्ने गरी पेसागत दक्षता अभिवृद्धि गरिनेछ। ३.१.३ प्रदेश सरकार र गण्डकी प्राविधिक शिक्षालयसँगको समन्वय र सहकार्यमा शिक्षक, विद्यार्थी एवं युवाहरूलाई प्राविधिक विषयमा व्यावसायिक र उद्योमशिलता तालिम प्रदान गरिनेछ।
उद्देश्य ४. साक्षारता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु।	
४.१ अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापानार्थ प्रदेश सरकारसँग सहकार्य गर्ने।	४.१.१ निराक्षर जनतालाई साक्षार बनाउन अनौपचारिक, बाल तथा प्रौढ शिक्षा कक्षाहरू सञ्चालन गरिनेछ।

	४.१.२ अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको समतुल्य गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ। ४.१.३ पालिकाका विभिन्न स्थानमा पुस्तकालय एवं वाचानालय स्थापना गरी अनौपचारिक र औपचारिक पठन संस्कृतिको निर्माण एवं शिक्षालाई प्रोत्साहन गरिनेछ।

५.२.६ कार्यक्रमका प्राथमिकता

१. पालिकामा सञ्चालिन विद्यालयहरूमा आवश्यक दरवन्दीको संख्या निर्धारण गरी सो को पूर्तिका लागि संघ, प्रदेश सरकार र शिक्षा विकास तथा समन्वय एकाईसँग पहल गर्ने।

२. विद्यालयहरूका मर्जरका लागि विद्यालयहरूको छनौट र तदनुरुप भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्ने।

३. साधारण धारका विद्यालयहरूलाई प्राविधिक धारमा रुपान्तरण गर्न संघ, प्रदेश सरकार र शिक्षा विकास तथा समन्वय एकाईसँग समन्वय गर्ने।

५.२.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	शिक्षा नीति र कानुनी व्यवस्था गरीनुका साथै विद्यालयहरूको अभिलेख अद्यावधिक गर्ने	संख्या		१			१	शिक्षा शाखा
२			१.१.२	क,ख	शिक्षामा लगानी वृद्धि	रु हजारमा						शिक्षा साखा
३		१.२	१.२.१	क, ख र ग	विद्यालयहरूको अपुग भौतिक पुर्वाधार (भवन, शौचालय, प्रयोगशाला, पुस्तकालय, खेलमैदान र खेलकुदका सामग्री आदि) को निर्माण	संख्या		१	१	१	३	शिक्षा साखा
४			१.२.३	क, ख	प्रस्तावित विद्यालयहरूलाई स्थायी स्वीकृति	संख्या		२	२	३	७	शिक्षा साखा
			१.२.३	क,ख	विद्यालयहरूमा शिक्षक दरवन्दी आपुर्ति गर्ने	संख्या						शिक्षा साखा
			१.२.४	क,ख,ग	एकिकृत आवासीय विद्यालय निर्माण	संख्या		२			२	शिक्षा साखा
५		१.३	१.३.१	क, ख, ग	विद्यालयहरूलाई न्यूनतम प्राविधि मैत्री र बालमैत्री बनाउने	संख्या		निरन्तर	निरन्तर	निरन्तर	१	शिक्षा साखा

क्र. सं.	उद्देश्य	रणनीति	कार्यनीति	संकेत नं.	कार्यक्रम	एकाइ	आधार वर्ष २०	लक्ष्य			जिम्मेवार	प्रमाण
६	२	२.१	२.१.१	क, ख	शिक्षकहरूलाई शिक्षण/अध्यापन अभिमुखीकरण तालिम प्रदान	संख्या		२	१	१	३	शिक्षा साखा
७			२.१.२	क, ख र ग	कार्यरत शिक्षक/प्रशिक्षकको क्षमता अभिवृद्धि	संख्या	१	१	१	१	३	शिक्षा साखा
८		२.२	२.२.१	क	कक्षा ५, ८, १० र १२को शिक्षण उपलब्धि अभिलेख तयार पार्ने	संख्या		१	निरन्तर	निरन्तर	१	शिक्षा साखा
९			२.२.२	क	राम्रो शिक्षण उपलब्धि हासिल गर्ने विद्यालय र प्र.अ.लाई पुरस्कृत गर्ने	संख्या		१	१	१	३	शिक्षा साखा
१०			२.२.३	क	अङ्ग्रेजी, नेपाली, गणित, र विज्ञान विषयमा राम्रो नतिजा हासिल गराउन सफल शिक्षकहरूलाई पुरस्कृत गर्ने	संख्या		४	४	४		शिक्षा साखा
११			२.२.४	क	राष्ट्रिय र पालिकागत औषतभन्दा कमजोर नतिजा हासिल गर्ने विद्यालय, विद्यालयका प्र.अ. र बिषय शिक्षकहरूलाई सचेत गराउने र आवश्यक परे नसियत दिने	संख्या						शिक्षा साखा
१२	३	३.१	३.१.१	क,ख,ग	पाठ्यक्रममा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सिप एवं	प्याकेज		१	निरन्तर	निरन्तर	१	शिक्षा साखा

क्र. सं.	उद्देश्य	रणनीति	कार्यनीति	मापदण्ड	कार्यक्रम	एकाइ	आधार वर्ष २०	लक्ष्य			बजेट	दायित्व
					जीवनोपयोगी शिक्षा प्रदान गर्ने पाठ्यक्रम तयार एवं स्थानीय भाषा, संस्कृतिलाई समावेस गर्ने							
१३			३.१.३	क,ख	शिक्षक, विद्यार्थी एवं युवाहरूलाई प्राविधिक विषयमा व्यावसायिक र उद्योमशिलता तालिम प्रदान	प्याकेज		१	१	१	३	शिक्षा साखा
१४	४	४.१	४.१.१	क	सबैलाई साक्षार बनाउने	प्रतिशत	८२.५	६	६	५.५		शिक्षा साखा
१५			४.१.२	क,ख,ग	अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको समतुल्य बनाउने	पहल						शिक्षा साखा
१६			४.१.३	क,ख	घलेगाँउ र गिलुङमा सार्वजनिक पुस्तकालय स्थापना	संख्या		१	१		२	शिक्षा साखा

५.२.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	नतिजा एकाई	आधार वर्ष (आ.व.2075/076)	नतिजा लक्ष्य			योजना अवधिका उपलब्धि	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९/ ०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	प्रादेशिक एवं राष्ट्रिय प्रतिस्पर्धी जनशक्ति उत्पादन भएको हुने	प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने विद्यालय र प्राविधिक शिक्षालय	प्रतिशत						
असर 1	दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण भएको हुने	आधुनिकिकरण भएका विद्यालयहरू	प्रतिशत						"
	सबै बालबालिकाको पहुँचमा माध्यमिक तहसम्मको शिक्षा पुर्याउन र शिक्षाको गुणस्तरमा वृद्धि गर्न स्थानीय तहसँग समन्वय भएको हुने	बालकक्षा पूर्व प्राथमिक तहको अनुभब सहित कक्षा १ मा भर्ना दर	प्रतिशत						"
		आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर	प्रतिशत						
		आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर	प्रतिशत						
		आधारभूत तह (कक्षा १–८) मा कूल भर्ना दर	प्रतिशत						
		आधारभूत तह (कक्षा १–८) मा लैङ्गिक समता सूचकाङ्क	प्रतिशत						
		माद्यामिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर	प्रतिशत						
		आधारभूत तह (कक्षा ९–१२) मा कूल भर्ना दर	प्रतिशत						
		आधारभूत तह (कक्षा ९–१२) मा लैङ्गिक समता सूचकाङ्क	प्रतिशत						
		आधारभूत तह (१-५)मा विद्यार्थी भर्नामा वृद्धि	प्रतिशत						"
		आधारभूत तह (६-८)मा विद्यार्थी भर्नामा वृद्धि	प्रतिशत						"
		माद्यमिक तह (९-१०)मा विद्यार्थी भर्नामा वृद्धि	प्रतिशत						"

		माद्यमिक तह (११-१२)मा विद्यार्थी भर्नामा वृद्धि	प्रतिशत						"
		विद्यालय शिक्षा (१–१२ मा) शिक्षक बिद्यार्थी अनुपात	अनुपात						"
		आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बिद्यार्थी	प्रतिशत						"
प्रतिफल १.१	शिक्षामा सबैको पहुँच पुर्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल भएको हुने	शिक्षामा सबैको पहुँचका लागि पालिका नीति नियम निर्माण र कार्यान्वयन	संख्या		१			१	"
प्रतिफल १.२	शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि भएको हुने	विद्यार्थी भर्ना र टिकाउका लागि कार्यक्रमको सञ्चालन	संख्या		१	१	१	३	"
		शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी क्षमता विकास भएका शिक्षकहरूको अनुपात	अनुपात						"
		विषयगत शिक्षक समूह गठन गरि परिचालन	संख्या						"
		शिक्षक व्यवस्थापनमा सहजीकरण	संख्या		१	१	१	३	"
		विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम भएका विद्यालय	संख्या						"
		विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलीकरण गर्ने कार्यक्रमको सञ्चालन	संख्या						"
प्रतिफल १.३	स्थानीय तहसँगको सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना भएका हुने	क्षमता विकास हाँसिल गरेका बालविकास केन्द्रका सहजकर्ताहरूको संख्या	संख्या						"
		सुदृढीकरण गरिएका बालविकास केन्द्रको संख्या	संख्या						

		दिवा खाजा व्यवस्थापन गरिएका बालविकास केन्द्रको संख्या	संख्या						
प्रतिफल १.४	दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रहरूका विद्यालय नमुना आवासीयका रुपमा छनौट भएका विद्यालयहरू नमुना विद्यालयका रुपमा रुपान्तरित भएका हुने	एकीकरण समायोजन गरिएका न्यून विद्यार्थी संख्या भएका विद्यालयको संख्या							
		शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षमा सुधार गरिएका विद्यालयको संख्या							
		नमुना आवासीय विद्यालयका रुपमा विकास,सञ्चालन र व्यवस्थापन गरिएका विद्यालयको संख्या	संख्या						"
		आवासीय सुविधा वितरण गरिएका आवासीय विद्यार्थीहरूको संख्या							
		यातायातका साधनको व्यवस्था भएका विद्यालयहरूको संख्या							
		व्यवस्थापकीय सूधार गरिएका आदर्श विद्यालयको संख्या							
	माध्यमिक विद्यालयमा ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडीबुटी र पेशा व्यवसाय जस्ता विषय र ११-१२मा विज्ञान पढाउने सो को लागि वैधानिक संयन्त्र निर्माणको पहल	आधारभूत तहमा स्थानीय भाषामा पाठ्यक्रम तर्जुमा माध्यमिक विद्यालयका लागि पर्यटन, कृषि, जडीबुटी र पेशा व्यवसाय विषयहरू पढाउने विद्यालयहरू र ११-१२ मा विज्ञान बिषय पढाउने विद्यालयको संख्या							
	आधारभूत तहका प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास भएको हुने	मातृभाषामा शिक्षण एवम् स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकासको पहल	प्याकेज		१			१	

	पालिका भित्रका सबै विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार भएको हुने	सिकाइ उपलब्धि अध्ययन, विश्लेषण, पुरस्कार र सजाय भएको अवस्था	संख्या		१	१	१	३	
		विद्यालय र कार्यरत जनशक्तिको क्षमता विकास एवम् विद्यार्थीमैत्री शिक्षण प्रविधिको व्यवस्थापन	संख्या		१	१	१	३	
		बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि स्थापित र सञ्चालित आवासीय विद्यालयको संख्या	संख्या		१			१	
	विद्यालयमा संगीत र खेलकुद शिक्षालाई प्रवद्र्धन गर्न कम्तीमा एक संगीत खेलकुद विशेष विद्यालय सञ्चालन गर्न छनौट गरिएको उपयुक्त विद्यालयलाई प्राविधिक तथा भौतिक सहायता वितरण भएको हुने	संगीत र खेलकुद प्रवद्र्धन गर्ने विद्यालयहरूको सुदृढीकरण गर्ने	संख्या						
		सूचना प्रविधि व्यवस्थापन भएका सामुदायिक माध्यामिक विद्यालयहरूको संख्या	संख्या		३	३	३	९	
		संगीत, खेलकुद र कला प्रवद्र्धन गर्ने क्षमता विकास कार्यक्रमका सहभागीको संख्या	संख्या		९	९	९	२७	
		विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान गर्ने कार्यक्रमको संख्या	संख्या		१	१	१	३	
	कार्यरत शिक्षकको योग्यता,सक्षमता र सेवा सर्त सम्बन्धी प्रादेशिक मापदण्ड लागु भएको हुने	शिक्षकहरूमा सिकाइ सक्षमता बढाउन आवश्यक नीति, नियम र पालिकागत मापदण्ड तर्जुमा भएको अवस्था							

	माध्यमिक तहमा विषयगत शिक्षकको तत्काल परिपूर्ति गर्ने प्रयोजनका लागि प्रदेश सरकारसँग समन्वयमा विश्वविद्यालयका योग्य नयाँ विद्यार्थी तथा इच्छुक व्यक्तिहरूसमेटिएको स्वयंसेवी शिक्षक दलको व्यवस्था गरी परिचालन भएको हुने	विद्यालयमा विषयगत शिक्षकको तत्काल परिपूर्तिका लागि प्रदेश सरकारसँग समन्वयमा स्वयंसेवी शिक्षक दलको गठन र परिचालन							
	साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढेको हुने	पाँच वर्ष देखिमाथि उमेर समूहको जनसंख्याको साक्षरता दर	प्रतिशत						
		युवा शाक्षरता दर (१५–२४ वर्ष) साक्षारता दर	प्रतिशत						
	औपचारिक शिक्षा निरन्तरता दिन नसक्ने नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न तथा व्यक्तिका स्वआर्जित ज्ञान, सीपलाई समतुल्य वा प्रमाणीकरण गर्न प्रदश र संघीय सरकारसँग समन्वय	औपचारिक शिक्षाबाट प्राप्त स्वआर्जित ज्ञान, सीपलाई समतुल्य वा प्रमाणीकरण गर्न प्रदश र संघीय सरकारसँग समन्वय गरिएको हुने							
	विद्यालय शिक्षामा जीवनोपयोगी सीप एकीकृत् रुपमा समावेश भएको हुने	पाठ्यक्रम कार्यान्वयनका पक्षहरूमा जीवनोपयोगी सीपलाई आवद्ध गर्ने विद्यालयको संख्या							
		प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने सुदृढीकरण गरिएका विद्यालयहरूको संख्या							

	विद्यालयलाई वातावरणीय दृष्टिले जीवन्त प्रयोगशाला बनाउन भौतिक तथा प्राविधिक पक्षको विकास भई सुदृढीकरण भएको हुने	विद्यालय वातावरण सुदृढीकरणका लागि निर्मित हरित विद्यालयको संख्या							

मुख्य क्रियाकलाप:	**विद्यालय सञ्चालन र व्यवस्थापन, बिद्यार्थी भर्ना कार्यक्रम, जनशक्ति व्यवस्थापन र विकास, पूर्वाधार निर्माण, पुस्तकालय र प्रयोगशालाको स्थापना र सामग्री थप, पाठ्यपुस्तक र पाठ्यसामग्रीको व्यवस्थापन वितरण, विपन्न र असहायहरूलाई पोशाक, खाजा वितरण, र खेलकुद मैदान**
लगानी	**विद्यालय सञ्चालन र विकास, जनशक्ति निर्माण र तालिम, पूर्वाधार, पोशाक, खाजा, पाठ्यपुस्तक**

५.३ स्वास्थ्य तथा पोषण

५.३.१. पृष्ठभूमि

नेपालको संविधान भाग ३ मौलिक हक र कर्तव्य महलको ३५ नं. बुदामा स्वास्थ्य सम्बन्धि हकको व्यवस्था गरेको छ भने गण्डकी प्रदेशले २०७५ भाद्र १३ गते पूर्णखोपयुक्त प्रदेश घोषणा गरेको छ।स्वास्थ्य जीबन र सकारात्मक शोँच व्यक्ति, समाज र देश विकासका लागि महत्वपूर्ण विषयहरू हुन। स्वास्थ्य जीबनका लागि उपयुक्त र आवश्यक मात्रामा खान-पिन (सन्तुलित भोजन र सफा पानी), व्यायाम, प्रयाप्त आराम, मनोरञ्जन, समयमा उपचारको व्यवस्था, सकारात्मक सोंच र आत्माविश्वासको जरुरी पर्दछ। यस बिपरित सन्तुलित भोजन, व्यायाम, प्रयाप्त आराम, मनोरञ्जन, समयमा उपचारको व्यवस्था र सकारात्मक सोंचको अभाव र आत्माविश्वासको कमिले ब्यक्तिलाईमात्र नभै समाज र सिङ्गो देशलाई समेत रोगी बनाउँदछ। स्वास्थ्य र निरोगी जीबनले सामाजिक सद्भाव र एकतामा वृद्धि, मात्री-शिशु मृत्युमा ह्रास, बृद्ध-बृद्धाहरूको संख्या वृद्धि गर्दै **हाम्रो गाउँ राम्रो गाउँ** र "सुखी नेपाली समृद्ध नेपाल"लाई सार्थक बनाउन सहयोग पुर्याउने छ।

क्व्होलासोथार गाउपालिकामा बसोवास गर्ने कूल जनसंख्या ११,७२५ मध्ये ७९५९ (६७.८९%) जनामा कुनै रोग नदेखिएको (स्वस्थ्य), २५२ (२.१५%) जना दीर्घ रोगी, २२०७ (१८.८२%) जना सामान्य रोगी र १३०७ (११.१४%) जनाले स्वास्थ्य स्थीति उल्लेख नगरेको पाइन्छ। कूल जनसंख्याको ६.५९% अर्थात ७७२ जना ७० बर्ष माथिका वृद्ध-वृद्धाहरू रहेका छन् भने पालिकाभित्र १११ महिला र १६२ पुरुष गरी कूल २७३ फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिहरू बसोबास गर्दछन्।

९ वडाहरू रहेको गाउँपालिकाको वडा नं. १मा बाग्लुङपानी स्वास्थ्य चौकी, वडा नं. २मा मालिङ स्वास्थ्य चौकी र शैलुङ सामुदायिक स्वास्थ्य एकाइ, वड नं. ३मा उत्तरकन्या स्वास्थ्य चौकी र घलेगाउँ सामुदायिक स्वास्थ्य एकाइ, वडा नं. ४मा भुजुङ स्वास्थ्य चौकी र कमागाउँ सामुदायिक स्वास्थ्य एकाइ, वडा नं. ५मा सिङदी सामुदायिक स्वास्थ्य एकाइ, वडा नं. ६मा पसगाउँ स्वास्थ्य चौकी, वडा नं. ७मा भोजे स्वास्थ्य चौकी, वडा नं. ८मा घाम्रुङ सामुदायिक स्वास्थ्य एकाइ र वडा नं. ९मा साल्मेभन्ज्याङ स्वास्थ्य चौकी गरी कूल ७ स्वास्थ्य चौकी र ५ सामुदायिक स्वास्थ्य एकाइहरूबाट जनताहरूलाई स्वास्थ्य सेवा प्रदान गरिदै आएका छन्। यी १२ स्वास्थ्य संस्थाहरूमध्ये ७ वटामा प्रसुती सेवा उपलब्ध छ, १ (बाग्लुङपानी स्वास्थ्य चौकी)मा मात्र प्रयोगशालाको सुविधा छ भने एउटामा मात्रपनि एक्सरे सेवा उपलब्ध छैन। ७ वटामा प्रयाप्त औषधिको व्यवस्था छ, १२वटामै परिवार नियोजन र परामर्श सेवा उपलब्ध छन्। ११ वटामा खोप र सुरक्षित मातृत्व सेवा उपलब्ध छन्। यस्तै ६वटामा क्लिनिक, ४ वटामा रक्तसंचार, ८ वटामा इमर्जेन्सी र १ वटामा मात्र एम्वुलेन्स सेवा उपलब्ध छन् भने जेष्ठ नागरीकहरूको वडास्तरमै गएर स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइएको छ।

यस पालिकाका १२ स्वास्थ्य संस्थाहरूमा २१ अनमी, १५ अहेव, १ नर्स, ७ हेव र ७ चिकित्सकको दरवन्दी रहेकोमा १८ अनमी, १० अहेव, ० नर्स, २ हेव र ५ चिकित्सकहरू कार्यरत रहेकाछन् भने बाँकी दरबन्दीमा जनशक्तिको आपुर्ति भएको छैन।त्यसैगरी बागलुङपानी स्वास्थ्यचौकीमा प्रयोगशालाको सुबिधा रहनुकासाथै १ ल्याबटेक्नोसियन दरबन्दी र सो दरबन्दीमा १ जनशक्ति कार्यरत रहेको पाइन्छ। यस पालिकामा एउटा पनि विशेषज्ञ चिकित्सकको दरबन्दी देखिदैन।संघीय सरकारले एक पालिका १ अस्पतालको अवधारणा अनुसार मंसिर १५, २०७७मा साल्मेभञ्ज्याङमा एक अस्पताल भवनको शिलन्यास गरिएको छ।

उपचारमा गरिने विश्वासका आधारमा प्रथम पटक १९८९ जनाले स्वास्थ्य चौकी, १९६ जनाले स्थानीय स्वास्थ्यकर्मी, ५९ जनाले जिल्लास्थित निजी अस्पताल, ५० जनाले धामी-झाक्री, ४६ जनाले औषधि पसल, २९ जनाले जिल्ला सरकारी अस्पताल, २५ जनाले जिल्ला बाहिरका सरकारी अस्पताल, २४ जनाले प्राथमिक स्वास्थ्य केन्द्र र ९ जनाले क्लिनिकबाट स्वास्थ्य उपचार गरेको पाइन्छ। पालिकाभित्र देखिएका १३० महिला र १२२ पुरुष गरी कूल २५२ दीर्घरोगीहरू मध्ये ५६ महिला र ३९ पुरुषगरी ९५ जना उच्च रक्तचाप, १३ महिला र १९ पुरुष गरी ३२ जना दम, १६ महिला र ११ पुरुष गरी २७ जना मुटु रोग, ९ महिला र १२ पुरुष गरी २१ जना मधुमेह, १ महिला र ४ पुरुष गरी ५ जना मृगौला र ३५ महिला र ३७ पुरुष गरी ७२ जना अन्य रोगबाट पिडित रहेका छन्। गत एक बर्षमा कूल ७१ जना मृत्यु हुने मध्ये कालगतिले १२ महिला र २० पुरुष गरी ३२ जना, महामारीका कारण १ महिला र ३ पुरुष गरी ४ जना, दम रोगका कारण १ महिला र ५ पुरुष गरी ६ जना, दुर्घटनाका कारण ६ पुरुष, क्यान्सरका कारण २ महिला र २ पुरुष गरी ४ जना, उच्च रक्तचापका कारण १ महिला र ३ पुरुष गरी ४ जना, टी.बी. जस्ता सर्ने रोगका कारण १ महिला र २ पुरुष गरी ३ जना,

आत्महत्याबाट ३ महिला, मातृ-शिशु १ महिला र २ पुरुष गरी ३ जना, HIV/AIDSका कारण १ पुरुष, मधुमेहका कारण १ पुरुष र अन्य रोगका कारण २ महिला र २ पुरुष गरी ४ जनाको मृत्यु भएको छ।

गतबर्षसम्म १३८ महिला र १४३ पुरुष गरी २८१ जनाले जीबन बीमा, १४ महिला र ९ पुरुष गरी २३ जनाले स्वास्थ्य बीमा, ९ महिला र ६४ पुरुष गरी ७३ जनाले दुबै बीमा गरेकाछन् भने ५५१३ महिला र ५८३५ पुरुष गरी ११,३४४ले विमा नगरिएको पाइएको छ। गतबर्ष विभिन्न खोपकेन्द्रहरूबाट १ बर्ष मूनिका १५४, २ बर्ष मूनिका २७९ र ५ बर्ष मूनिका ६२६ बालबालिकाले खोप सेवा प्राप्त गरेकाछन्।

५.३.२ प्रमुख समस्या

क्व्होलासोथार गाँउपालिकाका स्थानीय स्वास्थ्यचौकीमा आबश्यक दरबन्दी नहुनु र भएका दरबन्दीमा पनि जनशक्ति आपुर्ति नहुनु, पालिकाभरीमा एउटा पनि बिशेषज्ञ चिकित्सकको दरबन्दी नहुनु, उपयुक्त प्रयोगशालाको व्यवस्था नहुनु, पर्याप्त एम्बुलेन्सको व्यवस्थापन नहुनु, सर्ने तथा नसर्ने रोगहरूबाट जनता ग्रसित हुनु, कुपोषणको प्रभाव, दुर्घटना भैरहनु, जनताको ठुलो संख्यामा स्वास्थ्य चौकी र चिकित्सक भन्दा धामी-झाक्रीप्रति अझैपनि अगाध विश्वास रहनु, खाद्य असुरक्षा, मातृ-शिशुको पोषणमा सुधार हुन नसक्नु, आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

५.३.३ चुनौती र अवसर

चुनौती

पालिकास्तरको स्वास्थ्य र सामाजिक सुरक्षाको एकिकृत अल्पकालिन र दीर्धकालिन परियोजना निर्माण गरी त्यसलाई कार्ययोजना साथ कार्यन्वयन गर्नु, सिलन्यास भैसकेको पालिकास्तरको अस्पताल समयमै निर्माण सम्पन्न गर्न पहल गर्नु, पालिकाभित्रका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य एकाइहरूमा परिभाषित दरबन्दीमा पदपुर्ति गर्नु र थप दरबन्दीका लागि पहल गर्नु, स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य एकाइहरूको क्षमता (प्रयोगशाला, औषधि, उपकरण, अदि) बिस्तार गर्दै आधारभूत स्वास्थ्य सेवाको सूनिश्चतता गरी व्यक्तिगत खर्च घटाउनु, बदलिदो जीबनशैली, आहार-विहार र जनस्वास्थ्य प्रति नागरिकमा सचेतना जगाउनु, बुढाबुढी र असहायहरूको लागि योग र सत्सङ्ग गर्ने बृद्धाश्रम, सत्सङ्ग वा योगकेन्द्रको स्थापना गरी सञ्चालन गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

पालिकामा रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य एकाइहरूको क्षमता (प्रयोगशाला, औषधि, उपकरण, अदि) बिस्तार र दक्ष जनशक्तिका लागि संघीय र प्रदेश सरकारसँग समेत समन्यय गर्दै आधारभूत स्वास्थ्य सेवाको सूनिश्चतता गरी स्वास्थ्य नागरिक तयार पार्ने, बदलिदो जीबनशैली, आहार-विहार र जनस्वास्थ्य प्रति नागरिकमा सचेतना जगाउने, बुढाबुढी र असहायहरूको लागि योग र सत्सङ्ग गर्ने बृद्धाश्रम, सत्सङ्ग वा योगकेन्द्रको स्थापना गरी सञ्चालन गर्ने जस्ता कार्यहरू यस उप-क्षेत्रका प्राप्त अवसरहरु हुन्।

५.३.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

सुखी र समृद्ध पालिका निर्माणको आधार, स्वास्थ्य र सुरक्षित क्व्होलासोथारबासी जनता

लक्ष्य

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा क्व्होलासोथारबासी जनतामा पुर्याउने।

उद्देश्य

१. निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा जनताको पहुँच विस्तार गर्नु।
२. जनस्वास्थ्य, मात्री-शिशु स्वाहार र पोषणबारे जनचेतना अभिवृद्धि गर्नु।
३. स्वास्थ्य सेवाको व्यवस्थापनलाई सुदृढिकरण गर्नु।

५.३.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति

उद्देश्य १. निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा जनताको पहुँच विस्तार गर्नु।	
१.१ निशुल्क स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्ने।	१.१.१ अस्पताल र स्वास्थ्य चौकीमा आवश्यक न्यूनतम दरवन्दी र तदनुरुप जनशक्तिको व्यवस्थापनका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। १.१.२ जनतालाई निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ। १.१.३ स्वास्थ्य सेवालाई समयानुसार सुधार र स्तरउन्नती गरिनेछ। १.१.४ स्वास्थ्य सेवालाई मात्रीशिसु, जेष्ठ नागरिक, अपाङ्गमैत्री बनाइनेछ। १.१.५ प्रदेश सरकारको समन्वयमा एक स्वास्थ्य संस्था एक विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीको व्यबस्था गरिनेछ।
१.२ गुणस्तरिय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने।	१.२.१ नागरिकको स्वास्थ्य विमा गरी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। १.२.२ विशेषज्ञ स्वास्थ्यकर्मीहरूको सम्लग्नतामा समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। १.२.३ प्रत्येक विद्यालयमा मासिकरूपमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गरिनेछ। १.२.४ प्रदेश सरकारको समन्वय र सहकार्यमा स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक र औषधीय गुणयुक्त जडिबुटीको पहिचान, सङ्कलन, संरक्षण र प्रशोधन गरिनेछ। १.२.५ स्वास्थ्य संस्थामा सृजित फोहरको उचित व्यवस्थापन गरिनेछ।
उद्देश्य २. जनस्वास्थ्य, मात्री-शिशु स्वाहार र पोषणबारे जनचेतना अभिवृद्धि गर्नु।	
2.1 जनतामा स्वास्थ्य सम्वन्धि चेतना अभिवृद्धि गर्ने।	2.1.1 जिल्ला जनस्वास्थ्य शाखासँगको समन्वय र सहकार्यमा स्वास्थ्यमा प्रतिकूल असर पुर्याउने सुर्तीजन्य पदार्थ, नसालु मदिरा, विषादी रसायन अखाध्य वस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन, सर्ने र नसर्ने रोग, एवं खाद्य र अखाद्य वस्तुहरूबारे जानकारीमुलक कक्षाहरू, महिला स्वास्थ्यकर्मी, विद्यालयका शिक्षक र विद्यार्थी, युवा क्लव र आमा समुहको सम्लग्नतामा सञ्चालन गरिनेछ। २.१.२ ग्रामीण महिला स्वास्थ्यकर्मीलाई जिल्ला जनस्वास्थ्य शाखा र विज्ञहरूसँगको समन्वय र सहकार्यमा जनस्वास्थ्य, मात्री-शिशु स्याहार र सुरक्षित मातृत्वबारेमा समय समयमा तालिम प्रदान गरिनेछ। 2.1.३ गर्भवती महिला र नवजात शिशुको रेखदेख र स्याहार एवं सुरक्षित मात्रीत्वका लागि ग्रामीण महिला स्वास्थ्यकर्मी, तालिमप्राप्त सुढेनी र स्वास्थ्य चौकीलाई परिचालन गरिनेछ। 2.1.४ कुपोषण न्यूनीकरण र खानेव्यहोरामा सुधार गर्न गुणस्तरीय एवं खाद्यपदार्थको पहुँच र उपभोग बढाउदै स्वस्थ्य बानी र व्यवहारलाई प्रवर्धन गरिनेछ।
उद्देश्य ३. स्वास्थ्य सेवाको व्यवस्थापनलाई सुदृढिकरण गर्नु।	
३.1 सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकिकृत	३.1.1 सर्ने र नसर्ने रोगका रोगीहरूको अभिलेख तयार पारी ती रोगहरूको

गर्ने।	रोगथाम, नियन्त्रण र उन्मुलनका कार्यक्रमहरू तयार पारी कार्यन्वयन गरिनेछ। ३.१.२ एकीकृत स्वास्थ्य सूचना प्रणाली तथा रोगको निगरानीलाई प्रविधिमैत्री बनाइनेछ। ३.1.३ जिल्ला, प्रदेश र केन्द्रमा रहेका सुविधा सम्पन्न अस्पतालसँगको समन्वय र सहकार्यमा पालिकाको एक स्वास्थ्य चौकीमा दूर स्वास्थ्य उपचार विधि (Tele medicine) सेवा उपलब्ध गराइनेछ।

५.३.६ कार्यक्रमका प्राथमिकता

१. स्वास्थ्य संस्थाहरूलाई साधन स्रोतयुक्त बनाउने एवं खोप, मात्री-शिशु, दिर्घरोगी र जेष्ठनागरिक सेवालाई थप प्रभावकारि बनाउने।

२. संघीय सरकार, प्रदेश सरकार, सुविधासम्पन्न अस्पताल, जिल्ला जनस्वास्थ्य शाखा र सोकारवाला गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

३. जनस्वास्थ्य सम्वन्धि चेतना अभिवृद्धिका लागि तालिम र कार्यशालाहरू सञ्चालन गर्ने।

४. कूपोषण र मात्री-शिशु मृत्युदरलाई न्यूनीकरण गर्ने।

५.३.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
	१	१.१	१.१.१	क	जनशक्ति र दरवन्दी निर्धारण अध्ययन कार्यदल	संख्या		१			१	स्वास्थ्य शाखा
१			१.१.१	क,ख,ग	स्वास्थ्य चौकीका लागि न्यूनतम दरवन्दी र तदनुरुप जनशक्तिको व्यवस्थापन	संख्या						स्वास्थ्य शाखा
२			१.१.२	क,ख	एक वडा एक स्वास्थ्य संस्थाको निर्माण र सञ्चालन	संख्या	९					स्वास्थ्य शाखा
३			१.१.३	क,ख	स्वास्थ्य चौकीमा आवश्यक न्यूनतम औषधि र उपकरणको व्यवस्था	रू हजारमा						स्वास्थ्य शाखा
४			१.१.४	क	एम्बुलिन्सको व्यवस्था	संख्या	०	१	१	१	३	स्वास्थ्य शाखा
५			१.१.५	क,ख	मात्रीशिसु, जेष्ठ नागरिक, अपाङ्गलाई निशुल्क उपचारको व्यवस्था	प्याकेज	१	निरन्तर	निरन्तर	निरन्तर	१	स्वास्थ्य शाखा
६		१.२	१.२.१	क, ख र ग	स्वास्थ्य विमालाई अभियानका रुपमा सञ्चालन	संख्या						स्वास्थ्य शाखा
७			१.२.२	क, ख	विशेषज्ञ स्वास्थ्यकर्मीहरूको सम्लग्नतामा स्वास्थ्य शिविर सञ्चालन	संख्या	१	२	२	२	७	स्वास्थ्य शाखा
			१.२.३	क,ख	पालिकामा रहेका जडिबुटीको पहिचान, सङ्कलन, संरक्षण	प्याकेज		१	१	१	३	स्वास्थ्य शाखा
८			१.३.४	क, ख	स्वास्थ्य संस्थामा सृजित फोहरको व्यवस्थापन	संख्या	१	निरन्तर	निरन्तर	निरन्तर	१	स्वास्थ्य शाखा

क्र. सं.	उद्देश्य	रणनीति	कार्यनीति	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष	लक्ष्य			योजना	जिम्मेवार
९	२	२.१	२.१.१	क, ख	स्वास्थ्य जनचेतना कार्यक्रम (तालिम)	संख्या		१	१	१	३	स्वास्थ्य शाखा
१०			२.१.२	क, ख र ग	जनस्वास्थ्य, मात्री-शिशु स्याहार र सुरक्षित मातृत्वबारेमा समय समयमा तालिम प्रदान	संख्या		१	१	१	३	स्वास्थ्य शाखा
११			२.१.४	क,ख	कुपोषण, खानेव्यहोरामा सुधार, खाद्यपदार्थको पहुँच र उपभोग बढाउन स्वस्थ्य बानी र व्यवहारबारे जनचेतना	संख्या		१	१	१	३	स्वास्थ्य शाखा
१२	३	३.१	३.१.१	क	सर्ने र नसर्ने रोगका रोगीहरूको अभिलेख तयारी र सचेतना कार्यक्रम सञ्चालन	संख्या		१	निरन्तर	निरन्तर	१	स्वास्थ्य शाखा
१३			३.१.३	क,ख	पालिकाको एक स्वास्थ्य चौकीमा दूर स्वास्थ्य उपचार प्रारम्भ	सम्झौता	खोजी	१	निरन्तर	निरन्तर	१	स्वास्थ्य शाखा

५.३.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	नतिजा एकाई	आधार वर्ष (आ.व. 207७/07८)	नतिजा लक्ष्य			योजना अवधिको उपलब्धि	पुष्टाइएको आधार	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९/ ०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार भएको हुने	मातृ मृत्युदर प्रति १,००० जीवित जन्ममा	दर							शिक्षा शाखा
		शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा								
		नबजात शिसु मृत्युदर प्रतिहजार जीवित जन्ममा	दर							
		५ वर्ष मुनिका वाल मृत्युदर प्रतिहजार जीवित जन्ममा	दर							
		प्रतिमहिला प्रजनन दर	दर							"
असर १	निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार भएको हुने	मापदण्ड अनुसार प्रसवपूर्व चारपटक स्वास्थ्य जाँच सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत	प्रतिशत							"
		दक्ष प्रसूतीकर्मिको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात	अनुपात							"
		अस्पताल र स्वास्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत	प्रतिशत							"
		मापदण्ड अनुसार प्रसवोत्तर तीन पटक सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत	प्रतिशत							"
		हेपाटाइटिसस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत	प्रतिशत							
		हेपाटाइटिसस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत	प्रतिशत							
		रबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवारहरूको प्रतिशत	प्रतिशत							

		कुल पारिवारिक आम्दानीको ठूलो हिस्सा स्वास्थ्यका लागि खर्च गर्ने जनसंख्याको अनुपात (प्रतिशत)	अनुपात							
		राष्ट्रिय कार्यक्रममा समावेश गरिएको सबै खोपहरूले समेटेको लक्षित जनसंख्याको अनुपात	अनुपात							
		पहिलो बच्चा जन्माउने औसत उमेर (प्रजननयोग्य उमेरका महिला)								
		किशोरी अबस्थाको (प्रजनन योग्य उमेरका महिलाको अनुपात) प्रजनन्	अनुपात							
		कोभिडको खोप लगाउने जनसंख्या	संख्या							"
प्रतिफल १	प्राथमिक अस्पतालहरूको स्थापना तथा सञ्चालन भएको हुने	प्रदेश अन्तर्गतका स्तरोन्नति भएका अस्पतालहरूको संख्या	संख्या							
प्रतिफल २	जीवनपथको अवधारणा अनुरुप स्वास्थ्य सेवा सुधार हुँदै विस्तार भएको हुने र स्वास्थ्य सेवाहरू ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री भएका हुने	ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री स्वास्थ्य संस्थाहरूको संख्या	संख्या							"
		स्वास्थ्य संस्थाहरूमा नागरिकहरूको पहुँच अभिवृद्धि गर्ने कार्यक्रम								
प्रतिफल ३	मानसिक, दृष्टि स्वास्थ्य तथा दन्त सेवाको पहुँच सबै तहमा विस्तार भएको हुने	मानसिक, दृष्टि तथा दन्त स्वास्थ्य सेवाको लागि विशेषज्ञ चिकित्सकहरू सम्लग्न सिविरहरू सञ्चालनको संख्या	संख्या		२	२	२	६		
		मनोसामाजिक परामर्श कार्यक्रमको सञ्चालन	संख्या		१	१	१	३		
प्रतिफल ४	विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवा बीमामार्फत् उपलब्ध भएको हुने	स्वास्थ्य बीमा गर्ने परिवारहरूको संख्या	संख्या							

प्रतिफल ५	अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन भएको हुने	अस्पतालजन्य फोहोर व्यवस्थापन भएका स्वास्थ्य संस्थाहरूको संख्या	संख्या							
प्रतिफल ६	विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन भएको हुने	स्वास्थ्य शिविर हरूको सञ्चालन	संख्या		२	२	२	६		
प्रतिफल ७	उपलब्ध औषधीजन्य जडीबुटी, प्रवर्द्धनका लागि संरचना निर्माण भएको हुने	स्थानीयस्तरमा उपलब्ध जडीबुटी उत्पादन र प्रशोधन केन्द्रको स्थापना र सञ्चालन	संख्या		तयारी	१		१		
प्रतिफल ८	नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि भएको हुने	नयाँ एचआईभी संक्रमणहरूको संख्या	संख्या							
		क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसंख्यामा)	अनुपात							
		औलोज्वरो लाग्ने दर (प्रति लाख जनसंख्या)								
		कुष्ठरोग लाग्ने दर (प्रति हजार जनसंख्या)								
		हात्तीपाइलेका बिरामी	संख्या							
		सक्रिय ट्रकोमाका बिरामी	संख्या							
		पछिल्लो दुई हप्तामा पखाला लागेका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत	प्रतिशत							
		आधुनिक विधिका साधनद्वारा परिवार नियोजनसम्बन्धी आवश्यकताहरू पूरा भएका प्रजनन् उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाहरूको अनुपात	अनुपात							
		परिवार नियोजनको साधनको व्यापकता दर (आधुनिक विधि) (प्रतिशत)	प्रतिशत							

		प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका साधनको न्यूनता	प्रतिशत							
प्रतिफल ८	स्वास्थ्यलाई प्रतिकुल असर पार्ने सुर्तीजन्य, मदिरा, रासायनिक, विषादि तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगमा नियन्त्रण तथा नियमन भएको हुने	स्वास्थ्यलाई असर पार्ने मदिरा, विषादी, रासायनिक पदार्थ तथा अखाद्यवस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन								
प्रतिफल ९	कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवम् स्वास्थ्यवर्दक खाद्य पदार्थको पहुँच र उपभोग बढ्दै स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन भएको हुने	कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन								
प्रतिफल १०	स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढ भएको हुने	स्वास्थ संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने जनसंख्या								
		सुविधा सम्पन्न अस्पतालसँग टेलि मेडिसिनका लागि सम्झौता गर्ने		तयारी	१			१		
प्रतिफल ११	सर्ने तथा नसर्ने रोगहरूको नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने	सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण								
मुख्य क्रियाकलाप:	**स्वास्थ्य केन्द्र र चौकी व्यवस्थापन र सञ्चालन, प्राथमिक उपचारका सामग्री र औषधी व्यवस्थापन, स्वास्थ्य विमा, स्वास्थ्य सामग्री व्यवस्थापन र थप, मात्री-शिशु उपचार र स्वाहार केन्द्रको स्थापना, प्रभावकारी सञ्चालन एवं तालिम प्रदान, स्वास्थ्य स्वयम-सेविकालाई तालिम, खोप कार्यक्रम, सामाजिक सुरक्षाभत्ताको वितरण, न्यायीक समिति, मिलापत्र, वृद्राश्रम र मासिक स्यास्थ्य जाँच**									
लगानी	**स्वास्थ्य केन्द्र र चौकी व्यवस्थापन र सञ्चालन, जनशक्ति तालिम र उत्प्रेरणा, पूर्वाधार, स्वास्थ्य विमा, मात्री-शिशु उपचार र स्वाहार केन्द्र, खोप चिस्यान केन्द्र**									

५.४ खानेपानी तथा सरसफाई

५.४.१ पृष्ठभूमि

खानेपानी मानव जीवनका लागि अत्यावश्यक एवं आधारभूत वस्तु हो।नेपालको संविधान-२०७२ को मौलिक हक खण्डको धारा ३५को स्वास्थ्य सम्वन्धि हकको उपधारा ४ मा **प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ** भनी उल्लेख गरिएको छ। खानेपानीका लागि यस पालिकाका ८०.३४% घरहरूमा १ घर १ धारा नीति अनुसार धारा जडान गरिएका छन्, १८% घरधुरीहरूले सामुदायिक धाराको पानी खान्छन्, १४ घरधुरीले असुरक्षीत पानी (३ घरधुरीले खोलाको पानी र ११ घरधुरीले अन्य स्रोतको पानी) प्रयोग गर्दछन्। १९२९ परिवारहरूले घर आँगनमै पानी प्राप्त गर्दछन् यस्तै खानापानीका लागि ४६१ परिवारले १० मिनेट दूरी पार गर्नु पर्दछ, २६ परिवारले ३० मिनेट दूरी पार गर्नु पर्दछ भने ११ परिवारले १घण्टा भन्दा बढि दूरी पार गर्नु पर्दछ।३१७ परिवारले सिधै धारा वा स्रोतबाट प्राप्त पानी पिउदछन् भने बाँकी ८६.९% परिवारले कुनै न कुनै प्रकृयाद्वारा पानीको सुद्धिकरण गरेर मात्र प्रयोग गर्दछन्। लमजुङ जिल्ला खुला दिसामुक्त जिल्ला घोषित भएसँगै यो पालिका पनि खुला दिसामुक्त भएको छ। २४२७ घरधुरी मध्ये ४२ परिवारमा मात्र आफ्नै घरमा सौचालय छैनन् र वडा नं. २,३,५ र ८ गरी १४ वटा सार्वजनिक सौचालयहरू भएपनि अन्य वडा र स्थानहरूमा सो को व्यवस्था हुन सकेको छैना।यस पालिकाका २५ घर परिवारले मात्र फोहरमैलाको अव्यवस्थित व्यवस्थापन गर्ने र बाँकी परिवारले फोहरमैलाको व्यवस्थित व्यवस्थापन गर्ने गरेको तथ्याङ्कले बताउदछ।

५.४.२. प्रमुख समस्या

स्वच्छ खानेपानी, सरसफाई, फोहरमैला र ढलको व्यवस्थापन समुचित र व्यवस्थित ढङ्गले हुन नसक्नु, तीन तहका सरकार बिच कार्यक्षेत्र स्पष्ट नहुनु, जोखिमयुक्त र अनियन्त्रित खालका निर्माणले खानेपानीका स्रोतहरू सुक्दै जानु, आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

५.४.३ चुनौती र अवसर

चुनौती

स्वच्छ खानेपानी, सरसफाई, फोहरमैला र ढलको व्यवस्थापन गर्नु, तीन तहका सरकार बिच कार्यक्षेत्र स्पष्ट पार्न समन्वय गर्नु, सौचालयको व्यवस्थापन हुन बाँकी घरधुरीहरूमा परिवारमा सौचालयको व्यवस्थापन गर्नु, प्रयाप्त सार्वजनिक सौचालयहरू निर्माण गर्नु, आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

अवसर

संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँगको सम्लग्नता र सहकार्यमा पालिकामा एक घर एक धारा को व्यवस्था, स्वच्छ खानेपानी, सरसफाई, फोहरमैला र ढलको व्यवस्थापन गर्ने, नदी, खोला र खोल्साहरूको व्यवस्थापनमा समुदायको सम्लग्नतामा वृद्धि गर्ने, सौचालय निर्माण गरी खुलादिशामुक्त क्षेत्र बनाउने र पर्यावरणको संरक्षण गर्ने, आदि यस क्षेत्रका अवसरहरू हुन्।

५.४.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

स्वच्छ खानेपानी, सरसफाई र पर्यावरण स्वस्थ्य जीवनको आधार

लक्ष्य

गुणस्तरीय र स्वच्छ खानेपानी, स्तरीय सरसफाई र पर्यावरण संरक्षणका लागि कार्य गर्ने।

उद्देश्य

१. आधारभूत खानेपानी सेवा शतप्रतिशत, र मध्यमस्तरको खानेपानी सेवा ३० प्रतिशत घर परिवारमा पुर्याउने।

२. आधारभूत सरसफाई सेवा ७५ प्रतिशत, र मध्यमस्तरको सरसफाई सेवा २० प्रतिशत घर परिवारमा पुर्याउने।

५.४.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. आधारभूत खानेपानी सेवा शतप्रतिशत, र मध्यमस्तरको खानेपानी सेवा ३० प्रतिशत घर परिवारमा पुर्याउने।	
१.१ आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखी आयोजनाहरूको निर्माण गरी सुविधा विस्तार गर्ने।	१.१.1 ठाँउ अनुसार सतही, लिफ्ट तथा वर्षातको पानी सङ्कलन (Rain water harvesting) जस्ता उपयुक्त विकल्पहरूको माध्यमबाट आधारभूत खानेपानी सुविधा नपुगेका घरहरूमा खानेपानीको व्यवस्था गरिनेछ। १.१.२ आयोजनाहरूको निर्माणमा जनसहभागिता मार्फत समुदायलाई स्वामित्व लिन प्रोत्साहन गरिनेछ।
१.२ सहर उन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने।	१.२.१ पानीको गुणस्तरबारे जनसमुदायलाई जानकारी गराई सहर उन्मुख वडा नं. १ र अन्य बजार र पर्यटकीय क्षेत्रमा उपलब्ध खानेपानी सेवालाई कम्तिमा मध्यम गुणस्तरमा स्तरउन्नति गरिनेछ।
१.३ खानेपानी आयोजनाहरूको मुहान तथा जलाधार क्षेत्रको संरक्षण गरी आयोजनाहरूको नियमित मर्मत संभार गर्ने।	१.३.१ पानीका मुहान, जलाधार क्षेत्र, ऐतिहासिक कुवा तथा पोखरीको संरक्षणका लागि जनचेतना जगाई सोको संरक्षणका लागि उपभोक्ता र समुदायलाई परिचालन गरिनेछ। १.३.२ सञ्चालनमा रहेका खानेपानी आयोजनाको मर्मत, सम्भार, पुन:निर्माण तथा दिगो व्यवस्थापनका लागि खानेपानी उपभोक्ता समुह तथा समुदायको क्षमता तथा दक्षता वृद्धि गरिनेछ। १.३.३ मानविय हस्तक्षेप र गतिविधिका कारण पर्यावरण, जलवायु परिवर्तन एवं पानीका मुहान र जलाधार क्षेत्रमा पर्न जाने असरबारे जनचेतना जगाई असर न्यूनीकरणका उपायहरू पहिँचान गरी अवलम्वन गरिनेछ।
उद्देश्य २. आधारभूत सरसफाई सेवा ७५ प्रतिशत, र मध्यमस्तरको सरसफाई सेवा ३० प्रतिशत घर परिवारमा पुर्याउने।	
2.1 पालिका भित्रका सम्पूर्ण घरधुरी र भवनहरूमा शौचालय तथा आधारभूत सरसफाईको व्यवस्था गर्ने।	2.1.1 पालिका भित्रका सबै घरहरू, विद्यालयहरू, कार्यालय भवनहरू, सामुदायिक भवनहरू, सार्वजनिक स्थल, हाट-बजार लाग्ने क्षेत्रहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ। 2.1.2 घरहरूबाट निस्कने फोहोर पानीलाई जम्मा गरी करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गर्ने र न्यूनतम प्रशोधन पछि मात्र खोला तथा खोल्सोमा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।
२.२ सहरन्मुख, बजार तथा पर्यटकीय क्षेत्रको सरसफाई र ढलनिकासको व्यवस्था गर्ने।	२.२.१ पालिकास्तरको फोहोर तथा ढल व्यवस्थापन गुरूयोजना निर्माण गरी लागु गरिनेछ। २.२.२ प्रदुषण न्यूनीकरणका लागि फोहरलाई जैविक र अजैविक साथै अजैविक फोहोरलाई पुन प्रयोग हुने र पुन प्रयोग नहुने स्रेणीमा वर्गिकरण गरी व्यवस्थापन गरिनेछ। २.२.३ शौचालय तथा घरबाट निस्कने फोहोर जम्मा गर्ने, प्रशोधन गर्ने र

	निकास (डिस्पोज) गर्ने पुर्वाधारहरू निर्माण गरिनेछ। २.२.४ निजी क्षेत्र र गैर सरकारी संस्थाहरूसँगको सहकार्य र सहलगानीमा पालिकामा संकलित फोहरबाट प्राङ्गारिक मल बनाउने कार्य गरिनेछ। २.२.५ आवश्यक ठाँउहरूमा ढल व्यवस्थापनको लागि पुर्वाधार निर्माण गरीनेछ।
२.३ सरसफाई सम्वन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।	२.३.१ विद्यालयका विद्यार्थीहरू, युवा क्लब, आमा समुहहरू लगायत लक्षित समुहहरूलाई क्याम्पस, यस क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था तथा जनस्वास्थ्य शाखासँगको सहकार्यमा सरसफाई, वायोग्याँस र जैवीकमल उत्पादन बारेमा जनचेतना र तालिमहरू सञ्चालन गरिनेछ।

५.४.६ कार्यक्रमका प्राथमिकता

१. आधारभूत खानेपानी पालिकाका सबै घरधुरीमा पुर्याउने, १ घर १ धाराको नीति लागु गर्ने र मध्य गुणस्तरको खानेपानी सुविधा उपलब्ध गराउने।

२. पानीका मूहानहरूको संरक्षण गर्ने, अधुरा र निर्माणाधिन खानेपानी आयोजनाहरू सम्पन्न गर्न पहल गर्ने र सञ्चालनमा रहेका आयोजनाहरूको दिगो व्यवस्थापन गर्ने।

३. घरको फोहोर मैला व्यवस्थापन, पर्यावरण, जलवायु परिवर्तन एवं फोहोरलाई मोहोरमा परिणत गर्न जानकारिमुलक कक्षा र तालिम सञ्चालन गर्ने।

४. सहरउन्मुख र बजार क्षेत्रमा फोहोर र ढलनिकासको व्यवस्थापन गर्ने।

५.४.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७ /७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	खानेपानी सुविधाको तथ्याङ्क अद्यावधिक गरी पालिकागत खानेपानी गुरुयोजना निर्माण गर्ने	संख्या		१			१	
२			१.१.१	क,ख	आधारभूत खानेपानी नपुगेका शतप्रतिशत घरमा खानेपानी पु¥याउने	प्रतिशत	८०.३४%					
३			१.१.२	क,ख	खानेपानी आयोजना मर्मत, सम्भार र व्यवस्थापनको लागि उपभोक्ता समिति र प्राविधिक जनशक्तिको क्षमता र दक्षता अभिवृद्धि गर्ने	प्याकेज	१	निरन्तर	निरन्तर	निरन्तर	१	
४		१.२	१.२.१	ख र ग	शहरउन्मुख वडा १ वगुम र बजार रहेका वडाहरूमा मध्यम स्तरको खानेपानी सुविधा पु¥याउने	संख्या		१	१	१	३	
५		१.३	१.३.१	क, ख	पानीका मुहान, जलाधार क्षेत्र, ऐतिहासिक कुवा तथा पोखरीको संरक्षण गर्ने	संख्या		२	२	२	७	
			१.३.२	क,ख	उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटरहरूको क्षमता र दक्षता अभिवृद्धि	संख्या		९		९	१८	
६			१.३.३	क,ख	मानविय गतिविधिले पर्यावरण, जलवायु	संख्या	१	निरन्तर	निरन्तर	निरन्तर	१	

क्र.सं.	उद्देश्य	रणनीति	कार्यनीति	संकेत नं.	कार्यक्रम	एकाई	आधार	लक्ष्य			खोज नम्बर	कैफियत
					परिवर्तन एवं पानीका मुहान र जलाधार क्षेत्रमा पर्न जाने असरबारे सचेतना कार्यक्रम							
७	२	२.१	२.१.१	क,ख	हरेक घर आधारभूत शौचालयको व्यवस्था गर्ने	संख्या						
८			२.१.१	क,ख, ग	विद्यालय, कार्यालय भवन, सामुदायिक भवन, सार्वजनिक स्थल, हाट-बजार लाग्ने ठाँउहरूमा अपाङ्ग मैत्री, महिला मैत्री तथा बाल मैत्री शौचालय निर्माण गर्ने	संख्या						
९			२.१.२	क,ख	घरहरूबाट निस्कने फोहोर पानीलाई जम्मा गरी आवश्यक न्यूनतम प्रशोधन केन्द्र स्थापना	संख्या		३				
१०		२.२	२.२.१	क	पालिकास्तरको फोहोर तथा ढल व्यवस्थापन गुरूयोजना निर्माण गर्ने	संख्या		१			१	
११			२.२.३	क,ख	फोहोर व्यवस्थापन (संकलन केन्द्र र ड्यामफिल साइट निर्माण)	संख्या		१			१	
१२			२.२.४	क,ख	संकलित जैवीक फोहरबाट प्राङ्गारिक मल बनाउने तालिम	संख्या		१	१	१	३	
१३			२.२.५	क,ख, ग	ढल निर्माण	कि.मि.						
१४	२	२.३	२.३.१	क	लक्षित वर्ग र समुहहरूलाई, वतावरण संरक्षण, सरसफाई, बारेमा जनचेतना र तालिमहरू सञ्चालन गर्ने	संख्या		१	निरन्तर	निरन्तर	१	

५.४.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	नतिजा एकाई	आधार वर्ष (आ.व. 2075/ 076)	नतिजा लक्ष्य			योजना अवधिका उपलब्धि	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९/ ०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	आधारभूत तथा गुणस्तरीय पानी र सरसफाईमा नागरिकको पहुच वृद्धिभई स्वास्थ्य जनशक्ति उत्पादनमा योगदान पुगेको हुने	खानेपानी र सरसफाई सुविधामा समस्या छैन भनी विश्वास गर्ने जनता	प्रतिशत						
असर 1	आधारभुत खानेपानीमा शतप्रतिशत घरपरिवारको पहुँच स्थापित गराई मध्यमस्तरका खानेपानी सुविधा पुर्याउने कार्य योजनाबद्ध रुपमा अगाडि बढेको हुने	आधारभूत खानेपानीमा पहुँच पुगेको घरपरिवारको अनुपात	अनुपात						"
		व्यक्तिगत धारा प्रयोग गर्ने घरपरिवारको अनुपात	अनुपात						"
		मध्यमदेखि उच्च गुणस्तरको खानेपानीमा पहुँच पुगेको घरपरिवारको अनुपात	अनुपात						
		प्रतिव्यक्ति पानी खपत	लिटर						
प्रतिफल १.१	आधारभूत खानेपानी नपुगेका शतप्रतिशत घरमा खानेपानी पुगेको हुने	घरपरिवार संख्या	संख्या		१			१	"
प्रतिफल १.२	खानेपानी आयोजना निर्माणको लागत सहभागिता सहित मर्मतसम्भार र व्यवस्थापनको स्वामित्व लिन उपभोक्ताहरू प्रोत्साहित भएको हुने	स्वामित्व लिने उपभोक्ता समिति	संख्या		१	१	१	३	"
	खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो ब्यवस्थापनका लागि खानेपानी उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर र मिटर रिडरहरूको क्षमता तथा दक्षतामा वृद्धि भएको हुने	तालिम लिने	संख्या						"

	आयोजना क्षेत्रको जलाधार सीमा र त्यस क्षेत्रभित्रका सतह पानीका स्रोतहरूको संरक्षणका लागि उपभोक्ता समिति सशक्त रुपमा परिचालित भएको हुने	परिचालित उपभोक्ता समिति	संख्या						"
	बस्ती क्षेत्रका ढल तथा जलाधार क्षेत्रबाट खोलामा प्रवाह हुने दूषित पानीलाई राष्ट्रिय मापदण्ड अनुरुप व्यवस्था भएको हुने	नियमनका लागि परिचालित उपभोक्ता समिति	संख्या		१	१	१	३	"
	संवेदनशील जलाधार तथा मुहान क्षेत्र संरक्षण भएको हुने	संरक्षित मुहान क्षेत्र	संख्या						"
		विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलीकरण गर्ने कार्यक्रमको सञ्चालन	संख्या						"
प्रतिफल १.३	स्थानीय तहसँगको सहकार्यमा नमुना बालविकास केन्द्र स्थापना भएका हुने	क्षमता विकास हाँसिल गरेका बालविकास केन्द्रका सहजकर्ताहरूको संख्या	संख्या						"
		सुदृढीकरण गरिएका बालविकास केन्द्रको संख्या	संख्या						
		दिवा खाजा व्यवस्थापन गरिएका बालविकास केन्द्रको संख्या	संख्या						
प्रतिफल १.४	आधारभुत सरसफाई सुविधामा शतप्रतिशत घरपरिवारको पहुँच स्थापित गराई गुणस्तरीय सरसफाई सुविधामा पहुँच पु¥याउने कार्य योजनाबद्ध रुपमा अगाडि बढेको हुने	आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात	अनुपात						
		आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात	अनुपात						
		फोहोरपानी आफ्नै घरको सोक पिट या सार्वजनिक ढल मार्फत् डिस्पोज गर्ने घरपरिवारको अनुपात	अनुपात						"

	सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था भएको हुने	आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात	अनुपात						
लगानी	**आधारभूत खानेपानी, मध्यमस्तरको खानेपानी सुविधा, आधारभूत सरसफाई, मध्यमस्तरको सरसफाई, तालिम, पानी प्रशोधन गर्ने**								

५.५ लक्षित समुह (बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक) विकास र संरक्षण

५.५.१ पृष्ठभूमि

नेपालको संविधानले बालबालिका र जेष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बालअधिकार र जेष्ठ नागरिकको स्वास्थ्य उपचार, सुविधा, स्वाहार सुसार र संरक्षण र सम्मानित जीवन यापनको प्रत्याभूति गर्नुपर्ने दायित्व मूलत: स्थानीय तहको हो। कानुनले नै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेका छन्। त्यस्तै कानूनले अपाङ्गता भएका व्यक्तिहरूको नागरिक, राजनैतिक,आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसहितको सम्मानजनक जीवनयापनको अधिकारलाई संरक्षण र प्रवर्धन गरेको छ। दिगो विकास लक्ष्यले अपाङ्गमैत्री विद्यालय लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य सार्वजनिक खुल्ला ठाँउहरूको विषय समावेश गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाका साथै दिगो विकास लक्ष्यमा समेत बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुव्र्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यमा समावेश गरिएकाले सोही अनुरूप गाँउपालिकाले पनि उक्त विषयहरूलाई सम्वोधन गर्नुपर्ने आवश्यकता रहेको छ।

पालिकाको पार्श्वचित्र २०७६ अनुसार यस पालिकामा १४३ जना विधुर, ४६३ जना विधवा बसोबास गरेको पाइन्छ। १५ वर्ष मुनिकाको संख्या कूल जनसंख्याको २१.२३% रहेकोछ भने ६० बर्ष माथिको जेष्ठ नागरिकको संख्या १४.१५% रहेकोमा ३.६३% जनसंख्या त ७५ वर्ष माथि उमेर समुहका छन्, १११ महिला र १६२ पुरुष गरी २७३ जना अपाङ्गता भएका मध्ये ९ जना वहुआयामिक अपाङ्गता भएका व्यक्तिहरू छन्।

५.५.२ प्रमुख समस्या

महिला र अपाङ्गता भएका व्यक्ति अशिक्षित हुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसक्नु, उनीहरूलाई समुदायमा पुनर्स्थापना गर्ने खालका कार्यक्रमको कमी, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालीकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, लैङ्गिक समानता प्रष्ट्याउने पर्याप्त खण्डीकृत् तथ्याङ्कको कमी हुनु, जोखिम तथा सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, निजहरूले प्रयोग गर्ने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु र नदेखिने अपाङ्गताको पहिचान र सोको सही सम्वोधन नहुनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण हुन नसक्नु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबुआमाप्रति पूरा गर्नु पर्ने दायित्व बहन नहुनु, ज्येष्ठ नागरिकमैत्री पूर्वाधार तथा हेरचाह केन्द्रको व्यवस्था नहुनु, अल्जाइमर लगायतका बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको पहिँचान तथा उपचारको यथोचित व्यवस्था नहुनु, ज्येष्ठ नागरिकप्रतिको श्रद्धा, सम्मानमा र हेरचाहमा क्रमशः ह्रास हुनु र सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्या हुन्।

५.५.३ चुनौती र अवसर

चुनौती

अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गताको गम्भीरताका आधारमा पूर्वाधार, आवश्यकता अनुसार सेवा सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, उनीहरूले सञ्चालन गरेका व्यवसायबाट उत्पादित वस्तुको वजारीकरण गर्नु, सबै भौतिक संरचनाहरू

अपाङ्गमैत्री निर्माण गर्नु, पूर्ण अशक्त, अति अशक्त, बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरूको लागि सहयोगी व्यक्ति र पुर्नस्थापनाको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकतानुसार रोजगारी उपलब्ध गराउनु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलाको घरेलु श्रम र हेरचाह कार्यलाई मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा महिलाको योगदानको गणना गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कारहरू

महिला मैत्री नहुनु, सम्पतिमाथि महिलाको पहुँच स्थापित गर्नु, महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला अधिकारका क्षेत्रमा वनेका कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, उनीहरूमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु र सोका लागि परिवारलाई जिम्मेवार बनाउनु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

नेपालको संविधान र ऐनले महिला, जेष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको हक अधिकारको सुनिश्चित गरी प्रदेशमा ऐन कानूनहरू निर्माण हुनु, राज्यद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, समावेशी शिक्षा नीति, भौतिक संरचना, सञ्चार सेवा र सुविधालाई पहुँचयुक्त बनाउने प्रदेश सरकार, गण्डकी प्रदेश, पोखरा, नेपाल प्रथम पञ्चवर्षीय योजना (२०७६/७७–२०८०/८१) सम्बन्धी मापदण्ड लगायत लैङ्गिकमैत्री र अपाङ्गता सम्बन्धी विशेष कानून तथा नीतिको तर्जुमा र कार्यान्वयन हुनु, अन्तर्राष्ट्रिय महासन्धि, दिगो विकासको लक्ष्य आदिमा अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न प्रावधान रहनु, महिला र अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु, अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राज्य भएकाले लैङ्गिकमैत्री र अपाङ्गताको विषयलाई संवोधन गर्नको लागि सरकार र सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीमा वृद्धि हुनु, नेपालको संविधानले राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, राष्ट्रिय महिला आयोगको संवैधानिक अधिकार सहित क्षेत्राधिकार वृद्धि हुनु, केन्द्रमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत हुनु, विभिन्न सामाजिक संघसंस्थाहरू क्रियाशील रहनु, विद्यालय शिक्षामा लैङ्गिक समदर कायम भएको समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, ज्येष्ठ नागरिकहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सिर्जना हुँदै जानु, तीनै तहका सरकारको नीति, कानून तथा योजनाहरूमा ज्येष्ठ नागरिकहरूका सवालहरूलाई सम्वोधन गरिनु, सामाजिक विकास संघ र संस्थाहरू परिचालित हुनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

५.५.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

लैङ्गिक समतामूलक एवं बाल, जेष्ठ नागरिक र अपाङ्गता मैत्री पालिका।

लक्ष्य

जेष्ठ नागरिकको संरक्षण र ज्ञानको उपयोग, लैङ्गिक समानता, बाल अधिकार र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरण निर्माण गर्ने।

उद्देश्य

१. बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री बातावरण सिर्जना गर्नु।
२. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नु।
३. अपाङ्ग भएका व्यक्तिमा आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयाँपनमा सहजता प्रदान गर्नु।
४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्दै आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु।

५.५.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री बातावरण सिर्जना गर्नु।	
१.१ बाल मुत्यु दरमा कमी ल्याउने।	१.१.१ किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा सेवा उपलब्ध गराइनेछ। १.१.२ बालबालिकाहरूलाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाइ बाल मुत्युदर घटाइनेछ।
१.२ बालबालिका तथा किशोरकिशोरी माथिको विभेद, हिंसाको रोकथाम एवं उनीहरू माथिको उत्पीडन, शोषण शारीरिक, मानसिक, संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने।	1.२.१ बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय, बालविवाह, बालश्रम, बालबालिका विरुद्धको हिंसा, लागू औषध, बाल यौनदुर्व्यव्यहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसारपसार लगायत बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। १.२.२ हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ। १.२.३ प्रत्येक विद्यालयहरूमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि वार्षिक क्यालेन्डर बनाई सञ्चालन गरिनेछ। १.२.४ विद्यालय तहको शिक्षामा स्वास्थ्य, यौन तथा प्रजनन् अधिकारका विषयहरू, बालविवाहकामा पर्नजाने नकारात्मक असर सम्बन्धी विषय समावेश गरिनेछ।
उद्देश्य २. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नु।	
2.1 ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार-सुसार र सत्सङ्गको उपयुक्त वातावरण सिर्जना गर्ने।	२.१.१ ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ। २.१.२ सन्तानले आफ्ना आमाबाबुलाई हेरचाह, र स्याहार सुसार गर्नुपर्ने विषयका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ। २.१.३ ज्येष्ठ नागरिकलाई प्रदान गरिने भत्ता, स्वास्थ्य परीक्षण घर टोलमै प्रदान गरिनुका साथै दिवा सेवा केन्द्र र सुविधा सम्पन्न आश्रमको व्यवस्था गरिनेछ। २.१.४ ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ।
२.१ ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई पालिकाले उपयोग गर्ने।	२.१.१ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नुका साथै पुस्तान्तरण गरिनेछ।
उद्देश्य ३. अपाङ्ग भएका व्यक्तिमा आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयाँपनमा सहजता प्रदान गर्नु।	
३.1 अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार	३.१.१ भौतिक संरचना तथा पूर्वाधार र सेवा सुविधा अपाङ्गमैत्री बनाउन

गरी सार्वजनिक सेवामा सहज पहुँच बढाउने।	पहल गरिनेछ। ३.१.२ शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ। ३.१.३ परिवार र समाजले अपाङ्गप्रति देखाउने हेय भावलाई हटाइनेछ।
३.२ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने।	३.१.१ अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरूलाई आत्मनिर्भर बनाइनेछ । ३.१.२ गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा र आवश्यक स्वास्थ्योपचारको व्यवस्था गरिनेछ।
उद्देश्य ४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्दै आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु।	
४.१ लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी लागु गर्ने।	४.१.१ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूप्रति हुने सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। ४.१.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाइनेछ र लैङ्गिक उत्तरदायी बजेट सहित स्थानीय तहसँगको सहकार्य गरिनेछ ।
४.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि विभिन्न अभियान सञ्चालन गर्ने ।	४.२.१ सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइ उद्यमशीलताको माध्यमबाट क्रमश: पिछडिएका, विपन्न र सबै प्रकारका महिलाको आर्थिक सवलिकरण गर्नको लागि जीविकोपार्जन सुधार र स्वआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। ४.२.२ महिला विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला समूहद्वारा प्रवर्धित महिला सहकारी संस्थालाई महिलाहरूका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ। ४.२.३ महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको मूल्य कायम गरी पालिकाको आयमा महिलाको योगदानको गणना गर्न पहल गरिनेछ। ४.२.४ सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ४.२.५ पालिकास्तरमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत् विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था गरी महिलाको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरिनेछ।

५.५.६ कार्यक्रमका प्राथमिकता

१. सबै बालबालिकालाई खोप दिलाउने र किशोरकिशोरीहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने साथै आवश्यक (Needy) बालबालिकाहरूको विशेष संरक्षण र पुर्नःस्थापन गर्ने।

२. ज्येष्ठ नागरिकहरूको लागि आवश्यक सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने।

३. अपाङ्गता भएका व्यक्तिहरूको लागि उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने एवं नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने।

४. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अपनाउने र हिंसा पीडित, यौनिक अल्पसंख्यक र एकल महिलाहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

५.५.६ विस्तृत कार्यक्रम

विस्तृत कार्यक्रम: लक्षित समुह (बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक) विकास र संरक्षण

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	वडास्तरमा बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम	संख्या		९	९	९	२७	स्वास्थ्य शाखा
२			१.१.१	क	वडास्तरमा किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम	संख्या		१	१	१	३	स्वास्थ्य शाखा
३			१.१.२	क	पूर्ण खोप सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम	संख्या		१	१	१	३	स्वास्थ्य शाखा
४		१.२	१.२.१	क	वडास्तरमा बालविवाह तथा किशोरकिशोरी सचेतना कार्यक्रम	संख्या		९	९	९	२७	स्वास्थ्य शाखा
५			१.२.२	क, ख	जोखिममा परेका बालबालिकाको तत्काल उद्दार एवं पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन	संख्या		१			१	
६			१.२.३	क	बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि वार्षिक क्यालेन्डर बनाई लागू गने	संख्या						शिक्षा शाखा
७			१.२.४	क	यौन तथा प्रजनन अधिकार, वालविवाह सम्बन्धी सचेतना कार्यक्रम	संख्या		२	२	२	६	स्वास्थ्य शाखा
८		१.२	१.२.४	क	पालिका स्तरमा बालपरिषद् गठन तथा सञ्चालन	संख्या		१			१	

क्र.सं.	उद्देश्य	रणनीति	कार्यनीति	संकेत नं.	कार्यक्रम	एकाइ	आधार वर्ष	लक्ष्य			योजना अवधि	कैफियत
९	२	२.१	२.१.१	ख, ग, क	ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कानून र मापदण्ड निर्माण तथा नियमन एवं सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
१०			२.१.२	क	ज्येष्ठ नागरिकप्रति परिवार र समाजको दायित्व सम्बन्धमा सचेतनामूलक कार्यक्रम	संख्या		२	२	२	६	
११			२.१.३	क	क्रमश: प्रत्येक वडामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन	संख्या		३	३	३	९	
१२			२.१.३	क	ज्येष्ठ नागरिकलाई प्रदान गरिने भत्ता, स्वास्थ्य परीक्षण घर टोलमै प्रदान	प्याकेज		३	३	३	९	
१३			२.१.४		जेष्ठ नागरिक सम्मान कार्यक्रम	सङ्ख्या		१	१	१	३	
१४		२.२	२.२.१	क	अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम	संख्या		९	९	९	२७	
१५	३	३.१	३.१.१	क	अपाङ्गतामैत्री संरचना निर्माण गर्न अन्तरशाखा समन्वय	संख्या		१	१	१	३	
१६			३.१.२	क	अपाङ्गतामैत्री शिक्षण सिकाई प्रवर्द्धन कार्यक्रम	संख्या		२	२	२	६	शिक्षा शाखा
१७			३.१.३	क,ख,ग	अपाङ्गप्रति परिवार र समाजको दाइत्व बुझाउन सचेतना कार्यक्रम	संख्या		२	२	२	६	
१८		३.२	३.२.१	क,ख	अपाङ्गता भएका व्यक्तिहरूको लागि उद्यमशीलता र सशक्तीकरण कार्यक्रम	संख्या		१	१	१	२७	
			३.२.२		अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचार तथा पुनर्स्थापना	प्याकेज		१	१	१	३	

क्र.सं.	उद्देश्य	रणनीति	कार्यनीति	संकेत नं.	कार्यक्रम	एकाइ	आधार वर्ष	लक्ष्य			योजना अवधि	कैफियत
					सेवा कार्यक्रम							
१९	४	४.१	४.१.१	क	लैङ्गिक तथा यौनिक अल्पसंख्यकप्रतिको विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम	संख्या		१	१	१	३	
२०			४.१.२	क	लैङ्गिक हिंसा पीडितको लागि कानूनी उपचारको व्यवस्था गर्ने	संख्या	१	१	१	१	३	न्यायीक समिति
२१			४.१.२	क	लैङ्गिक हिंसा निवारण कोष स्थापना	संख्या	तयारी	१			१	लेखा शाखा
२२		४.२	४.२.१	क	एकल, पिछडिएका तथा विपन्न महिला संरक्षण तथा सशक्तीकारण गर्ने	संख्या		१	१	१	३	लेखा शाखा
२३			४.२.२	क	महिला विकास कार्यक्रमद्धारा प्रवद्रधित महिला संस्थाहरूलाई प्रोत्साहन कार्यक्रम	संख्या		१	१	१	३	
२४			४.२.३		महिलाको घरायसी श्रमलाई राष्ट्रिय आयमा गणना गर्ने व्यवस्था गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर	१	लेखा शाखा
२५			४.२.४		सुरक्षित मातृत्व र प्रजनन अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम	प्याकेज		१	निरन्तर	निरन्तर	१	
२६			४.२.५		प्रदेशस्तरीय लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिकरण र प्रकाशन	प्याकेज		१	निरन्तर	निरन्तर	१	

५.६ श्रम तथा रोजगार

५.६.१ पृष्ठभूमि

मानवशक्ति (workforce) र श्रम बिच अन्योन्याश्रित सम्वन्ध रहेको छ जसको सम्युक्त कृयाकलाप बिना वस्तुको उत्पादन र विनिमय असम्भवप्राय हुन्छ।जब मानवशक्ति दक्ष एवं सिपयुक्त र व्यावसायिक हुन्छ तब रोजगार उसलाई खोज्दै आँउदछ।श्रम, सिप र रोजगार एकअर्कामा अन्तरसम्वन्धित र परिपुरक पनि हुन्।नेपालको संविधानको भाग ३ धारा ३३ र ३४ ले क्रमश: रोजगारी र श्रमको हकलाई मौलिकहकको रुपमा व्यवस्था गरेको छ।

यस पालिकाबाट २१९ महिला र १,०७३ पुरुष गरी कूल १,२९२ अर्थात करिब ११% सकृय जनशक्ति रोजगारीका लागि विदेशिएका छन्। मानवशक्तिलाई सिपयुक्त बनाई दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीमा रहदा आर्जित सिप, पुँजी तथा प्रविधिको स्वदेशकै गाँउ गरमा उपयोग गर्नु र मर्यादित कामको अवसर वा रोजगारी दिलाउनु आजको ज्वलन्त आवश्यकता देखिएको छ।यो प्रकृयाबाट श्रमको सम्मान र रोजगारीका अवसर वृद्धि हुनेमात्र नभै पालिकाको विकास एवं अर्थतन्त्रलाई समेत सवल बनाउन मद्दत पुग्नेछ।

५.६.२ प्रमुख समस्या

श्रम र श्रमिकप्रति सम्मानको दृष्टिले नहेरिनुका कारण युवाशक्ति सहर एवं विदेश पलायन हुनु, उद्यमशीलताको विकास एवं रोजगार प्रवर्द्धन नहुनु, लगानी (श्रम र पुँजी)को प्रतिफल कमजोर रहनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, निजी क्षेत्रको लगानी आकर्षित गरी पालिकामै रोजगारीका अवसर सिर्जना हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादनमा जोड्न नसक्नु, विभिन्न प्रकृतिको बालश्रम विद्यमान रहनु आदि यस क्षेत्रका मुख्य समस्या हुन्।

५.६.३ चुनौती र अवसर

चुनौती

उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यावसायीक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, निजी क्षेत्रको लगानी आकर्षित गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई सार्थक तुल्याउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

अवसर

श्रममैत्री ऐन कानूनहरू निर्माण हुनु, प्रदेश तहमा श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक संघ-संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु जस्ता यस क्षेत्रका अवसर हुन्।

५.६.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

सिपयुक्त जनशक्ति र श्रम; रोजगार र उत्पादकत्व वृद्धि।

लक्ष्य

श्रमशक्तिको ज्ञान र सिपलाई उत्पादनशील क्षेत्रमा लगाई बेरोजगारी न्यूनीकरण एवं जीवनस्तरमा सुधार गर्ने।

उद्देश्य

१. बेरोजगार तथा अर्धबेरोजगारहरूलाई रोजगारीका अवसरहरू सृजना गर्नु।
२. वैदेशिक रोजगारीका अवसरबाट प्राप्त ज्ञान, सिप र पुँजीलाई स्वदेशमै लगाउनु।

५.६.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. बेरोजगार तथा अर्धबेरोजगारहरूलाई रोजगारीका अवसरहरू सृजना गर्नु।	
१.१ औद्योगिक सम्पर्क अधिकारीको व्यबस्था मार्फत श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने ।	१.१.1 पालिकामा श्रम तथा औद्योगिक सम्पर्क अधिकारीको नीतिगत र कानुनि व्यवस्था गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिनेछ। १.१.२ प्रदेश सरकार समेतको सहयोगमा श्रमिक र रोजगारदाताबीचको सुमधुर श्रम सम्बन्ध स्थापना गरी रोजगारीका नयाँ अवसर सिर्जना गरिनेछ। १.१.३ कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ।
१.२ श्रमिकको दक्षता अभिवृद्धि गर्ने।	१.२.१ प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा बेरोजगार प्रौढ तथा युवाशक्तिलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष बनाइनेछ।
उद्देश्य २. वैदेशिक रोजगारीका अवसरबाट प्राप्त ज्ञान, सिप र पुँजीलाई स्वदेशमै लगाउनु।	
2.1 वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने।	२.१.१ वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ ।
२.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र पुँजीलाई स्वदेशमै लगाउने।	२.२.१ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ।

५.६.६ कार्यक्रमका प्राथमिकता

१. श्रम बजारको सूचना राख्ने एवं श्रमिक र रोजगारदातावीच समन्वय गर्ने।
२. श्रमिकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।
३. युवा र विदेशबाट फर्किएका व्यकतिहरूला उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

५.६.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	श्रम तथा औद्योगिक सम्पर्क अधिकारीको व्यवस्था गरी श्रम बजारको सूचना सङ्कलन	संख्या		१	निरन्तर	निरन्तर	१	
२			१.१.२	क,ख	उद्योगी, श्रमिकसँग अन्तरकृया गर्ने	संख्या		१	१	१	३	
३			१.१.३	क	लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने	संख्या		२	२	२	६	
४		१.२	१.२.१	क,ख	तालिमको आवश्यकता पहिचान गरी प्रौढ तथा युवाशक्तिलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम प्रदान	संख्या		२	२	२	६	

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाइ	आधार वर्ष २०७३	लक्ष्य			खोजिने अवधि	जिम्मेवार
५	२	२.१	२.१.१	क,ख	वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी उनीहरूलाई आवश्यक कानुनी सचेतना कार्यक्रम सञ्चालन	संख्या		१	१	१	३	
६		२.२	२.२.१	क,ख	वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम	संख्या		१	१	१	३	
७				क	व्यावसायिकता तथा उद्यम प्रवर्द्धनका लागि ऋणको ब्याजमा अनुदान	संख्या		१०	१०	१०	३०	
८				क	उत्कृष्ट उद्यमी प्रोत्साहन	संख्या		१	१	१	३	

५.७ युवा तथा खेलकुद

५.७.१ पृष्ठभूमि

साधारणतया १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्यालाई युवा भनिन्छ र यो पालिकामा कूल जनसंख्याको करिव ४३ प्रतिशत युवाहरूको संख्या रहेको छ। यिनीहरूको एकीकृत पहलकदमी र रचनात्मक कृयाकलापका लागि पालिकाभित्र वडा नं. ३, ४ र ५ मा एक/एकवटा, वडा नं. ८मा २ र वडा नं. ९मा ३ वटा गरी कूल ८ वटा युवा क्लवहरू कृयाशील छन्। युवा अवस्था जीवनकै सबैभन्दा रचनात्मक, लगनशील, सकृय र ऊर्जाशिल समय हो। क्षमता अभिवृद्धि, उद्यमशीलताको विकास र सशक्तीकरण मार्फत युवाहरूको विदेश पलायनलाई रोकी गाँउ, टोल एवं राष्ट्रको विकास र निर्माणमा सहभागी गराउदै राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गर्न शिक्षा, खेलकुद, स्वास्थ्य, राजनीति, रोजगारी लगायतका क्षेत्रमा उनीहरूलाई विशेष अवसर प्रदान गरिनु पर्दछ।

स्वास्थ्य, सृजनशील, सिपयुक्त र ऊर्जाशील व्यक्तिलाई जनसांख्यिकी पुँजीमा गणना गरिन्छ जसका लागि निरोगी हुनु एक महत्वपूर्ण सर्त हुन जान्छ। निरोगी बन्न स्वास्थ्य खानपानका साथमा खेलकुद वा व्यायामको आवश्यकता पर्दछ। खेलकुद र व्यायामले व्यक्तिलाई निरोगी मात्र नबनाई सृजनात्मक, लगनशील र अनुशासित समेत बनाउदछ। यस पालिकाका नवै वडाहरूमा खेल मैदान निर्माण भएकाछन् भने वडा नं. ३ र ८मा २/२ खेल मैदानहरू रहेकाछन्। वडा नं. ४को भुजुङ र वडा नं. ८का मपिङ र घाम्राङका खेल मैदानहरूमा भलिवल र फुटवलमात्र खेल्न मिल्छ भने बाँकी सबै वडाका खेल मैदानहरूमा भलिवल र फुटवल बाहेक अन्य खेलहरूसमेत खेल्ने सुविधा छन्।

५.७.२ प्रमुख समस्या

युवाहरूमा उद्यमशीलता र दक्षता विकास गर्ने पर्याप्त कार्यक्रम सञ्चालन नहुनु, रोजगारीका अवसरहरू पर्याप्त नहुनुका कारण जनशक्ति विदेश पलायन हुनु, गरिबी, विभेद, अन्धविश्वास र कुरीति विद्यमान रहनु, युवा, खेलकुद र खेलाडी लक्षित ठोस नीति, योजना र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, युवाहरूलाई सामाजिक र साँस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु, खेलकुद सामग्री उपलब्ध नहुनु, प्रशिक्षक र प्रशिक्षणको अभाव रहनु, पालिकास्तरका प्रतियोगिताहरू नियमित नहुनु, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादनमा समुचित ध्यान नपुग्नु आदि युवा र खेलकुद विकासका क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन्।

५.७.३ चुनौती र अवसर

चुनौती

युवाहरूमा सकारात्मक सोच, श्रम र संस्कृतिप्रति सम्मानको भावना विकसित गर्दै रोजगारमूलक र व्यावसायिक शिक्षा तथा तालिम उपलब्ध गराई रोजगारी र स्वरोजारीका अवसरहरू सृजना गर्नु, सिप, क्षमता र अभिप्रेरणा प्रदान गर्ने तालिम मार्फत युवा प्रतिभाहरूको विदेश पलायन रोक्न सहयोग पुर्याउनु, तालिम प्रदायक निकायहरू एवं संघ र प्रदेश सरकारबीच समन्वय कायम गर्नु, युवाहरूमा खेलकुदप्रति आकर्षित गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, युवा, विद्यार्थी र फरकक्षमता भएका व्यक्ति लक्षित खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्नु, सामाजिक आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता र खेलकुद क्षेत्रमा लगानी वृद्धि गर्नु, स्थानीय तहमा खेलकुदका आधारशीलाहरू निर्माण गर्नु, निजी क्षेत्रलाई खेलकुद क्षेत्रमा लगानीका लागि आकर्षित गरी सार्वजनिक निजी लगानीलाई प्रोत्साहित गर्नु आदि युवा र खेलकुद विकासका प्रमुख चुनौतीहरू हुन्।

अवसर

नेपालको संविधान २०७२मा युवा विकास सम्बन्धी व्यवस्था भए अनुरुप राष्ट्रिय युवा परिषद्को गठन गरी यु लक्षित कार्यक्रमहरू ल्याइनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, विदेशिने युवाहरूबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु एवं उनीहरूले सिकेको सिपलाई स्थानीयस्तरमा प्रयोग गर्न सकिने अवसर प्राप्त हुनु,

युवालाई राष्ट्र निर्माणको मूलप्रवाहमा ल्याउने सोच भएका राजनैतिक पार्टीले सरकार सञ्चालन गर्ने अवसर पाउनु, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि संघीय र प्रदेश सरकारको उच्च प्राथमिकता रहनु, स्थानीय तहलाई समेत खेलकुदको जिम्मेवारी प्राप्त हुनु, उच्च भू–भागमा खेलिने खेलकुद प्रशिक्षण केन्द्र स्थापनाको प्रचुर सम्भावना रहनु, युवाहरूमा खेलकुद र व्यायामप्रति रुचि तथा महत्व वढ्न गई पूर्वाधारको विकास हुँदै जानु, विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान पुर्याउनु, गण्डकी प्रदेश सरकारले खेलकुदलाई पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा स्वीकार गर्नु, विद्यालय तहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदि यस क्षेत्रका प्रमुख अवसर रहेका छन्।

५.७.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

पालिका निर्माणको आधार युवा जनशक्तिको विकास र खेलकुदको आधार निर्माण।

लक्ष्य

युवा शक्तिलाई पालिकाको सामाजिक, खेलकुद, सांस्कृतिक र आर्थिक विकासमा संहाहित गर्ने।

उद्देश्य

१. युवाको सिप र नेतृत्व क्षमता विकासित गर्दै विकास र निर्माणमा युवा सहभागिता वृद्धि गर्नु।
२. युवाहरूमा उद्यमशीलता विकास गरी स्वरोजगार र स्वावलम्बी बनाउनु।
३. पालिकामा खेलकुद पूर्वाधारको विकास गर्नु।
४. अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक खेलाडी उत्पादनमा जोड दिनु।

५.७.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. युवाको सिप र नेतृत्व क्षमता विकासित गर्दै विकास र निर्माणमा युवा सहभागिता वृद्धि गर्नु।	
१.१ युवा परिचालन कार्यविधि तयार पारी नीति निर्माण एवं विकास निर्णयमा युवाहरूलाई सहभागी बनाउने।	१.१.१ युवा नीतिको अधिनमा रहेर युवा परिचालन कार्यविधि बनाई लागु गरिनेछ। १.१.२ युवालाई सिप र नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ। १.१.३ ग्रामिण युवा स्वयंसेवक समुह निर्माण गरी विकास निर्माण र प्रकोप उद्धार कार्यमा युवाहरूलाई परिचालन गरिनेछ। १.१.४ नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा युवा सहभागिता वृद्धि गरिनेछ।
उद्देश्य २. युवाहरूमा उद्यमशीलता विकास गरी स्वरोजगार र स्वावलम्बी बनाउनु।	
2.1 युवालाई उद्यमशील र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने।	२.१.१ युवालक्षित उद्यमशील एवं व्यावसायिक तालिमको व्यवस्था गरिनेछ। २.१.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। २.२.३ परम्परागत पेशा र व्यवसायको संरक्षण, संवर्धन र व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ। २.१.४ सार्वजनिक, निजी साझेदारी र वित्तीय संस्थाहरूमार्फत् युवालाई सहुलियत व्याजदरमा बिउपुँजी उपलब्ध गराई स्वरोजगार बनाइनेछ। २.१.५ सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्यका लागि पालिकामा

	एक नवप्रवर्धन केन्द्र सञ्चालन गरिनेछ।
उद्देश्य ३. पालिकामा खेलकुद पूर्वाधारको विकास गर्नु।	
३.1 खेलकुद पूर्वाधारको निर्माण, संरक्षण स्तरोन्नति गर्ने।	३.१.१ प्रदेश सरकारसँगको सहकार्यमा कम्तीमा बगुममा एक बहुखेलमैदानको स्थापना गरिनेछ। ३.१.२ एक वडा एक खेल मैदान तथा हरेक माध्यामिक विद्यालयमा एक खेल मैदान नीति लागु एवं भैरहेका खेल मैदानहरूको संरक्षण एवं स्तरोन्नति गरिनेछ। ३.१.३ भुजुङमा उच्च उचाइ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गर्न प्रदेश सरकारसँग पहल गरिनेछ। ३.१.४ गैर नेपाली संघसँगको साझेदारीमा खेलकुद पूर्वाधार निर्माण एवं स्तरोन्नति गरिनेछ।
उद्देश्य ४. अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक खेलाडी उत्पादनमा जोड दिनु।	
४.१ खेल सम्बद्ध प्रादेशिक र राष्ट्रियस्तरका संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने।	४.१.१ खेलाडी प्रशिक्षण र खेलकुद विकासका लागि सरोकारवाला प्रादेशिक र राष्ट्रिय संघसंस्थासँग समेत सहयोग र सहकार्य गरिनेछ । ४.१.२ खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४.२ मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने।	४.२.१ क्षमताअनुसारका मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ । ४.२.२ लोपोन्मुख खेलको संरक्षण र विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।
४.३ प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने।	४.३.१ प्रदेश र पालिकाको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कारको व्यवस्था गरिनेछ । ४.३.२ अन्तर वडा र अन्तर माध्यामिक विद्यालय खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ।

५.७.६ कार्यक्रमका प्राथमिकता

१. युवाहरूमा उद्यमशीलता र अनुशासन विकास गर्न युवा परिचालन कार्यविधि बनाउदै उत्पादनमूलक व्यावसायिक तथा प्राविधिक तालिम प्रदान गर्ने।

२. युवा स्वयंसेवी दस्ता निर्माण गर्ने।

३. युवाहरूलाई उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने।

४. खेलकुदका पूर्वाधार तयार पारी प्रशिक्षण र प्रतियोगितामार्फत प्रतिस्पर्धी र अनुशासित खेलाडी तयार पार्ने।

५.७.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	युवा परिचालन कार्यविधि बनाउने	संख्या		१			१	
२			१.१.२	क,ख	युवा सिप र नेतृत्व विकास कार्यक्रम सञ्चालन	संख्या		१	१	१	३	
३			१.१.३	क	ग्रामिण युवा स्वयंसेवक समुह निर्माण गरी	संख्या		९			९	
४			१.१.४	क	नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा युवा सहभागिता वृद्धि	संख्या	१	निरन्तर	निरन्तर	निरन्तर	१	
५	२	२	२.१.१	क,ख	युवालाई उद्यमशील एवं व्यावसायिक तालिमको व्यवस्था	संख्या		१	१	१	३	
६			२.१.२	क,ख	वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको उत्पादन क्षेत्रमा लगाउने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
७			२.१.३	क,ख	परम्परागत पेशा र व्यवसायको संरक्षण, संवर्धन र व्यावसायीकरण गर्न युवाहरूलाई बिउपुँजी उपलब्ध गरिने	प्याकेज						
८			२.१.४	क,ख	युवालाई सहुलियत व्याजदरमा बिउपुँजी उपलब्ध गराई स्वरोजगार बनाइने	प्याकेज						
९			२.१.५	क,ख	नवप्रवर्धन केन्द्रको स्थापना	संख्या		१	निरन्तर	निरन्तर	१	
१०	३	३	३.१.१	क,ख	बगुममा बहुखेलमैदानको स्थापना	संख्या		१			१	
११				क,ख	हरेक वडा र माध्यामिक विद्यालयमा खेल मैदान निर्माण र स्तरोन्नति	संख्या		१८	निरन्तर	निरन्तर	१८	
१२				क,ख	भुजुङमा उच्च उचाइ खेलकुद प्रशिक्षण केन्द्र स्थापना	संख्या		१	निरन्तर	निरन्तर	१	
१३				क	गैर नेपाली संघसँगको साझेदारीमा खेलकुद पूर्वाधार निर्माण एवं स्तरोन्नति	संख्या		१८	निरन्तर	निरन्तर	१८	
१४	४	४.१	४.१.१	क,ख,ग	खेलाडी प्रशिक्षण र खेलकुद विकासका लागि सरोकारवालासँग सहयोग र सहकार्य	प्याकेज						
१५			४.१.२	क,ख	अन्तर वडा र अन्तर माध्यामिक खेलकुद प्रतियोगिताको आयोजना	संख्या		२	२	२	६	
१६		४.२	४.२.१ र ४.२.२	क	मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलको विकास र प्रोत्साहन	प्याकेज						
१७		४.३	४.३.१	क	खेलाडी प्रोत्साहन (सम्मान र पुरस्कार)	प्याकेज		१	१	१	३	

५.८ भाषा, साहित्य, संस्कृति र सम्पदा

५.८.१ पृष्ठभूमि

यो पालिका जाति, भाषा, धर्म, कला, संस्कृति, साथै पुरातात्विक रूपले महत्वपूर्ण रहेको छ । गुरुङ जातिकै ठुला र व्यवस्थित वसोवास गरेका भुजुङ, सिङ्दी, गिलुङ, घलेगाँउ जस्ता गाँउहरू यसै पालिकामा अवस्थित छन्। मातृभाषाको आधारमा यस गाउँपालिकामा आधा भन्दा धेरै अर्थात ५२.५३% जनसंख्या गुरुङ भाषी छन् भने दोस्रोमा ४५.८ % नेपाली भाषी रहका छन् भने छिटफुट रुपमा मगर, तामांग, नेवारी, राई, मैथली र अन्य भाषा बोल्ने पनि छन्। धर्मको आधारमा वुद्ध, हिन्दु, इसाई, सच्चाई र ईस्लाम धर्म मान्ने जनसंख्या क्रमश: ६२.७६%, ३३.३२%, २.३६%, १.४७% र ०.०७% रहेको छ| जात जातिका आधारमा आदिवासी जनजाति, विश्वकर्मा, परियार, क्षेत्री, सार्की, व्राह्मण, अन्य, ठकुरी, मुस्लिम र मधेसीको जनसंख्या क्रमश: ७७.०४, १३.५६, ३.३८, २.६७, १.९, ०.९७, ०.२७, ०.१७, ०.०५९ र ०.००८५ प्रतिशत रहेकोमा गुरुङको मात्र जनसंख्या ६७.९८% अर्थात ७,९७२ रहेको छ।

यस पालिकामा ठकुरी, मुस्लिम, भुजेल, नेवार, ह्याल्मोको संख्या कूल जनसंख्याको १ प्रतिशत भन्दा तल रहेको छ। मूलत: गुरुङ जाति साथै अल्प संख्यामा रहेका जातिको भाषा, परम्परा र साँस्कृतिको जगेर्नाका गर्दै भावी पुस्तालाई समेत हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन पनि तेत्तिकै खाँचो छ।

५.८.२ प्रमुख समस्या

पालिकामा बोलिने सबै भाषाहरू समान रूपमा विकसित हुन सकेका छैनन् र अल्पसंख्यक जनसंख्याले बोल्ने भाषा लोप हुने खतरामा छन्। गुरुङ्ग, कथित दलित, ब्राह्मण, क्षेत्री, मगर, तामाङ, नेवार, ठकुरी, मुसलमान आदिका आ-आफ्नै संस्कृति छन् तर यी संस्कृतिहरूमा हिन्दी र पश्चिमा संस्कृतिको प्रभाव बढ्दो छ। यसलाई व्यवस्थापन गर्न नसकिएको, यहाँका ऐतिहासिक सम्पदा, पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू र धार्मिक मठ-मन्दिर एवं गुम्वाहरूको उचित संरक्षण र संवर्द्धन हुन नसक्दा लोप हुने वा विनाश हुने खतरामा हुनु, यस्ता ऐतिहासिक सम्पदा तथा पुरातात्विक वस्तुहरूको संरक्षण र विकास गर्नु यस क्षेत्रका मुख्य समस्या हुन्।

५.८.३ चुनौती र अवसर

चुनौती

यस पालिकाका मौलिक परम्परा, संस्कृति र सम्पदाहरूको अभिलेख तयार पारी संरक्षणको कार्य गर्नु, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु, सहरीकरण र विश्वव्यापीकरणको बढ्दो प्रभाव प्राचीन सम्पदा र संस्कृति माथि थपिएको चुनौती हो। प्राचीन सम्पदाको उचित व्यवस्थापन गर्नु, पालिकामा बोलिने सबै भाषाको समतामूलक विकास गर्नु, पालिकाभित्र रहेका पुरातात्विक तथा सांस्कृतिक सम्पदाको उत्खनन् गरी एकीकृत् अभिलेख तयार गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

अवसर

साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूमार्फत् पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा पालिकालाई चिनाउने र संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारका विचको समन्वयमार्फत पालिकाको आर्थिक समृद्धिमा टेवा पु¥याउने कार्य यस क्षेत्रका अवसर हुन्।

५.८.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

पालिकाको पहिँचान; सबै भाषाभाषी, धर्म र सँस्कृतिक सम्प्रदायबीचको एकता।

लक्ष्य

सबै जात जाति, भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।

उद्देश्य

१. पालिकाभित्र रहेका जातजाति, भाषा, धर्म, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु।

२. विभिन्न ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक सम्पदाको जीर्णोद्धार र संरक्षण गर्नु।

५.८.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. पालिकाभित्र रहेका जातजाति, भाषा, धर्म, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु।	
१.१ पालिकाभित्र रहेका सबै जात जाति, भाषा, धर्म, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण र संवर्धन गर्ने।	१.१.1 पालिकामा जातिय, धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन गर्ने व्यवस्था गरिनेछ । १.१.२ ऐतिहासिक व्यक्तित्व एवं भाषा, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको अभिलेख तपार पारी उनीहरूको संझनामा पालिकाद्वारा निर्मित संरचनाहरूको नामकरण गरिनेछ। १.१.३ धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको समुचित सुधार गरी दिगो व्यवस्थापन गरिनेछ। १.१.४ यहाँ बोलिने भाषा, परम्परा र साँस्कृतिको जगेर्ना गरी यसलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ।
उद्देश्य २. विभिन्न ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक सम्पदाको जीर्णोद्धार र संरक्षण गर्नु।	
2.1 ऐतिहासिक एवं जीर्ण अवस्थामा रहेका सामग्री र सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, उत्पादन एवं संरक्षण गर्ने।	2.1.1 महत्वपूर्ण ऐतिहासिक र साँस्कृतिक सम्पदाको अभिलेख तयार गरिनेछ। २.१.२ यहाँ रहेका सम्पदाहरूको जीर्णोद्धार एवं संरक्षण गरिनेछ। २.१.३ गुरुङ जातिका भेषभुषा र परम्परासँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन, संवर्द्धन र सङ्ग्रह गरिनेछ।

५.८.६ कार्यक्रमका प्राथमिकता

१. पालिकाभित्रका भाषा, कला, संस्कृति र ऐतिहासिक सम्पदाको अभिलेखीकरण गरी संरक्षण र प्रवर्द्धन गर्ने।

२. गुरुङ सङ्गलयको स्थापना र सञ्चालन गर्ने ।

५.८.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/ ७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/ ७९	२०७९/८०	२०८०/ ८१		
१	१	१.१	१.१.१	क	पालिकाभित्रका सबै समुदायमा सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन	संख्या		१	निरन्तर	निरन्तर	१	
२			१.१.२	क	ऐतिहासिक एवं भाषा, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको सम्मान	संख्या		१	१	१	३	
३			१.१.३	क	यहाँ बोलिने भाषा, परम्परा र साँस्कृतिको जगेर्ना	प्याकेज						
४	२	२.१	२.१.१	क	ऐतिहासिक र साँस्कृतिक सम्पदाको अभिलेख तयार	संख्या		१			१	
५			२.१.२	क,ख	सम्पदाहरूको जीर्णोद्धार एवं संरक्षण	प्याकेज		१	१	१	३	
६			२.१.३	क,ख	गुरुङ जातिका भेषभुषा र परम्परा, जन्म र मृत्यु संस्कार संरक्षण र सम्वर्धन गर्न सङ्ग्रालयको स्थापना	संख्या		१	निरन्तर	निरन्तर	१	

अध्याय ६

भौतिक क्षेत्र

६.१ ऊर्जा (जलविद्युत् र नविकरणीय ऊर्जा)

६.१.१ पृष्ठभूमि

ऊर्जा मानव जीबन, हरेक भौतिक पदार्थ र संरचनाको निर्माण र विकाशका लागि अत्यावश्यक वस्तु हो। यसको उत्पादन र प्रयोगको अवस्थाले देशको समृद्धिको स्तरलाई समेत दर्शाउदछ।तसर्थ संघीय सरकारले एकिकृत जल उपयोग नीति निर्माण एवं ऊर्जा नीतिको परिमार्जन गर्दै विद्युत् उत्पादन, वितरण र प्रयोगमा जोड दिदै आएको छ भने गण्डकी प्रदेश सरकारले पनि प्रदेश समृद्धिका ७ सम्बाहकहरू मध्ये एक महत्वपूर्ण क्षेत्रका रूपमा ऊर्जालाई उल्लेख गरेको छ।

राष्ट्रिय प्रशारण लाइन र लघु जलविद्युत् आयोजनाहरू मार्फत आ.ब. २०७६/७७ सम्म यस गाँउपालिकाको ८४.८३% घरधुरीहरूमा विद्युतको पहुँच पुगेकोछ। यस अतिरिक्त घरयासी सौर्यपाता जडान मार्फत थप विद्युतीकरण गरिएको छ। रूदी र मिदिम यस गाँउपालिकाबाट बग्ने दुई महत्वपूर्ण खोलाहरू हुन् यी खोलाहरूको पानीको उपयोग सिँचाइ, खानेपानी र जलविद्युत् उत्पादनका लागि गर्न सकिन्छ। हाल कास्कीको मादी र लम्जुङको क्व्होलासोथारमा सञ्चालित रुदी ए र बी जलविद्युत् आयोजनाहरूबाट १५.४ मे.वा. विद्युत् उत्पादन सुरु भै राष्ट्रिय प्रशारणमा जोडिएका छन्। त्यस्तै ७ वटा लघु जलविद्युत् आयोजनाहरूबाट २०८ किलोवाट विद्युत् उत्पादन र १८,३६१ वाट बराबरका सौर्यपाता जडान गरी ५९८ घरधुरीहरूमा विद्युतीकरण गरिएको छ। ३.१ मे.वा. क्षमताको मध्यमिदिम जलविद्युत् आयोजना निर्माणाधिन अवस्थामा छ भने, ७.५ मे.वा. क्षमताको माथिल्लो मिदिम र १३.४२४ मे.वा. क्षमताको मिदिम-१ खोला आयोजनाहरू निर्माण अनुमती प्राप्त भई वित्त व्यवस्थापन नभएको अवस्थामा छन्।

६.१.२ प्रमुख समस्या

गाउँपालिकामा १५.१७% घरधुरीहरूमा विद्युतको पहुँच नपुग्नु, विद्युतीकरणका लागि प्रशारण लाइनको विस्तार नहुनु, समग्र जलस्रोत उपयोग तथा व्यवस्थापनको गुरूयोजनाको निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु, ग्रामीण विद्युतीकरणमा वैकल्पिक र नविकरणीय ऊर्जा प्रयोगबारे यथेस्ट जनचेतना जगाउन नसक्नु र वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षकृत रुपमा आकर्षित हुन नसक्नु यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

६.१.३ चुनौती र अवसर

चुनौती

नेपाल विद्युत् प्राधिकरण, सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ र स्थानीय र सामुदायिक संस्थाहरूको सहकार्यमा वैकल्पिक ऊर्जाको उत्पादन र खपतलाई अभिवृद्धि गर्नु, यसै मार्फत राष्ट्रिय प्रशारण लाइन नपुगेका गाँउहरूमा वैकल्पिक र नविकरणीय ऊर्जा प्रयोग गरी ऊर्जाको पहुँच विस्तार गर्नु, ऊर्जा प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युत् र नविकरणीय ऊर्जाले विस्थापित गर्नु, नयाँ ऊर्जा नीति अनुसार स्थानीय तहलाई दिएको अधिकार प्रयोगको लागि आवश्यक सम्यन्त्र र कार्यविधि बनाई संयोजनकारी भूमिका निर्वाह गर्नु, यस पालिका भित्र रहेका खोला, खोल्सा र खाली ठाँउहरूको उपयोगका लागि बहुउपयोग नीति र विधि तयार पार्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

प्रदेश सरकाले चालु आ.व. सम्ममा प्रदेशको सबै पालिका र गाँउहरूमा विद्युतीकरण गरीसक्ने नीति तथा योजनामा उल्लेख गर्नु, प्रदेश सरकार, नेपाल विद्युत् प्राधिकरण, सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ र स्थानीय र सामुदायिक संस्थाहरूको सहकार्यमा वैकल्पिक ऊर्जाको उत्पादन र खपतलाई अभिवृद्धि गरी राष्ट्रिय प्रशारण लाइन नपुगेका गाँउहरूमा वैकल्पिक र नविकरणीय ऊर्जा प्रयोग गरी ऊर्जाको पहुँच विस्तर गर्ने, स्थानीय तहलाई दिएको अधिकार प्रयोगको लागि सम्यन्त्र निर्माण गर्दै ०-३ मेघावाट सम्मका जलविद्युत् आयोजनाहरूको डिजाइन, निर्माण र अनुगमन गरी पालिकाको विद्युतीकरण, र ऊर्जा उपयोगमा परिवर्तन ल्याई दाउरा,

एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युत् र नविकरणीय ऊर्जाले क्रमश: विस्थापित गर्दै जाने, यस पालिका भित्र रहेका खोला, खोल्सा र खाली ठाँउहरूको उपयोगका लागि बहुउपयोग नीति र विधि तयार पार्ने आदि यस क्षेत्रका अवसरहरु हुन्।

६.१.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

जलविद्युत् र वैकल्पिक ऊर्जा उज्यालो पालिकाको आधार ।

लक्ष्य

खोलाको पानी र वैकल्पिक ऊर्जाको प्रयोगले उर्जाको आवश्यकतालाई पूर्ति गर्ने।

उद्देश्य

१. प्राविधिक र आर्थिकरूपले सम्भव जलविद्युत् आयोजनाहरूको पहिचान, अध्ययन र विकास गरी ऊर्जाको दिगो आपूर्तिको सुनिस्चितता गर्नु।

२. जलविद्युत् र वैकल्पिक ऊर्जा आयोजना सञ्चालनले पर्यावरण र नदी खोलामा पर्न जाने असर न्यूनीकरण गर्नु।

३. पालिका भित्रका आयोजनाहरूको समयमा सम्पन्न गर्न आवश्यक समन्वय र पहल गर्नु।

६.१.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. प्राविधिक र आर्थिकरूपले सम्भव जलविद्युत् आयोजनाहरूको पहिचान, अध्ययन र विकास गरी सबै वडा र टोलहरूमा ऊर्जाको दिगो आपूर्तिको सुनिस्चितता गर्नु।	
१.१ ऊर्जा पहिचान, अध्ययन विकासको लागि संस्थागत संरचना विकास गर्ने।	१.१.1 ऊर्जा पहिचान, अध्ययन विकासको लागि आवश्यक पर्ने नीतिगत र कानुनि व्यवस्था गर्ने।
१.२ विद्युतिकरण गर्न बाँकी वडा र टोलको विद्युतिकरण गर्ने एवं ऊर्जा क्षेत्रको योजनाबद्ध विकास र प्रवर्द्धन गर्ने।	१.२.१ पालिका भित्रका खोला, खोल्सा, धेरै लामो समय घाम ठाँउ एवं खुला ठाँउहरूको पहिचान र अभिलेखिकरण गरिनेछ। १.२.२ स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी लगानीका स्रोतहरू पहिचान गरिनेछ। १.२.३ नेपाल विद्युत् प्राधिकरण र लगानी कर्ताहरूसँग समन्वय गरी ऊर्जा (जलविद्युत, र लघु जलविद्युत् र सौर्य ऊर्जा जस्ता वैकल्पिक ऊर्जा) उत्पादन र वितरण प्रणालीमा लगानी गर्न प्रोत्साहित गरिनेछ। १.२.४ विद्युतीकरण हुन नसकेका वडा र टोलका पहिँचान गरी संघीय सरकार, प्रदेश सरकार र नेपाल विद्युत् प्राधिकरणसँगको समन्वय र सहकार्यमा विद्युतीकरण गरिनेछ। १.२.५ संघ र प्रदेश र नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी विद्युतका काठे पोलहरू विस्थापित गरिनेछ। १.२.६ लघुजलविद्युत आयोजनाबट उत्पादित बिद्युत राष्ट्रिय प्रशारण लाईनमा जोडन आवश्यक पहल र समन्वय गर्ने।
उद्देश्य २. जलविद्युत् र वैकल्पिक ऊर्जा आयोजना सञ्चालनले पर्यावरण र नदी/खोलामा पर्न जाने असर न्यूनीकरण गर्नु।	
2.1 अनुसन्धानबाट प्राप्त नतिजाहरूको खोजी गरी पर्यावरण र नदी/खोलामा पर्न जाने असर	2.1.1 विश्वविद्यालय र अनुसन्धानात्मक संस्थाहरूले गरेका खोजबाट प्राप्त नतिजाहरू संघ, प्रदेश सरकार र आयोजनाहरूसँग आवश्यक

न्यूनीकरणका उपायहरू लागु गर्ने।	समन्वय र सहकार्यमा गरी आयोजना सञ्चालनका कारण पर्यावरण र नदी/खोलामा पर्न जाने असरलाई न्यूनीकरण गरिनेछ।
उद्देश्य ३. पालिका भित्रका आयोजनाहरूको समयमा सम्पन्न गर्न आवश्यक समन्वय र पहल गर्नु।	
३.१ पालिका भित्र सञ्चालनमा रहेका आयोजनाहरूको समयमा सम्पन्न गर्न पहल गर्ने।	३.१.१ पालिका भित्र सञ्चालनमा रहेका योजनाहरूको अभिलेख तयार गरिनेछ। ३.१.२ संघीय सरकार, प्रदेश सरकार र आयोजनाहरूसँग आवश्यक समन्वय गरी पालिकाभित्र सञ्चालनमा रहेका ऊर्जा आयोजनागरूलाई समयमै सम्पन्न गर्न पहल गरिनेछ।

६.१.६ कार्यक्रमका प्राथमिकता

१. पालिकास्तरको ऊर्जाको सूची तयार पारी र तदनुरुप आयोजना निर्माण गर्ने।
२. निजी क्षेत्रको सम्लग्नतामा जलविद्युत् (लघु तथा मझौला) र सौर्य ऊर्जामा लगानी गरी ऊर्जा उत्पादन गर्ने।
३. विद्युतको पहुँच सबै घर परिवारमा पुर्याउने।

६.१.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८ तथ्याङ्क	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	ऊर्जा आयोजना अध्ययन, निर्माण र व्यवस्थापनमा आइपर्ने समस्या समाधान समिति गठन	संख्या		१			१	प्रविधि शाखा
२		१.२	१.२.१	क	पालिका भित्रका जलविद्युत उत्पादन गर्न सकिने खोला, ठाँउ र सौर्य ऊर्जा प्लान्ट राख्न सकिने ठाँउको पहिचान र अभिलेखिकरण समिति गठन	संख्या		१			१	प्रविधि शाखा
३			१.२.२	क, ख, ग	लघुजलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् लाई राष्ट्रिय प्रसारणमा जोड्न पहल गर्ने	पहल						प्रविधि शाखा
४				ख	क्व्होलासोथरको पानी स्थानीयको लगानी	रू करोडमा					१००	प्रविधि शाखा
५			१.२.३	ख र ग	निजी क्षेत्रको सहकार्यमा जलविद्युत आयोजनाहरूको निर्माण र लागानी	रू करोडमा					२००	प्रविधि शाखा
६			१.२.४	ख र ग	विद्युतको पहुँच पुगेको घरधुरी (वडानं. १-९)	प्रतिशत	८४.८३	५	५	४	१४	प्रविधि शाखा
				क, ख	वडानं. १-९ सडक सौर्यवत्ति जडान	संख्या						प्रविधि शाखा
७			१.२.५	ख र ग	पुराना काठेपोल प्रतिस्थापन	संख्या	०	०	०	०	००	प्रविधि शाखा

क्र.	उद्दे	रण नीति	कार्य नीति	संके	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको	जिम्मेवार निकाय
८	२	२.१	२.१.१	क, ख र ग	पर्यावरण र नदी/खोलामा पर्न जाने असरलाई न्यूनीकरण	संख्या		१	१	१	३	प्रविधि शाखा
९	३	३.१	३.१.२	क	पालाकि भित्रका ऊर्जा आयोजनाहरूसँग अभिलेख र ती आयोजनाहरूलाई समयमै सम्पन्न गर्न समन्यय समिति गठन		१				१	प्रविधि शाखा

६.१.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	नतिजा एकाई	आधार वर्ष (आ.व.2075/076)	नतिजा लक्ष्य			योजना अवधिभर	जिम्मेवार निकाय
					आ. व. २०७८/०७९	आ. व. २०७९/०८०	आ. व. २०८१/०८१		
प्रभाव १	विद्युत् र वैकल्पिक ऊर्जाको प्रयोगले पालिका उज्यालो भई ऊर्जाको आपुर्ति भएको हुने	ऊर्जा र विद्युतीकरणमा समस्या छैन भनी विश्वास गर्ने जनता	प्रतिशत						
		पालिकाको क्षेत्राधिकार भित्र रहेका विद्युत् आयोजनाको पहिचान गरेको हुने	संख्या						
असर 1	ग्रागीण विद्युतीकरण र विद्युतको प्रयोग स्वस्थ्य जीबन र दिगो ऊर्जा आपूर्तिको आधार तयार भएको हुने	विद्युतीकरण भएको घरधुरी संख्या	संख्या						
		आयआर्जन वृद्धिको लागि नविकरणिय उर्जाबाट सञ्चालित साना तथा घरेलु उद्योग	संख्या						
		खाना पकाउन विद्युतीय उपकरण प्रयोग गर्ने घरधुरी संख्या	संख्या						
प्रतिफल १.१	विद्युत् उत्पादन र वितरणको दिगो व्यवस्थापन भएको हुने	विद्युतमा पहुँच पुगेको घरपरिवार	संख्या						
		केन्द्रीय प्रसारण वितरण लाईन मार्फत् विद्युत्मा पहुच पुगेका घर परिवारको अनुपात	अनुपात						
		प्रति व्यक्ति प्रति वर्ष विद्युत् खपत	किलोवाट घण्टा						
		पालिकाको क्षेत्राधिकार भित्र रहेका विद्युत् आयोजनाको कार्यन्वयनमा आएको हुने	संख्या						
प्रतिफल १.२	प्रसारण र वितरण लाईनको सञ्जाल विस्तार भएको हुने	ट्रान्सफार्मर जडान	संख्या						
		पुराना काठेपोल प्रतिस्थापन	संख्या		१			१	
प्रतिफल १.३	विद्युतीय चुलो र विद्युतीय सवारी साधन प्रयोग भएको हुने	विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार	संख्या		१			१	

प्रतिफल १.४	अनुसन्धानमा आधारित दिगो ब्यवस्थापनका उपायहरूको अबलम्बन भएको हुने	उर्जा आयोजना निर्माण तथा जलवायु परिवर्तनले नदी तथा आयोजनामा पारेको असरबारे अनुसन्धान	संख्या						
प्रतिफल १.५	नगदे फसल, तरकारी, फलफूल खेती तथा जडीबुटी प्रशोधनमा नवीकरणीय उर्जाको प्रयोग वृद्धि भएको हुने	नवीकरणीय उर्जामा आधारित सोलार ड्रायर	संख्या						
प्रतिफल १.६	लघुलजविद्युत आयोजनाहरूको व्यबस्थापन भएको हुने	लघुलजविद्युत आयोजनाहरूको उत्पादित विजुली केन्द्रिय प्रशारणमा जोडिने	संख्या						
लगानी	**विद्युत् क्षेत्रको लगानी, पालिका उज्यालो प्रदेश कार्यक्रम, प्रसारण र वितरण लाइन विस्तार कार्यक्रम, कर्मचारीको क्षमता विकास तालिम, विद्युतीय उपकरण प्रयोगको सचेतना रक्षमता वृद्धि**								

६.२ सिंचाई

६.२.१ पृष्ठभूमिः

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले खाद्यान्न उत्पादन र उत्पादकत्व बृद्धिको लागि दीगो सिंचाई प्रणालीको विकास गरी औषत उत्पादनमा अबको ५ वर्षमा २.७ टनबाट ३.८ टन पुर्याउने २५ वर्षमा ६ टन पुर्याउने लक्ष्य राखेको छ। नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पु¥याउन सिंचाईको मुख्य भूमिका उच्च प्राथमिकतामा रहेको हुनु पर्दछ। क्व्होलासोथर गाउँपालिकाको कुल भू–भाग १७५६२ हेक्टर जमिन मध्ये खेतीयोग्य जमिन जम्मा ११.७३ प्रतिशत अर्थात् २०६२ हेक्टर छ। कुल खेतीयोग्य जमीनको करिब ६५ प्रतिशत जमिनमा मात्र खेती गरिएको छ भने बाँकी जमिन बांझो छाडिएको छ। यहाँको अधिकांश कृषियोग्य जमिन भिरालो परेको क्षेत्रमा विस्तारित छ भने समथर तथा खोला किनारमा गरिएको खेती पनि वर्षादको पानीमा निर्भर भएको देखिन्छ। हिउँदमा खोलाहरुमा केही मात्रामा पानी भएता पनि खासै प्रयोगमा ल्याउन सकिएको छैन, फलस्वरुप सिंचित भूमि अत्यन्त न्यून रहेको छ। उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका फराकिला कृषि क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्नु अति आवश्यक रहेको छ।

६.२.२ प्रमुख समस्या

खेतीयोग्य क्षेत्रहरुमा भौगोलिक विविधताका कारण सिंचाईको असुविधा हुनु

परम्परागत कृषक कुलोहरूको आधुनिकीकरण तथा सुधार हुन नसक्नु,

आवश्यकता रहेको ठाउँमा सिंचाईको व्यवस्था गर्न नसक्नु,

सडक पूर्वाधार निर्माणका क्रममा सिंचाइका संरचनामा भएको क्षतिको पुनस्र्थापना नहुनु,

अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधारप्रति समुदायहरूको चासो कम रहनु,

विउ उमार्ने, रोप्ने र बाली हुर्काउने विभिन्न चरणमा आवश्यक पर्ने पानीको मात्रा र सिंचाई प्रविधिको बारेमा किसानलाई पर्याप्त ज्ञान नहुनु।

६.२.३ चुनौती र अवसर

चुनौती

विउ उमार्ने, रोप्ने र बाली हुर्काउने विभिन्न चरणमा आवश्यक पर्ने पानीको मात्रा र सिंचाई प्रविधिको बारेमा किसानलाई सिंचाई विधि र प्रविधिको बारेमा सचेतना बृद्धि गर्नु।

उच्च उत्पादन र उत्पादकत्वको सम्भावना रहेका कमाण्ड क्षेत्र पहिचान गरी सिंचाइ प्रणाली विकास गर्नु।

खेतीयोग्य भिरालो तथा उच्च क्षेत्रमा उपयुक्त प्रविधिको प्रयोग गरी सिंचाईको व्यवस्था गर्नु ,

सञ्चालनमा रहेका परम्परागत कुलोहरुको आधुनिकीकरण र सुधार गर्नु

सिंचाई आयोजना विकास, मर्मत सम्भार र प्रयोग सम्बन्धि समुदायको चासो बृद्धि गर्नु।

अवसर

संघीय सरकार र गण्डकी प्रदेश सरकारको उच्च प्राथमिकतामा सिंचाई क्षेत्र पर्नु,

खोलाहरुका दायाँवायाका कृषियोग्य क्षेत्रमा सतह सिंचाईको माध्यमबाट सजिलै सुविधा पुर्याउन सकिने सम्भावना रहनु।

सतह सिंचाईको सम्भावना नभएका पहाडि भूभागका पाखाहरुमा नयाँ प्रविधिको प्रयोग गरी सुविधा पुर्याउने सम्भावना रहनु।

सिंचाई गर्नका लागि विभिन्न तरिकाबाट नयाँ प्रविधिहरुको विकास हुँदै जानु र त्यस्ता प्रविधिमा किसानको चासो बढ्दै जानु।

सरकारको प्राथमिकतामा परेका चक्लाबन्दी, कृषिमा यान्त्रिकीकरण र सामुहिक करार खेती जस्ता कार्यक्रमले गर्दा सिंचाईको माग बढ्दै जानु।

६.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोचः सिचाईको दिगो विकास, कृषि उत्पादन र उत्पादकत्वमा सुधार।

लक्ष्यः सिंचाई प्रणाली मार्फत गाउँपालिकाको कृषि उत्पादकत्वमा बृद्धि गर्ने।

उद्देश्यः

१. परम्परागत सिंचाई पूर्वाधारको सुधार तथा पुनस्र्थापनाका गर्नु।

२. सिंचित कृषि क्षेत्रको विस्तार गर्नु।

३. नदी तथा खोलाको दिगो तथा प्रभावकारी व्यवस्थापन गरी सिंचाई प्रणाली व्यवस्थित गर्नु।

६.२.५ रणनीति र कार्यनीति

उद्देश्य १: परम्परागत सिंचाई पूर्वाधारको सुधार तथा पुनस्र्थापनाका गर्नु।	
रणनीति	कार्यनीति
१.१ उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका फराकिला कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने।	१.१.१ खेती योग्य जमिन, पानीको आवश्यकता र स्रोत पहिचान समेत प्रतिविम्बित हुने गरी भूमि प्रयोग नक्सा तयार गरी विस्तृत "सिंचाई गुरुयोजना" तयार गरिनेछ। १.१.२ चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा जोन र निजी ठूला कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिनेछ। १.१.३ परम्परागत कुलोहरू तथा जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण गरी बाह्रै महिना सिंचाई सुविधा पु¥याइनेछ।

उद्देश्य २: सिंचित कृषि क्षेत्रको विस्तार गर्नु।	
रणनीति	**कार्यनीति**
२.१ कृषि गर्न छाडिएका तथा सम्भाव्यता भएका क्षेत्रहरुमा सिंचाई आयोजना निर्माण गर्ने।	२.१.१ उच्च पहाडी क्षेत्रमा एकिकृत रुपमा खानेपानी र सिंचाई दुवै सुविधा पुरा हुने सम्भावना रहेका क्षेत्र पहिचान गरी एकीकृत् रुपमा विकास गरिनेछ। २.१.२ सतह सिंचाईको सम्भावना नभएका पाखोहरुमा विद्युत् तथा सोलार लिफ्ट, पाइप, साना जलाशय तथा पोखरी निर्माण र बर्षातको पानी संकलन गरी सिंचित क्षेत्रको विस्तार गरिनेछ।

उद्देश्य ३: नदी तथा खोलाको दिगो तथा प्रभावकारी व्यवस्थापन गरी सिंचाई प्रणाली व्यवस्थित गर्नु।	
रणनीति	**कार्यनीति**
३.१ सिंचाई आयोजनाहरूको मुहान तथा प्रभाव क्षेत्रको संरक्षण गर्ने। ३.२ सिंचित क्षेत्रको संरक्षण तथा पानीको उचित प्रयोग गर्ने।	३.१.१ नदी तथा खोलामा मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण सिंचाई आयोजनाको मुहान तथा प्रभाव क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने विभिन्न उपायहरू खोजी गरी अबलम्बन गरिने छ। ३.१.२ सिंचाई सुविधा पुगेका क्षेत्रमा रोटेशन गरी उच्च मूल्यका बाली लगाउन प्रोत्साहन गरिने छ। ३.२.१ मिदिमखोला तथा रुदीखोलाको किनारी क्षेत्रमा रहेका खेतीयोग्य क्षेत्रहरुलाई प्राथमिकतामा राखेर योजनवद्ध सिंचाई विकास आयोजना संचालन गरिने छ। ३.२.२ सिंचाई पानीको कुशलतापूर्वक प्रयोग गर्ने गरी कृषक तथा समुदायलाई आयोजना हस्तान्तरण गरिने छ। ३.२.३ सिंचाई सुविधा पुगेको भूमिमा खण्डीकरण हुने कार्यलाई निरुत्साहित गरिने छ।

६.२.६ कार्यक्रमका प्राथमिकता

१. परम्परागत सिंचाई पूर्वाधारको सुधार तथा पुनस्थापनाका गरी सिंचित कृषि क्षेत्रको विस्तार गर्ने।

२. कृषि सिंचाई आयोजना निर्माण गरी दीगो व्यवस्थापन गर्ने।

६.२.७ विस्तृत कार्यक्रम

सिंचाइ												
क्र.सं.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	१	१.१	१.१.१		क्व्होलासोथर गाउँपालिकाको "सिंचाइ गुरुयोजना" निर्माण	संख्या		१			१	गाउँपालिका
2			१.१.२		चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा जोन र निजी ठूला कृषि फार्ममा, आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिने।	संख्या					आवश्यकता अनुसार	
3					परम्परागत कुलोहरू तथा जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण गरी सिंचाई सुविधा पु¥याइउने।	संख्या		निरन्तर	निरन्तर	निरन्तर	आवश्यकता अनुसार	
4	२	२.१	२.१.१		खानेपानी र सिंचाई दुवै सुविधा पुरा हुने सम्भावना रहेका क्षेत्रहरूको एकीकृत् रुपमा विकास गरिने।	संख्या					आवश्यकता अनुसार	
5					साना जलाशय तथा पोखरी निर्माण र बर्षातको पानी संकलन गरी सिंचित क्षेत्रको विस्तार गरिने।	हेक्टर		निरन्तर	निरन्तर	निरन्तर	अधिकतम्	
6	३	३.१	३.१.१		जोखिममा रहेका सिंचाई आयोजना तथा प्रभाव क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने विभिन्न उपायहरू खोजी गरी संरक्षण गरिने	संख्या					अधिकतम्	

7			३.१.२		मिदिमखोला तथा रुदीखोलाको किनारी क्षेत्रका खेतीयोग्य क्षेत्रहरुलाई प्राथमिकतामा राखेर योजनावद्ध सिंचाई विकास आयोजना संचालन गरिने।	संख्या					आवश्यकता अनुसार	
8		३.२	३.२.१		सिंचाई आयोजनाहरू कृषक तथा समुदायलाई हस्तान्तरण गरिने	संख्या					अधिकतम्	
9			३.२.२		सिंचाई सुविधा पुगेको भूमिमा खण्डीकरण हुने कार्यलाई निरुत्साहित गरिने	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर		
					नदी कटान नियन्त्रण	संख्या					आवक्यता अनुसार	

६.२.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइए को श्रोत
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	सिंचाईमा गुणस्तरीय र भरपर्दो प्रणालीको विकास तथा कुशल ब्यवस्थापन भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने	सिंचाई पुगेको खेती योग्य जमिन	प्रतिशत		५	७	८	२०	
		खेती योग्य जग्गा मध्ये १२ महिना सिंचाई भएको जग्गा	हेक्टर					५	
असर १	मुख्य कृषि क्षेत्रमा सञ्चालित सिंचाई सुबिधा विस्तार तथा स्तरोन्नति भएको हुने	मुख्य कृषि कार्यक्रम सञ्चालित जग्गामा सिंचाई सुविधा पुगेको जग्गा	हेक्टर					आवश्यकता अनुसार	
		मर्मत सम्भार भएका सिंचाई आयोजना	संख्या					आवश्यकता अनुसार	
प्रतिफल १.१	विविध कार्यक्रम तथा श्रोतहरूबाट संचालित सिंचाईको व्यवस्था भएको हुने	चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा जोन	संख्या	१	२	२	२	७	
		मुख्यमन्त्री कृषि कार्यक्रम सञ्चालित क्षेत्र,	हेक्टर		१	२	२	५	
		प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना सञ्चालित क्षेत्र,	हेक्टर		१		१	२	
		होम स्टे पर्यटनसँग सम्बद्ध कृषि फार्म	संख्या		१०	१५	१५	४०	
प्रतिफल १.२	परम्परागत कुलोहरू र जीर्ण सिंचाई आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति भई बाह्रै महिना सिंचाई सुविधा	सिंचाईको व्यवस्था भएका मुख्य कृषि कार्यकमबाट सञ्चालित क्षेत्र	हेक्टर			५	५	१०	

	पुगेको हुने								
असर २	कृषि गर्न छाडिएका तथा सम्भाव्यता भएका क्षेत्रहरुमा सिंचाई आयोजना निर्माण	एकिकृत रुपमा खानेपानी र सिंचाई दुवै सुविधा भएका क्षेत्रहरू	संख्या		२	३	५	१०	
प्रतिफल २.१	पहाडी विकट क्षेत्रमा एकिकृत रुपमा खानेपानी र सिंचाई दुवै सुविधा पुरा हुने सम्भावना रहेका क्षेत्र पहिचान गरी एकीकृत् रुपमा विकास भएको हुने।	पहाडी विकट क्षेत्रहरूमा बसोबास गरेको वस्तीको संख्या	संख्या						
		खोनेपानी र सिंचाई दुबै सुविधा उपभोग गरेका वस्तीहरू	संख्या					अधिकतम्	
असर ३	नदी तथा खोलाको दिगो तथा प्रभावकारी व्यवस्थापन गरी सिंचाई प्रणाली व्यवस्थित भएको हुने	सिंचाई आयोजनाहरूको मुहान तथा प्रभाव क्षेत्रको संरक्षण गरी सिंचित क्षेत्रको संरक्षण तथा पानीको उचित प्रयोग गर्ने परिवार।	संख्या					अधिकतम्	
प्रतिफल ३.१	सिंचाई आयोजनाको मुहान तथा प्रभाव क्षेत्रमा परेको असर न्यूनीकरण भएको हुने	मुहान तथा प्रभाव क्षेत्र संरक्षण गरिएका आयोजनाहरू	संख्या					अधिकतम्	
प्रतिफल ३.२	मुख्य नदी तथा खोलाको किनारी क्षेत्रका खेतीयोग्य भूमिलाई सिंचाई विकास आयोजनाको प्राथमिकतामा राख्ने।	मिदिमखोला, रुदीखोलाको तथा अन्य खोलाका किनारी क्षेत्र का खेतीयोग्य क्षेत्रहरुमा सिंचित क्षेत्रफल।	क्षेत्रफल (हेक्टर)					अधिकतम्	
प्रतिफल ३.३	सिंचाई पानीको कुशलतापूर्वक प्रयोग गर्ने गरी कृषक तथा समुदायलाई आयोजना हस्तान्तरण गरिएको हुने।	कृषकलाई हस्तान्तरण भएका कूल कृर्षि क्षेत्रमा संचालित सिंचाई आयोजनाहरू	संख्या					अधिकतम्	
प्रतिफल ३.४	भूमिमा खण्डीकरण हुने कार्यलाई निरुत्साहित गरिएको हुने	चक्लाबन्दी भएका कृर्षि आयोजनाहरू	क्षेत्रफल (हेक्टर)						

६.३ यातायत पूर्वाधार विकास:

६.३.१ पृष्ठभूमि:

स्थानीय निकायको भौतिक विकासमा यातायात पूर्वाधारले मुख्य हिस्सा राख्दछ । सार्वजनिक पहुँचको वृद्धि, द्रुत आवागमन सेवाप्रणालीको विकास, सेवा-सुविधामा वृद्धि, इमर्जेन्सी सेवाको सुदृढीकरण, रोजगारीमा सहजता र बजारीकरणमा सहजता पुऱ्याउन सडक विस्तार भौतिक पूर्वाधारको आवश्यक मेरुदण्ड हो । सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरुमा पुल/कलभर्ट निर्माण तथा मर्मतले बाह्रैमासे आवतजावतको सुनिष्चिता दिन्छ । गण्डकी प्रदेशकको सदरमुकाम पोखराबाट मालिङ्ग जोड्ने सडक खण्ड, लमजुङ सदरमुकाम बेशिसहरबाट मालिङ्ग जोड्ने सडक खण्ड, र मालिङ्गबाट विभिन्न वडा कार्यालय जोड्ने सडकहरु महत्वपूर्ण मेरुदण्ड सडकको रुपमा रहेका छन् । यस गाउँपालिकामा निर्माण भएका र निर्माणाधीन धुले सडक, ग्राभेल सडक गरी कुल सडक ५२ कि.मी. रहेका छन् भने जम्मा झोलुङ्गे पुलहरुको संख्या ३१ रहेको छ । त्यसतै, सडक छेउमा रहेको सडकको नालाहरुको लम्बाइ ... कि.मी. रहेको छ भने आपतकालिन उद्धारको लागि हेलि ल्याण्डिङ्गको संख्या ३ (घलेगाउँ, भुजुङ, गिलुङ) रहेको छ । यस गाउँपालिकामा अन्य यातायातको पूर्वाधार जस्तै केबलकार, जलयातायात, हवाई यातायात भने अहिले अध्ययनकै विषय रहेको छ ।

क्व्होलासोथार गाउँपालिकामा विद्यमान सडकहरु बाग्लुङ्गपानी-भुजुङ्ग, कपुरगाउँ-बालुवेशी, छाप-साल्मे-घाम्राङ-तामु, बगैँचा-पसगाउँ, पसगाउँ-घाम्राङ्ग, बगैँचा-सिङ्दी, कपुरगाउँ-नजरे, मालिङ-शैलुङ-मिदिम र काँडेलु-खोगुम खण्डहरु रहेका छन् ।

६.३.२ प्रमुख समस्या:

यातायातका पूर्वाधारमा अपेक्षित एकीकृत विकास नहुनु, सडक संजालको प्राथमिकताको आधारमा धुलेबाट ग्राभेलबाट कालोपत्रे स्तरोन्नती कार्यक्रमहरु वार्षिकीक्रममा निर्धारण नहुनु, निजी क्षेत्रको व्यावसायिक क्षमतामा समयानुकुल वृद्धि नहुनु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति गाउँबाट पलायमान हुनु, बजेटको विनियोजन र सञ्चालनमा कुशलताको अभाव हुनु, सरकारी प्राविधिक दक्षता/संसाधानबाट गाउँमा सहज लगानी नहुनु, सडकको मर्मतसंभारमा जनताको संलग्नता कम हुनु, ठेक्का व्यवस्थापन कमजोरी हुनु आदि यस क्षेत्रका समस्याहरु रहेका छन् ।

६.३.३ चुनौती र अवसर:

चुनौती

चुनौतीपूर्ण भौगोलिक तथा भौगर्भिक अवस्था बीच आर्थिक गतिविधिलाई गतिशील बनाउन योगदान गर्न सक्ने सडक सञ्जालको पहिचान र त्यसको स्तरोन्नती गर्नु, धार्मिक/सांस्कृतिक/पर्यटकीय गन्तव्यहरुसम्म पुग्ने पदमार्गहरु पहिचान गरि नयाँ मार्ग विकास गर्नु र पुरानालाई स्तरोन्नती गर्नु, साना तथा लघु आयोजनालाई ठूलो परियोजनासँग जोडेर कार्यक्रम सञ्चालन गर्ने प्रवृत्ती विकास गर्नु, प्रदेश/जिल्ला केन्द्र भएर जाने सडक सञ्जाललाई द्रुत र फराकिलो बनाउनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर सडक र बस्तीलाई जोखिममुक्त व्यवस्थित बनाउँदै लैजानु, सिमित लगानीमा व्यवसायिक गतिविधिलाई उत्थान गर्नु, रणनीतिक महत्वका सडक सञ्जाललाई महत्व दिनु, कृषि सडकहरुलाई प्राथमिकताको रुपमा लैजानु, स्थानानतरण गरिएको वस्तीबाट सेवाक्षेत्रसम्मको आवतजावतलाई सहज मार्गको विकास गर्नु, बालक/बृद्ध र पिछडिएको वर्गसँग जोडिएका सेवा संस्थासम्म सहज यातायातको व्यवस्थापन गर्नु, महत्वपूर्ण आवागमन क्षेत्रमा खुला क्षेत्र हेरि बसपार्क र पार्किङ्ग लटको व्यवस्थापन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

अवसर

सडक निर्माण, यातायात पूर्वाधारको संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकारको जिम्मेवारी थप स्पष्ट हुँदै जानु, रोमाञ्चक/प्रतियोगितात्मक/जोखिमपूर्ण खेल सञ्चालन क्षेत्रसम्म आवागमनको सहजता बढ्नु, प्राकृतिक/कृषक/जैविक दृष्टिकोणबाट विभिन्न वडाहरुमा पर्यटकीय आवतजावतबाट टेवा पुग्ने व्यापारिक संभावनाहरुलाई नीजि तथा संयुक्त लगानीमा विकासमा चासो बढ्दै जानु, स्थानीय गाउँपालिका र वडाहरुले सडक पूर्वाधारलाई मुख्य उपलब्धिमा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि प्रदेश स्तरबाट भौतिक र आर्थिक सहयोग मिल्नु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

६.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

समृद्ध यातायातको पूर्वाधार, पर्यटन र कृषिको हुन्छ विकास ।

लक्ष्य

गुणस्तरीय बिनाजोखिम फराकिलो रणनैतिक सडक सञ्जालको विकास गरि सामाजिक-आर्थिक अवसरहरुमा नागरिकहरुको पहुँच वृद्धि गर्ने ।

उद्देश्य

१. दिगो, सुरक्षित र कम खर्चिलो सडक मार्गको सञ्जाल विस्तार गरि, स्वदेशी र विदेशीहरुको यातायातको पहुँचमा वृद्धि गर्नु ।

६.३.५ रणनीति र कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१	१.१ स्थानीय आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी र आयमुलक बनाउने	१.१.१ कृषि मार्ग, पर्यटकीय मार्ग, र नयाँ ट्रयाक खोल्ने गरि स्थानियको आय आर्जन र वस्तु उत्पादनलाई सहस पुग्ने किसिमको सडकहरुको निर्माण गरिने
	१.२ गाउँपालिकाको सडक गुरुयोजना निर्माण गर्ने	१.२.१आधारभूत सडक सञ्जालको विकास १.२.२ रणनीतिक विकास अक्षहरुको विकास १.२.३ व्यापारिक केन्द्र जोड्ने सडकहरुको विकास १.२.४ सडक सुरक्षाको सुनिश्चितता गर्ने १.२.५ वडा केन्द्रहरुसम्म सडक सञ्जालको विस्तार र स्तरोन्नती गर्ने १.२.६ बसपार्क, विस्रामस्थल आदिको स्थापना गरी यातायात व्यवस्थापन क्षेत्रको विकास गर्ने

		१.२.७ वातावरणमैत्री सडकहरुको निर्माण गर्ने १.२.८ सडक सञ्जालको भरपर्दो अभिलेख राख्ने
	१.३ आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्यमा सबैको पहुँच स्थापित हुने	१.३.१ सबै सरकारी विद्यालयसम्म मूल सडकबाट धुले बाटोको पहुँचको विकास गर्नु, १.३.२ विद्यालयसम्म पुग्ने गोरेटो बाटोलाई साना बालबालिकाको लागि सुरक्षित र फराकिलो बनाउने, १.३.३ प्राविधिक विद्यालयहरुसँग जोडिने सडक संयन्त्रको विकास गर्ने, १.३.४ स्थानिय स्वास्थ्य सेवासम्म मूल सडकबाट सडक सञ्जालले जोड्ने,
	१.४ नयाँ प्रविधिमा आधारित सडक निर्माणलाई जोड दिनु	१.४.१ सडक स्तरोन्नतीलाई कम खर्चिलो हुने गरि सडक सञ्जालको निर्माण गर्ने, १.४.२ नयाँ प्रविधिमा आधारित मेसिन र कच्चा पदार्थको प्रयोगबाट सडकलाई ग्राभेल र कालोपत्रे गर्ने, १.४.३ स्थानिय श्रोतबाट दीर्घकालिन हुन सक्ने सडक निर्माणलाई जोड दिने, १.४.४ सडकको लामो आयुको लागि नालाहरु, कलवर्टहरु निर्माण गर्ने र पानीबाट हुने क्षतिबाट सडकलाई कम असर पार्ने
	१.५ ज्येष्ठ नागरिक, प्रसुति बालबालिका तथा अपाङ्गहरुको यातायातलाई सुरक्षित बनाउने	१.५.१ कम उमेरका बालबालिकाको लागि बनेका पूर्वाधार संरचनासम्म पुग्ने सडकलाई सुरक्षित र भरपर्दो बनाउने, १.५.२ शाररिक रुपले कमजोर नागरिकहरुलाई बनेका पूर्वाधारहरुसम्म पुग्ने सडकहरुलाई विशेष महत्व दिइ सो संस्थाको क्रियकलापलाई स्वस्थ, सहस र कम खर्चिलो बनाउन मद्दत गर्ने, १.५.३ विभिन्न क्षेत्रमा झोलुङ्गे/मोटरेवल पुलहरु निर्माण गरि यातायातलाई सहस बनाउने

	१.६ ईमर्जेन्सी सेवा अन्तर्गतका क्रियकलापलाई सबै क्षेत्रसम्म सडकको सञ्जालको पहुँचमा पुर्याउने	१.६.१ विशेष परिस्थिति (भैपरि -हुने भवितव्यहरु र भौगोलिक वैकल्पिक व्यवस्था)को नियन्त्रण र उद्दारको लागि सहज यातायातको लागि (घोडे बाटो, धुले बाटो, बाटो चक्लाइ आदि) व्यवस्थापन गर्ने १.६.२ आपतकालिन उद्धारको लागि हेलिप्याडको निर्माण र सो क्षेत्रसम्म पुग्ने घोडेबाटोको निर्माण
	१.७ १नयाँ यातायतको पूर्वाधारको अध्ययन	१.७.१ पर्यटकीय, धार्मिक र सांस्कृतिक महत्व बोकेका गन्तव्यहरुसम्म पुग्ने यातायात व्यवस्थाको लागि आधुनिक तथा रोमाञ्चक यातायात (केबलकार, प्याराग्लाइडिङ्ग आदि)को प्रविधि पहिचान गरि गन्तव्यहरुसम्म पर्यटकहरुको वृद्धि गराउने

६.३.६ कार्यक्रमको प्राथमिकता:

१) सबै वडाहरुलाई जोड्ने प्रमुख सडक, रणनितिक सडक खण्ड र विकास अक्षहरुको सञ्जाललाई बाह्रैमासे सवारी आवतजावतको लागि आवश्यक निर्माण, मर्मत र स्तरोन्नति गर्दै लैजानु

२) क्व्होलासोथारको चक्रपथ निर्माण गर्नु

६.३.७ विस्तृत कार्यक्रम

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	सङ्केत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/ ०७९	२०७९/ ०८०	२०८०/ ०८१		
1	1	1.1	1.1.1	क	कृषि मार्ग निर्माण (बाग्लुङ्गपानीका विभिन्न टोल जोड्ने, घाम्राङ घिचे, साल्मे मपिङ घिचे, चिसापानि – मिदीखोला, लाइको – रजम्रो, तबेबोडडा फले-सेम्रो, पसँगाँउ सिङ्गदी)	किमी	0		10	3	13	
2	1	1.2	1.2.1	क	रिंगरोड निर्माण (घलेगाउँ - भुजुङ - पसगाउँ - घाम्राङ - साल्मे - मालिङ्ग - बाग्लुङ्पानी - घलेगाउँ)	किमी	45	3	3		51	
3	1	1.2	1.2.1	ख	मिदिम खोला कोरिडोर विकास अक्षको सर्वेक्षण र निर्माण	सम्झौता			1		1	
4	1	1.2	1.2.1	ग	गाउँपालिका सडक गुरुयोजना निर्माण	सम्झौता			1		1	
5	1	1.2	1.2.2	क	मोटरबाटो स्तर उन्नति (काडेलुम देख फुल्म्रोसम्म, भुजुङ, सिङदी पसगाउँ पिच, बगैचा सिङदी पिच, पसगाउँ मोटरवाटो पिच, मालिङ ग्रामिण सडक, पसगाँउ-धामराङ-साल्मे-भञ्याङ)	किमी			12	12	24	
6	1	1.2	1.2.3	क	गाउँपालिकाभित्र बसपार्क निर्माणको सम्भावना बोकेका स्थलहरुको अध्ययन र जग्गाको व्यवस्थापन	सम्झौता			1		1	
7	1	1.2	1.2.5	क	सडक सञ्जाल, पदमार्ग, गोरेटोबाटो, घोडेटोबाटोलाई डिजिटाइजेसन र अभिलेख	सम्झौता			1		1	
8	1	1.2	1.2.7		स्तरोन्नती भएका सडक वरपर बिरुवाहरु रोप्ने	सम्झौता				1	1	

9	1	1.4	1.4.1	क	नयाँ सडक निर्माण (खोगुम देख बिगुम, काडेलुम खोगुम काम्दुंग, मालिङ शैलूङ डडुवा, मालिङ शैलूङ डडुवा, मालिङ नाल्मा)	किमी		2	5	5	12	
10	1	1.4	1.4.1	क	गोरेटो बाटो निर्माण (घलेगाउँ, फुल्म्रो, भुजुङ, सिङदी, कुमलुङ सिमेन्टेड, इम्दार चरागाउँ, रुदी कुमलुङ, चरागाउँ आन्तरिक, चरागाउँ प्रोतरा, क्याम्ली तल्लो चरागाउँ, भोजे म्हिल्दुकोट, क्वैच्हो कोट जाने, तामु ड्योजे, पधरो- पूको डाँडा, डाँडाघर- झिमुसडाँडा, कोद्रो र फुल्सिम्रो, पसँगाँउ आन्तरिक)	किमी		12	10	6	28	
11	1	1.4	1.4.1	ख	भुजुङ-पसगाउँ-सिङदी सडक	किमी			3	3	6	
12	1	1.4	1.4.2	क	सडक ग्राभेल कार्यक्रम(काडेलुम- बगुम, बालुवा चरागाउँ, मिरा, भोजे कुमलुङ,	किमी		2	2	5	9	
13	1	1.4	1.4.2		सडक कालोपत्रे कार्यक्रम	किमी			10	10	20	
14	1	1.4	1.4.4	क	सडकबाटो वरपर नालीहरुको निर्माण	किमी			10	10	20	
15	1	1.4	1.4.4	ख	वडाहरुमा आवश्यक कलभर्टको निर्माण	संख्या			3	2	5	
16	1	1.5	1.5.2	क	गोरेटो बाटो स्तरोन्नति (वडा नं १ को धार्मिक स्थल जाने)	किमी				1	1	
17	1	1.5	1.5.3	क	मोटरेवल पुल निर्माण (सिङदी वेशी, पान्द्र खोला, भुजुङ-पसगाउँ)	संख्या		1	1	1	3	
18	1	1.5	1.5.3	ख	झोलुङ्गे पुल निर्माण (कौग्यू, सिद्रा, पोजे खोला, पँलाजे खोला, भोजे वेशी साल्मे)	संख्या		1	2	2	5	

६.३.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन भई सामाजिक-आर्थिक अवसरहरुमा नागरिकहरुको पहुँच वृद्धि भएको हुने	बाह्रै महिना सवारी साधन सञ्चालन योग्य सडकको २ किमि दूरीभित्र बसोबास गर्ने जनसंख्याको अनुपात	प्रतिशत							
		घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्याको अनुपात	प्रतिशत							
		समग्रमा सडकको घनत्व	कि.मि. / व.कि.मि.							
		ग्राभेल सडकको घनत्व	कि.मि. / व.कि.मि.	51						
		पक्की/कालोपत्रे सडकको घनत्व	कि.मि. / व.कि.मि.	0						
असर १	स्थानीयको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान गर्ने रणनीतिक महत्वका यातायात पूर्वाधार सुदृढ भएको हुने	सडक निर्माणले गुणस्तरीय यातायात सेवा प्रवाह भएको छ भनि विश्वास गर्ने जनता	प्रतिशत							
		सडक निर्माणले कृषि उत्पादन वृद्धि गर्न योगदान गरेको छ भनि विश्वास गर्ने जनता	प्रतिशत							
		सडक निर्माणले पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गर्न योगदान गरेको भनि विश्वास गर्ने जनता	प्रतिशत							

		गुणस्तरीय यातायात पूर्वाधार निर्माणले गर्दा बसाईँसराई गरि सहर जानु पर्दैन भनि विश्वास गर्ने जनता	प्रतिशत							
प्रतिफल	पालिका केन्द्र र वडा केन्द्र जोड्ने मूल सडक ग्राभेल भएको हुने	पालिका केन्द्र र वडा केन्द्र जोड्ने ग्राभेल सडकको लम्बाई	कि.मि.							
प्रतिफल	पालिका र अन्तर-पालिकाको व्यवसायिक तथा व्यापारिक गतिविधिलाई गतिशील बनाउन भूमिका खेल्ने रणनीतिक सडकहरुको निर्माण तथा स्तरवृद्धि भएको हुने	क्व्होलासोथारको चक्रपथ निर्माण	कि.मि.	40		15.5		15.5		
		पोखरादेखि मालिङ हुँदै बेशिसहरसम्म कालोपत्रे भएको सडक	कि.मि.	31				21		
		मिदिम खोला Easy Access सडक	कि.मि.					18.2		
		बाग्लुङ्गपानी-घलेगाउँ-भुजुङ्ग सडकको स्तरोन्नति	कि.मि.							
		छाप-गिलुङ्ग-साल्मे-मालिङ-कपुरगाउँ सडक निर्माण	कि.मि.							
		साल्मे-भोजे-चरागाउँ-कुम्लुङ-बालुवावेशी सडक निर्माण	कि.मि.							
प्रतिफल	सडकपहुँच पुगेका तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेको सडक खण्डमा मोटरपुल भएको हुने	सडकपहुँच पुगेका तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेको सडक खण्डमा मोटरपुल भएको हुने	संख्या							
प्रतिफल	सडक सञ्जाल नपुगेका ठाउँहरुमा झोलुङ्गे पुल निर्माण भई यातायातमा पहुँच अभिवृद्धि भएको हुने	झोलुङ्गे पुल	संख्या	31						

असर २	यातायात पूर्वाधारको उचित संरक्षण, मर्मतसम्भार भई दिगो व्यवस्थापन भएको हुने	सडको उचित संरक्षण र मर्मतसंभार हुने गरेको छ भनि विश्वास गर्ने जनता	प्रतिशत							
प्रतिफल	संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तोकी सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन भएको हुने	सडक विभागले हेर्ने सडक लम्बाई	कि.मि.							
		प्रदेश सरकारले हेर्ने सडक लम्बाई	कि.मि.							
		स्थानीय तहले हेर्ने सडक लम्बाई	कि.मि.							
		पदमार्गहरुको लम्बाई	कि.मि.							
प्रतिफल	यातायात पूर्वाधारको संरक्षण, मर्मतसंभार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायको समेत सहभागिता भएको हुने	सडक हेरालु	संख्या							
		सडक प्रयोगकर्ताहरुबाट रकम संकलन गर्ने वैज्ञानिक प्रणालीको व्यवस्था	संख्या							

६.४ सुचना तथा प्रविधि विकास:

६.४.१ पृष्ठभूमि:

सुचनाको पहुँच, व्यक्ति, समाज र सरोकारवालाहरुमा क्षेत्रगत विकासको लागि एक अवधारणागत ढड्गबाट मानसपटलमा कार्ययोजनाको सम्वाहक बन्दछ। स्थानीय सरकार र नीति सुचनाको प्रविधिसँग जोडिँदा पारदर्शिता र योजना कार्यान्वयनमा सहज वातावरण निर्माण हुन्छ भने जनता सुचनाको प्रविधिसँग जोडिँदा जागरुक, प्रचारात्मक उत्पानशिल र समयनिष्ठ हुन सहज बनाउँछ। आर्थिक र व्यापारिक गतिविधिलाई द्रुत गतिमा सञ्चालनमा राख्न र समसमायिक कार्यदिशालाई एकत्रित बनाएर लैजान पनि सुचना प्रविधिको विशेष महत्व हुन्छ। युवा वर्गको क्षमता, बालबालिकाहरुमा सरकार र भविष्य प्रतिको सकारात्मक दृष्टिकोण, समाजमा विकासउन्मुख क्रियाकलापहरुतिर विकास गर्ने कार्यमा पनि सुचनासंचारले महत्वपूर्ण भूमिका राख्दछ। प्रदेश र केन्द्रबाट प्रदान गरिने सेवा सुविधालाई जन-समुदायमा द्रुत गतिमा उपलब्ध गराउन प्राविधिक तवरले सहज वातावरण हुँदै पुरस्कृत हुन पनि सुचना प्रविधिले विशेष महत्व राख्दछ।

क्व्होलासोथार गाउँपालिकामा ३ वटा सञ्चारको टावरहरु भएको, सबै वडा कार्यालयहरुमा इन्टरनेटको सेवा उपलब्ध भएको, घलेगाउँमा फाइबर प्रयोग भएको र फ्रि वाई फाइ सेवा उपलब्ध भएका कुराले यस पालिकामा सुचना पूर्वाधारप्रति स्थानियको निकायको बढ्दो आकर्षणलाई सम्बोधन गर्दछ भने गाउँपालिकाको सुचना पाउने माध्यम मोबाइल एप, रेडियो, पत्रपत्रिका र संस्थागत अधिकारीहरु रहनुले यस पालिकाको पारदर्शीतालाई गाउँपालिकाले समेट्न खोजेको कुरा स्पष्ट हुन्छ।

६.४.२ प्रमुख समस्या:

सुचना प्रविधिको पूर्वाधारलाई सरकारबाट भन्दा नीजि क्षेत्रबाट बढी प्रोत्साहन हुनाले सर्वसुलभता कम भएको, नागरिकहरु सरकारी काममा ढिलाई हुँदा बैराग्यता बढेको, विषयगत कार्यालयहरुद्वारा नागरिकहरुको सेवा-सुविधाको विषयमा जनसमुदायमा स्पष्ट प्रवाह नभएको, केन्द्रिय सरकारबाट द्रुत हुन सक्ने सेवा सुविधाहरुमा स्थानीय कर्मचारीहरु आधुनिक कम्प्युटरसँग पोख्त नहुँदा ढिलाइ उस्तै रहेको, स्थानीय भाषामा सेवा कार्यक्रमहरु नबन्दा जनचासो घटेको, आर्थिक क्रियाकलाप वैज्ञानिकभन्दा पनि देखासिकीबाट परिस्कृत भएको, विषयगत कार्यालयमा तथ्याङ्क अभिलेख भण्डारणमा वैज्ञानिक हुन नसक्नाले सेवा प्रवाहमा सुस्तापन देखिएको, सुचना प्रविधि मनोरञ्नात्मक प्रयोगको लागि कम प्रयोग हुनु र CHECK N BALANCE प्रणालीमा शिक्षा/स्वास्थ्य/भौतिक/आर्थिक/व्यापार क्षेत्रहरु पछाडि परेको आदि हुन्।

६.४.३ चुनौती र अवसर:

चुनौती

अनलाइन इ-गभर्नेन्ससँग स्थानिय सरकारका अन्तर्गतका कार्यालयहरुमा प्राविधिक जनशक्ति पर्याप्त बनाउनु, स्थानिय भाषामा केन्द्रिय र प्रादेशिक सुचना प्रवाहद्वारा जनचासोमा वृद्ध गर्नु, घरमै बसेर हुने कामहरुमा नागरिकहरुमा सुचना प्रविधिको पहुँचलाई मोबाइल एप्स र इन्टरनेटबाट हुन प्रोत्साहन प्रदान गर्नु, स्कूल/स्वास्थ्य संस्थाहरुमा आधुनिक डाटा भण्डारण गर्नु र त्यसलाइ सहज रुपमा स्थानिय निकायसम्म जोड्नु, ईमर्जेन्सी सेवाहरुलाई सुचना प्रविधिसँग जोडेर थप द्रुत र प्रभावकारी बनाउनु, आदि यस क्षेत्रका चुनौतिहरु हुन्।

अवसर

सुचना र प्रविधिसँग सरोकारवाला निकायहरुमा परिस्कृत गर्नुपर्ने खाँचो प्रशासनिक स्तरबाटै सुरु हुनु, स्थानिय निकायको सेवा सुविधा प्रवाहमा युवा कर्मचारीहरुको संख्या बढी भएको, स्थानिय प्रतिनीधिहरुबाट आफ्नो गतिविधिहरु खुला गर्न अनलाइन सामाजिक सञ्जाल प्रयोग हुनु, अन्तराष्ट्रिय संस्थाहरु सुचना प्रविधिसँग जोडिएको सेवा प्रवाहमा बढी संलग्नता र अनुदान प्रदान गर्नु, केन्द्रिय सरकारद्वारा स्थानिय पहुँचमा आधारित अनलाइन सेवाहरु परिस्कृत गर्दै लैजानु, अनलाईनबाट सुचना प्रवाहमा भाषा

छनोट गर्न मिल्ने पद्धति विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

६.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

गुणस्तरीय, द्रुत र अनलाईन सुविधायुक्त नागरिक सेवा ।

लक्ष्य

सरकारबाट प्रदान गरिने सेवाहरु स्थानिय भाषामा छिटो-छरितो र पारदर्शीपूर्ण बनाइ उलब्ध गर्ने ।

उद्देश्य

१. स्थानीय समुदायलाई सुचना प्रविधिको पहुँचमा विकास पुग्ने पूर्वाधारहरु विकासमा प्राथमिकता दिनु।

२. सेवा प्रदान गर्ने सरोकारवालाहरुमा सुचना प्रविधिमा पोख्तताको विकास गर्नु ।

६.४.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: स्थानीय समुदायलाई सुचना प्रविधिको पहुँचमा विकास पुग्ने पूर्वाधारहरु विकासमा प्राथमिकता दिनु।	
१.१ सुचना प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धानमा जोड दिने ।	१.१.१ पालिका भित्रका सुचनाहरुलाई विषयगत कार्यालयसँग जोडेर पालिकास्तरको डिजिटाइजेसन गर्ने, १.१.२ संस्थागत सेवा, सुविधाहरुलाई डिजिटल गभरनेस अन्तरगत अनलाईन बनाउँदै लैजाने
१.२ सुचना प्रविधिमा आधारित व्यवसायको वृद्धि गर्ने ।	१.२.१ पालिकाभित्र सम्भावित उद्योग क्षेत्रहरु पहिचान गरि, स्थानिय उत्पादनलाई अन्तराष्ट्रिय बजारसँग जोड्ने
१.३ स्थानीय निकायभित्र सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने ।	१.३.१ पालिकाभित्र सुचना पूर्वाधारलाई आवश्यक इन्टरनेट, मोबाइल टावर, वाइरलेस इन्टरनेट, FM/Radio को प्रयोगकर्ताहरु बढाउने १.३.२ डिजिटल सञ्जालका सुचना कर्मीहरुको काम र व्यवसायसम्बन्धी डिजिटल अभिलेख राख्ने
१.४ सरकार र विभिन्न तहबाट प्रदान गरिने सेवा सुविधाहरुलाई अनलाइन बनाउँदै लैजाने	१.४.१ आईसीटीमा आधारित सुशासनलाई व्यवस्थित र सहज बनाउँदै पारदर्शीता, निश्पक्षता, स्वस्थ प्रतिस्पर्धा र छिटो छरितो सेवाको कार्यान्वयन गर्ने १.४.२ डिजिटल गभर्नेस अन्तरगत पालिका तथा वार्ड स्तरीय

	कार्यहरु (जस्तै घटना दर्ता, सामाजिक सुरक्षा)लाई संघ र प्रदेशको सहयोगमा अनलाईन बनाउँदै लैजाने
१.५ eVillage को निर्माण गर्नु	१.५.१ e-Education स्थानिय गुरुङ्ग भाषामा अनलाइन शिक्षामा जोड दिइ सबै बालक, किन्नर, प्रौढ र वृद्धहरुको शिक्षामा पहुँचको विकास गर्ने १.५.२ e-Health स्थानियको स्वास्थ्य परामर्श सेवा सञ्चालन गर्ने १.५.३ e-Agriculture स्थानियको कृषि परामर्श सेवा सञ्चालन गर्ने
उद्देश्य २: सेवा प्रदान गर्ने सरोकारवालाहरुमा सुचना प्रविधिमा पोख्तताको विकास गर्नु।	
२.१ आमसञ्चार माध्यमहरुको विकास गर्दै लैजाने र व्यवसायिकता प्रवर्द्धन गर्ने।	२.१.१ सुचनासञ्चारका सुधारात्मक सेवा (FM/Radio, टेलिभिजन, श्रव्य पुस्तकालय, पुस्तकालय आदि) को आधारभूत तथा पूर्वाधार विकासमा निरन्तरता दिने। २.१.२ सुचनासञ्चारको पूर्वाधारहरु विकासको लागि आवश्यक अध्ययन, निर्माण र मर्मतसंभार गर्ने
२.२ निकायभित्रका सबै कर्मचारीहरुमा कम्प्युटर ज्ञान र अनलाइन सेवाप्रति पोख्त बनाउने र नागरिकहरुमा इन्टरनेटबाट सेवा सुदृढीकरण गर्ने	२.२.१ अनलाइन सेवाको फाइदा सम्बन्धी नागरिकलाई सचेतना बढाई जनसेवालाई छिटो छरितो रुपमा बैङ्क, संस्था, संगठन र सरकारद्वारा प्रवाह गर्ने। २.२.२ सरकारले उठाउने गरेको विभिन्न कर प्रणालीहरुलाई अनलाइनबाट भुक्तानी गर्ने र डिजिटल बिजक उपलब्ध गराइ नागरिकको समयको बचत गराउने र पारदर्शीता बढाउने।
२.३ नागरिकको सुचनाको हक सनुश्चित गर्ने	२.३.१ नागरिकहरुको सुचनाको हक सम्बन्धी अभिमुखीकरणको लागि विभिन्न माध्यमका प्रकाशन तथा तालिम सञ्चालन गर्ने २.३.२ संस्थागत कामहरुलाई वैज्ञानिक हिसाबले तथ्याङ्क भण्डारण गरी सेवा सुविधालाई सबैसँग पारदर्शी ढङ्गले संस्थागत विकासमा कर्मचारीहरुलाई सहभागी गराउने।

२.४ विज्ञापन व्यवसायको प्रवर्द्धन गर्ने	२.४.१ पालिकाका विज्ञापन व्यवसायी तथा अन्य विज्ञापनसम्बन्धी कामहरुको अभिलेख राख्ने २.४.२ विज्ञापनमा प्रयोग गरिने भाषा, विषयवस्तु र त्यसले प्रवाह गर्ने सन्देशलाई जिम्मेवार बनाउने २.४.३ विज्ञापनको नाममा भ्रामक र अपुष्ट सन्देशलाई नियन्त्रण र निरुत्साहित गराउने

६.४.६ कार्यक्रमको प्राथमिकता:

१. गाउँपालिकाको ढड्डाप्रणालीलाई कम्प्युटराइजड डिजिटाईजेसन गरेर अभिलेख राख्ने।

२. गाउँपालिकाको सेवा-सुविधालाई अनलाईन मार्फत द्रुत, भरपर्दो र बिना झनझटिलो बनाई ई-गभर्नेसको गतिविधि अबलम्बन गर्ने।

६.४.७ विस्तृत कार्यक्रम

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधि को जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	1	1.1	1.1.1	क	घरबास/होमस्टेको स्तरोन्नति तथा डिजिटल उपस्थिति (Digital Presence) अन्तरगत विभिन्न अनलाईन सञ्जालहरुसँग आवद्ध गराउन वडास्तरिय फोकल कमिटी गठन गर्ने	संख्या		३	३	३	९	
2	1	1.1	1.1.2	क	डिजिटल शिक्षा अन्तरगत सबै सामुदायिक विद्यालयहरुको शिक्षकहरुलाई अनलाइन अध्यापनको लागि आवश्यक तालिमको व्यवस्था	संख्या		१	१	१	३	
3	1	1.1	1.1.2	ख	सुचना प्रविधि सम्बन्धि दक्षता अभिवृद्धि तालिम	संख्या		२	२		४	
4	1	1.2	1.2.1	क	गाउँपालिकामा टेलिसेन्टरको स्थापना	संख्या				१	१	
5	1	1.3	1.3.1	क	सबै वडाहरुमा इन्टरनेट सेवा जनसमुदायसम्म पुग्ने गरी (FTTH, Wireless, Cable) आदिद्वारा Connectivity को विस्तार गर्ने)	घरधुरी प्रतिशत	१०	१०	१०	१०	५०	
6	1	1.3	1.3.1	ख	F.M/Radio संचालन (वडा नं १)	संख्या				१	१	
7	1	1.3	1.3.1	ग	सामुदायकि इन्टरनेट सुविधा (बगुम, फुल्म्रो,	संख्या			१	१	२	
8	1	1.4	1.4.2	क	गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरुलाई	संख्या			१		१	

					डिजिटल साक्षरता (Digital Literacy) सम्बन्धी तालिम							
9	1	1.4	1.4.2	ख	सुचना प्रविधि सम्बन्धिका नयाँ विकास र आविष्कारहरुबारे डिजिटल ब्लगको स्थापना	संख्या			१		१	
१०	1	1.5	1.5.1	क	eVillage को क्षेत्रगत अध्ययन प्रतिवेदन बनाई सो क्षेत्र अन्तर्गतका पूर्वाधारहरुको निर्माण गर्ने	प्याकेज				१	१	
११	1	1.5	1.5.1	ख	सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर, प्रिन्टर तथा इन्टरनेट जडान कार्यक्रम	संख्या			३	३	६	
१२			1.5.1		सुर्योदय मा.वि. (घामराङ) मा भिडियो कन्फरेन्सबाट विद्यार्थीलाई अध्यापनको व्यवस्था गर्ने				१		१	
१३	1	1.5	1.5.2	क	वार्ड स्तरीय स्वास्थ्य चौकीहरुमा इन्टरनेट सेवा जडान	संख्या		३	३	३	९	
१४	1	1.5	1.5.2	ख	स्वास्थ्य कार्यालयहरुमा डिजिटल वडापत्र राखि त्यहाँ आएका उपभोक्तालाई डिजिटल श्रव्यदृश्यद्वारा स्वास्थ्य सम्बन्धी जानकार बनाउने	संख्या		२	२	२	६	
१५	1	1.5	1.5.3	क	सबै वडाहरुको कृषि तथा जिन्सी उत्पादनलाई अनलाईन माध्यममा जोड्नको लागि वडा कार्यालयमा इ-कमर्सको अनलाईन अभिलेख राख्ने	संख्या			१		१	
१६	2	2.1	2.1.1	क	पुस्तकालय निर्माण (बाग्लुङपानी, घलेगाऊँ, भुजुङ)	संख्या		१	१	१	३	

17	2	2.1	2.1.1	ख	टावर निर्माण (छाब्छो डाँडा, भुजुङ, रोम्ले डाँडा मोबाइल टावर)	संख्या		१	१	१	३	
18	2	2.1	2.1.2	ग	मोबाइल टावरमा Redundant Lightning surge protector को निर्माण	संख्या			२	३	५	
19	2	2.1	2.1.2	घ	मोबाइल टावरहरुमा वैकल्पिक connection लाई वायरलेस, फाइबर, Microwave प्रविधि अवलम्बन गर्ने र व्यवस्थापन	सम्झौता			१		१	
20	2	2.2	2.2.1	क	गाउँपालिकाको मौलिक भाषा, कला र संस्कृति समबन्धी वृतचित्र निर्माण	प्याकेज			१		१	
21	2	2.2	2.2.1	ख	गाउँपालिकामा रोजगारी/व्यवसाय गरिरहेकाहरुको डिजिटल अभिलेखको लागि MIS प्रणालीको निर्माण	सम्झौता				१	१	
22	2	2.4	2.4.1	क	गाउँपालिकामा बेरोजगार भएका जनतालाई रोजगारीको अवसर प्रदान गर्न अनलाईन रोजगारी पोर्टलको व्यवस्थपन (निजी संस्थाको सहयोगमा)	प्याकेज				१	१	
23	2	2.4	2.4.1	ख	छापा, विद्युतीय, अनलाइन लगायत सबै सञ्चार माध्यमहरुको दर्ता, नविकरण र नियमन	प्याकेज				१	१	

६.४.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधि का उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	सुचना तथा सञ्चार प्रविधिको माध्यमबाट नागरिकको जीवन सहज बनाउन योगदान पुगेको हुने	सुचना प्रविधिले जीवन सहज बनाएको छ भनि विश्वास गर्ने जनता	प्रतिशत							
असर १	सुचना तथा सञ्चार प्रविधिको विकास भई आय र रोजगार वृद्धिमा योगदान पुगेको हुने	इन्टरनेट प्रयोग गर्ने पुरुष जनसंख्याको अनुपात	प्रतिशत							
		इन्टरनेट प्रयोग गर्ने महिला जनसंख्याको अनुपात	प्रतिशत							
		इन्टरनेट विस्तार भएका वडा	संख्या							
		सुचना तथा संचार प्रविधिले सिर्जना	संख्या							

		गरेको रोजगार								
प्रतिफल	वडा स्तरमा इन्टरनेट सेवाको लागि फ्रि-वाइ-फाई जोन बनेको हुने	फ्रि वाइ-फाइ जोन भएका वडा	संख्या							
प्रतिफल	वडा कार्यालय र पालिकाको कार्यालयबाट अनलाईन सुविधा जनताले उपभोग गर्न पाउने	पालिकाबाट अनलाईन गरिएका सेवाहरु	संख्या							
		अनलाईन पद्धतिमा सक्षम वडा	संख्या							
प्रतिफल	पालिकाका दस्तावेजहरु डिजिटाइजेसन भएको हुने	कम्प्युटराइज्ड भएका शाखा	संख्या							
		ढड्डा प्रणालीमा रहेका शाखा	संख्या							
		अनलाईन पद्धतिमै काम गर्ने शाखा	संख्या							
प्रतिफल	सुचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षा लिई रहेका विश्वविद्यालयका विद्यार्थीको	कार्यक्रमले समेट्ने विद्यार्थी	संख्या							

	पेशागत क्षमता वृद्धि गरी रोजगारको अवसरमा पुऱ्याउने कार्यक्रम सञ्चालन भएको हुने									
प्रतिफल	पालिकाका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीको Digital Literacy बढाउन तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने	तालिमप्राप्त जनशक्ति	संख्या							
प्रतिफल	सबै सामुदायिक विद्यालयहरुमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षको स्थापना भएको हुने	सुचना प्रविधि अध्ययन कक्ष स्थापना भएका माध्यमिक विद्यालय	संख्या							
असर २	आमसञ्चार माध्यम	आमसञ्चार माध्यमको कार्य	संख्या							

	व्यावसायिक र जवाफदेहि बन्दै पालिकाभर पहुँच वृद्धि भएको हुने	सन्तोषजनक छ भनी विश्वास गर्ने जनता								
प्रतिफल	पालिकाभित्रै छापा, विद्युतीय, अनलाईन लगायत सबै सञ्चार माध्यमहरुको दर्ता, नवीकरण, अनुगमन लगायतका कार्यहरु सञ्चालन भएको हुने	दर्ता नविकरण गरेका सञ्चार माध्यम	संख्या							
प्रतिफल	वडा स्तरमा आमसञ्चार माध्यमहरुको सेवा भएको हुने	कम्तिमा १ एफ एम रेडियो सुनिने वडा	संख्या	9						
		अनलाईन पत्रिका सञ्चालन भएका वडा	संख्या							
प्रतिफल	पालिकाभित्र रहेका टेलिसन्टरहरु सुविधायुक्त बनी यसको कार्यक्षेत्र विविधिकरण र विशिष्टीकरण	टलिसेन्टर स्थापना भएका सामाजिक क्षेत्र	संख्या							

	भएको हुने									
प्रतिफल	वडाका सबै भेगमा गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधारको विकास भएको हुने	मोबाइल/Wireless इन्टरनेट प्रयोगको लागि आवश्यक रिपिटर टावरको संख्या	संख्या	3						
प्रतिफल	आमसञ्चार माध्यम तथा श्रमजिवी सञ्चारकर्मीहरुको दक्षता, क्षमता र व्यावसायकताको प्रवर्द्धन भएको हुने	तालिम दिईएका सञ्चारकर्मी	संख्या							
प्रतिफल	विज्ञापन व्यवसायको प्रवर्द्धन भएको हुने	पालिकाभित्रका विज्ञापन एजेन्सी	संख्या							
		विज्ञापन सम्बन्धी नीति	संख्या							

६.५ ग्रामिण विकास र पूर्वाधार निर्माण

६.५.१ पृष्ठभूमिः

गण्डकी प्रदेशका ५८ वटा गाउँपालिकाहरु मध्येको क्व्होंलासोंथर गाउँपालिका लमजुङ जिल्लाको उत्तर पश्चिममा अवस्थित एक दुर्गम गाउँपालिका हो । स्थलगत सर्भेक्षण २०७७ अनुसार, क्व्होलासोथर गाउँपालिका समग्र भौतिक विकास तथा पूर्वाधार निर्माण अन्तर्गत सडक सञ्जालले ९ वटै वडामा विस्तार भई मुख्य बस्तीहरुमा हालसम्म कूल ५२ कि.मी. लम्बाईमा विस्तार भएको, पक्की सडक पुल २ वटा र झोलुङ्गे पुल २९ वटा रहेका छ । विद्युत विस्तार ८८ प्रतिशत जनसंख्याले उपभोग गर्न पाएको छ भने यस गाउँपालिकामा वहने मुख्य नदी तथा खोलाबाट २८ मेघावाट विद्युत उत्पादन हुन गैरहेको अवस्था छ । यसैगरी यहाँका करिब ८९ प्रतिशत घरधुरीले खानेपानी सुविधा लिएको पाइन्छ भने एक घर एक धारा कार्यक्रम लागु भैसकेको स्थितीमा केही समयपछि सबै घरपरिवारमा खानेपानी सुविधा सतप्रतिशत रहने स्थिती छ । शिक्षा, स्वास्थ्य, सेवाप्रवाहका पूर्वाधार विकास अन्तर्गत यस गाउँपालिकामा विद्यालय संख्या २९ वटा, सामुदायिक स्वास्थ्य इकाई ३, वर्थिङ सेन्टर ८ वटा आवश्यक भौतिक पूर्वाधार भएका छन् भने सार्वजनिक सरकारी कार्यालय भवन २० वटा, सामुदायिक भवन ३६ वटा रहेका छन् ।

क्व्होलासोंथर गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६ अनुसार गाउँपालिका मै बसोबास गरेका जनसंख्या ६३.७९ प्रतिशत रहेको छ भने २५.०६% स्वदेश भित्र र ११.०२ % विदेशमा आय तथा रोजगारका लागि बसाईसाराई गएका छन् । यसको मुख्य कारण ग्रामिण पूर्वाधार विकासमा पर्याप्त लगानी हुन नसकेर, छरिएर रहेका वस्तीहरुमा आवश्यक सेवा र सुविधा पुर्याउन नसक्नाले यहाँका वस्तीहरु विस्तारै उजाड वन्दै जान थालेका छन् । त्यसैले, ग्रामिण पूर्वाधार निर्माण गर्ने र दीगो आय तथा रोजगारका अवसरहरु सिर्जना गर्ने वातावरण निर्माण गर्न अति आवश्यक छ ।

६.५.२ प्रमुख समस्या

ग्रामिण आवश्यकताको आधारमा ग्रामिण पूर्वाधार विकासमा पर्याप्त लगानीको अभाव,

निर्माण भएका पूर्वाधारहरुको दीगो व्यवस्थापन हुन नसक्नु,

छरिएर रहेका वस्तीहरुमा आवश्यक सेवा र सुविधा पुर्याउन खर्चिलो हुनु,

बस्तीहरुमा आय तथा रोजगारकोे अवसर सिर्जना गरी बसाईसराई रोक्न नसक्नु,

ग्रामिण क्षेत्रबाट शहरतर्फ स्रोतहरुको प्रवाह बढ्दै गएर गाउँ उजाड बन्दै जानु ।

६.५.३ चुनौती र अवसर

चुनौती

छरिएर रहेका ग्रामिण वस्तीहरुमा आवश्यक पूर्वाधार तथा सेवाहरुको व्यवस्थापन गर्नु,

ग्रामिण विकास योजना तयार गरी योजनाबद्ध तरिकाबाट विकास तथा निर्माण गर्नुु,

ग्रामिण क्षेत्रमा रहेका सक्रिय जनसंख्यालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न,

ग्रामिण परिवेश र वातावरणको जगेर्ना गर्न

अवसर

समाजको सर्वाङ्गिण विकासका लागि यातायात, विद्युत, सञ्चार, आवास जस्ता भौतिक पूर्वाधारको विकास आरम्भ हुनु,

प्रदेश सरकारले वडा केन्द्रहरु स्थानीय विकासको विन्दु र पालिका केन्द्रलाई विकासको अक्षको रुपमा स्थापित गर्नु,

पूर्वाधार विकासमा स्थानीयको अग्रसरता बढ्दै जानु र योजनावद्ध विकासका लागि प्रयासरत रहनु,

निर्वाचित स्थानीय जनप्रतिनिधिको उपस्थितिले ग्रामिण विकासका जनसहभागिता र अपनत्व बृद्धि हुनु,

वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई आकर्षित गर्ने कार्यक्रम विस्तार गर्नु

६.५.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्य

सोंचः ग्रामिण क्षेत्रको समृद्धिको आधार, सन्तुलित दीगो सामाजिक तथा आर्थिका विकास

लक्ष्यः दिगो र सन्तुलित ग्रामिण विकास गर्दै ग्रामिण जनताको आयआर्जन र रोजगार बृद्धि गर्ने।

उद्देश्यः

१. पालिकाको प्रशासनिक केन्द्रदेखि वडाकेन्द्रसम्म गुणस्तरीय यातायात पूर्वाधारद्धारा जोडि विकास अक्ष -Growth Axis_ को रुपमा र वडा केन्द्रलाई विकास विन्दु (Growth Centre) को रुपमा विकास गर्नु।

२. सामाजिक तथा आर्थिक उन्नतिका लागि ग्रामिण वातावरण र पहिचान संरक्षण गर्ने।

६.५.५ रणनीति र कार्यनीति

उद्देश्य १: पालिकाको प्रशासनिक केन्द्रदेखि वडाकेन्द्रसम्म गुणस्तरीय यातायात पूर्वाधारद्धारा जोडि विकास अक्ष (Growth Axis) को रुपमा र वडा केन्द्रलाई विकास केन्द्र (Growth Center) को रुपमा विकास गर्नु।	
रणनीति	**कार्यनीति**
१.१ आधारभूत ग्रामिण भौतिक पूर्वाधारको विकास गरी नौ वटै वडाकेन्द्रलाई दीगो आर्थिक तथा प्रशासनिक केन्द्र बनाउने।	१.१.१ गाउँपालिका केन्द्रलाई प्रशासनिक, सामाजिक तथा आर्थिक विकास केन्द्र (Growth Center) को रुपमा अगाडि बढाइने छ। १.१.२ वडा केन्द्रहरुलाई स्थानीय आर्थिक एवं प्रशासनिक विकास विन्दु (Growth Point) को रुपमा विकास गरिने छ। १.१.३ सन्तुलित ग्रामिण विकासका लागि ३ वटा विकास अक्ष (Growth Axis) निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्ने कार्य अगाडि बढाउने छ।
१.२ गतिशिल र प्रतिस्पर्धी ग्रामिण उद्यम तथा उद्यमशीलता विकास गर्ने।	१.२.१ नाफामुलक नगदेबालीहरुको पहिचान गरी खेती गर्ने कार्यलाई अभियानको रुपमा सञ्चानल गरिनेछ। १.२.२ समुदायमा आधिरित पर्यटन होमस्टेहरु सञ्चालनको अवसर सिर्जना गरिनेछ। १.२.३ ग्रामिण पर्यटन पदमार्गहरु पहिचान गरी विकास तथा व्यवस्थापन गरिनेछ। १.२.४ गाउँपालिका भित्र निर्माण हुने जलविद्युत आयोजनाहरुमा स्थानीय जनताको पनि शेयर लगानी गर्ने शुनिश्चितता गरिनेछ। १.२.५ सक्रिय उमेरसमूहका जनतालाई लघु, घरेलु र साना उद्योग सम्बन्धि व्यवसायिक तालिम दिई उत्पादनको क्षेत्रमा परिचालन गरिनेछ।

उद्देश्य २: सामाजिक तथा आर्थिक उन्नतिका लागि ग्रामिण वातावरण र पहिचान संरक्षण गर्ने।	
रणनीति	कार्यनीति
२.१ ग्रामिण वातावरणमैत्री भौतिक पूर्वाधार र सेवाहरुको विस्तार गर्ने।	२.१.१ ग्रमिण विकास गुरुयोजना निर्माण गरी क्रमागत रुपमा एकिकृत डिजाइन र पूर्वाधार निर्माण तथा सेवाहरूको विस्तार गरिनेछ। २.१.२ प्रत्येक वडामा साना तथा मझौला उद्योगहरू स्थापना गरी आय तथा रोजगारका अवसरहरू सिर्जना गर्न समुदाय तथा व्यावसायीहरूलाई प्रोत्साहन गरिनेछ। २.१.३ प्राकृतिक वातावरण तथा जैविक विविधताको संरक्षण तथा सम्बर्धन गरिनेछ।
२.२ विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घर परिवारको व्यवस्थापन गर्ने।	२.२.१ जोखिमयुक्त क्षेत्रमा, अव्यवस्थित रुपमा बसोबास गर्दै आएका विपन्न र सीमान्तकृत घरपरिवारलाई उपयुक्त स्थानमा आधारभूत पूर्वाधार सहितको बस्ती निर्माण गरी स्थान्तरण गर्ने कार्य अगाडि बढाइनेछ।

६.५.६ कार्यक्रमका प्राथमिकता

१. पालिकाको प्रशासनिक केन्द्रलाई विकास केन्द्र (Growth Center) र वडा केन्द्रलाई विकास विन्दु (Growth Point) मानि विकास अक्ष (Growth Axis) को रुपमा विकास गर्ने।

२. ग्रामिण पूर्वाधारको विकास गरी ग्रामिण वातावरण र पहिचान संरक्षण गर्ने।

६.५.७ विस्तृत कार्यक्रम

ग्रामिण विकास र पूवार्धार निर्माण

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८ /०७९	२०७९/ ०८०	२०८०/ ०८१		
1	१	१.१	१.१.१		गाउँपालिका केन्द्रलाई प्रशासनिक, सामाजिक तथा आर्थिक विकासका लागि विकास केन्द्र (Growth Centre) को रुपमा स्थापना गर्ने।	संख्या		१			१	प्रदेश सरकार र गाँउ पालिका
2					जिल्ला र प्रदेश सदरमुकाम जोडन सडक पूर्वाधार विकास गर्ने।			१			१	संघीय सरकार
3			१.१.२		वडा केन्द्रहरुलाई विकास विन्दु (Growth Point) को रुपमा स्थापना गर्ने।	प्रतिशत		३३	३३	३३	१००	गाउँपालिका
4			१.१.३		तीन वटा विकास अक्ष (Growth Axis) मार्फत योजनाबद्ध विकास गर्ने।	संख्या		१	१	१	३	गाउँपालिका, प्रदेश तथा संघीय सरकार
5		१.२	१.२.१		अभियानको रुपमा नाफामुलक नगदेबालीहरुको खेती सञ्चानल गर्ने।	संख्या		निरन्तर	निरन्तर	निरन्तर	निर्यात गर्ने क्षमता	गाउँपालिका
6			१.२.२		होमस्टे तथा नीजि हाेटलहरु सञ्चालन तथा प्रवर्धन गर्ने।	संख्या	१०६	१०	१०	२०	१४६	हाेम संचालक समिति
7			१.२.३		पर्यटन पदमार्गहरूको प्रबर्धन र विकास गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर	३	पर्यटन बाेर्ड
8			१.२.४		साना तथा मध्ययम जलबिद्धुत आयोजनहरूको िवकास गर्ने।	संख्या	२				४	नीजि क्षेत्र र गाउँपालिका
9			१.२.५		लघु, घरेलु र साना उद्योग स्थापना गरी उत्पादनको क्षेत्रमा परिचालन गर्ने।	संख्या	१५५	१५	२०	३०	२२०	नीजि क्षेत्र र गाउँपालिका

10	२	२.१	२.१.१		ग्रमिण विकास गुरुयोजना अनुसार क्रमागत रुपमा पूर्वाधार निर्माण तथा सेवाहरूको विस्तार गर्ने।	प्रतिशत		१	निरन्तर	निरन्तर	अधिकतम	गाउँपालिका
11			२.१.२		वडागत रूपमा साना तथा मझौला उद्योगहरू स्थापना गरी आय तथा रोजगारका अवसरहरू सिर्जना गर्ने।	प्रतिशत					अधिकतम	गाउँपालिका
12			२.१.३		प्राकृतिक वातावरण तथा जैविक विविधताको संरक्षण तथा सम्बर्धन गर्ने।	प्रतिशत					अधिकतम	गाउँपालिका
13		२.२	२.२.१		विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घरहरूको सुरक्षित व्यवस्थापन गर्ने।	संख्या					अधिकतम	गाउँपालिका
					बाँझो कृषियोग्य भूमिमा सम्भाव्यता अनुसारको तरकारी, फलफूल तथा खाद्यबाली लगाइ गरिबी न्यूनीकरण गर्ने।	प्रतिशत					अधिकतम	गाउँपालिका

६.५.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	आय तथा रोजगारका अवसर भएको गतिशील र ब्यवस्थित ग्रामिण शहर निर्माण भएको हुने	गाउँपालिकामा बेरोजगारको दर	प्रतिशत	१०.७४	८	५	२	सून्य		
असर १	गाउँपालिकाको प्रशासनिक केन्द्रदेखि वडा केन्द्रसम्म गुणस्तरीय यातायात पूर्वाधार (Growth Axis) को विकास भै सुरक्षित, सवल र दीगा ी रूपमा व्यवस्थित ग्रामिण बजारहरूको विकास भएको हुने।	खर तथा स्याउलाले छाएको कच्चि घरमा बस्ने घरपरिवार	संख्या	३३	२५	१५	०	सून्य		
		टिन तथा ढुंगाले छाएको सुरक्षित घरमा बसोबास गर्ने घरपरिवार	संख्या	२१३७	१०	१५	८	२१६८		
		कंक्रिट RCC पक्कि घरमा बसोबास गर्ने घरपरिवार	संख्या	७९						
		घरवाट ३० मिनेटको पैदलयात्रामा	प्रतिशत					१००		

		वडा र स्थानीय तहका प्रशासनिक केन्द्रमा पहुँच भएको जनसंख्याको अनुपात								
प्रतिफल १.१	पालिका केन्द्र र नाै वटै वडा केन्द्रहरूबाट दिइने सेवा प्रवाहमा उल्लेखनीय सुधार भएको हुने	पालिकाको प्रशासनिक सेवाप्रवाहमा सन्तुषट जनसंख्या	प्रतिशत					१००		
		आधुनिक सुविधासम्पन्न र सेवामुखी वडाकेन्द्र	प्रतिशत					१००		
प्रतिफल १.२	वडा केन्द्रहरु विकास विन्दु (Growth Point) को रुपमा स्थापना भएको हुने।	व्यापारमा सम्लग्न जनसंख्या	प्रतिशत					३०		
		साना तथा मझौला उद्योगको संख्या	संख्या	१५५	१५	२०	१०	२००		
		खाद्य तथा तरकारी बाली उत्पादन	मे.टन					बृद्वि भएको हुने		
प्रतिफल १.३	तीन वटा विकास अक्ष (Growth Axis) मार्फत योजनाबद्ध विकास गर्ने।	रिङरोड विकास अक्ष (Ring Road Growth Axis):- ९ वटै वडालाइ जोडने गरी बाग्लुङ्पानी-घामराङ- पसगाउँ- भुजुङ- घलेगाउँ हुँदै बाग्लुङपानी जोडने रिङ्गरोड निर्माण गर्न पसगाउँ-भुजुङ सडक खण्डको ट्रयाक खोल्ने	कि.मी.	५५.५	५			बनिसकेके हुने		
		लिंक रोडः पसगाउँ - सिंङदी, बाग्लुङपानी-वेंशीशहर, करापुटार-गिलुङ	कि.मी.	२३.०						
		द्रुत सडक (Fast Track Road) मिदिम खोला कोरिडोर विकास अक्ष - करापुटार देखि भुजुङसम्म सर्वेक्षण र निर्माण	कि.मी.	१८.२						
असर २	ग्रामिण उद्यम तथा उद्यमशीलता विकास मार्फत गतिशिल र प्रतिस्पर्धी गाउँपालिकाको रूपमा विकास	प्रदेशमा गतिशिल र प्रतिस्पर्धी गाउँपालिकाको रूपमा विकास भएको अनुभव गर्ने जनसंख्या	प्रतिशत					९०		

	भएको हुने									
प्रतिफल २.१	नाफामुलक नगदेबालीहरुको खेती सञ्चानल भएको हुने ।	कृर्षिजन्य फर्महरु गर्ने किसानहरू	संख्या	६०	१०	१५	२५	११०		
प्रतिफल २.२	होमस्टे तथा नीजि हाेटलहरु सञ्चालन तथा प्रवर्धन गर्ने ।	सञ्चालित होमस्टे तथा नीजि हाटेलहरु	संख्या	१०६	१०	१५	२५	१५६		
प्रतिफल २.३	पर्यटन पदमार्गहरूको प्रबर्धन र विकास भएको हुने	पर्यटन पदमार्गहरूको निर्माण	कि.मी.					बढेको हुने		
प्रतिफल २.४	साना तथा मध्यम जलबिद्धुत आयोजनहरूको विकास भएको हुने ।	निर्माण सम्पन्न र निर्माणाधिन जलबिद्धुत विकास आयोजना	संख्या	५		१	१	४		
प्रतिफल २.५	लघु, घरेलु र साना उद्योग बाट आर्थिक उन्नति भएको हुने।	लघु, घरेलु र साना उद्योग स्थापना	संख्या	१५५	१५	२०	३०	२२०		
असर ३	सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत् आवास तथा बस्तीको विकास भएको हुने	ग्रामीण वातावरण तथा पहिचानको संरक्षण छ भनि विश्वास गर्ने जनता	प्रतिशत		२५	४०	६०	८०		
प्रतिफल ३.१	ग्रमिण पूर्वाधार विकास गुरुयोजना अनुसार पूर्वाधार निर्माण तथा सेवाहरूको विस्तार भएको हुने ।	पूर्वाधार विकास गुरूयोजना	संख्या		१	निरन्तर	निरन्तर	१		
प्रतिफल ३.२	साना तथा मझौला उद्योगहरू स्थापना गरी आय तथा रोजगारका अवसरहरू भएको हुने ।	रोजगारी मार्फत प्रतिव्यक्ति आयको स्तर	प्रतिशत					बृद्वि भएको हुने		
प्रतिफल ३.३	प्राकृतिक वातावरण तथा जैविक विविधताको संरक्षण तथा सम्बर्धन भएको हुने ।	प्रभावित क्षेत्रमा जलवायु परिवर्तन अनुकुलन कृषि कार्यक्रम	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर			
प्रतिफल ३.४	भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान	सुविधा सम्पन्न एकिकृत वस्तीको निर्माण	संख्या		वडा नं. ७, ५३ घरपरिवार पहिरा			आवश्यकता अनुसार बृद्वि भएको हुने		

	बोकेको एकीकृत् बस्तीको निर्माण भएको हुने									
प्रतिफल ३.५	बाँझो रहेका कृषियोग्य भूमिको पूनः पयोग भएको हुने ।	कृषियोग्य बाँझो जमिनको पूनः पयोग	हेक्टर					पूर्ण रूपमा प्रयोग भएको		

अध्याय ७

संस्थागत विकास र सुशासन

७.१ प्रशासनिक सुशासन र सेवा प्रवाह

७.१.१ पृष्ठभूमि:

गण्डकी प्रदेशको समृद्धिका सात सम्बाहक (Key Drivers of Prosperity) क्षेत्रहरुमा क्होलासोथार गाउँपालिकाको भूमिका र जनस्तरमा सेवा पुऱ्याउने हेतुले स्थापना भएका विभिन्न संघ-संस्था / सरकारी निकाय / व्यापारिक संस्था आदिको क्रियाकलापहरुको नियमन गर्नु जरुरी हुन्छ। केन्द्रिय, प्रादेशिक र स्थानिय क्रियाकलापहरुलाई सम्बोधन गर्दै सोबारे जनचासोका सुचना र वित्तिय विवरणहरुबारे पारदर्शीता कायम गर्नु स्थानीय निकायको कर्तव्य हो। त्यस्तै दीगो विकास लक्ष्यका प्रमुख सुचकहरुमा गाउँपालिकाको लक्ष्यहरुको कार्यान्वयनमा सबै नीजि तथा सरकारी गतिविधिहरुको तादम्यता बढाउन पनि प्रशासनिक नियमन महत्वपूर्ण हुन्छ। यस गाउँपालिकामा कृषि, हुलाक, स्वास्थ्य, शिक्षा, स्थानीय इमर्जेन्सी, पोषण, सुरक्षा, वित्तिय सेवा, सुचना जस्ता क्षेत्रहरुमा विभिन्न नीजि तथा सरकारी संघ-संस्थाहरुको क्रियाकलापहरुको संगठनात्मक संरचनासहितको कार्यपालना गरिनुपर्ने अवस्थामा प्रशासनिक सुशासनको अत्याधिक महत्व हुन्छ।

यस क्वोहोलासोथार गाउँपालिकामा कृषि, वित्तिय, पूर्वाधार, स्वास्थ्य, शिक्षा, पोषण, सुरक्षा, व्यापार र कला क्षेत्रमा प्रशासनिक चासो रहेको छ। जसमध्ये पूर्वाधार, स्वास्थ्य, शिक्षा र सुरक्षा क्षेत्रहरुमा सरकारी मानवसंसोधनहरुद्वारा नियमन भएको पाइन्छ भने नीजि र सरकारी दुवैको संलग्नता भएका क्षेत्रहरु कृषि, सुचना, वित्तिय, पर्यटन हुन्।

७.१.२ प्रमुख समस्या:

सेवा प्रवाहमा जनचेतना कम हुनु, कुनै पनि समस्याको समाधानको लागि कार्यालय शैलीबाट झनझटिलो समाधान मानिनु र पहुँचको आधारमा प्रशासनिक क्रियाकलापहरुको shortcuts लिइनु, पूर्वाधार-निर्माणमा भ्रष्ट्राचार हुनु, सेवा प्रवाह गर्ने कम्रचारीहरुमा नयाँ प्रविधिमा आधारित कम्प्युटर, सफ्टवयर तथा अनलाइन सेवाहरुमा दक्षता कम हुनु, स्थानीय स्रोत साधन तथा गतिविधिहरुबारे प्रशासनिक निकायहरुमा अभिलेख कम भेटिनु, सरकारी निकायहरुबिच सुचनाको आधिकारिकता लेनदेनमा प्रशासनिक झनझट बढ्नु र जनतामा सास्ती बढ्नु, जनस्तरका सेवा सुविधाहरुबारे विभिन्न समुह जस्तै आमा/ जेष्ठनागरिक/अपाङ्ग समुहहरुका प्रतिनीधि नै अनजान हुनु, इ-गभर्नेस सम्बन्धित सेवाहरुमा जनता र प्रशासक दुवै अनजान रहनु, आदि हुन्।

७.१.३ चुनौती र अवसर:

चुनौती:

प्रशासनिक कामहरुमा नागरिकहरुको सास्ती घटाउँदै सरल बनाउँदै लैजानु, प्रशासनिक गतिविधिहरुमा स्थानीय भाषाअनुरुप केन्द्रिय तथा प्रादेशिक सुचना र सेवा सुविधा विस्तार गर्दै लैजानु, विशेष महत्वका सेवा जस्तै खानेपानी/स्वास्थ्य/शिक्षा/पोषण/इमर्जेन्सी सेवामा उच्च गुणस्तर कायम राख्नको लागि स्थानीय सहजीकरण गर्नु, वित्तिय कारोबारहरुलाई अनलाइन बनाउनु, नागरिकहरुको प्रशासनिक सेवा सुविधाको सुचनालाई अनलाइन बनाउनु, श्रव्य प्रविधि (डिजिटल वडापत्र, टेलि सामग्रीहरुको डिजिटल प्रस्तुती)को प्रयोगबाट प्रशासनिक कार्यप्रवाहको सरल प्रस्तुती गर्नु, धेरै समय लाग्ने प्रशासनिक कामहरुलाई छोटो बनाउन प्रशासनिक पूर्वाधारहरुको स्तरोन्नती गर्दै जानु, आदि हुन्।

अवसर

प्रशासनिक क्रियाकलापहरुबारे नागरिकहरुले पालना गर्नुपर्ने कार्यप्रवाहलाई सरकारी कार्यालयको वडापत्रमा उल्लेख गरिनु, गुनासो पेटिकाहरु सबै कार्यालयमा उपलब्ध हुनु, गुणस्तरिय सेवा प्रवाहको प्रशासनिक क्रियकलापहरुको स्थानिय भाषामा नागरिकहरुको

पहुँच बनाउँदै लैजानु, केहि वडा कार्यालयबाट डिजिटल वडापत्रबाट श्रव्य सुचना प्रदान हुनु, नागरिकहरुको डिजिटल भुक्तानी प्रकृयालाई आधिकारिक अभिलेख बढाउँदै सोलाई आवश्यक पूर्वाधारहरु विकसित हुनु, कार्यालयमा युवा कर्मचारीहरुबाट सेवा प्रदान हुनु आदि हुन्।

७.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

अत्याधुनिक प्रशासन, जागरुक नागरिक समाज।

लक्ष्य

प्रशासनिक गतिविधिलाई पारदर्शीता बनाउँदै भ्रष्टाचार नियन्त्रण गर्दै नागरिकमा द्रुत प्रशासन सेवाको पहुँचको विस्तार गर्नु।

उद्देश्य

पालिकाको सार्वजनिक प्रशासन सेवालाई भरपर्दो, पारदर्शी, परिणाममुखी र जवाफदेही बनाइ सार्वजनिक सेवाप्रवाहलाई नागरिकसम्मको पहुँच बढाउनु।

७.१.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: पालिकाको सार्वजनिक प्रशासन सेवालाई भरपर्दो, पारदर्शी, परिणाममुखी र जवाफदेही बनाइ सार्वजनिक सेवाप्रवाहलाई नागरिकसम्मको पहुँच बढाउनु।	
१.१ पालिकाको प्रशासन सेवालाई जनउत्तरदायी बनाउने	१.१.१ जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey) गरी विद्यमान संगठन संरचनामा परिमार्जन गरिनेछ। १.१.२ कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिमको आयोजना गरिनेछ र केन्द्र-प्रदेशबाट आह्वान भएका तालिममा स-शक्तिकरणको लागि सहभागी पठाइनेछ।
१.२ विद्युतीय सुशासन सेवाबाट जनसेवालाई छिटो र छरितो बनाउने	१.२.१ विद्युतीय सुशासन (E-Governance) का आधार रणनीतिहरु (Web Presence, Interactive presence, Transactional Presence, E-participation) मा लगानी गरी नागरिकहरुको सेवालाई छिटो र प्रभावकारी बनाउने १२२ प्रशासनिक तथा आर्थिक कारोबारलाई पारदर्शी बनाइराख्न विभिन्न वेब टेक्नोलोजीमा आधारित सुचनालाई अभिलेख राख्ने र आवश्यक्ता अनुरुप सार्वजनिक रिपोर्ट बनाउने
१.३ सबै नागरिक, सेवा संस्था, सरकारी कार्यालय र व्यापारिक केन्द्रहरुबिचमा सुचना आदानप्रदान सहज हुने	१.३.१ प्रशासनिक शाखा केन्द्रित सेवालाई ग्राहक केन्द्रित सेवामा परिणत गर्ने १.३.२ प्रशासनिक विधि प्रणालीलाई सेवा प्रणालीमा परिमार्जन गर्दै लैजाने १.३.३ प्रशासनिक सेवाको शाखा केन्द्रित सञ्जाललाई एकिकृत सञ्जालमा परिणत गर्ने
१.४ नागरिकहरुलाई प्रदान गरिएको सेवाबाट समावेशी वृद्धि भएको हुने	१.४.१ समपुरक विकासको लागि नागरिक समाजका अग्रजहरु समावेश भएको सेवा पद्धतीलाई कार्यान्वयन गर्ने १.४.२ नागरिकहरुलाई प्रदान गरिने सेवामा कुनै पनि स्तरबाट कुनै पनि किसिमको भेद नगर्ने १.४.३ कमजोर वर्गहरुसम्म पुग्ने सेवालाई उहाँहरुकै सहज पहुँचसम्म सेवाको बृद्धि गर्ने

१५ स्थानीय बजार व्यवस्थित भएको हुने	१.५.१ स्थानीयको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने खाद्य सामाग्रीको नियमित निगरानी गर्ने १.५.२ उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने
उद्देश्य २: प्रशासनिक र वित्तिय सेवामा भरपर्दो डिजिटल विद्युतीय माध्यमबाट नागरिकसम्मको पहुँच बढाउने ।	
२१ प्रशासनिक खर्च घटाउने तथा आन्तरिक आय बढाउने	२.१.१ डिजिटल वित्तिय सेवामा प्रशासनिक सेवा संरचना तयार गर्ने २.१.२ कागजी कारोबारलाई अनलाइन प्रविधिबाट भुक्तानी लिने र वित्तिय चुहावटको अन्त्य गर्ने २.१.३ सेवा कारोबारलाई नागरिक पहुँचको आधारमा विकास गरि प्रशासनिक संरचनालाई सुधारात्मक बनाउँदै लैजाने २.१.४ विभिन्न कर प्रणालीहरु(IPT, Duty Tax लगायतका सेवा)लाई डिजिटल अभिलेख राखी कर चुहावटको अन्त्य गर्ने र पालिकाको आन्तरिक आय बढाउने
२.२ सामाजिक सुरक्षा, घटनादर्ता लगायतका सेवालाई कम झनझटिलो र प्रभावकारी नियमन गरिने	२.२.१ नागरिकको हितको लागि प्रदान गरिने वित्तिय सहयोग र राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षा सुविधामा कोही पनि नछुटुन र नदोहोरिन वित्तिय सुशासनको पालना गर्ने २.२.२ जनस्तरमा प्रदान गरिने सेवालाई छिटो, पारदर्शी र प्रभाकारी बनाउन विभिन्न क्याम्पहरु सञ्चालन गर्ने

७.१.६ कार्यक्रमको प्राथमिकता

१. प्रशासनिक सिफारिसहरुलाई अनलाइन तथा डिजिटल प्रविधि मार्फत छिटो-छरितो र पारदर्शी बनाउने ।

२. जनस्तरमा प्रवाह गरिने सेवा तथा सुविधालाई कार्यालयहरुको सुचना प्रणाली जस्तै वेबसाइट, सुचनापाटी, पत्रपत्रिका, सामाजिक सञ्जाल, रेडियो/FM आदि मार्फत प्रसारण गर्ने ।

७.१.७ विस्तृत कार्यक्रम

प्रशासनिक सुशासन र सेवा प्रवाह												
क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८ /०७९	२०७९/ ०८०	२०८०/ ०८१		
१	१	१.१	१.१.१	क	संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने	संख्या		१			१	प्रदेश सरकार र गाँउ पालिका
२			१.१.२	क	कर्मचारी क्षमता विकास तालिम	संख्या			१	१	१	
३		१.२	१.२.१	क	अनलाईनमा आधारित सुशासनका संयन्त्रहरुको प्रयोग	प्रतिशत		३०	३०	३०	१००%	
४		१.२	१.२.२	क	अनलाईन पोर्टलको स्थापना	संख्या				१	१	
५		१.२	१.२.२	ख	अनलाईन ई-गभर्नेस सञ्जालहरुको व्यवस्थापन	प्रतिशत	३०%	३०%	३०%	१०%	१०० %	
६		१.३	१.३.१	क	डिजिटल बोर्डको स्थापना	संख्या				१	१	
७		१.३	१.३.२	क	ग्राहक केन्द्रित सेवाको लागि आवश्यक अध्ययन गर्ने	प्याकेज			१		१	
८		१.४	१.४.२	क	डिजिटल सुशासनको प्रत्यक्ष अप्रत्यक्ष असरको अध्ययन	प्याकेज			१		१	
९	२	२.१	२.१.४	क	वित्तिय विवरणको भण्डारण	प्याकेज			१		१	
१०		२.२	२.२.१	क	सामाजिक सुरक्षालाई अनलाइनबाट वितरण गर्ने	प्रतिशत	८०	२०			१००%	
११		२.२	२.२.२	क	वित्तिय सचेतना कार्यक्रम	संख्या		३	३	३	९	

७.२ वित्तीय सुशासन

७.२.१ पृष्ठभूमि:

वित्तीय सुशासन भन्नाले वित्तीय सुचनाको संकलन, व्यवस्थापन, अनुगमन र निगरानी राख्नुलाई बुझिन्छ। क्व्होलासोथार गाउँपालिकामा वित्तिय सुशासनको अवलम्बन गर्न र जनसरकारको जवाफदेहिता अभिवृद्धि गर्ने हेतुले लेखापरिक्षणको प्रतिवेदन, योजना तथा बजेट, अन्य वित्तिय प्रतिवेदनहरु यस गाउँपालिकाको वेबसाइट तथा प्रकाशनहरुद्वारा गर्दै आएको छ। वित्तिय विवरणको लेखाजोखाको लागि गत आर्थिक वर्षबाट शुत्र-केन्द्रिय सफ्टवेयरको प्रयोगमा ल्याइएको छ भने सामाजिक सुरक्षा भत्ता वितरणलाई बैङ्किग प्रकृयाबाट सेवाग्राही सम्म पुऱ्याइएको छ। त्यस्तै, गाउँपालिकाको सबै भुक्तानी प्रकृयाहरु बैङ्किग मार्फत रहेने गरेका छन्।

७.२.२ प्रमुख समस्या:

एकिकृत सम्पत्ती कर प्रणाली जस्ता सफ्टवेयर प्रणालीको आवश्यकता रहुनु, वित्तिय सुचना सम्बन्धमा केहि संघसंस्थाबाहेकको चासो नरहनु, कार्यक्रम, योजना र बजेटको बाँडफाँड गर्दा वित्तिय खर्च र आमदानीको आधुनिक भण्डारण नहुनाले चाहिएको बेला उचित रिपोर्ट निस्कन नसक्नु, विभिन्न संघ/संस्था/कम्पनी/निर्माण/व्यवसायीको वित्तिय विवण गाउँपालिकामा उपलब्ध गर्न नसकिनुले वित्तिय पूर्वानुमान, जोखिम, जवाफदेहिता, उत्तरदायित्वको नियमन विन्दुहरुको थाहा नहुनु, विद्युतिय सुचना प्रविधिमा सबै जनताको पहुँच नहुनु, विद्युतिय सुचना प्रविधिको पूर्वाधारमा कर्मचारी र प्रशासन स्व-संचालन भइ आत्मनिर्भर बन्न नसक्नु,(स्वास्थ्य, शिक्षा जस्ता) क्षेत्रगत प्रशासन पालिका/वडा स्तरमा आधारभूत सुचना प्रणालीमा परिस्कृत भइ नसक्नु, आदि हुन्।

७.२.३ चुनौती र अवसर:

चुनौती:

बजेट र योजना निर्माणको पूर्वानुमानलाई सशक्त बनाउँदै वित्तिय प्रणालीसँग कार्यक्रमहरुको तादम्यतालाई बलियो बनाउनु, नाफा-घाटाको सुचाङ्कहरुलाई सुक्ष्म-डाटाप्रणालीमा उतारेर विभिन्न दृष्टिकोणमा परिस्कृत गर्नु, पालिकाभित्रको cash-flowको आधारमा जोखिम घटाउँदै तरलताको अनुकुलन गर्नु, विभिन्न उत्पादनहरुलाई टेवा पुग्ने खर्चको योजना बनाउनु र व्यवस्थापन।नियमन गर्नु, संघिय वित्तिय ढाँचा अनुरुप प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु, पुजीगत खर्च वृद्धि गर्नु, आन्तरिक लेखापरिक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, समयसमा ठेक्का बन्दोबस्त गर्नु, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरुप मितव्ययी र प्रतिस्पर्धी बनाउनु आदि रहेका छन्।

अवसर

विभिन्न आर्थिक वर्षहरुको बजेट, योजना र लेखापरिक्षण प्रतिवेदन समयमै सार्वजनिक हुने गरेको, खर्च-आमदानी-अनुदानको विवरणलाई सफ्ट्वेयरमार्फत रिपोर्टिङ्ग र भण्डारण हुने रहेको आदि रहेका छन्।

७.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

प्रभावकारी खर्च व्यवस्थापन, वित्तिय सुशासनको अहसास।

लक्ष्य

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाइ समग्र विकास प्रकृयालाई प्रभावकारी बनाउने।

उद्देश्य

पालिकाको राजश्व संकलन र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु।

७.२.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: पालिकाको राजश्व संकलन र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु।	
११ वित्तिय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने।	१११ वित्तिय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ। ११२ वित्तिय व्यवस्थापनको सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।
१२ सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी व्यवस्थित र पारदर्शी बनाउने	१२१ विकास आयोजनाहरुको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ। १२२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ। १२३ वित्तिय जोखिम न्यूनिकरणको क्रियाकलापहरु परिचान गरि वित्तिय व्यवस्थालाई सुदृढ गरिनेछ।

७.२.६ कार्यक्रमका प्राथमिकता

१ सार्वजनिक खर्च कार्यविधि परिमार्जन गरी कार्यान्वयन गर्ने

२ विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने

७.२.७ विस्तृत कार्यक्रम

वित्तीय सुशासन												
क्र.स.	**उद्देश्य नं**	**रणनीति नं**	**कार्यनीति नं**	**संकेत**	**कार्यक्रम**	**इकाई**	**आधार वर्ष तथ्याङ्क (२०७७।७८)**	**लक्ष्य**			**योजना अवधिको जम्मा लक्ष्य**	**जिम्मेवार निकायहरु**
								२०७८ /०७९	**२०७९/ ०८०**	**२०८०/ ०८१**		
१	१	१.१	१.१.१	क	लाभ-लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास गर्ने	संख्या	१	१	१	१	४	
२			१.१.२	क	बजेट सुचना प्रणालीको विकास गर्ने	संख्या		१			१	
३		१.२	१.२.१	क	विद्युतीय आर्थिक कार्यप्रणालीको सुदृढीकरण गर्ने	संख्या	१	निरन्तर	निरन्तर	निरन्तर	१	
४				ख	सार्वजनिक खरिद ऐनमा सुधार गर्ने	संख्या		१	निरन्तर	निरन्तर	१	
५			१.२.२	क	सार्वजनिक खर्च कार्यविधि बनाई लागू गर्ने	संख्या	१	१	१	१	४	
६				ख	समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन गर्ने	संख्या		१	१	१	३	

७.३ भ्रष्टाचार निवारण

७.३.१ पृष्ठभूमि

जनसेवा क्षेत्रमा भइरहेको भ्रष्टाचारको निवारणमा विश्वको गतिविधि हेर्दा नेपाल ११७ स्थानमा ३५ अंकले भ्रष्टाचार धारणा सुचकांक (Corruption Perceptions Index) मा पर्दछ। यस अंकलाई अधिकतम बनाउन सबै सरकारी मातहतका संस्थाहरुको भूमिका रहन्छ। जनप्रशासनमा सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानुनसम्मत रुपमा सहज र सरल तरिकाले उपलब्ध गराइ सबै स्वरुपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ। गाउँपालिकामा विभिन्न सेवा कार्यालयहरुमा हुने गरेको ढिलासुस्ती, अनियमितता तथा अनिर्णय जस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ। गाउँपालिकामा भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न जरुरी छ।

७.३.२ प्रमुख समस्या

७.३.३ चुनौती र अवसर:

चुनौती:

जुनसुकै स्तरको भर्ष्टाचारी गर्ने दोषीलाई सजाय गर्नु, जन-प्रशासनको सुधारात्मक भूमिकामा स्पष्ट कार्य भूमिका निर्वाह गर्नु, अर्थ व्यवस्थापन गर्नु, जनसरोकारका विषयमा सुचनाको हकको पहुँचमा विस्तार गर्नु, सरकारी क्रियाकलापमा पारदर्शीता कायम राख्नु, जन-सशक्तिकरण गरी स्थानीय-सरकारको जबाफदेहिता बढाउनु, अवैध कारोवारहरुको छापा मार्नु, प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु, सुचनादाताको संरक्षण गर्नु, साक्षी बस्ने तथा अभियोजन गर्ने कर्मचारीहरुको उचित संरक्षण गर्नु आदि भ्रष्टाचार विरुद्धको अभियानका चुनौतीहरु हुन्।

अवसर:

गाउँपालिकाले आफ्नो मातहतका कार्यालयमा भ्रष्टाचार विरुद्धका कदमहरु स्वमं सञ्चालन गर्न सक्नु, नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र हुनु, कानुनी संरचनाको निर्माण हुनु, भ्रष्टाचार विरुद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु, अन्तर्राष्ट्रिय सहयोग/सहकार्य/समन्वय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरुको स्थापना भइ भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाउनु अवसरको रुपमा रहेका छन्।

७.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

सेवाप्रति सदाचार, भ्रष्टाचाररहित समुदाय

लक्ष्य

भ्रष्टाचार विरुद्ध अभियानमा पारदर्शी सेवालाई आत्मसाथगर्दै पालिका र समाजबिचको सम्बन्धलाई सुदृढ बनाउने।

उद्देश्य

भ्रष्टाचारजन्य क्रियकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्ने।

७.३.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति

उद्देश्य १: भ्रष्टाचारजन्य क्रियकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्ने।	
११ भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने।	१११ सार्वजनिक प्रसाशनलाई नीतिगत, कानुनी तथा संस्थागत व्यवस्थाद्वारा पारदर्शी र जवाफदेही बनाइनेछ। ११२ भ्रष्टाचार विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
१२ नेपाल सरकारले अनुमोदन गरेका भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय सन्धिहरुको कार्यान्वयनमा सहयोगी भूमिका खेल्ने	१२१ भ्रष्टाचार नियन्त्रण सम्बन्धी ऐन, कानुन र नियमको प्रभावकारी कार्यान्वयनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिनेछ।

७.३.६ कार्यक्रमका प्राथमिकता

१ कार्यप्रणालीमा पारदर्शीता सुदृढ गर्ने।

२ जनगुनासोबाट उठेका उजुरीहरुको समाधानमा नीति अख्तियार गर्ने।

७.३.७ विस्तृत कार्यक्रम

वित्तीय सुशासन												
क्र.स.	**उद्देश्य नं**	**रणनीति नं**	**कार्यनीति नं**	**संकेत**	**कार्यक्रम**	**इकाई**	**आधार वर्ष तथ्याङ्क (२०७७।७८)**	**लक्ष्य**			**योजना अवधिको जम्मा लक्ष्य**	**जिम्मेवार निकायहरु**
								२०७८ /०७९	**२०७९/ ०८०**	**२०८०/ ०८१**		
१	१	१.१	१.१.१	क	भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने	संख्या			१	१	२	
			१.१.२	क	सेवाकालिन तालिमको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
			१.१.२	ख	भ्रष्टाचार नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने	संख्या		१	१	१	३	
		१.२	१.२.१	क	विकास आयोजनाको खर्च निर्माणस्थलमै सार्वजनिकीकरण गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
			१.२.१	ख	भ्रष्टाचार विरुद्ध कार्यक्रम सञ्चालन गर्न नागरिक समाजसँग सहकार्य कार्यक्रम सञ्चालन गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर	१	

७.४ गाउँपालिकाको सन्तुलित विकास

७.४.१ पृष्ठभूमि:

नेपालको संविधान २०७२ सँगै नेपालमा गणतन्त्र स्थापना भएपछि २०७३ को स्थानीय निकायको चुनावको नतिजासँगै पहिलो पटक क्व्होलासोथार गाउँपालिकाको कार्यालय निर्माण भएको थियो। सात वटा गाउँ विकास समितिहरुलाई समेटेर बनाइएको यस क्वहोलासोथार गाउँपालिकामा हाल नौ वटा वडामा विभाजित छ। गुरुङ्ग समुदायको अधिकतम पकड भएको यस पालिकामा सन्तुलित विकासको लागि महत्वपूर्ण क्षेत्रहरु पर्यटन, पशुपालन, कृषि र खानी उत्खननलाई मान्न सकिन्छ। यी आर्थिक क्षेत्रहरुको विकासको लागि मानव संसाधन, व्यापार, कला आदिको विकास हुन अत्यन्त जरुरी देखिन्छ। त्यस्तै यी क्षेत्रहरुको सहयोगात्मक भूमिकामा आउने सुचना-संचार, व्यवस्थापकिय संयन्त्र, सडक पूर्वाधार, र उद्योगको विकास हुनु पनि जरुरी हुन्छ।

७.४.२ प्रमुख समस्या:

भौगोलिक विकटताका कारण गुणस्तरीय सवारी सडकको सबै वडाहरु निर्माण भइनसक्नु, भिरालो डाँडाहरुको कारण धेरै क्षेत्रहरु विशेष गरि भोजेगाउँ पहिरोको संकटमा रहुनु, गाउँपालिका केन्द्रबाट टाढा रहेका ५,६ र ७ वडाहरुमा विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु, गाउँपालिकाको कार्यालयको आफ्नै भवन नहुनु, नीति तथा योजनाहरु हतारमा निर्माण हुनु, प्रविधि प्रयोगमा कमजोर हुनु, प्रशासनिक सुशासनमा सबै पक्ष जानाकार नहुनु, जनताका प्रशासनिक कामहरुको लागि गाउँपालिका पदाधिकारीहरुलाई नै जिम्मेवार ठान्नु, सीमित बजेट तथा नयाँ संरचना भएका कारण पदाधिकारी एवम् कर्मचारीको अनुभवको कमि हुनु।

७.४.३ चुनौती र अवसर:

चुनौती:

भौगोलिक विकटतालाई विकासका साझेदारीमा समेटेर एकिकृत विकास परियोजनामा सम्मिलित गर्नु, वडा नं ६ भोजगाउँमा पहिरोको कारण गाँउ विस्थापन गरी साल्मे भञ्जयाङ्ग जस्ता क्षेत्रहरुमा गाउँ स्थापना गर्नु, सडकको सञ्जालको विकासबाट स्थानिय उत्पादनको बजारीकरण गर्नु, पालिकास्तरबाट नै मूल उत्पादन सबै जनस्तरमा लगाई अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउनु, अति दुर्गम तथा पहाडी वडाहारुमा आवश्यक श्रोत साधनको उपलब्धता गराउनु, जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन र लक्षित कार्यलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेको छ।

अवसर:

भौगोलिक विकटतामा पर्यटन नै जनताको जिवनसुधारको एकमात्र उपाय भएको जनचासोको विषय हुनु, जङ्गलको क्षेत्रहरुमा प्रशस्त मात्रामा जडिबुटी पाइनु, गुरुङ्ग समुदायहरुको पौराणिक संस्कृति र परम्पराहरु जनस्तरमा राम्रोसँग मनाइनु, अधिकतम क्षेत्रहरुमा पशुपालनको सम्भावनाहरु प्रशस्त रहुनु, आदि हुन्।

७.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

विकासमा भौगोलिक सन्तुलन र जीवन स्तरमा समानता

लक्ष्य:

पालिकाभित्रको सन्तुलित विकास गरी जनताको जीवन स्तरमा सुधार गर्ने।

उद्देश्य:

क्व्होलासोथार गाउँपालिकाका विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास गर्नु

७.४.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: क्व्होलासोथार गाउँपालिकाका विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास गर्नु	
१.१ गाउँपालिकामा उपलब्ध साधन-स्रोतको सम्भाव्यताका आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास गर्ने।	१.१.१ प्राकृतिक एवम् मानवीय सम्पदाहरुको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। १.१.२ कृषि तथा पर्यटकीय क्षेत्रको पहिचान गरी त्यस क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ। १.१.३ गुरुङ्ग समुदायको मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रबर्धन गरिनेछ। 1.1.4 स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ।
१.२ वडासँग सम्बन्ध कायम गरी आर्थिक तथा सामाजिक गतिविधिलाई अगाडी बढाउने व्यवस्था गर्ने।	1.2.1 पालिका र वडाबीच प्राकृतिक स्रोत साधन तथा राजश्वको परिचालान गर्दा सन्तुलित विकासको अवधारणालाई आत्मसात गरिनेछ। 1.2.2 पालिका र वडाबीच वस्तु तथा सेवाको उत्पादन र निर्वाध आवागमनको व्यवस्था गरिनेछ। 1.2.3 पालिका र वडा जोड्ने सडकको स्तरोन्नती गरी सबै वडाका नागरिकलाई पालिका केन्द्रसम्मको सम्बन्ध र सम्भावनाको उच्चतम उपयोग गरिनेछ।
१.3 वडाभित्रका जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने।	१.3.1 पछाडी परेका समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिनेछ। 1.3.2 पछाडी परेका क्षेत्र, सीमान्तकृत व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। 1.3.3 उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था गरिनेछ।

७.४.६ कार्यक्रमको प्राथमिकता

1. सार्वजनिक निजी साझेदारी मार्फत पिछडिएका क्षेत्र लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्ने।
2. आयोजनाहरुको छनौट गर्दा पिछडिएका क्षेत्रलाई प्राथमिकता दिने।

७.४.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	1	1.1	1.1.1	क	बढी प्रतिफल दिने आयोजनाको पहिचान गर्ने (वर्षको एक पटक)	संख्या		1	1	1	3	
2	1	1.1	1.1.1	ख	आयोजनाहरुको प्राथमिकीकरण गर्ने (वर्षको एक पटक)	संख्या		1	1	1	3	
3	1	1.1	1.1.2	क	सार्वजनिक-निजी साझेदारीमा विकासका कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने	संख्या		1	निरन्तर	निरन्तर	1	
4	1	1.1	1.1.3	क	गुरुङ्ग समुदायको मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गर्ने	प्याकेज		1	1	1	3	
5	1	1.1	1.1.4	क	पालिकाको विकास कार्यक्रम मार्फत रोजगारी र उद्यमशीलता सिर्जना गर्ने	हजार		1	1	1	3	
6	1	1.2	1.2.1	क	पालिकामा उपलब्ध स्रोतसाधनको प्रोफाइल तयार गर्ने	संख्या		1				
7	1	1.2	1.2.1	ख	सन्तुलित विकास नीति निर्माण गर्ने	प्याकेज		1				
8	1	1.2	1.2.2	क	पालिका र वडाबिच वस्तु तथा सेवाको निर्वाध आवागमन हुने नीति निर्माण गरी लागु गर्ने	प्याकेज			1			
9	1	1.2	1.2.3	क	प्रदेशसँगको समुन्वयमा प्रदेश सदरमुकाम पोखरा र पालिका केन्द्र मालिङ्ग जोड्ने सडक कालोपत्रे गर्ने	कि मि	31	0	10	13.3	23.3	
10	1	1.2	1.2.3	ख	पालिका केन्द्र मालिङ्ग र वडा केन्द्रहरु जोड्ने सडक निर्माण तथा स्तरोन्नती गर्ने	संख्या	9	4	2	3	9	
11	1	1.3	1.3.1	क	संघ र प्रदेशसँगको सहकार्यमा आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपमा पछाडि परेका क्षेत्र पहिचान गरी विभिन्न वडामा उपलब्ध समाजघरहरुमा विशेष कार्यक्रम सञ्चालन गर्ने	प्याकेज		1	1	1	3	
12	1	1.3	1.3.3	क	भोगोलिक रुपले जोखिम क्षेत्रहरुका लागि प्रदेश र संघको सहकार्यमा विशेष अनुदानको व्यवस्था गर्ने	संख्या		1	1	1	3	

७.४.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पृष्ठाइएको श्रोत	जिम्मेवार निकाय	जोखिम तथा अनुमान
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१				
प्रभाव	पालिकाभित्रको सन्तुलित विकास भइ नागरिकको जीवन स्तरमा सुधार भएको हुने	पालिकाका नागरिकको प्रतिव्यक्ति आय प्रदेशको सरदर भन्दा १० प्रतिशत भन्दा फरक नहुने	प्रतिशत								
असर १	पालिकाको विकट र पिछडिएका क्षेत्रमा समन्यायिक विकास भएको हुने	वडाका नागरिकको जन्मदाको अपेक्षित आयु प्रदेशको सरदर भन्दा ८ वर्ष भन्दा फरक नहुने	वर्ष								
प्रतिफल १.१	बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था भएको हुने	बढी प्रतिफल दिने आयोजनाको पहिचान र आ`योजनाहरुको प्राञमिकीकरण (वर्षको एक पटक)	संख्या		१	१	१	३			
प्रतिफल १.२	स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार भई पर्यटन प्रवर्धन भएको हुने	पालिकास्तरीय पर्यटन प्रवर्धन (वर्षको एक पटक)	संख्या		१	१	१	३			
प्रतिफल १.३	पालिकास्तरीय कृषि तथा गैह्र-कृषि क्षेत्रको पहिचान भई त्यस्ता क्षेत्रमा निजी लगानी प्रोत्साहित भएको हुने	सार्वजनिक-निजी साझेदारीमा विकासका कार्यक्रमको सञ्चालन	प्याकेज		१			१			
प्रतिफल १.४	स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारीको सिर्जना भएको हुने	पालिकास्तरीय विकास कार्यक्रम मार्फत सिर्जना भएको स्वरोजगारको संख्या (हजार)	संख्या		1.2	1.2	1.2	3.6			
प्रतिफल १.५	पालिका केन्द्र र वडा केन्द्र जोड्ने सडक पूर्वाधार १२-महिना चल्ने गरि विकास भएको हुने	पालिका केन्द्रबाट १२ महिने सञ्चालनमा आएका वडा जोड्ने सडक खण्ड	संख्या	७	१	१		२			
प्रतिफल १.६	पछाडि परेका वा पारिएका क्षेत्र, सीमान्तकृत व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने	विशेष कार्यक्रमको सञ्चालन	संख्या		१	१	१	३			
प्रतिफल १.९	उपभोग्य वस्तुको पहुँ सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था भएको हुने	पालिकाको आपूर्ति व्यवस्थाको सुदृढीकरण हुने	प्याकेज		१			१			

अध्याय ८

अन्तरसम्बन्धित विषय

८.१ गरिबी निवारण

८.१.१ पृष्ठभूमि

गरिबी निवारण नेपालको सातौँ योजनादेखि प्रमुख उद्देश्यमा राखिँदै आएको विषय हो । आर्थिक योजना निर्माणमा गरिबी निवारणको प्रमुख भूमिका हुने भएकाले यस क्षेत्रलाई संघ, प्रदेश र पालिकाले विशेष महत्वका साथ विकासको मुख्य अक्षको रुपमा राखेको हुन्छ । देशको आर्थिक अवस्थामा राजनीतिक परिवेशले सोझो असर राख्दछ । नेपालबाट प्रकाशित लेखहरुमा नेपालमा २५% जनसंख्या गरिबीको रेखामुनि राखेको पाइन्छ भने वल्ड बैंकको लेखमा ६६% जनसंख्या गरिबीको रेखामुनि रहेको बताउँछ । त्यस्तै गण्डकी प्रदेशमा हाल १४.६९% जनता निरपेक्ष गरिबीको रेखामुनि रहेको छन् । क्व्होलासोथार गाउँपालिकामा आय आर्जनको आधारमा करिब २०% जनता गरिबीको रेखामुनि रहेको आँकलन गर्न सकिन्छ । दीगो विकास लक्ष्य १को मर्म बमोजिम सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य नेपालले पनि लिएको हुनाले यस गाउँपालिकाले प्राकृतिक र मानविय स्रोत-साधनको पहिचान र परिचालन गरि समृद्ध क्वोहोलासोथार गाउँपालिका स्थापना गर्न आवश्यक देखिएको हुन्छ ।

८.१.२ प्रमख समस्या

वास्तविक गरिबको पहिचान हुन नसक्नु, राज्यद्वारा प्रदान गरिएको सेवा-सुविधामा गरिबको पहुँच विकास हुन नसक्नु, कृषि पेशा निर्वाहमुखी हुनु, अन्य आर्थिक गतिविधिमा गरिब नागरिको पहुँच नहुनु, गरिब लक्षित कार्यक्रमको कार्यान्वयनमा समावेशिता सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसम्म पुग्न नसक्नु, श्रमको सम्मान हुने वातावरण सिर्जना नहुनु, युवाहरु विदेश पलायन हुनु र अर्धरोजगार युवाहरु रहनु गरिबी निवारणका मुख्य समस्याहरु हुन् ।

८.१.३ चुनौति र अवसर

चुनौति

पालिकाभित्र वास्तविक गरिबहरु पहिचान गरी गरीब लक्षित कार्यक्रमहरु सञ्चालन गर्नु, पालिकामा अत्यन्त धेरै सम्भावना बोकेको क्षेत्रहरु कृषि र पर्यटनमा आधारित आय-आर्जनका कार्यक्रमहरुलाई व्यवसायिक र आधुनिकीकरण गर्नु, गरिवी निवारणका चुनौतीहरु हुन् ।

अवसर

गरिबी निवारण गर्ने विषयमा तीनै तहका सरकारले प्राथमिकता दिनु, देश संघीय व्यवस्थामा रुपान्तरण भएसँगै राजनीतिक स्थायित्व, शान्ति सुव्यवस्था कायम हुनु, सडक सञ्जालको विकासका कारण नागरिकहरु विभिन्न व्यवसायिक योजनाको लागि प्रोत्साहित हुनु, पालिकाले कृषि-पर्यटन क्षेत्रलाई गरिबी निवारणको महत्वपूर्ण अङ्गको रुपमा लिनु, पालिकामा पर्यटनको प्रचुर सम्भावना हुनु, युवा वर्गहरु पर्यटन केन्द्रित व्यवसायतर्फको आकर्षण हुनु गरिबी निवारणका अवसरहरु हुन ।

८.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

सोच

एकिकृत विकास, गरिबी निवारण र समृद्ध पालिकाको विकास ।

लक्ष्य

सबै प्रकारका गरिबीको न्यूनीकरण गर्ने।

उद्देश्य

1. गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकिकृत गर्नु।
2. राज्य स्रोत साधनहरुलाई गरिब लक्षित बनाई गरिबहरु पहुँच विस्तार गर्नु।

८.१.५ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १: गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकिकृत गर्नु।	
१.१ गाउँपालिकाको सबै विकास निर्माणमा गरिबी निवारणमा एकिकृत गर्ने।	१.१.१ गाउँपालिकाबाट लगानी हुने सबै विकास आयोजनाहरुमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत गरिनेछ।
१.२ गाउँपालिकामा रहेका वास्तविक गरिबहरुको पहिचान गरी विवरण अद्यावधिक गर्ने।	1.2.1 संघ र प्रदेशसँगको समन्वयमा गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ। 1.2.2 गरिबहरुको विवरण अद्यावधिक गरिनेछ।
१.3 वडाभित्रका जनतालाई उत्पादनमूलक रोजगारीको अवसरहरुको वृद्धि गर्ने।	१.3.1 गरिबी निवारणका लागि स्थानीय स्तरमा रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान गरिनेछ। 1.3.2 नागरिक स्तरमा सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरुलाई राष्ट्रिय एवम अन्तराष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था मिलाइनेछ। 1.3.3 विदेशबाट फर्किएका जनतामा रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्ने प्रोत्साहित गरिनेछ। 1.3.4 परिवारको आम्दानीलाई बचत र बचतलाई लगाणिमा परिणत गर्न स्थानीय तहमा वित्तीय संस्थाहरु विस्तार गरिनेछ। 1.3.5 ग्रामिण क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचयपत्रको आधारमा गरिब परिवारलाई प्राथमिकता दिइनेछ।
उद्देश्य २: राज्य स्रोत साधनहरुलाई गरिब लक्षित बनाई गरिबहरु पहुँच विस्तार गर्नु।	
२.1 पालिका स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरुको पहुँच विस्तार गर्ने।	2.1.1 गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा गरिनेछ। 2.1.2योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दा गरिबी निवारणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ। 2.1.3 पालिकामा सञ्चालन हुने विभिन्न पालिकास्तरीय र वडास्तरिय शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, सामाजिक न्याय, सुचनाको हक जस्ता आधारभूत सेवामा सबैको

	पहुँच सुनिश्चित गर्न समन्वय एवम् सहकार्य गरिनेछ। 2.1.4 पोषणको अभावमा कुपोषित बालबालिकाहरुको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८.१.६ कार्यक्रमका प्राथमिकता

1. विभिन्न वडामा रहेका गरिब घरपरिवार पहिचान गर्ने।
2. सार्वजनिक क्षेत्रको सहयोग कार्यक्रममा गरिबहरुलाई प्राथमिकता दिने।

८.१.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७। ७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/ ०७९	२०७९/ ०८०	२०८०/ ०८१		
1	1	1.1	1.1.1	क	विकास कार्यक्रमहरुमा गरीबहरुको पहुँच वृद्धि गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
2	1	1.2	1.2.1	क	गरीब परिचयपत्रको वितरण	प्याकेज		१	निरन्तर	निरन्तर	१	
3	1	1.2	1.2.2	क	गरीब परिवारको GIS सहितको विवरण अद्यावद्यिक गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
4	1	1.3	1.3.1	क	स्थानीय सीपको अनलाईन प्रोफाइल तयार गर्ने तथा अद्यावद्यिक गर्ने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
5	1	1.3	1.3.2	क	स्थानीय उत्पादनलाई बजारीकरण गर्ने अनलाइन E-commerceको व्यवस्था मिलाउने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
6	1	1.3	1.3.4	क	पालिकामा वित्तिय संस्थाको पहुँच वृद्धि गर्ने (वडा)	संख्या	१	२	२	२	७	
7	1	1.3	1.3.6	क	नयाँ घरबास सञ्चालन गर्दा गरीब समूहलाई प्राथमिकता दिने	संख्या		१०	१०	१०	३०	
8	2	2.1	2.1.1	क	गरिबी निवारण नीति निर्माण गर्ने	संख्या		१				
9	2	2.1	2.1.3	क	गरिबलाई सामाजिक सेवा इकाइ मार्फत सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने	संख्या		१००	१००	१००	३००	
10	2	2.1	2.1.3	ख	छात्रवृत्ति वितरण गर्दा गरिबलाई प्राथमिकता दिने	प्याकेज		१	निरन्तर	निरन्तर	१	
11	2	2.1	2.1.3	ग	गरिबलाई सामाजिक सेवा इकाइ मार्फत सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने	संख्या		१००	१००	१००	३००	
12	2	2.1	2.1.6	क	कुपोषित बालबालिकाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन	संख्या		१००	२००	१००	४००	

८.१.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७/ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	सबै प्रकारका गरिबी न्यूनीकरण भएको हुने	राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुपात	प्रतिशत							
		बहुआयामिक गरिबी सूचकाङ्क	प्रतिशत							
		PPP मूल्यमा प्रतिदिन 1.9 अमेरिकी डलरभन्दा कम आमदानी गर्ने रोजगारहरुको अनुपात	प्रतिशत							
असर १	गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत गर्ने व्यवस्था भएको हुने	रोजगारीका अवसरहरुको वृद्धि भएको हुने	प्रतिशत							
प्रतिफल १.१	पालिकाबाट लगानी हुने सबै विकास आयोजनाहरुमा गरिबी निवारणले प्राथमिकता पाएको हुने	विकास कार्यक्रमहरुमा गरिबहरुको पहुँच	प्रतिशत		४०	६५	९०	९०		
प्रतिफल १.२	गरिबीको वर्ग पहिचान भई परिचयपत्र प्रदान भएको हुने	गरिब परिचयपत्रको वितरण	प्रतिशत	०	५०	७५	१००	१००		
प्रतिफल १.३	गरिबहरुको विवरण अद्यावद्यिक भएको हुने	गरिब घरपरिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावद्यिक भएको वडा	संख्या	०	३	३	३	९		
प्रतिफल १.४	गरिबी निवारणको लागि पालिकास्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान भएको हुने	स्थानीय सीपको प्रोफाइल तयार	संख्या			१		१		
प्रतिफल १.५	पालिकाबाट सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरुलाई राष्ट्रिय एवम् अन्तराष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था भएको हुने	स्थानीय उत्पादन सहरी क्षेत्रमा निर्यात गर्ने वडा संख्या	संख्या	३	२	३	३	९		
प्रतिफल १.६	पालिकामा वित्तिय संस्थाहरुको विस्तार भएको हुने	पालिकामा वित्तिय संस्थाको विस्तार तथा वचत कार्यक्रम सञ्चालन	संख्या	१	१	१	०	३		
प्रतिफल १.७	ग्रामिण क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचयपत्रको आधारमा गरिब परिवारले प्राथमिकता पाएको हुने	नयाँ घरबास सञ्चालनको प्राथमिकतामा परेको गरिब समूह	संख्या		१	१	१	३		
असर २	राज्यका श्रोतसाधनहरु गरिब लक्षित भई गरिबहरुको पहुँच विस्तार भएको हुने	श्रोतका बाडफाड गरिब लक्षित हुने	प्रतिशत							
प्रतिफल २.१	गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा भएको हुने	गरिबी निवारण नीति तथा कानूनको निर्माण	संख्या		१			१		

प्रतिफल २.२	स्थानीय तहमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दा आधारभूत सेवामा गरिबि निवारणले उच्च प्राथमिकता पाएको हुने	छात्रवृत्ति प्राप्त गर्ने गरिब विद्यार्थी	संख्या							
		आवास निर्माणको लागि बिना धितो ऋण व्याज छुट पाउने गरिब परिवार	संख्या							
		सामूहिक खेती प्रणालीमा आवद्ध गरिब परिवार	प्रतिशत							
प्रतिफल २.३	समयको माग र बजार अनूकूल हुने सीप विकास कार्यक्रमको सञ्चालन भएको हुने	सहुलियत दरमा ऋण गरिब उद्यमी (युवा स्वरोजसँग जोड्ने)	प्रतिशत		४०	७०	१००	१००		
प्रतिफल २.४	पोषणको अभावमा कुपोषित बालबालिकाहरुको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तरता चलेको हुने	बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएको अवस्था	संख्या		१			१		

८.२ मानव अधिकार र सामाजिक न्याय

८.३.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। संविधानको कार्यान्वयन एवम् संवैधानिक हकहरूको प्रचलनको लागि लैङ्गिक समानता तथा समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुश्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, पिछडिएको वर्ग र क्षेत्रका सबैलाई शासकीय प्रणाली अनुरुप राज्य संरचनाका सबै अङ्गहरुमा सहभागी गराउन अनिवार्य हुन्छ। राष्ट्रिय प्रतिबद्धता अनुरुप गण्डकी प्रदेश सरकारले मानव अधिकारको सम्मान, संरक्षण र प्रवद्र्धन गर्दै आफ्ना कार्यक्रमहरू अगाडि बढाएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवद्र्धनका लागि संघीय तहमा विद्यमान स्थायी संरचना एवम् संस्थाहरूलाई प्रदेश तह र स्थानीय तहमा पनि विकास गर्नुपर्ने देखिन्छ। अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत् मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत रुपमै जोड्नु पर्ने देखिन्छ।

८.३.२ प्रमुख समस्या

– गाउँपालिकाका विभिन्न भागमा रहेका भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा विद्यमानमा रहिरहनु,

– आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरूमा अझै पनि सामाजिक न्यायको प्रत्याभूतिका नहुनु।

– गाउँपालिकामा मानवअधिकार र सामाजिक न्यायको संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु,

– राजनीतिक, सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु,

– संस्थागत रुपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु।

८.३.३ चुनौति र अवसर

चुनौती

- संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मानव अधिकारको सम्मान, संरक्षण, प्रवद्र्धन तथा परिपालना गर्नु र गराउनु,
- मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु,
- मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धमा प्रदेश स्तरीय संस्थागत र नीतिगत व्यवस्था नहुनु,

अवसर

- विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्यमान्यतालाई नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गर्नु,
- मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था हुनु,
- मानव अधिकारसँग सम्बन्धित क्षेत्रीय, अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा ऐच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुनु,
- संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी नागरिकले वास्तविक रुपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनु,
- संविधान एवम् कानूनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने,
- मानव अधिकार उल्लघंनमा अनुसन्धान गर्ने
- स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु,

– मानव अधिकारको संरक्षण र सम्मान गर्न स्थानीय गाउँपालिका सरकार प्रतिबद्ध रहनु।

८.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोचः प्रभावकारी सेवा प्रवाह र समतामूलक शासन प्रणाली।

लक्ष्यः प्रभावकारी सेवा प्रवाह र समतामूलक शासन प्रणाली मार्फत् संविधान प्रदत्त अधिकारको निर्वाद उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने।

उद्देश्यः

१. मानव अधिकारको सम्मान, संरक्षण, संवद्र्धन तथा उपभोग कायम हुनेगरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्नु।

२. जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्नु।

८.३.५ रणनीति र कार्यनीति

उद्देश्य १: मानव अधिकारको सम्मान, संरक्षण, संवद्र्धन तथा उपभोग कायम हुनेगरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्नु।	
रणनीति	कार्यनीति
१.१ व्यक्तिको मौलिक हक सम्बन्धी कानूनहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।	१.१.१ व्यक्तिको मौलिक हक कार्यान्वयन गर्ने कानूनको कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था गरिनेछ। १.१.२ प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा निःशुल्क कानूनी सहायता सम्बन्धी नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था गरिनेछ।
१.२ मानव अधिकार उल्लङ्घनको घटनामा पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने।	१.२.१ मानव अधिकार उल्लघंनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ। १.२.२ मानव अधिकार उल्लघंनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ।

उद्देश्य २: जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्ने।	
रणनीति	कार्यनीति
२.१ समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने।	२.१.१ जोखिममा रहेका विपन्न, सीमान्तकृत् एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ। २.१.२ समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
२.२ विपन्न र सीमान्तकृत् वर्ग तथा जोखिममा रहेका घर परिवारको व्यवस्थापन गर्ने।	२.२.१ जोखिमयुक्त क्षेत्रमा, अव्यवस्थित रुपमा बसोबास गर्दै आएका विपन्न र सीमान्तकृत घरपरिवारलाई उपयुक्त स्थानमा आधारभूत पूर्वाधार सहितको बस्ती निर्माण गरी स्थान्तरण गर्ने कार्य अगाडि बढाइनेछ।

८.३.६ कार्यक्रमका प्राथमिकता

१. मौलिक हक तथा न्यायमा सुनिश्चितता गर्दै गाउँपालिकालाई मानव अधिकार मैत्री बनाउने।

२. मानव अधिकारको प्रवद्र्धन, अनुगमन र मूल्याङ्कन गर्ने।

८.३.७ विस्तृत कार्यक्रम

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
१.	१.	१.१	१.१.१		जनताको मौलिक हक र मानव अधिकार मैत्री शासन कार्यान्वयन गर्ने	संख्या		१	१	१	३	गाउँपालिका
२.			१.१.२		विपन्नहरूलाई न्यायमा पहुँच बढाउन निशुल्क कानूनी सहायता केन्द्रको स्थापना गर्ने।	संख्या		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
३.		१.२	१.२.१		मानव अधिकार उल्लघंनको घटनाको अनुसन्धान गरी कार्वाहि तथा क्षतिपूर्तिको व्यवस्था गर्ने।	प्याकेज		१	१	१	३	गाउँपालिका
४.	२.	२.१	२.१.१		गाउँपालिकामा रहेका उत्पीडित तथा विपन्नहरूको अधिकार संरक्षण गर्ने सम्यन्त्र निर्माण गर्ने।	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउँपालिका
५.			२.१.२.		गाउँपालिकामा विद्यमान छुवाछुत विरूद्व सचेतना कार्यक्रम गरी नियमन समेत गर्ने।	प्याकेज		१	१	१	३	गाउँपालिका
६.		२.२	२.२.१		जोखिमयुक्त क्षेत्रमा, अव्यवस्थित रुपमा बसोबास गर्दै आएका विपन्न र सीमान्तकृत घरपरिवारलाई उपयुक्त स्थानमा आधारभूत पूर्वाधार सहित व्यवस्थापन गर्ने।	प्याकेज		१	१	१	३	गाउँपालिका

८.३.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१		
प्रभाव	संविधानप्रदत्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण भएको हुने	समतामूलक शासन प्रणाली र प्रभावकारी सेवा प्रवाह प्राप्त भएको	संख्या					अधिकतम्	
असर १	मानव अधिकारको सम्मान, संरक्षण, संम्वर्धन तथा उपभोग भएको हुने	मानव अधिकार हनन भएका घटनाहरू	संख्या					न्यूनतम	
		लैङिक हिंसा लगायतका अपराध र अनुसन्धा भएका घटना	संख्या					न्यूनतम	
		शान्तीशुरक्षाका लागि गाउँपालिकाको विनियोजित बजेट	रूपैया					??	

प्रतिफल १.१	जनताको मौलिक हक र मानव अधिकार कार्यान्वयन भएको हुने	मा ैलिक हक कार्यान्वयन गर्न पालिका कानूनको तर्जुमा	संख्या		१	निरन्तर	निरन्तर	१	
प्रतिफल १.२	विपन्नहरूलाई न्यायमा पहुँच बढाउन निशुल्क कानूनी सहायता केन्द्रको स्थापना भएको हुने।	निशुल्क कानूनी सहायता केन्द्रको स्थापना	संख्या		१	निरन्तर	निरन्तर	१	
प्रतिफल १.३	मानव अधिकार उल्लघंनको घटनाको अनुसन्धान गरी कार्वाहि तथा क्षतिपूर्तिको व्यवस्था भएको हुने	मानव अधिकार उल्लघंनको घटनाको क्षतिपूर्ति	संख्या					अधिकतम्	
असर २	सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित भएको हुने	जोखिममा रहेका समुदायका लागि कार्यालयको स्थापना	संख्या		१	निरन्तर	निरन्तर	१	
प्रतिफल २.१	जोखिममा रहेका विपन्न, सीमान्तकृत् एवम् उत्पीडित वर्गका अधिकारको संरक्षण भएको हुने	उत्पिडित तथा विपन्न वर्गको लागि स्थापना भएको संयन्त्र	संख्या		१	निरन्तर	निरन्तर	१	
प्रतिफल २.२	समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रमको सञ्चालन भएको हुने	सचेतनामूलक कार्यक्रमको सञ्चालन	प्याकेज		१	१	१	३	
प्रतिफल २.३	जोखिमयुक्त क्षेत्रमा अव्यवस्थित बसोबासका विपन्न र सीमान्तकृत घरपरिवारलाई उचित व्यवस्थापन भएको हुने।	आधारभूत पूर्वाधार सहित स्थानान्तरण भएका घरपरिवार संख्या	संख्या					आवश्यकता अनुसार	

८.३ जनशक्ति विकास, उद्यमशिलता र रोजगारी

८.३.१ पृष्ठभूमि

मानिसमा रहेको मानसिक क्षमता (ज्ञान, सिप, मनोवृत्ति र परिवर्तनलाई स्वीकार्य गुण) र शारीरिक शक्ति (तागत वा बल)को मिलन पछि मात्र एक व्यक्ति मानव संसाधन कहलिन्छ। मानव संसाधन व्यवस्थापनको केन्द्र विन्दु नै मानिस हो। यो विषय देश, गाँउ र समाज विकासको आधार अर्थात उत्पादकत्वको वृद्धि, लक्ष्य प्राप्ति, आत्मनिर्भर र समग्रमा समृद्धि प्राप्तिको आधारभूत र अति आवश्यक साधन पनि हो। यसको परिपूर्तिका लागि शिक्षालाई ज्ञान प्राप्तिको विधिमा मात्र सिमित नगरी सिप विकास र उत्पादनसँग जोडिनु पर्दछ। उत्पादित वस्तुलाई समुचित बजारको व्यवस्थापन मार्फत रोजगारी साथै आर्थिक कृयाकलापमा वृद्धि गराउँनेछ।

यस पालिकाको कूल जनसंख्याको ६१.७% जनसंख्या १५-५९ उमेर समुहका रहेका छन्। अहिलेको आवश्यकता हरेक व्यक्ति र खासमा युवा जनशक्तिलाई सिप र प्रविधियुक्त, क्षमतावान र प्रतिस्पर्धी बनाउदै जीवन र समाज विकाश एवं रुपान्तरणका लागि मेहनत, परिश्रम, साहस र जोखिम मोल्नसक्ने बनाउनु पनि हो। व्यक्तिमा विकसित हुने वा गरिने यिनै भावनाको विकासलाई उद्यमशीलता भनिन्छ जस्ले व्यक्ति एवं समुहलाई स्वरोजगार बनाउँदछ। अत: मानव संसाधन विकास र उद्यमशीलताले रोजगार एवं स्वरोजगारका अवसरहरू सृजना गरी पालिकाको मात्र नभै देशकै अर्थतन्त्रलाई मजवुत बनाई समृद्धि प्राप्तिमा सहयोग पुर्याउनेछ।

८.३.२ प्रमुख समस्या

उत्पादन क्षेत्रमा मागको आधारमा जनशक्ति परिपूर्ति हुन नसक्नु, शिक्षा सिप विकास, उत्पादन र वितरणसँग नजोडएका (अर्थात कोरा शिक्षाका) कारण बेरोजगारको संख्या वृद्धि हुदै जानु र युवा जनशक्ति विदेश पलायन हुनु। उद्यमशिलता वृद्धि सम्वन्धि तालिम कार्यक्रमलाई सञ्चालन हुन नसक्नु, उद्यमीहरूलाई उद्यममै टिकाइ राखन प्रोत्साहन र सम्मान गर्ने जस्ता कार्य गर्न नसकिनु, बजारको सहज पहुँच नहुनु, वितीय क्षेत्रबाट गरिने लगानी उद्यम विकास गर्नमा कम हुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

८.३.३ चुनौती र अवसर

चुनौती

रोजगारीका अवसर सृजना गरी उत्पादनशील युवा जनशक्तिलाई स्वदेशमै राख्ने वातावरणको सृजना गर्नु, विदेशियका र विदेशबाट फर्किएकाहरूको सूची तयार गरी उनिहरुको समुचित व्यवस्थापन गर्नु, विदेशमा सिकेको सीपलाई गाँउ घरमै उपयोग गर्ने वातावरण मिलाउनु, बढ्दो ज्येष्ठ नागरिक जनसंख्याको व्यवस्थापन गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत् बस्तीको विकास गर्नु पहल गर्नु, सन्तुलित तथा समानुपातिक विकास मार्फत् आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्नु तथा जनसांख्यिकीय सूचना बैंकको निर्माण र विस्तार गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

संघ सरकारद्वारा जनसंख्या सम्बन्धी दीर्घकालीन योजना तयार पारिनु, १५-५९ वर्ष उमेर समुहको जनसंख्याको प्रतिशत उच्च रहेकाले सो जनशक्तिलाई गाँउ, समाज र देशको आर्थिक र सामाजिक विकासमा योगदान पुर्याउन सक्ने अवस्था रहनु, सानो परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सीपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण हुनु, पूर्वाधार विकास, रोजगारीका अवसरहरूको सिर्जना, एकीकृत् बस्ती विकास लगायतका कार्यक्रमहरू मार्फत् बसाइँसराइँको व्यवस्थापन गर्न राज्यको उच्च प्राथमिकता रहनु, जनसंख्या र बसाइँसराइँ व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायहरूको समेत चासो बढ्दै गएकाले संघ, प्रदेश र स्थानीय तहका सरकारबाट यस सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सहज बन्नु, प्रत्येक वडाकेन्द्रहरू विस्तारै प्रशासनिक तथा आर्थिक बिन्दुको रुपमा विकास हुँदै जानु, पालिका सदरमुकाम स्वत: विकास केन्द्रको रुपमा विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरु हुन्।

८.३.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

हाम्रो पालिका हाम्रै जनशक्ति।

लक्ष्य

जनशक्तिमा उद्यमशीलता विकास गरी पालिका विकासको आधार तयार पार्ने।

उद्देश्य

१. पालिकाको लागि आवश्यक जनशक्ति प्रक्षेपण र न्यूनतम संख्यामा उत्पादन गर्ने व्यवस्था गर्नु।

२. उत्पादित जनशक्ति प्रतिस्पर्धी, सक्षम तथा गुणस्तरीय बनाउनु।

३. नागरिकमा उद्यमशीलताको विकास गरी साना र घरेलु उद्योग सञ्चालन गर्नु र रोजगार बनाउनु।

८.३.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. पालिकाको लागि आवश्यक जनशक्ति प्रक्षेपण र न्यूनतम संख्यामा उत्पादन गर्ने व्यवस्था गर्नु।	
१.१ पालिकालाई आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने।	१.१.१ पालिका र यहाँका निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरिनेछ। १.१.२ प्रक्षेपण अनुसार, दक्ष, अर्धदक्ष र उच्च स्तरका जनशक्ति उत्पादन गर्न प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ। १.१.३ प्राविधिक शिक्षालय/विद्यालयमा पालिकाको आवश्यकताका ब्यावसायिक र सिप सिकाउने पढाई सञ्चालन गरिनेछ।
उद्देश्य २. उत्पादित जनशक्ति प्रतिस्पर्धी, सक्षम तथा गुणस्तरीय बनाउनु।	
2.1 विद्यालय शिक्षालाई समयको माग र सीपसँग आवद्ध गर्ने।	२.१.१ कृषि, पशुपालन र सेवा क्षेत्रलाई चाहिने मध्यमस्तरको जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ। २.१.२ आवश्यकताका आधारमा युवाहरूका लागि अल्प, मध्यम तथा लामो अवधिको ब्यावसायिक तालिम सञ्चालन गरिनेछ। २.१.३ विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गरिनेछ। २.१.४ नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
उद्देश्य ३. नागरिकमा उद्यमशीलताको विकास गरी साना र घरेलु उद्योग सञ्चालन गर्नु र रोजगार बनाउनु।	
३.1 उद्यमशीलताको विकास गर्न नीतिगत व्यवस्था तथा संस्थागत सहजीकरण गर्ने ।	3.१.१ साना ब्यवसायीहरूलाई कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरूसँग समन्वय गरिनेछ। 3.१.2 उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमको व्यवस्था गरिनेछ। 3.१.३ परम्परागत सीपको प्रयोग गर्ने उद्यमीलाई संरक्षण र प्रोत्साहन दिइनेछ। 3.१.४ आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमीलाई पुरस्कृत गरिनेछ।

८.३.६ कार्यक्रमका प्राथमिकता

१. पालिकास्तरको ऊर्जाको सूची तयार पारी र तदनुरुप आयोजना निर्माण गर्ने।

२. निजी क्षेत्रको सम्लग्नतामा जलविद्युत् (लघु तथा मझौला) र सौर्य ऊर्जामा लगानी गरी ऊर्जा उत्पादन गर्ने।

३. विद्युतको पहुँच सबै घर परिवारमा पुर्याउने।

४. एल. पी. ग्याँसलाई सूधारीयको चुलो र विद्युतले विस्थापित गर्ने।

८.३.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/ ७९	२०७९/ ८०	२०८०/ ८१		
१	१	१.१	१.१.१	क	पालिका र यहाँका निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण	संख्या		१			१	
२			१.१.२	क, ख	निम्न, मध्यम र उच्च दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश सरकारसँग समन्वय	प्याकेज		१			१	
३			१.१.३	क, ख	प्राविधिक शिक्षालयमा पालिकाको आवश्यकताका ब्यावसायिक र सिप सिकाउने पढाई सञ्चालन	संख्या						
४	२	२.१	२.१.१	क, ख	कृषि, पशुपालन र सेवा क्षेत्रलाई चाहिने मध्यमस्तरको जनशक्ति उत्पादन	प्याकेज						
५			२.१.२	क, ख	युवाहरूका लागि अल्प, मध्यम तथा लामो अवधिको ब्यावसायिक तालिम सञ्चालन	संख्या						
६			२.१.३		विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार एवं रोजगारी सिर्जना	संख्या						
७			२.१.४		निजी क्षेत्रसँग सहकार्य	संख्या						
८	३	३.१	३.१.१		उद्यमीलाई कर्जाका लागी बैंक, वित्तीय संस्था र सहकारीहरूसँग समन्वय	संख्या						
९			३.१.२		उद्योगको बीमा कार्यक्रम व्यवस्था	संख्या						
१०			३.१.३		परम्परागत सीपको संरक्षण र प्रोत्साहन	संख्या						
११			३.१.४		आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमीलाई पुरस्कृत	संख्या						

८.५ लैङ्गिक समानता र समावेशिता

८.५.१ पृष्ठभूमि

महिलालाई लैङ्गिक भेदभावविना समान हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति नेपालको कानूनले गरेका छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन गरी सोही अनुरूप नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। क्व्होलासोंथर गाउँपालिका प्रोफाइल, २०७६ अनुसार यस गाउँपालिकामा जम्मा महिलाको जनसंख्या ५७६४ रहेको छ। त्यसैगरी दलितको जनसंख्या २२०९ रहेको छ भने अपाङ्गता भएका व्यक्ति २७३ र आर्थिक रुपले विपन्न भएका व्यक्तिहरु पनि थुप्रे रहेका छन्। गाँउपालिकामा महिला, दलित अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले विपन्न भएका व्यक्तिहरु, सामाजिक, शैक्षिक, प्रशासनिक एवं आर्थिक रुपले पछाडि परेकाहरुलाई समावेशी सिद्धान्तका आधारमा गाँउपालिकाका विभिन्न निकाय र क्षेत्रहरुमा सहभागी हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नु पर्दछ। गाँउपालिकाले उनीहरुको संरक्षण र सम्वद्र्धन गर्नका लागि विभिन्न कार्यक्रमहरु संचालन गरेर उनीहरुको सहभागिता अभिवृद्धि गर्नु आवश्यक छ।

८.५.२ प्रमुख समस्याहरु

- महिलामाथि हुने व्यवहारगत विभेद कायमै रहनु।
- महिला तथा बालीकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु,
- जोखिम तथा सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनस्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु,
- समाजमा धनी र गरीब वीच असमानता कायम रहनु।
- गाँउपालिकाको सबै क्षेत्रमा समावेशिताको सिद्धान्त लागू नहुनु।
- गाँउपालिकामा गरीबि कायम रहनु।
- विकास निर्माणका कार्यक्रमहरुमा लक्षित वर्गको सहभागिता कम हुनु।
- लक्षित वर्गलाई उत्थान गर्ने विशेष कार्यक्रम संचालन हुन नसक्नु।
- लक्षित वर्गको सशक्तिकरणमा ध्यान नपुग्नु।

८.५.३ चुनौती र अवसर

चुनौती

- लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु,
- पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु,
- महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु,
- सम्पतिमाथि महिलाको पहुँच स्थापित गर्नु,
- धनी र गरीब विचको असमानता अन्य गरी समाजमा समानता कायम गर्न।
- विभिन्न वर्ग र समुदाय विच रहेको आर्थिक, सामाजिक र शैक्षिक अन्तर कम गर्न।
- लक्षित वर्गलाई गाँउपालिकाको सम्पूर्ण क्षेत्रमा सहभागी गराई समावेशिताको सिद्धान्तलाई व्यवहारमा लागु गर्न।
- गाँउपालिकामा विद्यमान गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्न।
- साधन र स्रोत, सेवा र सुविधा लक्षित वर्गको पहुँचमा पुर्याई उनीहरुको जीवनस्तर उकास्न।
- समाजमा व्याप्त विकृति, विसंगति र विभेदको अन्त्य गरी सामाजिक न्याय सहितको समृद्ध समाजको निर्माण गर्न।

अवसर

- नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, लैङ्गिकमैत्री संविधान तथा प्रदेशमा लैङ्गिकमैत्री ऐन

कानूनहरू निर्माण हुनु,

- राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु,
- समानता र समावेशिताको हक सुनिश्चित गर्न गापाले विभिन्न कार्यक्रमहरु संचालनमा जोड दिनु
- सामाजिक मूल्य मान्यता र व्यवहारमा आएको परिवर्तनले समावेशी सिद्धान्तलाई व्यवहारमा लागु गर्न सहजता हुनु।
- विभिन्न सामाजिक संघ संस्थाहरु यस क्षेत्रमा क्रियाशिल भएकाले उनीहरुको सहकार्यमा समावेशिताको सिद्धान्त व्यवहारमा कार्यान्वयन गर्न सहयोगी हुनु।
- जनतामा आएको चेतना अभिबृद्धिले समेत समावेशिताको सिद्धान्त कार्यान्वयनमा जागरण पैदा हुनु।

८.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

लैङ्गिक समानता र समावेशीताको सुनिश्चितता।

लक्ष्य

महिला र पुरुषबीच सारभूत समानता र विभेदमा परेका समुदायलाई समावेशी विकासमा सहभागिता शुनिश्चितता कायम गर्ने।

उद्देश्य

१. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु।

२. गाँउपालिकामा उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा सम्पूर्ण जनताको अर्थपूर्ण सहभागिता बढाई समावेशी विकास गर्नु।

उदेश्य १: आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत, साधन, अवसर तथा लाभमा लैङ्गिक न्यायसहितको पहुँच सुनिश्चित गर्नु।	
रणनीति	रणनीति
१.१ संघीय कानूनसँग नबाझिने गरी लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति तथा कानून तर्जुमा बजेट र शासन पद्धति अबलम्बन गर्ने।	१.१.१ लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ। १.१.२ नीति निर्माण र कार्यान्वयन गर्ने तहमा समान सहभागिता तथा सारभूत प्रतिनिधित्वमा बृद्धि गरिनेछ। १.१.३ लक्षित वर्गलाई सकारात्मक विभेद र आरक्षणको लागि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकासमा जोड दिने।
१.२ लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।	१.२.१ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाउने।

उदेश्य २: गाँउपालिकामा उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा सम्पूर्ण जनताको अर्थपूर्ण सहभागिता बढाई समावेशी विकास गर्नु।	
रणनीति	कार्यनीति
२.१ गाँउपालिकामा उपलब्ध श्रोत साधनमा सम्पूर्ण जनताको पहुँच	२.१.२ विकास निर्माणमा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने। २.१.३ श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने।

अभिबृद्धि गरी सहभागितामूलक र समावेशी विकास गर्ने।	२.१.४ लक्षित वर्गलाई सकारात्मक विभेद र आरक्षणको लागि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकासमा जोड दिने।

८.५.६ कार्यक्रमका प्राथमिकता

१. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गर्ने।

२. समावेशी क्षमतावृद्धि कार्यक्रम सञ्चालन गर्ने।

८.५.७ विस्तृत कार्यक्रम

लैङ्गिक समानता र समावेशिता												
क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	१.	१.१	१.१.१		लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून निर्माण गरिने छ।	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउपालिका
2			१.१.२		नीति निर्माण र कार्यान्वयन गर्ने तहमा समान लैङ्गिक सहभागिता तथा सारभूत प्रतिनिधित्व हुने छ।	प्याकेज		१	निरन्तर	निरन्तर	१	गाउपालिका
3			१.१.३		लक्षित आरक्षणको लागि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी वनाउन जोड दिइने छ।	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर	आवश्यकता अनुसार	गाउपालिका
4		१.२	१.२.१		महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाउने	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर	आवश्यकता अनुसार	गाउपालिका
5	२.	२.१	२.१.१		लक्षित वर्गको उत्थानका कार्यक्रम संचालन गर्ने।	प्याकेज		निरन्तर	निरन्तर	निरन्तर	अधिकतम्	गाउपालिका
6			२.१.२		विकास निर्माणमा लक्षित वर्गको पहुँच बृद्धि गर्ने।	संख्या					अधिकतम्	गाउपालिका
7			२.१.३		श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने।	संख्या					अधिकतम्	गाउपालिका
8			२.१.४		लक्षित वर्गआरक्षण कार्यक्रम मार्फत आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सक्रिय सहभागिता गराउने।	संख्या					अधिकतम्	गाउपालिका

८.५.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधि का उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	महिला र पुरुषबीच सारभूत समानता र विभेदमा परेका समुदायलाई समावेशी विकासमा सहभागिता शुनिश्चितता कायम भएको हुने।	श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात	अनुपात					१:१		
		जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात	प्रतिशत		१०	१८	३०	५८		
		सम्पत्तिमाथि महिलाको स्वामित्व भएको घरपरिवारको अनुपात	अनुपात		१५	२५	३०	७०		
		रोजगारमा महिला र पुरुषको मासिक आम्दानीको अनुपात	अनुपात					२:१		
असर १	लैङिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित भएको हुने	विनियोजित लैङिक उत्तरदायी वाषिक बजेट	प्रतिशत		१०	१२	१५	२०		
प्रतिफल १.१	लैङिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन भएको हुने	लैङिक समानता पवर्द्धनात्मक नीति तथा कानुन निर्माण	संख्या		१	निरन्तर	निरन्तर	१		
प्रतिफल १.२	नीति निर्माण र कार्यान्वयन गर्ने तहमा समान सहभागिता बढाेत्तरित भएको हुने।	नीति निर्माण र कार्यान्वयनमा सहभागिताको स्थिती	संख्या					अधिकतम्		
प्रतिफल	महिला विरुद्ध हुने सबै प्रकारका	१५ वर्ष माथिका उमेरसमूहका महिलाहरूमा	प्रतिशत					न्यूनीकरण		

१.३	भेदभाव, हिंसा र शोषणको अन्त्य भएको हुने	हुने हिंसाजन्य गतिविधिमा कमी								
प्रतिफल १.४	महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानूनी उपचार प्रणाली सहज, छिटो र पहुँच योग्य बनेको हुने	सामाजिक कुरीति, लैङ्गिक हिंसा लगायतका परम्परागत हानीकारक अभ्यासहरू न्यूनीकरण गर्ने सम्बन्धी कार्यक्रम	संख्या					न्यूनीकरण		
असर २	गाँउपालिकामा उपलब्ध श्रोत साधन तथा सेवा सुविधामा सम्पूर्ण जनताको सहभागिता बढाई समावेशी विकास भएको हुने।	गाँउपालिकामा उपलब्ध श्रोत साधनमा सम्पूर्ण जनताको पहुँचको स्तर	प्रतिशत		२५	३०	३५	४५		
प्रतिफल २.१	लक्षित वर्गको उत्थानका लागि विभिन्न कार्यक्रम संचालन भएको हुने	लक्षित वर्गको उत्थान संचालित कार्यक्रम	संख्या		१	१	१	३		
प्रतिफल २.२	विकास निर्माणमा लक्षित वर्गको पहुँच भएको हुने।	विकास निर्माणमा लक्षित वर्गको सहभागिता	प्रतिशत		१०	१५	२२	३५		
प्रतिफल २.३	श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच बृद्धि भएको हुने	श्रोत साधन तथा सेवा सुविधामा लक्षित वर्गको पहुँच	प्रतिशत		१५	२०	३०	४५		
प्रतिफल २.४	लक्षित वर्गकोआरक्षणको लागि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा सहभागिता भएको हुने	आरक्षणको लागि सहभागिता भएको जनसंख्या	संख्या					अधिकतम्		

८.६ विपद् ब्यवस्थापन

८.६.१ पृष्ठभूमी

क्ह्रोलासोंथर गाउँपालिका भौगोलिक अवस्थाले सानो भएता पनि विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ। यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनमा पनि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनस्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने सम्बन्धी जस्ता कार्य आवश्यक हुन्छन्। क्व्होलासोंथर गाउँपालिकामा बाढी, पहिरो, चट्ट्याङ, आगलागि, जोखियूक्त बस्ती लगायतका विपद् सम्वन्धी समस्याहरु रहेका छन्। विभिन्न योजनाबद्ध ढंगले वातावरणको संरक्षण, जलवायू परिवर्तन अनूकूलन र विपद्को व्यवस्थापन र न्यूनीकरण गर्नु आवस्यक छ।

८.६.२ प्रमुख समस्याहरु

– यस क्षेत्रमा पूर्व मनसुन र मनसुनको समयमा हिमालयमुनि हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी वर्षाले नियमित रुपमा सिर्जना गर्ने प्राकृतिक भूक्षय, बाढी, पहिरोको समस्या हुनु,

– अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू–क्षय भई खेतीवारी, सिंचाई, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पुर्वाधारमा समेतक्षति पुग्ने समस्या बन्नु।

– गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाई तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख समस्या हुन्।

– भूक्षय, बाढी, पहिरो, चट्ट्याङ, आगलागि, जोखियूक्त बस्ती, लगायतका विपद्को पूर्व सुचना र पूर्व सावधानी नअपनाउनु।

८.६.३ चुनौति र अवसर

चुनौती

– जलवायू परिवर्तनले निम्त्याएको बाढी, पहिरोका सूचनामूलक र सचेतनामूलक कार्यक्रम संचालन गरी जनतालाई सुसुचित गर्न।
– विपद् व्यवस्थापन सम्वन्धी पूर्व सुचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन।
– विपद् व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामग्री, प्रविधि, संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापना गर्न।
– विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजि क्षेत्रको संलग्नतामा एकिकृत कार्यक्रम संचालन गर्न।
– जोखिमयूक्त वस्तीहरुको स्थानान्तरणका लागि सम्भाव्यता अध्ययन नहुनु।

अवसर

– नदी प्रणाली व्यवस्थित गर्ने, विपद् जोखिम न्यूनीकरणलाई प्रदेश तथा स्थानीय निकायका नँया वन्ने नीति तथा योजनाहरूलाई मूलप्रवाहीकरण गर्ने, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने,
– खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत् बस्ती विकास जस्ता अवसरहरू रहेका छन्।
– विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्यांकनको व्यवस्था अनिवार्य हुनु।
– विपद् व्यवस्थापन नीति र संयन्त्र निर्माण गरी जनशक्ति र उद्धार सामग्रीको व्यवस्था गर्न।
– पूर्वाधार निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यानमा राखेर दिगो र वातावरणमैत्री बनाउने।
– छरिएर रहेका जोखिमयूक्त वस्तीहरुको स्थानान्तरणका लागि सम्भाव्यता अध्ययन गर्न।

८.६.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

सोच

विपद् न्यूनीकरण र व्यवस्थापन द्धारा स्वच्छ वातावरणको सृजना गरी गाउँपालिकाको समृद्धि हासिल गर्ने।

लक्ष्य

दिगो र वातावरणमैत्री विकासद्धारा विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने।

उद्देश्य

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु।

२. विपद् पश्चात्को पुनस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउन भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने।

८.६.५ रणनीति र कार्यनीति

उदेश्य १: जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु।	
रणनीति	कार्यनीति
१.१ विपद्को न्यूनीकरण र पूर्नस्थापनाको व्यवस्थापन गर्ने।	१.१.१ विपद्को पूर्वानुमान् र पूर्वचेतावनी (Early Warning System) सम्वन्धी सुचना प्रणालीको विकास गरिने छ। १.१.२ गाउँपालिकामा विपद् सम्वन्धि योजना निर्माण गरी कार्यान्वयन गरिने छ। १.१.३ नदी, खोलाखोल्सा नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिने छ।
१.२ विपद तथा प्रकोपजन्य विपद्को प्रतिकुल असरलाई न्यूनीकरणका लागि अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने।	१.२.१ जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गरिने छ। १.२.२ भू–उपयोग नीतिद्धारा निर्देशित भूमिको क्षमताको आधारमा जोखिम क्षेत्र बाहेकको अन्य भूमिलाई क्षमताको आधारमा उपयोग गरिने छ। १.२.३ बाढी, पहिरो र भू–क्षयको नियन्त्रण गरिने छ।
१.३ विपद् अग्रिम सावधानी तथा पूर्वतयारी ब्यवस्था गर्ने।	१.३.१ विपद् पछिको पूर्नस्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गर्ने। १.३.२ विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ।

उद्धेश्य २: विपद् पश्चात्को पुनस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउन भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने।	
रणनीति	कार्यनीति
२.१ विपद् पश्चात् आधारभूत आवश्यकता परिपूर्ती गर्नसक्ने अवस्था सुनिश्चित गर्ने।	२.१.१ विपद् प्रभावित व्यक्तिहरुको जीवन रक्षाको लागि तत्कालीन प्रमुख आवश्यकताको पहिचान गरी राहत कार्य सञ्चालन गरिनेछ। २.१.२ प्रारम्भिक विपद् लेखाजोखा गरी थप कार्य गरिनेछ।
२.२ विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशीलता विकास गर्ने।	२.२.१ विपद्पश्चात् क्षति र आवश्यकताको लेखाजोखा गरि पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास गरिनेछ।

८.६.६ कार्यक्रमका प्राथमिकता

१. विपद्को पूर्व जानकारी (Early warning system) दिनसक्ने क्षमताको गाउँपालिका निर्माण गर्ने।

२. विपद् व्यवस्थापन क्षमतामा आत्मनिर्भर गर्ने।

३. वडा नं. ७ को भोंजे गाउँको पहिरोको जोखिममा रहेका ५३ घरधुरीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।

८.६.७ विस्तृत कार्यक्रम

विपद् ब्यवस्थापन र जोखिम न्यूनीकरण

क्र.स.	उद्देश्य नं	रणनीति नं	कार्यनीति नं	संकेत	कार्यक्रम	इकाई	आधार वर्ष तथ्याङ्क (२०७७।७८)	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकायहरु
								२०७८/०७९	२०७९/०८०	२०८०/०८१		
1	१.	१.१	१.१.१		गाउँपालिका अध्यक्षको अध्यक्षतामा विपद् व्यवस्थापन समिति गठन गर्ने।	संख्या		१	निरन्तर	निरन्तर	१	गाउपालिका
२					जोखिम न्यूनीकरणाका लागि Early warning system स्थापना गर्नकाे लागि स्थान छनाैट गर्ने	संख्या		१	३	२	६	प्रदेश सरकार
3			१.१.२		क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यन्वयन तथा व्यवस्थापन गर्ने।	संख्या		१	अ	निरन्तर	१	गाउपालिका
4			१.१.३		नदी तथा खाेला खाेल्सामा चेक डयाम निर्माण, तटबन्ध तथा तारजाली लगाइ जोखिम न्यूनीकरण कार्यक्रम लागु गर्ने।	संख्या					आवश्यकता अनुसार	गाउपालिका
5					पालिकामा विकास योजनाहरू सञ्चालन गर्दा विपद् जोखिमलाई ख्याल गरी सञ्चालन गर्ने	प्याकेज		१	१	१	३	गाउपालिका
6					जोखिमयुक्त बस्तीको पहिचान गरी स्थानान्तरण गर्ने।	प्याकेज					आवश्यकता अनुसार	गाउपालिका
7					जोखिम न्यूनीकरणका लागि जनचेतना कार्यक्रम गर्ने।	प्याकेज		१	१	१	३	गाउपालिका
8	२.	२.१	२.१.१		विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहात सामाग्रीको तथ्यांक संकलन।	प्याकेज					सबै	गाउपालिका
9			२.१.२		विपद् पश्चातको क्षती तथा आवश्यकता लेखाजोखा गर्ने।	प्याकेज					सबै	गाउपालिका
10		२.२	२.२.१		विपद् पश्चातको क्षती विवरणको अद्यावधि गर्ने।	प्याकेज		१	१	१	निरन्तर	गााउपालिका
11			२.२.२		समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास गर्ने।	प्याकेज		१	१	१	निरन्तर	गाउपालिका

८.६.८ नतिजा

नतिजा स्तर	नतिजा	सूचक	ईकाई	आधार वर्ष (२०७७ ०७८)	उपलब्धि			योजना अवधिका उपलब्धि	पुष्टाइएको श्रोत	जिम्मेवार निकाय
					आ. व. २०७८/ ०७९	आ. व. २०७९ /०८०	आ. व. २०८१/ ०८१			
प्रभाव	प्राकृतिक तथा गैरप्राकृतिक विपद् एवम् जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण भएको हुने	विपद्का घटनाहरूबाट मृत्यु हुनेको संख्या घटेको हुने	संख्या					न्युनीकरण भएको हुने	गापा प्रोफाइल	
असर	जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान र पूर्व–चेतावनी प्रणाली सुदृढ भएको हुने ।	विपद्का सम्भाव्य जोखिमको लेखाजोखा र पहिचान हुने	संख्या		१	निरन्तर	निरन्तर	१	गापा प्रोफाइल	
		पूर्व चेतावनी प्रणालीको स्थापना भएको हुने	संख्या			१		१	गापा प्रोफाइल	
प्रतिफल १.१	विपद तथा प्रकोपजन्य विपद्को प्रतिकुल असरलाई न्यूनीकरणका लागि अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने	विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन	संख्या		१			१	गापा प्रोफाइल	
प्रतिफल १.२	भू–उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भू–उपयोग भएको हुने	जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान	संख्या		१			१	गापा प्रोफाइल	
		खाेला किनार तथा अति भिरालो जमिनमा रहेका वस्तीको पहिचान	संख्या	२				आवश्यकता अनुसार	गापा प्रोफाइल	
		स्थानान्तरण भएका जोखिमयुक्त बस्तीहरू	संख्या					आवश्यकता अनुसार	गापा प्रोफाइल	
प्रतिफल १.५	विपद् अग्रिम सावधानी तथा पूर्वतयारी ब्यवस्था गर्ने	विपद् जोखिममा न्यूनीकरण जनचेतना कार्यक्रमको सञ्चालन	संख्या		१	निरन्तर	निरन्तर	१	गापा प्रोफाइल	
		पालिका भित्रै आपतकालीन	संख्या			१		१	गापा	

		आश्रयस्थलको निर्माण							प्रोफाइल	
असर २	विपद् पश्चात पुनस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल बनाउन भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने।	गाउँपालिकामा उत्थानशिल कूल जनसंख्या	प्रतिशत		विपद् पश्चातका जनसंख्या	निरन्तर	निरन्तर	आवश्यकता अनुसार	गापा प्रोफाइल	
प्रतिफल २.१	विपद् पश्चात प्रभावित समुदायको आवश्यकताको पहिचान र राहत कार्य सञ्चालन भएको हुने	विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन	संख्या		१	१	१	३	गापा प्रोफाइल	
प्रतिफल २.२	विपद् पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा भएको हुने	विपद् पश्चातको क्षति तथा आवश्यकताको लेखाजोखा भएका घरधुरी र व्यक्तिको संख्या	संख्या		प्रभावित सबै			आवश्यकता अनुसार	गापा प्रोफाइल	
प्रतिफल २.३	विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशीलता विकास गर्ने	समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास भएका व्यक्तिको संख्या	संख्या		९	९	९	२७	गापा प्रोफाइल	

८.७ जलवायु परिवर्तन र वातावरण संरक्षण

८.७.१ पृष्ठभूमि

यस भेकमा पर्ने उच्च बर्षात, कतिपय ठाँउको कमजोर भू बनोट र असुरक्षित निर्माण आदिले पालिकामा भूक्षय र बाढीपहिरोको जोखिम बडाएको छ, अनावृष्टिले खडेरी सृजना गर्नुका साथै, ज्यादा गर्मी र ज्यादा जाडो पनि हुन थालेको छ। खोल्सा, कुवा र पानीका मूलहरू सुक्ने समस्या देखिन थालेकाछन्, डाँडाकाँडामा समेत लामखुट्टे र झिङ्गा देखापर्न थालेकाछन्, खेत बारीमा नयाँ प्रकारका झारले सताउनुका साथै अनेक प्रकारका रोग र किराहरू देखापरेकाछन्।विकास निर्माणका कार्यहरू, देश, विदेशमा भएका प्राकृतिक स्रोतहरूको अनियन्त्रित दोहन र विकसित मुलुकमा भैरहेको तिब्र औद्योगिकीकरणले वातावरणलाई प्रदुषित गरिरहेको सन्दर्भमा यो प्रदेश र पालिका पनि त्यसको प्रभावमा परेका छन्। जसका कारण जल, वायु र ध्यनि प्रदुषणको मात्रा बढ्न गई मानिसहरूमा विभिन्न प्रकारका रोग देखिनुका साथै दीर्घरोगीहरूको संख्या बढ्दो क्रममा छ। नेपालको संविधानको मौलिकहक महलमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउनेछन् भनी उल्लेख गरिनुका साथै त्यसको ह्रासले ब्यक्तिलाई पुग्ने हानिको क्षतिपूर्तिको व्यवस्था समेत गरिएको छ। जलवायु परिवर्तन रोक्न र वातावरण संरक्षणका लागि आवश्यक नीतिगत व्यवस्था र संस्थागत संरचना निर्माण हुन नसक्दा यस क्षेत्रमा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सरकारको सम्वन्धित निकायसँगको सहयोगमा स्थानीय समुदाय, विद्यार्थी, युवा क्लब र आमा समुहसँगको सहकार्यमा जलवायु परिवर्तनबारेको सचेतना, फोहर मैला व्यवस्थापन, वातावरण संरक्षण, वृक्षारोपण, बन संरक्षण, प्राकृतिक स्रोतको समुचित प्रयोग र उचित संरक्षण सम्वन्धि कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ।

८.७.२ प्रमुख समस्या

सडक सञ्जालको विस्तार, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन, व्यवस्थित एवं अव्यवस्थित भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको फडानी, वायु र पानीजन्य प्रदूषण जस्ता कारण जमिनमाथिको वायुमण्डलको तापक्रममा वृद्धि, वनमारा झार जस्ता बाह्य मिचाहा झारको प्रकोप आदि जलवायु र वातावरणीय क्षेत्रका समस्या हुन्। प्रदूषण नियमनकारी निकाय नहुनु, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन हुन नसक्नु, प्रदूषकलाई नियमानुसार कर तिराउने व्यवस्था हुनु नसक्नु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जङ्गलको अतिक्रमण हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु, नीति तथा कार्यक्रमहरूमा जलवायु र वातावरण संरक्षणका मुद्दा मूलप्रवाहीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

८.७.३ चुनौती र अवसर

चुनौती

विकासलाई वातावरणमैत्री बनाउनु, खोला र सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवाको अनियन्त्रित उत्खनन् र प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, भूक्षय, वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको संरचना निर्माण गर्नु, जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव पुरा गर्न सरोकारवाला निकाय र प्रदेश सरकारसँग समन्वय गर्नु, संवेदनशील र कमजोर भू-बनोट भएका ठाँउको संरक्षण गर्नु, जलवायु परिवर्तनबारे जनचेतना जगाउनु र वातावरण सम्बन्धी दायित्वबोध जनतालाई गराउनु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

अवसर

यस पालिकाको झण्डै ६४ प्रतिशत भूभाग वनले ढाक्नु, वन संरक्षण तथा व्यवस्थापनमा जनस्तरको सहभागिता रहेकाले कार्वनको सञ्चिती बढाई यसको व्यापारमा हिस्सेदार बन्न सकिने अवस्था रहनु, जलवायु परिवर्तनका कार्यक्रममार्फत् विपन्न वर्गको आर्थिक स्तरमा सुधार, लैङ्गिक समावेशीकरण, गरिबी निवारण लगायतका विषयमा फाइदा लिन सकिने अवस्था रहनु, वातावरण संरक्षण सम्बन्धी संविधानमा उल्लेख हुनु, वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको नेपाल पक्ष राष्ट्र हुनु, प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र

अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकास लक्ष्य हाँसिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने यस क्षेत्रका अवसरहरू हुन्।

८.७.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

सोंच

जलवायु सचेत नागरिक निर्माण एवं स्वच्छ र स्वस्थ वातावरणको निर्माण।

लक्ष्य

वातावरणमैत्री विकास र जनचेतना अभिवृद्धि गरी जलवायु परिवर्तन न्यूनीकरण, सफा, स्वच्छ वातावरणसहितको समृद्धि हाँसिल गर्ने।

उद्देश्य

१. पालिकामा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउनु।
२. दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्न सहयोग पुर्याउनु।
३. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु।
४. प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु।

८.७.५ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १. पालिकामा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउनु।	
१.१ वातावरणमैत्री प्रविधिको प्रयोग गर्ने।	१.१.१ वातावरण बारे शिक्षा र जनचेतना वृद्धि एवं वातावरणमैत्री उत्पादनहरूलाई प्रयोग गर्न प्रोत्साहन गरिनेछ। १.१.२ योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय गरिनेछ।
उद्देश्य २. दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्न सहयोग पुर्याउनु।	
2.1 वातावरण सम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयनमा सहयोग पुर्याउने।	२.१.१ वनको क्षेत्रफल न्यूनतम ४१ % कायम गरिनेछ। २.१.२ वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गरिनेछ ।
उद्देश्य ३. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु।	
३.1 पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने।	३.१.१ वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ। ३.१.२ प्रदेश सरकारसँगको सहकार्यमा पर्वतीय पर्यावरणको एकीकृत् संरक्षण गरिनेछ। ३.१.३ बनमा लाग्ने ढडेलो रोक्न जनचेतने जागृत गरिनेछ।
उद्देश्य ४. प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु।	
४.१ नदी र खानेपानीका इनार वा मूलमा हुने प्रदूषण नियन्त्रण गर्ने।	४.१.१ मानव सृजित फोहरको उचित व्यवस्थापन र प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
४.२ जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गर्ने।	४.२.१ वातावरण (जमिन, ध्वनि तथा वायु आदि) प्रदूषण गर्ने वस्तुको

	उत्पादन र प्रयोग कम गर्न फोहरको पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ४.२.२ कुहिने न नकुहिने, पुन प्रयोग हुने र नहुने फोहर छुट्याई तिनीहरूको व्यवस्थापन गरिने छ।

८.७.६ कार्यक्रमका प्राथमिकता

१. वनजङ्गल को संरक्षण तथा खुला ठाँउमा वृक्षारोपण गर्ने।
२. संवेदनशिल जलाधार, सिमसार र जैविक विविधताको संरक्षण गर्ने।

८.७.७ विस्तृत कार्यक्रम

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	संकेत नं.	कार्यक्रम	एकाई	आधार वर्ष २०७७/७८	लक्ष्य			योजना अवधिको जम्मा लक्ष्य	जिम्मेवार निकाय
								२०७८/७९	२०७९/८०	२०८०/८१		
१	१	१.१	१.१.१	क	वातावरणमैत्री उत्पादनहरूलाई प्रयोगका लागि वातावरण बारे शिक्षा र जनचेतना वृद्धि	संख्या		१			१	
२			१.१.२	क, ख	योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय	संख्या		१	१	१	३	
३	२	२	२.१.१	क, ख	वनको क्षेत्रफल न्यूनतम ४१ % कायम गर्ने	प्याकेज		१	१	१	३	
४			२.१.२	क, ख	कार्वन उत्सर्जन कटौती	प्याकेज		१	निरन्तर	निरन्तर	१	
५	३	३	३.१.१	क	वन, जैविक विविधता तथा जलाधारको संरक्षण	संख्या		१			१	
६			३.१.२	क, ख	पर्वतीय पर्यावरणको एकीकृत् संरक्षण	प्याकेज			१	निरन्तर	१८	
७			३.१.३	क, ख	बनमा लाग्ने डढेलो रोक्न जनचेतने बृद्धि	संख्या			२	२	४	
८	४	४.१	४.१.१	क, ख, ग	फोहर प्रशोधित र ढल निकासका लागि आवश्यक पूर्वाधार निर्माण	संख्या						
		४.२	४.२.१	क	खर्क र गोठहरूबाट निस्कने गोबरलाई मलखादको निर्माण गरी व्यवस्थापन गर्ने							
९				ख	फोहरको पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन	संख्या		२	२	२	६	
१०			४.२.२	क	कुहिने न नकुहिने, पुन प्रयोग हुने र नहुने फोहर छुट्याई तिनीहरूको व्यवस्थापन	प्याकेज						

अध्याय ९

योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

९.१ परिचय

गणतन्त्रात्मक नेपालमा संघियताको अभ्यास प्रारम्भ भएपश्चात केन्द्र, प्रदेश र स्थानीय सरकार गठन भइ क्रियासिल भएका छन् । तीनतहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरुमा प्रष्टता भएतापनि साझा अधिकार भित्रका कार्यहरु कार्यान्वयन गर्ने कार्यहरुमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभाबकारी काम सम्पादन गर्न आपसि सामन्जस्य, समन्वय र सहकार्य आबश्यक पर्दछ ।

९.१.१ योजना कार्यान्वयन कार्ययोजना

क) प्रारम्भिक संभाव्यता अध्ययन : पहिचान भएका आयोजना र कार्यक्रम मध्ये, उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुवाट गराउने । प्रारम्भिक संभाव्यतावाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने । विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानि योजनामा समावेश गर्ने ।

ख) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने : दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन ९म्एच्० विशेषज्ञहरु बाट गराउने ।

ग) वार्षिक कार्यक्रम तथा लगानी योजना तर्जुमा गर्ने: वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघ र प्रदेश तथा गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने ।

घ) बजेट अनुमान (निर्माण): विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये संघ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, सामान्यीकरण, समपूरक, एवं विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र संघीय सरकारका बजेटहरु ल्याउन पहल गर्ने ।

ङ) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने: गाँउपालिका र वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको आयश्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

च) मध्यमकालिन खर्च संरचना अबलम्बन गर्ने: यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्ययमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

छ) योजनाको अनुगमन तथा मूल्याङ्कनः प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अबस्थालाई निरन्तर अनुगमन र मूल्याङ्कनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनको परिपाटी विकास गर्ने ।

९.१.२ योजना कार्यान्वयन विधि

क) कार्यान्वयन कार्यविधि: आवधिक योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवधिक योजना कार्यान्वयन कार्यविधि तयार गर्न सक्नेछ । यस्तो कार्यविधिले योजना कार्यान्वयनको प्रकृयाको स्पष्ट रुपरेखा मार्गदर्शन गर्नेछ । साथै कार्यविधिमा कार्यान्वयन संयन्त्र, समन्वय समिति, विशेषज्ञ समिति आदिको गठन, अधिकार र

कर्तव्य स्पष्ट गर्नु पर्ने छ ।

ख) योजना कार्यान्वयन संयन्त्र : आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गाउँपालिका स्तरमा योजना कार्यान्वयन संयन्त्र गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठन गर्नु पर्नेछ । यस्तो संयन्त्र समावेशि र सहभागितामूलक हुनेछ । कार्यान्वयनको समग्र उत्तरदायित्व उक्त संयन्त्रको हुनेछ ।

ग) वडा स्तरीय समन्वय समिति : वडा स्तरका विकास कार्यहरुको समन्वयका लागि वडा अध्यक्षको संयोजकत्वमा आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन समन्वय समिति गठन गर्नु पर्नेछ । यो समिति पनि समावेशी प्रकृतिको हुनु पर्नेछ ।

घ) विशेषज्ञ समिति : प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि गाउँपालिकाले आवश्यकता अनुसारका विभिन्न विशेषज्ञ समितिहरु गठन गर्न सक्नेछ । योजना कार्यान्वयन संयन्त्रले यस्ता समितिहरुको प्राविधिक सुझाव आवश्यकताअनुसार लिन सक्नेछ ।

९.१.३ अनुगमन तथा मूल्याङ्कन पद्धति

आयोजना र कार्यक्रहरुको प्रभावकारी कार्यान्वयन भए नभएको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यान्वयन संयन्त्रमा पृष्ठपोषण दिने एउटा गाउँपालिका स्तरीय लब्ध प्रतिष्ठित बिज्ञ व्यक्तिहरु सम्मिलित अनुगमन संयन्त्र गठन गरिने छ । यस्तो अनुगमन समिति सरोकार वाला पक्षहरुको सहभागितामा गाउँपालिकाद्वारा गठन गरिने छ । उक्त संयन्त्रले प्रत्येक ३ महिनामा आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण, देखा परेका समस्या, अड्चन र समाधानका उपाय औंल्याएको अनुगमन प्रतिवेदन सम्बन्धित कार्यान्वयन गर्ने निकायमा पेश गर्नेछ ।

त्यसैगरी आवधिक योजनाको समग्र मूल्याङ्कनको लागि गाउँपालिकाले योजना अबधिको अन्त्यमा आयोजना मूल्याङ्कन तेस्रो पक्ष विशेषज्ञ टोलीवाट गराउनेछ । उक्त विशेषज्ञ टोलीले दिएको प्रतिवेदनलाई भावी आवधिक योजनामा उपयोग गरिने छ ।

अध्याय १०

रुपान्तरणकारी आयोजना

आयोजनाको क्षेत्र: पशुपालन			
1	आयोजनाको नाम:	गिलुङ्ग छोडुवा भैँसी र लेकाली खर्क पशुपालन	
2	आयोजनाका प्रमुख विशेषताहरु	- स्थानीय भैँसीमध्येबाट राम्रो आमदानी हुने प्रजातीको विकास गरिने । - भैँसीलाई आवश्यक पर्ने प्रजनन केन्द्र र पशु स्वास्थ्य केन्द्रको स्थापना गरिने । - कुल ग्राहस्थ उत्पादनमा पशुबाट हुने आमदानीको योगदान बढाउन मद्दत गर्ने । - क्वहोलासोथार आउने पर्यटकहरुलाई यसको विज्ञापन गर्दै नयाँ स्वादको पहिचानमूलक क्षेत्र बनाउने	
3	आयोजनाको अवधि	- आयोजना विकास चरण: सुरु आ.व. ०७९/०८० - आयोजना तयारी चरण: सुरु आ.व. ०७९/०८० सम्पन्न आ.व. ०८०/०८१ - आयोजना कार्यान्वयन चरण: सुरु आ.व. ०८०/०८१ सम्पन्न आ.व. ०८१/०८२	
4	आयोजनाको लक्ष्य	- स्थानीय छोडुवा भैँसीको मासुको स्वादलाई नेपाल र संसारका विभिन्न ठाउँमा प्रचलित बनाउने ।	
5	आयोजनाको उद्देश्य	-विदेशी तथा स्वदेशी पर्यटकहरुलाई छोडुवा भैँसीको महत्वको अनुभूति गराउने । -लोपन्मुख स्थानीय भैँसीको संरक्षण गर्ने । -स्वतन्त्र भैँसीको Eco-system को विकास गर्ने	
6	आयोजनाको प्रतिफल	-पशु (खास गरि भैँसी) लाई आवश्यक पर्ने स्वास्थ्य सुविधा गिलुङ्गमा उपलब्ध हुने । -विदेश तथा स्वदेशमा रहेका विद्यार्थीहरुलाई यस सम्बन्धी रिसर्चमा सहजता पुगेको हुने । -स्थानीयमा उल्लेखित आमदानीको वृद्धी हुने । -गिलुङ्गको पर्यटकीय गन्तव्यलाई थप सहयोग भई उल्लेखित पर्यटकीय व्यवसायीहरुको केन्द्र बन्ने । -भैँसी र वस्तुहरुको उल्लेख्य संख्यामा वृद्धि भएको हुने ।	
7	आयोजनाका प्रमुख क्रियाकलापहरु	- स्थानीयबासीहरुलाई छोडुवा भैँसीबाट हुने आमदानी र यसको दीगो व्यवसायीकताको विश्वास दिलाउने । - क्व्होलासोथारका विभिन्न गाउँहरुमा रहेका होमस्टेहरुमा छोडुवा भैँसीको स्वाद सहितको खानाको मेनु बनाउने । - आवश्यक जग्गा जमिनको अधिकरण नगरी स्थानीयलाई नै सेयर दिइ, नाफाको बाँडफाँड गर्ने । - देश र विदेशमा यसको व्यवसायिक बिक्रि सेन्टरहरु स्थापना गर्ने । - गिलुङ्गको पहिचान र छोडुवा भैँसीसितको नारा "जाउँ है गिलुङ्ग, स्वतन्त्र भैँसी नियालौँ" लाई स्थापित गर्नु ।	
8	आयोजनाको कुल लागत	आयोजनाको कार्यान्वयन लागत रु. लाखमा	
		डि पि आर पशु सेवा केन्द्रको निर्माण भैँसीलाई आवश्यक पर्ने जमिनको खरिद आवश्यक भैँसीको खरिद भैँसीलाई आवश्यक पर्ने Eco-system को विकास गर्ने	३ लाख २० लाख १०० लाख २०० लाख ७५ लाख
		जम्मा	३७८ लाख

आयोजनाको क्षेत्र: पशुपालन		
9	आर्थिक तथा वित्तीय विश्लेषण	- पर्यटकको संख्यामा उल्लेख्य बृद्धि भई क्व्होलासोथार, गण्डकी प्रदेश र नेपालको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा बृद्धि हुने। - निर्माणको चरणमा करिब १०० व्यक्तिले रोजगार पाउने। - पशुको विभिन्न ब्रान्डका उपजहरुको स्वदेश र विदेशमा निर्यात हुने।
10	कार्यान्वयन ढाँचा	- नेपाल सरकार, प्रदेश सरकार तथा क्व्होलासोथार गाउँपालिकाको संयक्त रुपमा लगानी गर्ने र टेण्डर तथा स्थानीय सहकारीको प्रकृयामार्फत कार्यान्वयन गर्ने।
11	आयोजना कार्यान्वयन हुने क्षेत्र तथा लाभान्वित जनसंख्या	- गिलुङ्ग र मालिङ्ग (क्व्होलासोथार वडा नं. २ र ९) - स्थानीय पर्यटन व्यवसायी, युवा (१५-४० वर्ष उमेरका), पशु व्यवसायी तथा गाडी व्यवसायी - जनसंख्या: २००० स्थानीय जनसंख्या लाभान्वित हुने।
12	अन्तरसम्बन्धित विषय	१. गरिबी निवारण - पर्यटन क्षेत्रमा उद्यमशीलता विकास भई स्वरोजगार सिर्जना भई जनताको जीवन स्तरमा सुधार भई गरिबी निवारण हुने। २. नेपालको पशु उपजको बजारीकरण छोडुवा भैँसीको मासुको छुट्टै ब्रान्डिङ्ग हुने। ३. स्वच्छ वातावरण संरक्षित क्षेत्रमा पर्यटकीय र स्थानीय फोहोर नहुने। जङ्गली वातावरणलाई थप सहयोग पुग्ने। ४. सृजनशिलता तथा नवप्रवर्तन स्तरीय होमस्टेहरुको विकासले युवाहरुमा भएको क्षमता प्रस्फुटन हुने वातावरण निर्माण हुने। आफूले सिकेको सीपको तत्कालै प्रयोग गर्न सक्ने।
13	जोखिम तथा अनुमान	भूमी प्रयोजनको लागि स्थानीयको सहयोग हुने। छोडुवा भैँसी रहने क्षेत्रफललाई आवश्यक सीमाङ्कन गरी आवश्यक तारवार गर्ने कार्यमा सबैको सहयोग रहने।

आयोजनाको क्षेत्र: सडक तथा पूर्वाधार		
1	आयोजनाको नाम:	मिदिम खोला आधार पहुँच (Easy Access) सडक
2	आयोजनाका प्रमुख विशेषताहरु	- क्व्होलासोथार गाउँपालिकाको वडा नं ४, ८, ३, २, ९ लाई सोझै जोड्ने सबैभन्दा छोटो सडक। - भुजुङ्गको समतल फाँटहरुमा कृषि, व्यापार र उद्योगमा विकास हुने। - पोखराबाट क्व्होलासोथारसम्मको यात्रा द्रुत हुन सहयोग पुग्ने।
3	आयोजनाको अवधि	- आयोजना विकास चरण: सुरु आ.व. ०७९/०८० - आयोजना तयारी चरण: सुरु आ.व. ०७९/०८० सम्पन्न आ.व. ०८०/०८१ - आयोजना कार्यान्वयन चरण: सुरु आ.व. ०८०/०८१ सम्पन्न आ.व. ०८१/०८२

4	आयोजनाको लक्ष्य	- मध्यनेपाल, बेशिसहर भएर जाने मध्य सडकसँग मिदिम खोलाको छेउछाउबाट भुजुङ्ग सम्म जोडेर स्वदेशी र विदेशीलाई यातायातको पहुँच सुधार गरी व्यापार विस्तार गर्न सघाउने।
5	आयोजनाको उद्देश्य	- बेशिसहर र पोखराबाट क्व्होलासोथार गाउँपालिकाका विभिन्न वडाहरुलाई जोड्ने सबैभन्दा छोटो र द्रुत सडकबाट स्थानीयको आवतजावतलाई सहजता हुने। - यस गाउँपालिकामा रहेका विभिन्न ढुङ्गा खानीहरुको उत्खनन गरी व्यापार व्यवसायलाई थप उर्जा थप्ने। - स्थानीयहरुको पहुँच विस्तार गरी यहाँसम्मको यातायात पूर्वाधार सुदृढ गर्ने। - समतलमा रहेका विभिन्न फाँटहरुलाई व्यापारिक केन्द्रमा स्थापना गर्ने।
6	आयोजनाको प्रतिफल	- पोखरा र बेशिसहरसँगको यातायात पहुँच सुधार भएको हुने। - बेशिसहरबाट हुने गरेको अन्नपूर्ण परिक्रमालाई कास्कीबाट लम्जुङ हुँदै मुस्ताङ सम्म पुऱ्याउन सकिने। - गाउँपालिकामा रहेको रिङ्गरोडलाई यस सडकले विकर्णको स्वरुप दिने। - पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएका वडाहरुलाई जोड्ने ।
7	आयोजनाका प्रमुख क्रियाकलापहरु	- बेशिसहर देखि रुपा गाउँपालिकासम्मको सडक खण्डसम्म जोड्ने Fast Track को नयाँ बाटो बनाउने: १८.२ कि.मि.
8	आयोजनाको कुल लागत	देहाय बमोजिम अनुमानित लागत प्रस्तुत गर्नुपर्ने। - आयोजना विकास लागत: रू ५ करोड - आयोजना तयारी लागत: रू ५ करोड - आयोजना कार्यान्वयन लागत: रू २५ करोड गरी जम्मा ३५ करोड।
9	आर्थिक तथा वित्तीय विश्लेषण	- व्यापारिक मार्गको रुपमा विकास भइ आर्थिक विकास, पर्यटन प्रबर्धनमा टेवा हुने। - वातावरणीय प्रभाव कम रहेको तर कतिपय क्षेत्रमा वातावरणीय अध्ययन गरी नकरात्मक प्रभाव न्यूनीकरण गर्नुपर्ने।
10	कार्यान्वयन ढाँचा	- प्रदेश र गाउँपालिकाले कार्यान्वयन गर्ने।
11	आयोजना कार्यान्वयन हुने क्षेत्र तथा लाभान्वित जनसंख्या	- मुख्य गरी भुजुङ्ग, मालिङ्ग, घलेगाउँ र गिलुङ्गका जनता लाभान्वित हुने। - यस आयोजनाबाट करिब ६००० स्थानीय लाभान्वित हुने।

12	अन्तरसम्बन्धित विषय	१. पालिका सन्तुलन - अन्य गाउँपालिका र नगरपालिकासँगको पहुँचमा विस्तार भई सन्तुलित विकास गर्न सघाउने २. गरिबी निवारण - आय र रोजगारको अवसर वृद्धि हुँदा गरिबी निवारण गर्न सहयोगी हुने। ३. लैङ्गिक समानता तथा समावेशीकरण तथा महिला स-शक्तिकरण - व्यापारिक र व्यवसायिक गतिविधि वृद्धि हुने हुँदा महिला तथा पछाडि परेकाहरुको लागि आय आर्जन तथा रोजगारको अवसरहरु सिर्जना हुने। ४. आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन हुने - स्थानीय कृषिजन्य उपजहरुको विभिन्न पालिकाहरुमा निर्यात गर्न सहज हुने ५. शासकीय सुधार तथा कार्यान्वयन क्षमता अभिवृद्धि - यातायातको असुविधाको कारण ओझेलमा परेको भुजुङ्गको समतल क्षेत्रमा पूर्वाधार विकास हुन गई बजार र उत्पादनसम्मको दुरीलाई द्रुत बनाउन सघाउने।
13	जोखिम तथा अनुमान	- राष्ट्रिय श्रोतबाट लगानी गर्न प्रदेश र नेपाल सरकार सकरात्मक रहने।

आयोजनाको क्षेत्र: पर्यटन		
1	आयोजनाको नाम:	क्व्होलासोथार वृहत पदमार्ग निर्माण
2	आयोजनाका प्रमुख विशेषताहरु	- क्व्होलासोथार मन्दिरसम्मको यात्रा तय गरेका धार्मिक तथा प्रकृतिप्रेमी पर्यटकहरुलाई हिँड्ने पदमार्गको निर्माण हुने। - यस पदमार्गले क्व्होलासोथार गाउँपालिकाको ३, ८, ७, ६ र ५ का युवाहरुलाई पर्यटन क्षेत्रमा आकर्षण गर्ने।
3	आयोजनाको अवधि	- आयोजना विकास चरण: सुरु आ.व. ०७९/०८० - आयोजना तयारी चरण: सुरु आ.व. ०७९/०८० सम्पन्न आ.व. ०८०/०८१ - आयोजना कार्यान्वयन चरण: सुरु आ.व. ०८०/०८१ सम्पन्न आ.व. ०८१/०८२
4	आयोजनाको लक्ष्य	- घलेगाउँ, बगुम, घामराङ, पसगाउँ, क्व्होलासोथार: ६२ किमि को पदमार्गको निर्माण
5	आयोजनाको उद्देश्य	- स्थानीयहरुमा पर्यटकीय उपज र सुविधाहरुको बिक्रि गर्ने क्षमतामा बृद्धि गर्ने। - धार्मिक पर्यटकीयहरुलाई सुविधायुक्त पदयात्रा गर्न सहयोग पुऱ्याउने। - स्थानीय होमस्टेहरुको आय-आर्जनलाई टेवा पुऱ्याउने।
6	आयोजनाको प्रतिफल	- पर्यटकीय गन्तव्यहरुको उचित प्रबर्धन र संरक्षण हुने। - साइकल यात्री तथा पैदल यात्रीहरुलाई विभिन्न गाउँको विशेषतासँग यात्रा रोमाञ्चक हुने। - पर्यटकीय आय-आर्जनबाट कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रमा थप योगदान मिल्ने। - पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएका वडाहरुलाई जोड्ने ।

7	आयोजनाका प्रमुख क्रियाकलापहरु	- घलेगाउँ देखि बगुम हुँदै घामराङ हुँदै पसगाउँ-सिङ्गदी हुँदै क्व्होलासोथारसम्मको पदमार्गको स्तरोन्नती तथा सौन्दर्यकरण गरिने । - सो पदमार्गलाई सहज हुने खान र बासको उचित व्यवस्थापन पुग्ने गरि संरचना सञ्चालन गरिने । - धार्मिक महत्व बोकेको हुनाले सो क्षेत्रलाई सामाजिक र भोगोलिक रुपमा नकरात्मक प्रभाव न्यूनिकरण गर्न आवश्यक अभियानहरु सञ्चालन गरिने ।
8	आयोजनाको कुल लागत	देहाय बमोजिम अनुमानित लागत प्रस्तुत गर्नुपर्ने । - आयोजना विकास लागत: रू १ करोड - आयोजना तयारी लागत: रू २ करोड - आयोजना कार्यान्वयन लागत: रू ५ करोड गरी जम्मा ८ करोड ।
9	आर्थिक तथा वित्तीय विश्लेषण	- पर्यटकीय मार्गको रुपमा विकास भइ आर्थिक विकास, पर्यटन प्रबर्धनमा टेवा हुने । - वातावरणीय प्रभाव कम रहेको तर कतिपय क्षेत्रमा वातावरणीय अध्ययन गरी नकरात्मक प्रभाव न्यूनीकरण गर्नुपर्ने ।
10	कार्यान्वयन ढाँचा	- प्रदेश र गाउँपालिकाले कार्यान्वयन गर्ने ।
11	आयोजना कार्यान्वयन हुने क्षेत्र तथा लाभान्वित जनसंख्या	- मुख्य गरी घलेगाउँ, घामराङ्ग, भोजगाउँ, पसगाउँ र सीङ्गदीका जनता लाभान्वित हुने । - यस आयोजनाबाट करिब ३००० स्थानीय लाभान्वित हुने ।
12	अन्तरसम्बन्धित विषय	१. गरिबी निवारण - आय र रोजगारको अवसर वृद्धि हुँदा गरिबी निवारण गर्न सहयोगी हुने । - पर्यटन क्षेत्रमा उद्यमशीलता विकास भई स्वरोजगार सिर्जना भई जनताको जीवन स्तरमा सुधार भई गरिबी निवारण हुने । २. लैङ्गिक समानता तथा समावेशीकरण तथा महिला स-शक्तिकरण - व्यापारिक र व्यवसायिक गतिविधि वृद्धि हुने हुँदा महिला तथा पछाडि परेकाहरुको लागि आय आर्जन तथा रोजगारको अवसरहरु सिर्जना हुने । ३. निर्यात प्रवर्धन हुने - स्थानीय उपजहरुको ब्रान्डिङ्ग गरि Souvenier हरुको रुपमा विक्री गर्न सकिने
13	जोखिम तथा अनुमान	पदमार्ग निर्माणको लागि स्थानीयको सहयोग हुने । पदमार्ग वरिपरि सौन्दर्यकरण गर्न स्थानीयको सहयोग मिल्ने ।

अनुसुची १: गाउँपालिकाको गौरवका योजनाहरु

क्र.सं.	गाउँपालिकाका गौरवका आयोजनाहरु	आयोजनाको उद्देश्य	आयोजना कार्यान्वयन गर्ने शाखा
क) पालिका बजेटबाट सार्वजनिक क्षेत्रले निर्माण गर्ने पालिकाका गौरवका आयोजनाहरु			
1	वडा केन्द्रसम्मको सडक सञ्जाल सुदृढ गर्ने सडक आयोजना।	गाउँपालिका केन्द्रबाट सबै वडासम्मको सडकलाई १२ महिने सञ्चालन गर्नको लागि आवश्यक निर्माण र चक्लावन्दी गर्ने।	भौतिक शाखा
2	"एक गाउँ एक चिनारी" अवधारणाको पर्यटन आयोजना।	सबै गाउँहरु फरक छन् र ग्रामिण पर्यटनमा छुट्टै आयामको विकास गर्न सकिने।	भौतिक शाखा
3	वडाका स्वास्थ्य संस्थाहरुमा ल्याब स्थापना गर्ने स्वास्थ्य आयोजना।	स्वास्थ्य संस्थामा जचाउन आउने बिरामीहरुको विभिन्न टेष्टहरु वडामै सञ्चालन गर्ने।	स्वास्थ्य शाखा
4	वडाका स्वास्थ्य संस्थाहरुमा वृतचित्रद्वारा (Awareness through Video) सचेतना गर्ने स्वास्थ्य आयोजना	स्वास्थ्य सम्बन्धी जानकारी थाहा पाउन वडा स्वास्थ्य चौकीबाटै हेर्न र बुझ्न सकिने।	स्वास्थ्य शाखा
5	Video Conferencing Room बाट अनलाइन शिक्षा दिने शैक्षिक आयोजना।	गाउँपालिकासम्म भौतिक उपस्थिति हुन नसकेका बौद्धिक तथा प्राविधिक व्यक्तिहरुबाट व्याख्यानको लागि Virtual Classroom स्थापना गर्ने।	शिक्षा शाखा
ख) प्रदेश सरकारले कार्यान्वयन गर्ने पालिका गौरवका आयोजनाहरु			
1	घरबास होमस्टे बिस्तार र सुदृढीकरण कार्यक्रम	ग्रामिण क्षेत्रमा गरिबी निवारण र पर्यटन विविधिकरण गर्ने घरबास (होमस्टे) को विस्तार र सुदृढीकरण	उद्योग, पर्यटन, वन तथा वातावरण शाखा
2	इगभर्नेस आयोजना।	इगभरनेन्स लागु गरी पेपरलेस डिजटल पालिका बनाउने	प्रशासन शाखा

अनुसुची २: जि आइ एस नक्साहरु

क) वडा विभाजन नक्सा
ख) सडक सञ्जाल
ग) स्याटेलाइट नक्सा
घ) Land Use Map
ङ) Pysiographic Map
च) Aspect Map
छ) Climatic Condition
ज) Drainage Map


84°15'0"E
84°20'0"E
Kwholasothar Rural Municipality
Ward Division Map
28°25'0"N
28°20'0"N
28°15'0"N
N
Legend
Kohlasothar Boundary
Ward Boundary
1
2
3
4
5
6
7
8
9
0 1 2 4 6
Km.


Kwholasothar Rural Municipality
Aspect Map
84°15'0"E
84°20'0"E
28°25'0"N
28°20'0"N
28°15'0"N
N
Legend
Kohlasothar Boundary
Flat (-1)
North (0-22.5)
Northeast (22.5-67.5)
East (67.5-112.5)
Southeast (112.5-157.5)
South (157.5-202.5)
Southwest (202.5-247.5)
West (247.5-292.5)
Northwest (292.5-337.5)
North (337.5-360)
1
2
3
4
5
6
7
8
9
0 1 2 4 6
Km.


Kwholasothar Rural Municipality
Climatic Condition
84°15'0"E
84°20'0"E
28°25'0"N
28°20'0"N
28°15'0"N
N
Legend
Kohlasothar Boundary
Climate
Alpine Type
Cold Temperate
Warm Temperate
1
2
3
4
5
6
7
8
9
0 1 2 4 6
Km.


Kwholasothar Rural Municipality
Drainage Map
84°15'0"E
84°20'0"E
28°25'0"N
28°20'0"N
28°15'0"N
N
Legend
Kohlasothar Boundary
Drainage Pattern
Hillshade
Value
High : 254
Low : 0
Tago Khola
Khediyu Khola
Ghrije Khola
Naslau Khola
Kam Khola
Sudi Khola
Midim Khola
Chhedewa Khola
Kichgu Khola
Rudi Khola
Saulu Khola
Palarche Khola
Ghiche Khola
Rega Khola
Raksi Khola
Chhere Khola
God Khola
Totle Khola
Thado Khola
Hadi Khola
Munggre Khola
Pandhra Khola
1
2
3
4
5
6
7
8
9
0 1 2 4 6
Km.

Kwholasothar Rural Municipality

Land Use / Land Cover Map




84°15'0"E
84°20'0"E
28°25'0"N
28°20'0"N
28°15'0"N
Kwholasothar Rural Municipality
Physiographic Division
N
4
5
6
3
8
7
1
2
9
0 1 2 4 6
Km.
Legend
Kohlasothar Boundary
Ward Boundary
Physiographic Division
Foot Hills of Main Himalaya
Mahabharat and Low Hill
Midland


Kwholasothar Rural Municipality
Slope Map
N
84°15'0"E
84°20'0"E
28°25'0"N
28°20'0"N
28°15'0"N
Legend
Kohlasothar Boundary
Ward Boundary
Ward Boundary
Slope (in degree)
Below 5
5 - 15
15 - 25
25 - 35
35 - 45
Above 45
Drainage
Midim Khola
Tago Khola
Khedyu Khola
Ghuje Khola
Naslau Khola
Kam Khola
Sudi Khola
Chhedewa Khola
Kichgu Khola
Rudi Khola
Saulti Khola
Palarche Khola
Ghiche Khola
Rega Khola
Raksi Khola
Chhere Khola
God Khola
Holle Khola
Thado Khola
Hadi Khola
Mungre Khola
Pandhra Khola
1
2
3
4
5
6
7
8
9
0 1 2 4 6
Km.

अनुसुची ३: वडास्तरीय माइनुट र श्रव्य सामाग्री

आज मिति २०७७ साल पौष १० गते शुक्रवारका दिन यस कन्डोलासोभार गाउँपालिका र कन्डोलासोभार गाउँपालिकाको आवधिक योजना (२०७८/०७९ - २०८०/०८१) निर्माण कम्पनी सिम्ले इन्फोर्टेक प्रा.लि. बिच ~~कार्यशाला~~ आवधिक योजना निर्माण कार्यशालाको अध्यक्षता श्री प्रेम बहादुर घेल जुएको अध्यक्षतामा संचालन गरिएको कार्यशालामा सहभागीहरुको उपस्थिती र निर्णयहरु तपसिल बमोजिम रहेको।

तपसिल

१. अध्यक्ष श्री प्रेम बहादुर घेल
२. अतिथि डा. श्री विष्णुराज बराल
३. उपाध्यक्ष श्रीमती कुमारी मुनी गुरुङ
४. प्र.प्र.अ. श्री पिताम्बर साह
५. वडाअध्यक्ष श्री बुद्धि प्रसाद गुरुङ
६. " श्री खर्क ~~बहादुर~~ जङ गुरुङ
७. " श्री गित बहादुर गुरुङ
८ " श्री मनलाल गुरुङ
९. " श्री डिल कुमारी गुरुङ
१० " श्री राजु गुरुङ
११. " श्री नन्दजङ्ग गुरुङ
१२. कार्यपालिका सदस्य श्री सोम ब. वि. क.
१३. " " श्री काशीजङ्ग घेल
१४. " " श्री मञ्जु गुरुङ
१५. टिम लिडर प्रा. डा. लेखनाथ भट्टराई
१६. " सदस्य डा. कृष्णराज अधिकारी
१७. " सदस्य श्री खगेन्द्र पौडेल
१८. योजना अधिकृत श्री अनुप ढकाल, प्र.नि.मो.आ.
१९. टिम इ. इ. श्री अनुप अधिकारी
२०. शिक्षा शाखा प्रमुख श्री दिपक राज पौडेल
२१, इन्जिनियर श्री राजेश नेपाल
२२. लेखा अधिकृत श्री जिवन शर्मा
२३. अधिकृत श्री आशा कुमारी गुरुङ
२४. श्री आसविर गुरुङ
२५. ~~प्रा.स.~~ ना.सु. श्री चित्र ~~प्रसाद~~ घेल
२६. " श्री जसबहादुर राई

मिति :- २०७७/०५/११

आज मिति २०७७/०५/११ गते यस क्व्होलासोथार गा.पा.-३ नं. वडा उत्तरकन्याका वडाध्यक्ष श्री खर्काजङ गुरुङ ज्यूको अध्यक्षतामा क्व्होलासोथार गा.पा.-३ को आवधिक योजना (०७८/०७९-२०८०/०८१) निर्माण कम्पनी सिम्ले इन्फोटेक प्रा.लि. र क्व्होलासोथार गा.पा.-३ बीच अवाधिक योजना निर्माण कार्यशालामा सहभागीहरुको उपस्थिती र निर्णयहरु तपसिल बमोजिम रह्यो।

तपसिल

१, वडाध्यक्ष - श्री खर्काजङ गुरुङ -
२, अतिथी - डा. श्री विष्णुराज वराल -
३, [redacted] वडा सदस्य - श्री शान्ति गुरुङ - शान्ती
४, सचिव - श्री हर्क बहादुर गुरुङ -
५, आमा समूह प्र. - श्री टेक कासी गुरुङ -
६, वि.प्र. प्र.अ. - श्री यमुना घले -
७, आमा समूह प्र. - श्री मन माया वि.क. - मन माया
८, दलित युवा प्र. - श्री चन्द्र बहादुर गुरुङ - वि.क. - चन्द्र
९, वि.प्र. प्र.अ. - श्री उमल बहादुर वि.क. -
१०, समाजसेवी - श्री तिर्थ राज गुरुङ -
११, युवा प्रतिनिधी - श्री पूर्ण बहादुर " -
१२, प्रतिपक्ष प्र - श्री गम बहादुर " -
१३, युवा प्रतिनिधी - श्री राजु " -
१४, " " - श्री डिनेश " -
१५, कृषक समूह प्र. - श्री धर्मजङ " -
१६, टिम लिडर - श्री प्रा.डा. लेखनाथ भट्टराई -
१७, " सदस्य - श्री डा. कृष्णराज अधिकारी -
१८, " सदस्य - श्री खगेन्द्र पौडेल -
१९, वडा सव - ई - श्री करुणाविक्रम महत -
२०, पर्यटन स.प्र. - श्री रिवम कुमारी गुरुङ - रिवम
२१, बुद्धिजिवी प्र - श्री धन बहादुर गुरुङ -
२२. टिम सदस्य - ई. अनुप अधिकारी
२३. गा.पा. स्वकीय सचिव - श्री आसवीर गुरुङ -

आज मिती २०७७।०९।११ गते शनिबारका दिन क्व्होलासोथार गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री पेमा गुरुङ ज्यूको अध्यक्षतामा यस क्व्होलासोथार गाउँपालिका को आवधीक योजना (२०७८/०७९ - २०८०/०८१) निर्माण कम्पनी सिम्ले इन्फोटेक प्रा. लि. बिच आवधिक योजना निर्माण कार्यशालाको अध्यक्षतामा सहभागीहरुको उपस्थीति र निर्णयहरु तपसिल बमोजिम रहथ्यो।

उपस्थीती

1. श्री पेमा गुरुङ - वडा अध्यक्ष
2. " सोम बहादुर वि.क - गाउँपालिका सदस्य
3. " यम बहादुर गुरुङ - वडा सदस्य
4. " काल " " - " "
5. " भिमकुमारी " - " "
6. " अन्जु न्यौपाने " - वडा सचिव
7. जगेश्वरनाथ भट्टराई - हिम वि. प्रा.ली
8. डा. भुवनराज अधिकारी - " " सदस्य
9. श्री रवीन्द्र पौडेल - " "
10. " अनुप ~~[illegible]~~ अधिकारी - " " प्रति. स्थानीय
11. सुरज गुरुङ - स्थानिय
12. यस बहादुर गुरुङ - "
13. जित " " - "
14. शेर " " - "
15. रतन " गुरुङ - "
16. राम ब तामाङ - "
17. भिम कुमारी तामाङ - "
18. खुसीमाया तामाङ - "
19. पदम ब गुरुङ - "
20. मिनकुमारी गुरुङ - "
21. रिता गुरुङ - "
22. वन्दना गुरुङ - "
23. विशनु लामा

२४. रच्यो गुरुङ - स्थानीय
२५. विष्णुदेवी गुरुङ - ''
२६. सन्तकुमारी '' - ''
२७. कल्पना गुरुङ - ''
२८. विल प्रसाद '' - प्रधानाध्यापक
२९. प्रेमकुमारी वि '' - स्थानीय

सन्तकुमारी
कक्षा
दर्ज
प्रेमक

Date ____
Page ____

आज मिति २०८८।०३।११ गते सोमबारका दिन क्व्होलासोथार गाउँपालिका वडा नं.३ का वडा अध्यक्ष श्री नन्द जंग गुरुङ ज्यू को अध्यक्षतामा यस क्व्होलासोथार गाउँपालिकाको आवधिक योजना (२०८८।०८३-२०८०।०८१) निर्माण कम्पनी सिम्ले इन्फोटेक प्रा.लि बिच आवधिक योजना निर्माण कार्यशालको अध्यक्षतामा सहभागीहरूको उपस्थिति र निर्णयहरू तपसिल बमोजिम रहयो।

उपस्थिति

१) श्री नन्द जंग गुरुङ - वडा अध्यक्ष
२. " लाल बहादुर क्षेत्री - वडा सदस्य — लाल
३. " सुस्मा गुरुङ - " " — सुस्मा
४) " सिता वि.क - " " — सिता
५ " लेखनाथ भट्टराई - सिम्ले प्रा.लि
६) " कृष्णराज अधिकारी - " " सदस्य
७) " ~~खड~~ खगेन्द्र पौडेल - " " "
८) " ~~मनेस~~ अनुप अधिकारी - इन्जिनियर
९) " गनेज गुरुङ
१०) मिना गुरुङ
११) मरिचमान "
१२) शिव "
१३) ~~[illegible]~~ मङ्गली "
१४) निरेता "
१५ मेता सिंह गुरुङ
१६ सुनिल गुरुङ
१७ - बल बहादुर तमाङ - बल
१८ - असं बहादुर तमाङ - असं
१९ - पदम बहादुर - पदम
२० - हुम बहादुर नेपाली - हुम बहादुर
२१ - प्रेम बहादुर [illegible]
२२ मुना वि.क
२३ बिजमुनी गुरुङ
२४ उषा देवी वि.क

नाम	हस्ताक्षर
२५. बुद्धसरी परियार	बुद्धसरी
२६. शोभा सुनार	शोभा
२७. कमला	कमला
२८. पूर्णिमा वि.क.	[illegible]
२९. पूर्णसिंह वि.क.	[illegible]
३० पञ्च बहादुर गुरुङ	[illegible]
३१. आश मान गुरुङ	[illegible]
३२ [illegible] गुरुङ	[illegible]
३३ उमर बहादुर गुरुङ	[illegible]
३४ [illegible] गुरुङ	[illegible]
३५ [illegible] गुरुङ	[illegible]
३६ द्रौपदी गुरुङ	[illegible]
३७ धन कुमारी गुरुङ	[illegible]
३८ दुर्गा देवी गुरुङ	[illegible]
३९ तिला राम वि.क.	[illegible]
४० तारा प्रसाद [illegible]	[illegible]
४१ चन्द्रमाया गुरुङ	[illegible]
४२ खास देवी "	सयोला
४३ शर्मिला "	[illegible]
४४ सुनिला गुरुङ	[illegible]
४५ मोना गुरुङ	[illegible]
४६ [illegible] गुरुङ	[illegible]
४७ पस बहादुर	[illegible]
४८ राम चन्द्र गुरुङ	[illegible]
४९ गम बहादुर गुरुङ	[illegible]
५० मन बहादुर गुरुङ	देविलाल
५१ देविलाल सुवेदी	ज्योतिप्रसाद
५२. ज्योति प्रसाद गुरुङ	कौशिला
५३. कौशिला वि.क.	[illegible]
५४ [illegible] बहादुर गुरुङ	धर्मा
५५. धर्म बहादुर [illegible] परियार	

आज मिति २०७७/०८/१२ गते आइतबार क्वहेलालोधार गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष श्री राजु गुरुङ ज्यूको अध्यक्षतामा श्री सिम्ले इन्फोटेक प्रा.लि. को सहकार्यमा यस क्वहेलालोधार गाउँपालिकाको आवधिक योजना (२०७८/७९ - २०८०/८१) को विषयमा निम्न महानुभावहरुको उपस्थितिमा फलफल गरियो ।

उपस्थिति

१. श्री राजु गुरुङ — वडा अध्यक्ष
२. केश कुमारी गुरुङ — वडा सदस्य / कार्यपालिका सदस्य
३. राम ब. गुरुङ — वडा सदस्य
४. कमर जङ्ग गुरुङ — वडा सदस्य
५. डा. लेखनाथ अधिकारी — SIPL Team Leader
६. डा. कृष्णराज अधिकारी — SIPL Team Member
७. रवीन्द्र पौडेल — SIPL Team Member
८. इ. अनुप अधिकारी — SIPL Team Member
९. राम ~~बहादुर~~ गुरुङ — वडा समाज सेवी
१०. पल ~~बहादुर~~ गुरुङ — वन समूह अध्यक्ष
११. कुल ~~बहादुर~~ गुरुङ — विद्यालय प्र. अ.
१२. ठाकुर बहादुर गुरुङ — विद्यालय प्र.अ
१३. रुवा माया गुरुङ — महिला विकास समिति अध्यक्ष
१४. ~~आमा~~ शान्ती गुरुङ — आमा समूह सचिव
१५. प्रेम कुमारी गुरुङ — होमस्टे अध्यक्ष
१६. रुडग ब. पर्याट — दलित प्रतिनिधि

श्री

आज मिति २०७७।०३।१२ गतेका दिन कट्टेलासोथार गाउँपा-लिका ७ नं. वडा अध्यक्ष श्री डिब कुमारी गुरुङको अध्यक्षतामा श्री सिर्जे इन्फोटेक प्रा.लि.को सहकार्यमा यस कट्टेलासोथार गाउँपालिकाको आर्थिक योजना (२०७७७६ - ८०।०८८) को — विषयमा कट्टेलासोथार गाउँपालिका ७ नं. वडा कार्यालयको प्राङ्गणमा निम्न महानुभावहरुको उपस्थितीमा छलफल गरियो।

१. डिब कुमारी गुरुङ - वडा अध्यक्ष
२. धन कुमारी परियार - वा.पा. सदस्य
३. लक्ष्मण गुरुङ - वडा सदस्य
४. तिर्थ कुमारी घर्ति - ,,
५. प्रा.डा. लेखनाथ अधिकारी - SIPL Team Leader
६. डा. कृष्णराज अधिकारी - SIPL Team Member
७. रवगेन्द्र पौडेल - SIPL Team Member
८. इ. अनुप अधिकारी - SIPL Team Member
९. विम बहादुर गुरुङ - (नै.क.पा. वडा कमिटी अध्यक्ष)
१०. लिला बहादुर गुरुङ - समाज सेवी
११. पर्ण बहादुर गुरुङ - (नै.क.पा. वडा कमिटी सदस्य)
१२. सुर्य बहादुर गुरुङ - वि.व्य.नि. अध्यक्ष
१३. भिम बहादुर कामी - समाजसेवी
१४. राधा बल्लभ ढोली - प्र.अ. (बनस्थली मा.वि.)
१५. देवराज पौडेल - युवा क्लब
१६. विम बहादुर गुरुङ - समाजसेवी
१७. राम कुमारी गुरुङ - आमा समुह (अध्यक्ष) २ मा
१८. सुरमा गुरुङ - ,, सदस्य
१९. पिरमाया गुरुङ - ,, ,,
२०. बबि माया गुरुङ - ,, ,,
२१. कमला ढोली - कमला ,,
२२. सृजन श्रेवाली - प्राविधिक
२३. तकमा वि.क. - वडा सचिव
२४. मनकाछी गुरुङ - सहकारी
२५. आस बहादुर वि.क. - [illegible]

आज मिति २०७८/०४/१२ गतेका दिन यस बहुलोप्रोय गाउँपालिका वडा नं ६ पचुवांडेक वडा अध्यक्ष श्री मनलाल गुरुङ समूहको अध्यक्षतामा श्री सिन्ले इन्फाटेक प्रा.लि.को सहकार्यमा यस बहुलोप्रोय गाउँपालिकाको आवधिक योजना (०७८/०७९-०८१/०८२) को विवरण लिन उपस्थिति निम्न बमोजिम गरियो ।

उपस्थिति

१. मनलाल गुरुङ - वडा अध्यक्ष -
२. डम्बर ... गुरुङ - वडा सदस्य -
३. नर बहादुर घर्ति - वडा सदस्य - रहेल गुरुङ
४. रहेल गुरुङ - महिला सदस्य - विष्णु
५. विष्णु वि.क. - दलित महिला सदस्य -
६. डा. लोकनाथ न्यौपाने - SIPL team leader -
७. डा. कृष्ण राज अधिकारी SIPL team member -
८. रवीन्द्र पौडेल " -
९. इ. मिनुप अधिकारी " -
१०. पदम बहादुर गुरुङ मे वडा सभापति -
११. बलराम गुरुङ पचुवांडे गौरी मावि विद्यालय ... गुरुङ -
१२. रतन सिं गुरुङ " -
१३. पुराडेवी गुरुङ सामिदायिक आमा समूह अध्यक्ष -
१४. दिपेन्द्र कुमार जोशी प्राविधिक वडा नं ६ -
१५. नारायण प्रसाद उपाध्याय वडा सचिव वडा नं ६ -
१६. चन्द्र बहादुर गुरुङ - युवा क्लब सदस्य -
१७. चन्द्र प्रसाद गुरुङ - Acap अध्यक्ष -
17 चन्द्र बहादुर " -
18 सुरेन्द्र ...
१९. ... बहादुर गुरुङ
२० लालकी गुरुङ आमा समूह सदस्य -
२१ कृष्णकुमारी गुरुङ "
२२. अनिता गुरुङ
२३. लोक बहादुर गुरुङ युवा क्लब सदस्य -
२४ आरती वि.क. - दलित प्रतिनिधि

૨૭ ભગવદાદ ગુરુ વડા ગોર — Key

૨૬. મગનદાદા ગુરુ " " — કુંતા

૨૯ રાજુ ગુલઝર જુવાનલ ચંદ્રાબ —

૨૮ માયા દેવી ગુરુ=નિલકંઠનાગ ચિહ્ન આવશ્યક

केही झलकहरु





१८	२	२.१	२.१.१	क	सामुदायिक सुचना केन्द्रको स्थापना (भुजुङ, घलेगाउँ)	वटा					
१९	२	२.१	२.१.५	क	होमस्टे स्थापना, संचालन तथा व्यवस्थापन (भोजगाउँ, घलेगाउँ, टकसार-गिलुङ, सिङ्दी)	सम्झौता					
२०	२	२.१	२.१.७	क	कृषि पर्यटनसम्बन्धी तालिम (घलेगाउँ)	सम्झौता					
					चेकपोष्ट(गिलुङ्ग, बारलुङ्गपानी)						
					चिडियाखाना (भुजुङ्ग, घलेगाउँ)						
					अर्गानिक स्थानीय उत्पादनको खानाको लागि घामराङ्गमा होमस्टे						
					(गिलुङ्गमा छोडुवा भैंसी						

सन्दर्भ सामाग्री:

ASTER Global Digital Elevation Map (GDEM). NASA. 2009-06-29. Archived from the original on 3 July 2009. Retrieved 2013-06-30

CBS. 2011. Centre Bureau of Statistics, Kathmandu, Nepal.

DOREX. 2019. Study on Existing Status, Opportunities and Future Strategies for Agriculture and Livestock Sectors in Kohlasother Rural Municipality, Lamjung, Agriculture and Forestry University (AFU), Rampur, Chitwan.

GeoNet. 2016. Assessment of Gopche Glacial Lake Expansion and Its Potential Impact in Kaski and Tanahu District, Nepal: Using Geospatial Tools, supported by WWF/Nepal, Kathmandu, Npeal.

GeoNet. 2018. Resource Mapping Report of Gandaki Province, Pokhara: Geo Net Connection Pvt. Ltd.

Google Earth Pro, Image @ 2020, CNES/Astrium.

Local Self-Governance Act, 2055 (1999), Kathmandu: Ministry of Local Development, Nepal Government.

Local Self-Governance Act, 2073, Kathmandu: Ministry of Federal Affairs and Local Development, Nepal Government.

LRMP, 1985/86, Land System Map, Kathmandu: Survey Department, Nepal Government.

Pathak, Shanker Raj. Mapping Technique of VDC level Services & Facilities Local Governance & Community Development Programme (LGCDP). (Accessed on 15 Dec., 2014) http://lgcdp.gov.np/home/gis_articles_reference.pdf

Pathak, Shanker Raj. ? Basti: Sthaniya Shasanko Aadhar, Local Governance & Community Development Programme (LGCDP). (Accessed 15 Dec., 2014) http://lgcdp.gov.np/home/gis_articles_reference .pdf

Topographical Map, 2000, Kathmandu: Survey Department, Nepal Government.

क्होलासोथर गाउँपालिका (२०७६). क्होलासोथर गाउँपालिकाको पाश्र्वचित्र, स्माट टेक नेपाल प्रा.लि., काठमाडौं।

पौडेल, कृष्णप्रसाद, २०६८, स्थानीय विकासमा भौगोलिक सूचना प्रणाली, ललितपुरः नेपाल भौगोलिक सूचना प्रणाली समाज।

रिब्स इन्जिनियरिङ कन्सल्ट. २०७०. आवधिक विकास योजना २०७०÷७१–२०७४÷७५ .२०७०. काठमाडौंः काठमाडौं महानगरपालिका।

स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, काठमाडौः संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय।

शर्मा, पिताम्बर, २०७४, पालिकाको एकिकृत विकास योजना तर्जुमाका लागि सामान्य मार्गदर्शन, प्रथम आवधिक योजना सम्बन्धी छलफल कार्यक्रममा प्रस्तुत छलफल पत्र, पोखरा, २०७४ चैत्र २२ गते